# आधारभूत तह (कक्षा १-३) नेपाली विषयको सिकाइ सहजीकरण

नेपाली शिक्षा विषयको दर्शनाचार्य (एमफिल) तह, तेस्रो सेमेस्टरअन्तर्गत
शोधप्रबन्ध लेखन (EDDIS 790) विषयका लागि

प्रस्तुत

**शोधप्रबन्ध**

**शोधार्थी**

तारानाथ पराजुली

परीक्षा क्रमाङ्क : ८२१५०६२००७

२०८३ वैशाख

**शोध निर्देशकको सिफारिसपत्र**

नेपाल खुला विश्वविद्यालय, सामाजिक शास्त्र तथा शिक्षा संकायअन्तर्गत नेपाली शिक्षा विषयको दर्शनाचार्य (एमफिल) तह तेस्रो सत्रको पाठ्यक्रमको आवश्यकता परिपूर्तिका लागि प्रस्तुत *आधारभूत तह (कक्षा १-३) नेपाली विषयको सिकाइ सहजीकरण* शीर्षकको यो शोधप्रबन्ध श्री तारानाथ पराजुलीद्वारा मेरा निर्देशनमा निकै लगनशीलतापूर्वक तयार पारिएको हो। यस शोधकार्यबाट म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि संकाय अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछु।

उपप्रा. डा. दुर्गाप्रसाद दाहाल

शोध निर्देशक

मिति: २०८२/१२/०३

## स्वीकृतिपत्र

नेपाल खुला विश्वविद्यालय, सामाजिक शास्त्र तथा शिक्षा सङ्कायअन्तर्गत नेपाली शिक्षा विषयमा दर्शनाचार्य उपाधि प्राप्त गर्ने प्रयोजनका लागि शोधार्थी तारानाथ पराजुलीद्वारा तयार गरी शोधनिर्देशक उपप्रा. डा. दुर्गाप्रसाद दाहालज्यूको सिफारिसबमोजिम यस सङ्कायमा पेस गरिएको *आधारभूत तह (कक्षा १-३) नेपाली विषयको सिकाइ सहजीकरण* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

......................... वैशाख ०२, २०८३

उपप्रा. डा. दुर्गाप्रसाद दाहाल

शोध निर्देशक

......................... वैशाख ०२, २०८३

प्रा. डा. रामप्रसाद भट्टराई

बाह्य परीक्षक

......................... वैशाख ०२, २०८३

सहप्रा. डा. जीवन खड्का

सदस्य सचिव, सङ्काय अनुसन्धान समिति

वैशाख ०२, २०८३

प्रा. डा. रमेशप्रसाद भट्टराई

सदस्य, सङ्काय अनुसन्धान समिति

......................... वैशाख ०२, २०८३

सहप्रा. डा. खगेन्द्र प्रसाई

डीन तथा अध्यक्ष, सङ्काय अनुसन्धान समिति

## कृतज्ञताज्ञापन

नेपाल खुला विश्वविद्यालय सामाजिक शास्त्र तथा शिक्षा सङ्कायअन्तर्गत नेपाली शिक्षा विषयमा दर्शनाचार्य उपाधि हासिल गर्ने उद्देश्यले तयार गरिएको *आधारभूत तह (कक्षा १-३) नेपाली विषयको सिकाइ सहजीकरण* शीर्षकको प्रस्तुत शोधप्रबन्ध शोध निर्देशक आदरणीय गुरु उपप्रा. डा. दुर्गाप्रसाद दाहालको निर्देशनमा रही तयार गरिएको हो । यो शोधप्रबन्ध तयार गर्ने क्रममा ससाना विषयवस्तु तथा समस्यामा पनि सुझाव, सल्लाह एवम् मार्गनिर्देशन गर्न अमूल्य समय प्रदान गर्नुहुने शोध निर्देशकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधप्रबन्ध तयारीमा सुरुदेखि मार्गदर्शन गर्नुहुने विश्वविद्यालयका आदरणीय गुरुहरूप्रति हृदयदेखि नै आभारी छु । सामाजिक शास्त्र तथा शिक्षा सङ्कायका डीन, सङ्काय अनुसन्धान समितिका अन्य पदाधिकारी तथा समस्त विश्वविद्यालय परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मैले शोधप्रबन्ध तयार गर्ने क्रममा धेरै आदरणीय व्यक्तित्वहरूको समेत सहयोग लिएको छु । यसमा मलाई प्राज्ञिक सल्लाह सुझाव दिनुहुने आदरणीय गुरुहरू एमफिल नेपाली शिक्षा विषय संयोजक डा. तिलक लम्साल, बाह्य परीक्षक डा. रामप्रसाद भट्टराई, आन्तरिक परीक्षक डा. विष्णुप्रसाद शर्मा, डा. जीवन खड्का, डा. रमेशप्रसाद भट्टराई, डा. तोयानाथ खनाल, सञ्जय खतिवडा, एमफिल अध्ययनका सहपाठी साथीहरू, समयको सहजीकरण गरिदिने श्रीमती जानुका घिमिरे, छोराहरू रिजन र रियाज, परिवारजन, श्री सगरमाथा मावि. परिवार, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षकलगायत शोधकार्यका सन्दर्भमा गुन लगाउनु हुने सहृदयी सम्पूर्ण मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मैले यो शोधप्रबन्ध तयार गर्ने क्रममा बिभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूका अमूल्य कृतिहरूको उपयोग गरेको छु । उक्त कृतिका सर्जकहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु । मलाई यस शोधकार्यमा प्रत्यक्ष तथा परोक्ष सहयोग गर्नुहुने आदरणीय गुरुहरू, विद्वान् मित्रहरू, घरपरिवार तथा हितैषी एवम् शुभचिन्तकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

तारानाथ पराजुली

मिति : २०८२/१२/०३

# शोधसार


शोध शीर्षक : *आधारभूत तह (कक्षा १-३) नेपाली विषयको सिकाइ सहजीकरण*

प्रस्तुत शोधमा नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण प्रक्रियाको वर्तमान अवस्थाको अध्ययन गरिएको छ । यसमा नेपाली भाषा सिकाइका क्रममा उपयोग गरिएका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको विश्लेषण गरिएको छ । प्रस्तुत शोधको मुख्य उद्देश्य म र मेरो परिवार विषयक्षेत्रको सिकाइका क्रममा नेपाली विषय सिकाइ गर्ने शिक्षकहरूले प्रयोग गर्ने सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको विश्लेषण गर्नु र एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको प्रयोगको अवस्था पत्ता लगाउनु हो । यसका लागि अनुसन्धानमा गुणात्मक विधि, व्याख्यात्मक दृष्टिकोण, विश्लेषणात्मक तथा विवरणात्मक ढाँचा र निर्माणवादी सिद्धान्तलाई उपयोग गरिएको छ ।

प्रस्तुत शोधमा आधारभूत तहमा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले सिकाइ सहजीकरणका क्रममा प्रयोग गर्ने विधि र प्रक्रियाहरूको खोजी गरी नेपाली विषय शिक्षकहरूले एकीकृत शिक्षण सिकाइको प्रयोग के कसरी गरेका छन् भनी तथ्याङ्क सङ्कलन गरिएको छ । यस शोधमा कक्षा १ देखि ३ सम्मको म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतका क्रियाकलापहरूको सिकाइमा प्रयोग भएका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको अध्ययन गरिएको छ । यसमा अध्ययनको क्षेत्र भोजपुर जिल्लाको हतुवागढी गाउँपालिकाभित्रका ९ वडाबाट अठारओटा

प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ । यसमा मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्तामार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका आधारमा नेपाली विषय शिक्षकहरूले भाषा सिकाइ र एकीकृत शिक्षण सिकाइको क्रममा उपयोग गरिएका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरू विद्यार्थीकेन्द्रितभन्दा शिक्षककेन्द्रित अपनाएका छन् । शिक्षकहरूले सिकाइका क्रममा शैक्षणिक सामग्रीहरूको कम प्रयोग गरेका छन् । नेपाली विषय सिकाइलाई प्रविधिमैत्री, उपयोगी, व्यावहारिक, सहभागितामूलक र उद्देश्यमूलक बनाउनु आवश्यक छ । नेपाली विषय शिक्षकहरूले सिकाइ सहजीकरण प्रक्रियामा पाठ्यक्रमले निर्देश गरेअनुरूप विधि तथा प्रक्रियाको हुबहु प्रयोग गर्नु आवश्यक छ । सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहित गर्ने क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त मानिन्छ । आधारभूत तह कक्षा १ देखि ३ को म र मेरो परिवार विषयक्षेत्र सिकाइका क्रममा शिक्षकहरूले कथाकथन, गीत, आगमन, अभिनय, समस्या समाधान, स्वाध्ययन, उदाहरण, छलफल, प्रश्नोत्तरजस्ता विधिहरूको प्रयोग गरेका छन् । यस विषयक्षेत्रमा कविता, चित्र, कथा, संवाद र कार्यमूलक व्याकरणको उपयोग गरी सिकाइमा लयबद्ध वाचन, अनुकरण, धारणा निर्माण, चित्र निर्माण, चित्र वर्णन, अनुमान, पूर्वानुमान, उच्चारण, शब्द निर्माण, वाक्य निर्माण, सस्वरवाचन, द्रुतवाचन, अनुलेखन, व्यावहारिक लेखनजस्ता प्रक्रियाहरूको प्रयोग भएको पाइन्छ । शिक्षकले सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूमा सहयोगात्मक कक्षा, निर्माणात्मक कक्षा, परियोजना कार्य, प्रविधियुक्त कक्षा, श्रव्यवाच्यमा आधारित क्रियाकलापहरूको प्रयोग गर्नु सान्दर्भिक हुन्छ । यो शोध नेपाली भाषा शिक्षक, विद्यार्थी, अभिभावक, नीति निर्माता र पाठ्यक्रम निर्मातालाई उपयोगी हुने देखिन्छ ।

............

शोधार्थी : तारानाथ पराजुली

उपाधि : दर्शनाचार्य (एमफिल)

प्रस्तुत मिति : २०८२ चैत्र ३ (सन् २०२६ मार्च १७)

उपप्रा. डा. दुर्गाप्रसाद दाहाल

शोध निर्देशक

## विषयसूची


| | |
|---|---|
| शोधसार | क |
| कृतज्ञताज्ञापन | ग |
| विषयसूची | घ |
| आरेख सूची | छ |
| **अध्याय एक : शोध परिचय** | **१-२०** |
| अध्ययनको पृष्ठभूमि | १ |
| समस्या कथन | ५ |
| अध्ययनको उद्देश्य | ६ |
| अध्ययनको औचित्य र महत्त्व | ६ |
| शोधको सैद्धान्तिक ढाँचा | ८ |
| शोधको अवधारणात्मक रूपरेखा | १८ |
| अध्ययनको परिसीमा | १९ |
| शोधप्रबन्धको सङ्गठनात्मक रूपरेखा | १९ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा** | **२१-३८** |
| विषयवस्तुगत समीक्षा | २१ |
| प्रायोगिक समीक्षा | २७ |
| सैद्धान्तिक समीक्षा | ३१ |
| नीतिगत समीक्षा | ३४ |
| पूर्वकार्य समीक्षाको उपयोग | ३७ |

| | |
|---|---|
| अध्याय सारांश | १०२ |
| **अध्याय छ : प्राप्ति र छलफल** | **१०५-११९** |
| प्राप्ति | १०६ |
| छलफल | १०८ |
| अध्याय सारांश | ११८ |
| **अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता** | **१२०-१२९** |
| सारांश | १२० |
| निष्कर्ष | १२१ |
| शोधको उपयोगिता | १२४ |
| **सन्दर्भ सामग्री सूची** | **१२६** |
| **परिशिष्ट** | **१३०** |

# अध्याय एक

# शोध परिचय

प्रस्तुत अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधको उद्देश्य, शोधको औचित्य र महत्त्व, शोधको सैद्धान्तिक ढाँचा, शोधको अवधारणात्मक रूपरेखा, अध्ययनको परिसीमा र शोधप्रबन्धको सङ्गठनात्मक रूपरेखा उल्लेख गरिएको छ ।

## अध्ययनको पृष्ठभूमि

नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको छ । आधारभूत तह विद्यालय शिक्षाको प्रारम्भिक बालविकास तथा शिक्षा कक्षा १ देखि ८ सम्मको शिक्षा हो । आधारभूत तहभित्रका तीन चरणमध्ये पहिलो चरणअन्तर्गत आधारभूत शिक्षा कक्षा १-३ पर्दछ । यस तहमा एकीकृत ढाँचाको पाठ्यक्रम अवलम्बन गरिने राष्ट्रिय पाठ्यक्रम प्रारूपको नीति रहेको छ । सोही नीतिअनुरूप नेपालमा आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ सालमा कक्षा १ मा परीक्षण भई वि. सं. २०७७ देखि क्रमशः कक्षा १, २ र ३ मा लागू भएको छ । आधारभूत तह कक्षा १ देखि ३ को पाठ्यक्रमद्वारा भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप नेपाली विषय रहने गरी विषयसम्बद्ध क्रियाकलापहरू निर्धारण गरिएको छ ।

पाठ्यक्रम विभिन्न विषयका विषयक्षेत्रलाई समावेश गरी बहुविषयक र अन्तरविषयक ढाँचामा निर्माण गरिएको छ । पाठ्यक्रमको समग्र संरचना बहुविषयक ढाँचाको एकीकृत किसिमको छ । अपेक्षित सक्षमता सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तर्क्रिया गर्ने प्रक्रिया सिकाइ सहजीकरण हो (पाविके, २०७६ पृ. ८६) । शिक्षक र विद्यार्थीबिच कक्षाकोठामा अन्तर्क्रिया, छलफल, प्रश्नोत्तरजस्ता क्रियाकलाप प्रयोग गरेर पाठ्यक्रमका निर्दिष्ट सक्षमता हासिल गर्न सकिन्छ । शिक्षकहरूले उक्त सक्षमता प्राप्ति हुने गरी सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको छनोट र प्रयोग गर्नुपर्दछ ।

भाषिक सिपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । भाषिक तत्त्वगत क्षेत्रमा ध्वनिसचेतीकरण, श्रुति तथा दृश्यबोध, पठनप्रवाह, पठनबोध, लेख्यवर्ण सचेतीकरण, लेखाइ,

शब्दभण्डार र कार्यमूलक व्याकरण पर्दछन् । नेपाली विषय सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयक्षेत्रहरूलाई बृहत् पाठ्यक्रमका स्रोतहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नुपर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी विषयक्षेत्र निर्धारण गरिएको छ । सिकाइलाई विषयवस्तुमाथि केन्द्रित गराउने ध्येयले दुई वा दुईभन्दा बढी विषयवस्तुका सान्दर्भिक पक्षहरूलाई एकै विषयक्षेत्रमा अर्थपूर्ण रूपमा संयोजन गरी नेपाली विषयको पाठ्यक्रमलाई विषयक्षेत्रमा आधारित बनाइएको छ (भट्टराई र घिमिरे, २०७६ पृ.८९-११५) । कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम दुई वा दुईभन्दा बढी विषयहरूबिच अन्तरसम्बन्धित गरी निर्माण गरिएको छ ।

कक्षाकोठामा शिक्षक र विद्यार्थीबिच अन्तर्क्रिया गरी सिक्ने र सिकाउने प्रक्रियालाई सिकाइ सहजीकरण मानिन्छ । भाषाका चारवटा भाषिक सिपको विकासको लागि सिकाइमा विभिन्न क्रियाकलाप अपनाउनु पर्दछ ।नेपाली भाषाको सिकाइ सहजीकरण प्रक्रिया भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ विकासका लागि कुराकानी, छलफल, प्रश्नोत्तर, अभिनय र खेल विधिको उपयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ (पाविके, २०६२) । यसरी सिकाइमा भाषिक सिप प्राप्तिका लागि उपयोगी शैक्षणिक विधिहरू प्रयोग गरी शिक्षण गर्नुपर्दछ । आधारभूत तह कक्षा १ देखि ३ सम्मको नेपाली विषयको सिकाइ सहजीकरणमा खेल, गीत, कथाकथन, छलफल, प्रश्नोत्तर, उदाहरण, स्वाध्ययन, छलफल, अन्तर्क्रिया र श्रव्यवाच्यका आधारमा सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्दछ ।

आधारभूत तह कक्षा १ देखि ३ सम्मको नेपाली विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रियासम्बन्धी पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, निरन्तर सिकाइ सहजीकरण पुस्तिका, एकीकृत पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन र तालिम सामग्रीका आधारमा प्रस्तुत अनुसन्धानमा सिकाइ सहजीकरण प्रक्रियाको प्रयोगसम्बन्धी अध्ययन गरिएको छ । कथाकथन एवम् गीत विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति वा गीतका माध्यमबाट प्रस्तुत गरिएको छ । आगमन विधिमा सूचनाको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रयोग गरिएको छ । विद्यार्थीलाई निर्माणात्मक कक्षाअन्तर्गत पाठसम्बन्धी पूर्वज्ञानको पहिचान गराई समूहकार्य, परियोजनाकार्य र प्रश्नोत्तर क्रियाकलाप गराउन सकिन्छ ।

सिकारुलाई समूह विभाजन गरी समस्या र विषयवस्तुको प्रस्तुति, छलफल तथा निष्कर्ष निकाल्ने कार्य सहयोगात्मक कक्षामा गर्न सकिन्छ । विद्यार्थीको उमेर र स्तरअनुसार विभिन्न परियोजनाकार्य दिई गरेर सिक्ने अवस्थाको सिर्जना गर्नुपर्दछ । शिक्षण सिकाइ प्रक्रियामा सूचना प्रविधिको उपयोग गर्नुपर्दछ । विद्यार्थीलाई चित्र निर्माण, रङ भर्ने, कागज काट्नेजस्ता कार्यबाट सिकाइ गराउन सकिन्छ । विषयवस्तुलाई खेलका माध्यमबाट पनि शिक्षण गराउन सकिन्छ । विद्यार्थीलाई आकृति निर्माण, निर्देशित लेखन, स्वतन्त्र रचना, सस्वरवाचन, द्रुतवाचन, नमुनावाचन, अनुकरण, तुलना, विश्लेषण र प्रस्तुतीकरणजस्ता क्रियाकलाप गराउनु उपयुक्त हुन्छ (पाविके, २०७६ पृ. ८८-८९) । विद्यार्थीलाई सिर्जनात्मक तथा रचनात्मक ढङ्गले सिकाइ सहजीकरण प्रक्रियामा सहभागी गराउनु पर्दछ । यसले गर्दा पाठ्यक्रमका निर्देशित सिकाइ सक्षमता हासिल हुन्छन् ।

सिकाइ भनेको सिकारुको व्यवहारमा आउने परिवर्तन हो । सहजीकरण भनेको प्रस्तुतीकरणको तरिका हो । सिकाइ सहजीकरण प्रक्रिया भनेको शिक्षक र विद्यार्थीबिच अन्तर्क्रिया गर्ने माध्यम हो । कक्षाकोठामा विषयवस्तु प्रस्तुति गर्ने कला सहजीकरण प्रक्रिया हो । सिकाइमा उदाहरण र प्रयोग क्रियाकलापलाई भाषिक सिप, शब्दभण्डार र अभिव्यक्ति क्षमताको विकासका लागि प्रयोग गर्नुपर्दछ । यसले विषयवस्तुको उदाहरण, प्रयोग र अभ्यासमा जोड दिन्छ । यसमा मानक भाषाको प्रयोगमा आधारित भई नमुना प्रस्तुति, विद्यार्थीद्वारा सहसम्बन्ध र भाषाको सिर्जनशील लेखनजस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

विद्यार्थीहरूमा के कति ज्ञान छ, उनीहरू कति विचार गर्न सक्छन् भन्ने जान्न र विद्यार्थीको जवाफबाट अरूलाई पनि जानकारी गराउनको लागि सिकाइमा प्रश्नोत्तरको प्रयोग गर्नुपर्दछ । सिकारुलाई पूर्वज्ञानसँग सम्बन्धित गराई जागरुक बनाउन प्रश्नोत्तरलाई उपयोगमा ल्याउनु पर्दछ । विद्यार्थीहरूलाई कुनै विषय दिई छलफलको माध्यमबाट निष्कर्षसम्म पुग्नको लागि छलफलको प्रयोग गर्नुपर्दछ । विषयवस्तुसँग सम्बन्धित चित्रको प्रयोग गरी कुशलताका साथ विद्यार्थीलाई सिकाउने तरिका नै प्रदर्शन हो । यसमा तथ्य र व्याख्या गर्नुपर्ने विषयवस्तुको छनोट गर्दै पूर्वअभ्यास गरेर प्रदर्शन गर्नुपर्दछ ।

नेपाली विषयको सिकाइमा सिकारुको रुचि, चाहना र आवश्यकताका आधारमा सहजीकरण प्रक्रिया अपनाउनु पर्दछ । नेपाली भाषा विषयलाई साहित्यिक विधाबाट अध्ययन

नगराई विज्ञान, वातावरण, समाज, परिवार, समुदाय, सञ्चार प्रविधि, संस्कृतिजस्ता विषय क्षेत्रहरूको संयोजन गरी नेपाली भाषाविषयको सिकाइ सहजीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ (पाविके, २०७६) । आधारभूत तह कक्षा १ देखि ३ सम्म नेपाली विषय शिक्षणमा विषयक्षेत्रसँग सान्दर्भिक पक्षहरूलाई एकीकृत गरी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनु पर्दछ । आधारभूत तहमा अवलोकन, छलफल, प्रश्नोत्तर, लिखित सञ्चार, श्रवण, उच्चारण, शब्दनिर्माण, चित्र वर्णन, श्रव्यसामग्री, स्थलगत भ्रमण, पाठ्यसामग्री, लिखितकार्य, मौखिककार्य गराउनु पर्दछ । यसका साथै शब्द उच्चारण, सस्वरवाचन, द्रुतवाचन, अनुमान, अर्थबोध, अनुलेखन, श्रुतिलेखन, स्वतन्त्र लेखन, निर्देशित लेखन, समूहकार्य, सिर्जनात्मककार्य, वर्णन, तुलना, परियोजनाकार्यजस्ता सिकाइ क्रियाकलाप अपनाउन सकिन्छ (पाविके, २०७६) । पाठ्यक्रममा उल्लिखित विधि तथा प्रक्रियाको साथै शिक्षकले आवश्यकताअनुसार विधि र प्रक्रिया अपनाउनु पर्दछ ।

यस शोधप्रबन्धमा आधारभूत तह कक्षा १ देखि ३ सम्मको नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले नेपाली भाषामा सिकाइ सहजीकरणका लागि के कस्ता सिकाइ विधि तथा प्रक्रिया अपनाएका छन् ? र शिक्षकद्वारा एकीकृत पाठ्यक्रमको शिक्षण सिकाइ सहजीकरण के कसरी भएको छ ? भन्ने प्रश्नहरूमा केन्द्रित रहेर अनुसन्धान गरिएको छ । यस अध्ययनमा आधारभूत तह कक्षा १ देखि ३ सम्मको नेपाली विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रियापाठ्यक्रमअनुरूप भएको वा नभएको भनी विश्लेषण गरिएको छ । आधारभूत तह कक्षा १ देखि ३ सम्ममा नेपाली भाषाको सिकाइ सहजीकरण गर्ने शिक्षकसँग मार्गनिर्देशक प्रश्नावली, गहन अन्तर्वार्ता र कक्षा अवलोकन गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । शिक्षकले नेपाली विषयको सिकाइ सहजीकरण गर्दा के कस्ता विधि तथा प्रक्रिया प्रयोग गरेका छन् ? ती विधि तथा प्रक्रियाहरू एकीकृत पाठ्यक्रमको सिकाइ सहजीकरणअनुरूप भएका छन् कि छैनन् ? भनी यस अनुसन्धानमा समग्र सिकाइ सहजीकरण क्रियाकलापहरूको विश्लेषण गरिएको छ ।

**समस्याकथन**

सिकाइ भनेको सिकारुको व्यवहारमा आउने परिवर्तन हो । सिकाइ सहजीकरण सिकारुको निरन्तरको अभ्यास, सक्रियता र शिक्षकको पथप्रदर्शमा निर्भर हुन्छ । भाषिक सिप र तत्त्वगत क्षेत्रलाई कक्षाकोठासम्म पुऱ्याउने तरिकालाई सिकाइ सहजीकरण प्रक्रिया मानिन्छ । शिक्षण कौशल कक्षाकोठामा प्रस्तुत गर्ने तरिका सिकाइ सहजीकरण प्रक्रिया हो । पाठ्यक्रमको सही कार्यान्वयन गर्न र भाषा पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गरिएको हुन्छ । सान्दर्भिक विषयवस्तुलाई अन्तरसम्बन्धित गरी जीवनसापेक्ष बनाउने गरी सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने उद्देश्यले कक्षा १-३ को पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको छ (पाविके, २०७६) । कक्षा १ देखि ३ सम्मको नेपाली विषयको पाठ्यक्रममा भाषिक सिपलाई पठन तत्त्वगत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रमका आधारमा निर्माण गरिएको छ ।

आधारभूत पाठ्यक्रम एकीकृत ढाँचामा तयार गरिएको हुनाले विषयगत भाषिक सिप र एकीकृत विषयक्षेत्रका आधारमा कक्षाकोठाको सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । पाठ्यक्रमको प्रयोगकर्ता शिक्षक र प्रयोगमा आउने स्थल भनेको कक्षाकोठा हो । पाठ्यक्रमका आधारमा विद्यार्थीका लागि कार्यपुस्तक र शिक्षकको लागि शिक्षक निर्देशिका निर्माण गरिएको हुन्छ । नेपाली विषयमा विषयगत भाषिक सिप र एकीकृत विषय क्षेत्रका आधारमा कक्षाकोठाको सिकाइलाई सफल बनाउनका लागि एकीकृत सिकाइ अभ्यास आवश्यक मानिन्छ ।

नेपाली भाषा शिक्षणलाई परम्परागत शिक्षककेन्द्रित विधिबाट शिक्षण गरिएको छ वा आधारभूत पाठ्यक्रम २०७६ मा उल्लिखित सिकाइ सहजीकरणको मर्मअनुरूप विद्यार्थीकेन्द्रित विधिबाट शिक्षण गरिएको छ भन्ने सन्दर्भ नै महत्त्वपूर्ण बनेको छ । शिक्षक निर्देशिकाअनुसार सिकाइ सहजीकरण कै उद्देश्य र ढाँचामा विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइ विधि तथा प्रक्रिया छनोट गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ (पाविके, २०७६) । बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सबैलाई सिक्ने अवसर दिनुपर्दछ । साथै सोहीअनुरूप सिकाइ सहजीकरणका क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । पाठ्यक्रममा शिक्षकको भूमिकालाई सहजकर्ता र सिकारुलाई सक्रिय सहभागीका रूपमा उल्लेख गरिएको छ । पाठ्यक्रमले सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्दै सिकाइलाई खण्डीकरण हुन नदिई एक

विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइमा सहयोग गर्दै अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिइएको छ ।

भाषा शिक्षणका क्रममा शिक्षकहरूले भाषिक सिप र विधाको प्रकृतिअनुसार फरकफरक सिकाइ सहजीकरण विधि तथा प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । अधिकारी (२०६७) को अध्ययनबाट भाषा शिक्षणका पद्धति र विधिहरूको सैद्धान्तिक पक्ष, प्रक्रिया र परिचयबारे स्पष्ट भएको छ । नेपाली भाषा सिकाइका क्रममा विद्यार्थीहरूले अपनाएका सिकाइ सहजीकरण र एकीकृत सिकाइसँग सम्बन्धित भएर कक्षाकोठामा प्रयोग भएका विधि तथा प्रक्रियाहरूको विश्लेषण भएको पाइँदैन । यसबाट म र मेरो परिवार विषयक्षेत्र सिकाइका क्रममा कक्षाकोठामा शिक्षकहरूले कुनकुन विधि तथा प्रक्रियाहरूको प्रयोग कसरी गरेका छन् भन्ने समस्याको विश्लेषण गर्नु नै प्रस्तुत शोधको समस्या हो ।यसै समस्यामा आधारित भई  निम्नानुसारका शोधप्रश्नहरू तय गरिएको छ :

(क) आधारभूत तह नेपाली विषयका शिक्षकहरूले सिकाइमा के कस्ता सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको प्रयोग गरेका छन् ?

(ख) आधारभूत तह नेपाली विषय शिक्षकहरूद्वारा एकीकृत पाठ्यक्रमको शिक्षण सिकाइ सहजीकरण के कसरी भएको छ ?

**शोधकोउद्देश्य**

प्रस्तुत शोधका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) आधारभूत तह नेपाली विषयका शिक्षकहरूले सिकाइमा अपनाएका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको विश्लेषण गर्नु,

(ख) आधारभूत तह नेपाली विषयका शिक्षकहरूको एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको प्रयोगको अवस्थाको मूल्याङ्कन गर्नु ।

**शोधको औचित्य  र महत्त्व**

शिक्षाका राष्ट्रिय उद्देश्यलाई पूरा गर्न सोहीअनुरूपको पाठ्यक्रम निर्माण गरिएको हुन्छ । नेपालमा विद्यालय तहदेखि पाठ्यक्रम निर्माण हुँदै आएको छ र सोहीअनुसार पाठ्यपुस्तक,

शिक्षक निर्देशिका तथा अन्य पाठ्यसामग्रीहरूसमेत निर्माण र प्रयोग हुँदै आएका छन् । नेपालमा पाठ्यक्रम निर्माणको थालनी विषयगत पाठ्यक्रमको अवधारणाअनुसार गरिएको पाइन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्देश गरेअनुरूप नेपाल सरकारले कक्षा १ देखि ३ सम्म एकीकृत ढाँचाको पाठ्यक्रमको विकास गरी प्रयोगमा ल्याएको छ । आधारभूत तह कक्षा १ देखि ३ सम्ममा कार्यान्वयनमा रहेको नेपाली भाषाको सिकाइ सहजीकरण विधि तथा प्रक्रियाभित्र सिकाइ सहजीकरण विधि भनेर समग्रमा उल्लेख गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा सिकाइ सहजीकरण विधि तथा प्रक्रियासँग सम्बन्धित कथाकथन, गीत, भूमिका निर्वाह, निर्माणात्मक कक्षा, सहयोगात्मक कक्षा तथा परियोजनाकार्यलाई समावेश गरिएको छ । यसको साथै छलफल, प्रश्नोत्तर, खोज, प्रविधियुक्त कक्षा, सिर्जनात्मक कक्षा, समस्या समाधानजस्ता विधिलाई पनि पाठ्यक्रममा समावेश गरिएको छ । यसमा उल्लिखित विधि तथा प्रक्रियाका आधारमा सिकाइ सहजीकरण प्रक्रियाको प्रयोगको अवस्था अध्ययन गरिएको छ । यसबाट पाठ्यक्रम तथा शैक्षिक नीति निर्मातालाई सिकाइ सहजीकरणसम्बन्धी नीति निर्माण एवम् योजना कार्यान्वयन गर्न सहयोग पुग्दछ । पाठ्यक्रम निर्मातालाई सिकाइ सहजीकरण विधि तथा क्रियाकलापमा देखिएका समस्याहरूलाई पुनरावलोकन गरी सुधार गर्न सहयोग पुग्दछ । अध्येताका लागि यो एउटा अध्ययनको सामग्री बनेको छ । विद्यार्थीका लागि पाठ्यक्रमले अपेक्षा गरेअनुरूपको उपलब्धि वृद्धि गर्ने खालको सिकाइ हुन्छ ।

पाठ्यक्रमले राखेका अपेक्षाअनुसारको सिकाइ उपलब्धि हासिल गर्न शिक्षकलाई मार्ग प्रशस्त गर्दछ । शोधले नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रलाई नेपाली भाषाको सिकाइ सहजीकरणसम्बन्धी विषयमा योजना, नीति, रणनीति तयार गर्न, प्राध्यापक र शिक्षकलाई छलफल र प्रश्नोत्तरका आधारमा शिक्षण तथा अनुसन्धान गर्न र शोधार्थीहरूका लागि यससम्बन्धी थप अन्य विषयक्षेत्रको अनुसन्धानमा सहयोग पुग्ने देखिन्छ । प्रस्तुत शोध प्राध्यापक, शिक्षक, विद्यार्थी, शोधार्थी, शिक्षा र नेपाली भाषाको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया सम्बन्धी रुचि राख्ने व्यक्ति तथा संस्थाहरूका लागिसमेत उपयोगी सावित हुने भएकोले यसको औचित्य र महत्त्व रहेको छ ।

## शोधको सैद्धान्तिक ढाँचा

निश्चित सैद्धान्तिक जगमा आधारित अनुसन्धान प्रमाणिक र विश्वसनीय हुन्छ । यस आधारमा शोधार्थीले आफ्नो अनुसन्धानको प्रकृति र स्वरूपअनुसार कुनै न कुनै सिद्धान्तलाई आधार बनाउनु पर्दछ । तथ्याङ्कको सङ्कलन र विश्लेषण सोही सिद्धान्तअनुसार गरिएको हुन्छ (भाण्डलिन र मेयर, सन् १९६६ पृ. ४७०) । अनुसन्धानमा व्यवहारवादी, मनोवादी र निर्माणवादी  सिद्धान्तहरू बढी प्रयोगमा आउँछन् । यसै मान्यताअनुसार प्रस्तुत अनुसन्धानको सम्बन्धलेभ भिगोत्स्कीको सामाजिक निर्माणवादी सिद्धान्तसँग रहेको छ ।

निर्माणवादी सिकाइ सिद्धान्तले सिकारुमा ज्ञानको निर्माण गर्न सहयोग गर्दछ । यसले सिकाइलाई विषयगत र अर्थपूर्ण बनाउन, शिक्षक र विद्यार्थीबिच अन्तर्क्रियात्मक क्रियाकलाप सञ्चालन गर्न मद्दत गर्दछ । यस सिद्धान्तको उपयोग सिकाइलाई सामाजिक, सांस्कृतिक सन्दर्भअनुकूल बनाउन, सिकारुमा अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्न र सिकारुलाई सिकाइका लागि सहयोग प्रदान गर्नका लागि गरिन्छ । यसले सिकारुलाई सक्रिय खोजकर्ताका रूपमा र शिक्षकलाई सहजकर्ताको भूमिकाका रूपमा मानेको छ । भिगोत्स्कीका अनुसार बाल विकासमा भाषा र संस्कृतिको विशेष भूमिका रहन्छ । बालकको सिकाइलाई सामाजिक तथा सांस्कृतिक उपजका रूपमा लिइन्छ । यस सिद्धान्तअनुसार सिकारुले सामाजिक मूल्यमान्यता, सिप, व्यवहार, अन्तर्क्रिया र छलफलबाट सिकाइ हुने गर्दछ । यसले सिकारुलाई सक्रिय खोजकर्ताका रूपमा मानेको छ ।

एकीकृत ढाँचाको पाठ्यक्रममा विषयक्षेत्रगतरूपमा सान्दर्भिक पक्षलाई एकीकृत गरी सिकाइ सहजीकरण गर्न सकिन्छ । सिकाइलाई बालकेन्द्रित, क्रियाकलापमुखी, सहभागितामूलक र जीवनसापेक्ष बनाई सिकाइ सञ्चालन गर्नुपर्दछ । जोन डिवेले बालबालिका र पाठ्यक्रम पुस्तकमा शिक्षालाई समाजसापेक्ष बनाई एकीकृत पाठ्यक्रममा जोड दिएका छन् । शिक्षण सिकाइलाई बालकेन्द्रित बनाई बालबालिकाको जीवन र समाजको आवश्यकता सापेक्ष बनाउन सहयोग पुगेको छ । अल्वर्ट बान्डुराको सामाजिक सिकाइ सिद्धान्तले विषयगत रूपमा भन्दा पनि एकीकृत रूपमा सिकाइ प्रभावकारी हुने उल्लेख गरेको छ । पाउलो फ्रेरेले सिकाइका लागि एकीकृत स्वरूपको पाठ्यक्रम उपयोगी हुने बताएका छन् । फोगर्टीले गार्डनरको बौद्धिकताको सिकाइ सिद्धान्तअनुसार सिकाइलाई प्रभावकारी बनाउन एकीकृत स्वरूपको पाठ्यक्रम उपयुक्त

हुने बताएकी छिन् । भिगोत्स्कीको सामाजिक निर्माणवादले सिकारु सामाजिक परिवेशसँग अन्तर्क्रिया गरेर ज्ञान निर्माण गर्ने कुरामा जोड दिएको छ । सिकारुको सक्रियतासहित सामाजिक वातावरणसँग अन्तर्क्रिया गरी सिक्नका लागि एकीकृत स्वरूपको सिकाइ प्रभावकारी भएको छ (पौडेल, २०७६ पृ. ४-५) । सिकाइलाई अन्तर्क्रियात्मक बनाई सहभागितामूलक, विद्यार्थीकेन्द्रित र बालमैत्री सिकाइका लागि एकीकृत सिकाइ सहजीकरण प्रक्रिया उपयोगी सावित ठानिएको छ ।

एकीकृत स्वरूपको पाठ्यक्रममा सामाजिक अन्तर्क्रियाका आधारमा सिकाइ सञ्चालन गर्न सिकारु सक्रिय भएको हुन्छ । यो सिकाइ पूर्वज्ञानमा आधारित भई ज्ञानको पुनर्निर्माणमा आधारित हुन्छ । यसमा सिकारुका सम्भावित सिकाइ सक्षमता पहिचान र सिकाइ सक्रियताका आधारमा परिपूर्ति गरिएको हुन्छ । डिवेले सिकाइ सहजीकरण प्रजातान्त्रिक अभ्यासमा जोड दिएका छन् । यसमा सिकारुलाई सक्रिय बनाई सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । फ्रेरेले क्रियाकलापमा आधारित सिकारुकेन्द्रित सिकाइ सहजीकरण प्रक्रियामा जोड दिएका छन् । भिगोत्स्कीले सिकाइ सहजीकरणमा शिक्षक र सिकारुको समान सहभागिताको अपेक्षा गरेका छन् । यसमा सिकारुलाई ज्ञानको स्रोतको रूपमा लिइएको छ (घिमिरे र सिंह राठौर, २०७७ पृ. ४४१) । उल्लिखित सैद्धान्तिक जगको आधारमा एकीकृत पाठ्यक्रम विकास भएको पाइन्छ ।एकीकृत पाठ्यक्रममा समावेश हुने पक्षहरूको अवस्था यसप्रकार देखिन्छ :

### *सिकाइ सहजीकरण प्रक्रिया*

भाषा शिक्षण सिकाइको नवीन र विकसित अवधारणा सिकाइ सहजीकरण हो । यसलाई विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी प्रक्रियाका रूपमा लिइन्छ । शिक्षक भाषा शिक्षणमा सहजकर्ता, उत्प्रेरक र प्रवर्धकको भूमिकामा रहन्छ भने सिकारु जिज्ञासु र सक्रियतापूर्वक सिकाइमा सहभागी हुन्छ (रिचर्डस र रोजर्स, सन् २०१६, पृ. ९८-१००) । बालकले वातावरणसँगको अन्तर्क्रिया र सम्बन्धबाट ज्ञानको निर्माण गर्छ भन्ने मान्यता सामाजिक निर्माणवादी सिद्धान्तको हो । निर्माणवादी मान्यताअनुसार बालकले सिकाइको विकास वातावरणसँगको प्रत्यक्ष सम्पर्कको परिणामस्वरूप प्राप्त गर्दछ र यसैका आधारमा बालक स्तरीय सिकाइतर्फ निर्देशित हुन्छ । सिकारुले सामाजिक तथा सांस्कृतिक अन्तर्क्रियाबाट ज्ञान

प्राप्त गर्दछ । सिकारुको रुचि, चाहना र आवश्यकताका आधारमा सिकाइ हुन्छ (भिगोत्स्की सन् १९८६, पृ.२१२) भन्ने मान्यता निर्माणवादी सिकाइ सिद्धान्तमा पाइन्छ ।

निर्माणवादी सिद्धान्तअनुसार सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका सहजकर्ता वा उत्प्रेरकको रूपमा हुन्छ । सिकारुलाई जहाँ समस्या हुन्छ, त्यहीँ अन्तर्क्रियाको माध्यमद्वारा ज्ञान निर्माणमा शिक्षकले सहजीकरण गर्नुपर्दछ (शर्मा र शर्मा २०६६, पृ. २७१) यसरी हेर्दा सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भन्दा विद्यार्थीको सक्रियतालाई बढी महत्त्व दिइएको छ । निर्माणवादी सिद्धान्तअनुसार सिकाइलाई सामाजिक तथा सांस्कृतिक अन्तर्क्रियाको उपजका रूपमा लिइन्छ । यस सिद्धान्तले सिकारुलाई सक्रिय खोजकर्ताको रूपमा लिन्छ । सिकारु र वातावरणबिच अन्तर्क्रिया भई सिकाइ प्राप्त हुन्छ (पौडेल, सन् २०१८, पृ.१३२) ।यसका आधारमा सिकारुले कथाकथन, गीत, छलफल, प्रश्नोत्तर, अन्तर्क्रियाजस्ता शिक्षण विधिबाट सिकाइ हासिल गर्छन ।

शिक्षक र विद्यार्थीबिच सिकाइको उपयुक्त वातावरण सिर्जना गरी सक्रिय अन्तर्क्रिया गर्ने विधि वा प्रक्रियालाई सिकाइ सहजीकरण भनिन्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका लागि सहयोगीहुनुपर्दछ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्छ (पाविके, २०७६) । परम्परागत शिक्षणमा शिक्षककेन्द्रित विधिको प्रयोग गरिएको पाइन्छ । जसमा शिक्षकको भूमिका सक्रिय हुन्छ । आधुनिक शिक्षण विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी हो । यसमा शिक्षक सहजकर्ताको रूपमा मात्र रही विद्यार्थीलाई नै सक्रिय सहभागीको भूमिको केन्द्रमा राखिएको हुन्छ । शिक्षकले प्रश्न सोध्ने, छलफल गराउने, समूह कार्य गराउने, परियोजना तथा सिर्जनात्मक कार्य लगायत क्रियाकलापमा सिकारुलाई अवसर प्रदान गर्दछ ।

***पाठ्यक्रमको अवस्था***

पाठ्यक्रम औपचारिक शिक्षा पद्धतिको मार्गदर्शक र आधिकारिक दस्तावेज हो । निर्दिष्ट सक्षमता हासिल गर्नका लागि समग्र सिकाइ अनुभवहरूको सङ्गालोको रूपमा व्यवस्थित

तवरले पाठ्यक्रम निर्माण गरिएको हुन्छ । पाठ्यक्रमको आधारमा कार्यपुस्तक तयार गरिएको हुन्छ । पाठ्यक्रमबिना सिकाइ सहजीकरण प्रक्रिया सम्भव हुँदैन किनकि समग्र शैक्षणिक प्रक्रिया के, कसरी अगाडि बढाउने साधन भनेको नै पाठ्यक्रम हो । पाठ्यक्रममा समाज तथा राष्ट्रका अपेक्षा र सिकारुका आवश्यकताहरू प्रतिविम्बित गरिएको हुन्छ । पौडेलका अनुसार- “पाठ्यक्रममा बालबालिकामा के कस्ता ज्ञान, सिप र अभिवृद्धि हासिल गराई के कस्ता सक्षमता प्राप्त गराउने ? यसका लागि के कस्ता विषयवस्तु छनोट गरी तिनलाई कसरी सङ्गठित गर्ने ? बालबालिकामा अपेक्षित उपलब्धि हासिल गराउन के कस्ता सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ? अपेक्षित उपलब्धि हासिल भयो वा भएन भनी के कसरी पत्ता लगाउने ? भन्नेजस्ता पक्षहरू समावेश गरिएको हुन्छ” (पौडेल, २०७६ पृ. २) । पाठ्यक्रमले सिकाइको लागि मार्गदर्शन गर्दछ । पाठ्यक्रममा निर्दिष्ट सक्षमता प्राप्तिका लागि सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गरिएको हुन्छ ।

पाठ्यक्रम सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुको सक्रियतालाई केन्द्रमा राखी सैद्धान्तिक ज्ञान र सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्ने गरी विकास गरिएको छ । सिकाइलाई बृहत् विषयवस्तुमाथि केन्द्रित गराउने उद्देश्यले दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण पाठ्यक्रम गरिएको छ । यसमा भिन्न विषयक्षेत्रका सिकाइ सक्षमतालाई एउटै पाठ्यक्रममा समावेश गरी सिकाइ व्यवस्थापन गरिएको छ । एकीकृत सिकाइको मुख्य लक्ष्य भनेको सहकार्यलाई बढावा दिने, जीवन्त अनुभवसँगको तादात्म्य, स्वगतिमा हुने सिकाइ, योजनाबद्ध सिकाइ सहजीकरण र विद्यालय समुदाय सहसम्बन्ध विकास गर्नु हो । विभिन्न विषयक्षेत्रका माध्यमबाट भाषिक सिप विकासका लागि भाषिक तत्त्वगत क्षेत्र (ध्वनिसचेतीकरण, श्रुति तथा दृश्यबोध, पठनप्रवाह, पठनबोध, लेख्यवर्ण सचेतीकरण, लेखाइ, शब्दभण्डार र कार्यमूलक व्याकरण) का आधारमा विषयवस्तु निर्धारण गरिएको छ । तिनै भाषिक तत्त्वगत क्षेत्रका आधारमा सिकाइ क्रियाकलापको पहिचान र सोको मर्मअनुरूप सहजीकरण प्रक्रिया सञ्चालन गरिएको हुन्छ ।

पाठ्य तथा कार्यपुस्तकको क्रियाकलापको निर्देशनमा भएका रङको पहिचान र सो अनुसारको रणनीति अवलम्बन गरिएको छ । यसमा विषयक्षेत्रमा रहेका व्यवहारकुशल सिपको

पहिचान र अभ्यासलाई जोड दिएको पाइन्छ । शिक्षक निर्देशिकामा उल्लिखित सिकाइ सहजीकरणसम्बन्धी नमुना क्रियाकलापको उपयोग गरी सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन हुनु आवश्यक छ । विषयगत पाठ्यक्रमले भाषा, गणित, विज्ञान, सामाजिक शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयलाई अलगअलग सिकाउने भन्ने मान्यता राखेको हुन्छ । लामो समयदेखि नेपालको विद्यालय शिक्षामा यही दृष्टिकोणका आधारमा विषयगत रूपमा पाठ्यक्रम निर्माण भई सोहीअनुरूप सिकाइ सहजीकरण सञ्चालन हुँदै आएको छ ।

यो पाठ्यक्रमले सिकारुको समग्र सक्षमतालाई भन्दा पनि विषयगत ज्ञान र सिपलाई बढी जोड दिएको छ । हाल कार्यान्वयनमा रहेको एकीकृत स्वरूपको पाठ्यक्रमले समग्र सक्षमता प्राप्तिमा जोड दिएको पाइन्छ । यो पाठ्यक्रम बहुविषयक र अन्तरविषयक रूपमा तयार गरिएको छ । यसले सिकारुलाई के विषय पढाउने भन्दा पनि के कस्ता सक्षमता हासिल गराउने भन्ने विषयमा जोड दिएको छ । यसले एकीकृत रूपमा सिकाइ सहजीकरण प्रक्रियाको लागि विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी प्रयोगमा जोड दिएको छ । यसले विभिन्न विषयक्षेत्रलाई अन्तरसम्बन्धित हुने गरी सिकाइ क्रियाकलापको सञ्चालनमा जोड दिने गर्दछ । विभिन्न देशले विद्यालय तहका तल्ला कक्षाहरूमा एकीकृत स्वरूपको पाठ्यक्रम निर्माण गरी प्रयोगमा ल्याएको पाइन्छ । कतिपय देशले सिकाइका लागि एकीकरण र कतिपय देशले पाठ्यक्रम नै एकीकृत ढाँचाको निर्माण गरेका छन् । यसरी विद्यालय तहमा अभ्यासमा रहेका एकीकृत ढाँचाको पाठ्यक्रमका स्वरूपमा एकरूपता पाइँदैन । पाठ्यक्रम एकीकरणको क्रम विषयगत, बहुविषयगत, अन्तरविषयक हुँदै विषयविहीनताको अवस्थासम्म रहेको छ । नेपालमा पनि एकीकृत स्वरूपको पाठ्यक्रमको निर्माण र प्रयोगको प्रारम्भिक प्रयास निकै अगाडिदेखि हुँदै आएको पाइन्छ तर त्यसले एकीकृत रूपमा शिक्षण सिकाइ सहजीकरण भने खासै भएको पाइँदैन ।

नेपालमा विद्यालय तहको प्रारम्भिक कक्षाहरूमा एकीकृत स्वरूपको पाठ्यक्रम कार्यान्वयन गर्ने नीतिगत व्यवस्थाअनुरूप हाल कक्षा १ देखि ३ सम्म एकीकृत स्वरूपको पाठ्यक्रम प्रयोगमा रहेको छ । नेपाली विषयको पाठ्यक्रम सक्षमतामा आधारित भाषिक सिपगत सिकाइ उपलब्धिहरू एकीकृत गरी तयार गरिएको छ । यसले भाषिक ज्ञान र सिप, सिकाइ प्रक्रिया, भाषिक सामार्थ्य र प्रयोग, भाषिक तत्त्वगत सन्तुलन, विद्यालयभित्रको सिकाइ र

विद्यार्थीको वास्तविक जीवन, अन्तरसम्बन्धित भाषिक सिकाइ क्षेत्रहरूको एकीकरणमा जोड दिएको छ । भाषाका सिपमार्फत सिकाइलाई प्रभावकारी बनाउन भाषाको नै प्रमुख भूमिका रहेको हुन्छ । भाषिक सिपमार्फत विद्यार्थीको सिकाइ सक्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ( पाविके. २०७६) । भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकासजस्ता पक्षहरूमा ध्यान दिएको छ । भाषिक तत्त्वगत क्षेत्रमा ध्वनिसचेतीकरण, श्रुति तथा दृश्यबोध, पठनप्रवाह, पठनबोध, लेख्यवर्ण सचेतीकरण, लेखाइ, शब्दभण्डार र कार्यमूलक व्याकरणलाई समेत जोड दिइएको पाइन्छ ।

हाल प्रयोगमा रहेको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमअन्तर्गत विषयक्षेत्रगत पाठ्यक्रम नेपाली विषय भाषा (क) मा परिचय खण्ड समावेश गरिएको छ । जसमा नेपाली भाषालाई चिनाउने कार्य गरिएको छ । भाषालाई विचार विनिमयका साथै सिकाइको माध्यम र चिन्तनको आधार पनि मानिएको छ । भाषिक सिपलाई प्रभावकारी बनाउने माध्यमका रूपमा भाषालाई लिइएको छ । यसमा भाषिक सिपमार्फत विद्यार्थीको सिकाइ क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ । यस पाठ्यक्रमले भाषिक ज्ञान, सिप, सिकाइ प्रक्रिया तथा भाषिक सामर्थ्य र प्रयोगलाई एकीकरण गरेको छ । यसमा भाषिक तत्त्वगत सन्तुलन, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवन, अन्तरसम्बन्धित भाषिक सिकाइ क्षेत्रहरूको समेत एकीकरण गरिएको छ ।

सक्षमतामा आधारित भाषिक सिपगत सिकाइ उपलब्धिलाई रूपान्तरण गर्ने अभिप्रायले नेपाली विषयको पाठ्यक्रम विकास गरिएको पाइन्छ । खण्ड (ख) मा तहगत सक्षमता निर्धारण गरिएको छ । सातओटा बुँदामा समावेश सक्षमताले नेपाली भाषालाई व्यावहारिक र प्रयोगात्मक बनाउने कार्य गरेको छ । यसमा कुराकानी, संवाद, छलफल र प्रश्नोत्तरका माध्यमबाट दोहोरो सञ्चार गरिने उल्लेख छ । चित्र, घटना, परिवेश र पाठगत सन्दर्भलाई सक्षमतामा समावेश गरिएको छ । शुद्ध उच्चारण, प्रवाहपूर्ण पठन, बोध, सिर्जनात्मक तथा समालोचनात्मक सिपको प्रयोगसँगै भाषिक कार्यलाई पनि उल्लेख गरिएको छ । यिनै सक्षमताका आधारमा कक्षागत सिकाइ उपलब्धि निर्माण गरिएको पाइन्छ । खण्ड (ग) मा कक्षागत सिकाइ उपलब्धि कक्षा १ को सोह्र, कक्षा २ को अठार र कक्षा ३ को बाइसओटा छुट्टाछुट्टै निर्धारण गरिएको छ ।

विषयक्षेत्रगत पाठ्यक्रम नेपाली भाषा खण्ड (घ) मा विषयवस्तुको क्षेत्र र क्रम समावेश गरिएको छ । यसमा भाषिक सिपगत क्षेत्र चारओटा र भाषिक तत्त्वगत क्षेत्र आठओटा निर्धारण गरिएको छ । सुनाइ र बोलाइ भाषिक सिपगत क्षेत्रभित्र ध्वनिसचेतीकरण र दृश्य/दृश्य बोध भाषिक तत्त्वगत क्षेत्र पर्दछन् । पढाइ भाषिक सिपगत क्षेत्रअन्तर्गत पठन प्रवाह र पठन बोध भाषिक तत्त्वगत क्षेत्र पर्दछन् । लेखाइ भाषिक सिपगत क्षेत्रअन्तर्गत लेख्यवर्ण सचेतीकरण र लेखाइ भाषिक तत्त्वगत क्षेत्र पर्दछन् । शब्दभण्डार र कार्यमूलक व्याकरण भाषिक सिपगत क्षेत्रअन्तर्गत शब्दभण्डार र कार्यमूलक व्याकरणको भाषिक तत्त्वगत क्षेत्र पर्दछन् । यी विषयवस्तुको क्षेत्र र क्रम प्रत्येक कक्षाको अलगअलग निर्धारण गरिएको छ ।

सुनाइ र बोलाइ भाषिक सिपगत क्षेत्रभित्र कक्षा १ मा तेह्र, कक्षा २ मा उन्नाइस र कक्षा ३ मा चौधओटा बुँदाहरू तय गरिएको छ । पढाइ भाषिक सिपगत क्षेत्रभित्र कक्षा १ मा आठ, कक्षा २ मा आठ र कक्षा ३ मा एघारओटा बुँदाहरू प्रस्तुत गरिएको छ । लेखाइ भाषिक सिपगत क्षेत्रभित्र कक्षा १ मा सोह्र, कक्षा २ मा अठार र कक्षा ३ मा उन्नाइसओटा बुँदाहरू प्रस्तुत गरिएको छ । शब्दभण्डार र कार्यमूलक व्याकरण भाषिक सिपगत क्षेत्रभित्र कक्षा १ मा आठ, कक्षा २ मा एघार र कक्षा ३ मा तेह्रओटा बुँदाहरू प्रस्तुत गरिएको छ । पाठ्यक्रममा समाविष्ट परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि र विषयवस्तुको क्षेत्र र क्रमले भाषिक सिपमा आधारित भई क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ सञ्चालन गर्न जोड दिएको छ । माथि उल्लिखित सक्षमता र सिकाइ उपलब्धि हासिल गर्नका लागि सोहीअनुरूपका सिकाइ सहजीकरण विधि तथा प्रक्रिया पनि निर्देश गरिएको छ ।

*पाठ्यक्रमको प्रयोगसम्बद्ध क्रियाकलापहरू*

आधारभूत तह (कक्षा १-३) को नेपाली विषयअन्तर्गत म र मेरो परिवार विषयक्षेत्रको पाठ १ को सिकाइका क्रममा शिक्षकहरूले पाठ्यक्रमले निर्देश गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको हुबहु पालना गरेको पाइँदैन । शिक्षकहरूले उपयोग गरेका सिकाइ सहजीकरण विधि तथा क्रियाकलापहरू उपयुक्त नै रहेको पाइन्छ । पाठ्यक्रमले विषयगत रूपमा विधि तथा क्रियाकलापहरू नतोकेको कारणले शिक्षकहरूले पनि आवश्यकताअनुसार सीमित विधि तथा क्रियाकलापहरूको प्रयोग गरेको पाइन्छ । शिक्षकहरूले शिक्षण सिकाइको मूल मार्गदर्शन पाठ्यक्रम हो भनेर बुझेको पाइँदैन । पाठ्यक्रमले क्रियाकलापमुखी र

विद्यार्थीकेन्द्रित सिकाइमा जोड दिए पनि शिक्षकहरूले धेरैभन्दा धेरै क्रियाकलाप गराउन सकेको पाइँदैन । कक्षा १ देखि ३ सम्ममा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने उन्नाइसओटा सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको व्यवस्था भए पनि नेपाली विषयमा उपयोगी सबै विधि र क्रियाकलापहरू शिक्षकहरूले प्रयोग गर्न सकेको पाइँदैन।

म र मेरो परिवार विषयक्षेत्र सिकाइमा कथाकथन, गीत, आगमन, भूमिका निर्वाह, परियोजना, छलफल, प्रश्नोत्तर, समस्या समाधान, प्रदर्शन, अन्तर्क्रिया विधिहरू र लयबद्ध वाचन, अनुकरण, चित्र वर्णन, उच्चारण, धारणा निर्माण, अवलोकन, समूहकार्य, निष्कर्ष, प्रस्तुतीकरणजस्ता क्रियाकलापहरूलाई हुबहु उपयोग गर्न सकिने तर्फ शिक्षकहरूको ध्यान पुगेको देखिँदैन । नेपाली विषय सिकाइ सहजीकरणका क्रममा भाषिक सिपहरूको सिकाइ सञ्चालन गर्नुपर्ने हुन्छ । पाठ्यक्रमको मूलमर्मअनुसार बहुविषयक रूपमा तयार भएको नेपाली विषय सिकाइलाई क्रियाकलापमुखीर विद्यार्थीकेन्द्रित पनि बनाउनु आवश्यक छ । क्रियाकलापको सिकाइ गर्दा शिक्षकभन्दा पनि विद्यार्थी बढी सक्रिय भई सिकाइ सहजीकरण गर्नुपर्दछ तर हाम्रो वर्तमान सिकाइमा शिक्षकहरूले विद्यार्थीलाई भन्दा पनि शिक्षक आफैँ बढी सक्रिय भई सिकाइ सहजीकरण सञ्चालन गरेको पाइन्छ ।

शिक्षकले पाठ्यक्रमले तोकेका विधि तथा क्रियाकलापलाई प्रयोग गर्न नसके तापनि क्रियाकलापअनुरूप केही विधि तथा क्रियाकलापहरू प्रयोग भएको पाइन्छ । विद्यार्थीलाई अधिक रूपमा क्रियाकलापमा अभ्यस्त बनाई सिकाइ सहजीकरण सञ्चालन भएको पाइँदैन । शिक्षकले म र मेरो परिवार विषयक्षेत्रमा अपनाएका आंशिक विधि तथा क्रियाकलाप उपयुक्त भएको र पाठ्यक्रमले निर्दिष्ट गरेका विधि तथा क्रियाकलापहरू प्रयोग गरी सिकाइ गर्नुपर्ने आवश्यकता छ ।

### *एकीकृत शिक्षण सिकाइको प्रयोगसम्बद्ध क्रियाकलापहरू*

आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ ले कक्षा १-३ सम्म बहुविषयक र अन्तरविषयक पाठ्यक्रमको विकास गरेको छ । नेपाली विषय बहुविषयक ढाँचामा विकास गरिएको छ । यो पाठ्यक्रमले शिक्षण सिकाइ सहजीकरण प्रक्रियालाई एकीकृत गरी सिकाइ सञ्चालन गर्न जोड दिएको पाइन्छ । म र मेरो परिवार विषयक्षेत्र नेपाली विषयको मात्र

विषयक्षेत्र नभएर अङ्ग्रेजी, गणित र सेरोफेरो विषयसमेतको विषयक्षेत्र हो । नेपाली विषयको म र मेरो परिवार विषयक्षेत्र शिक्षण गर्दा सान्दर्भिक पक्षहरूलाई अन्य विषयसँग समेत जोडेर सिकाइ गर्नुपर्ने हुन्छ । हाम्रा कक्षाकोठामा नेपाली विषयको शिक्षण गर्दा अन्य विषयको सान्दर्भिक पक्षलाई एकीकृत गरेर सिकाइ गरेको कमै मात्र पाइन्छ । शिक्षकहरू योग्य र दक्ष हुँदाहुँदै पनि एकीकृत सिकाइ सम्बन्धी ज्ञानको कमीले गर्दा विषयलाई जोडेर शिक्षण गर्न सकेको देखिँदैन ।

नेपालमा एकीकृत स्वरूपको पाठ्यक्रम विकास गरी कार्यान्वयनमा आएको आधा दशक पूरा हुँदासमेत वास्तविक रूपमा कक्षाकोठासम्म पुगेको पाइँदैन । शिक्षकले नेपाली विषय सिकाइ गर्दा सान्दर्भिक पक्षहरू जोडेर अर्को विषयको पनि सँगसँगै सिकाइ सञ्चालन गर्नुपर्ने हुन्छ । एकातिर शिक्षकहरूमा एकीकृत शिक्षण सिकाइसम्बन्धी ज्ञानको कमी छ भने अर्कातिर केही शिक्षकहरूमा ज्ञान हुँदाहुँदै पनि प्रयोगमा ख्याल पुऱ्याउन सकेको पाइँदैन । शिक्षकहरू शिक्षण सिकाइका सहजकर्ता भएको हुनाले विषयवस्तुप्रति समयानुकूल अद्यावधिक भई शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्दछ । पाठ्यक्रमको मर्मअनुरूप शिक्षकहरूमा शिक्षण सिकाइसम्बन्धी तालिमको कमी छ । शिक्षकहरूले पाठ्यक्रम, सहजीकरण पुस्तिका, कार्यपुस्तक र शिक्षक निर्देशिकाको अध्ययन गरी समयानुकूल सान्दर्भिक विषयवस्तुलाई एकीकृत गरी सिकाइ गर्नु आवश्यक छ । शिक्षकहरूले दुई वा दुईभन्दा विषयहरूका सान्दर्भिक पक्षहरूलाई एकै विषयक्षेत्रमा अर्थपूर्ण रूपमा संयोजन गरी कक्षाकोठाको सिकाइ प्रक्रिया अवलम्बन गर्नु पर्दछ ।

विषयवस्तुलाई खण्डीकृत नगरीकन एउटै विषयबाट समग्रताको ज्ञान र धारणा दिनु नै एकीकृत सिकाइ हो । यसमा फरक फरक विषयलाई अन्तरसम्बन्धित गरी जीवनसापेक्ष सिकाइ सञ्चालन गरिएको हुन्छ । यसले अन्तर्क्रियाबाट साझा अवधारणाको निर्माणमा जोड दिन्छ ।

***सामाजिक निर्माणवाद पक्षसम्बद्ध क्रियाकलापहरू***

कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम विषयक्षेत्रमा आधारित सिकाइ क्रियाकलापहरू समावेश गरी तयार भएको छ । शिक्षकहरूले विषयवस्तुलाई खण्डीकृत नगरीकन विषयक्षेत्रका आधारमा सान्दर्भिक पक्षलाई एकीकृत गरी सिकाउनु आवश्यक हुन्छ । शिक्षक केवल सहजकर्ता

भएर सिकारुलाई सिकाइका लागि उपयुक्त वातावरण सिर्जना गरिएको पाइँदैन । सिकाइलाई अन्तर्क्रियात्मक, छलफलमुखी एवम् क्रियाकलापमुखी बनाउने कार्य कमै मात्रामा भएको छ । शिक्षकहरूले नयाँ शब्दहरूको अर्थ र प्रयोग देखाउने र विद्यार्थीलाई गर्न लगाउने क्रियाकलाप गराएको देखिँदैन । समूहमा खेल र गीतका माध्यमबाट अन्तर्क्रियात्मक रूपमा वास्तविक कक्षाकोठामा सिकाइ कमै भएको पाइन्छ ।

नेपाली विषय शिक्षकहरूले भाषिक सिपको विकास गराउने कार्य गर्नु त छँदैछ, त्यसका लागि विषयवस्तुलाई विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी बनाउन सिकाइ सहजीकरणमा विभिन्न विधि तथा क्रियाकलापहरूको प्रयोग गरेको पाइन्छ तर त्यति मात्रै पर्याप्त भएको पाइँदैन । विद्यार्थीलाई सामूहिक सिकाइमा जोड दिने, विषयवस्तुलाई स्थानीय परिवेशसँग जोडेर जीवनसापेक्ष बनाई शिक्षण गर्ने, सिकारुहरू आफैँ ज्ञान निर्माण गर्न सक्छन भन्ने मान्यताअनुरूप अधिक रूपमा क्रियाकलापमा जोड दिनु आवश्यक छ । विषयक्षेत्रअन्तर्गत क्रियाकलापहरू नै समावेश गरिएको हुनाले पनि शिक्षण सिकाइका विधि तथा प्रक्रियालाई पूर्ण क्रियाकलापकेन्द्रित बनाउनु आवश्यक हुन्छ । सिकाइ प्रक्रियामा संवादलाई प्रोत्साहित गरी विद्यार्थीलाई प्रश्न सोध्ने, आफ्नो विचार व्यक्त गर्न प्रोत्साहित गर्दै भाषिक सिप विकास गराउन सकिन्छ ।

शिक्षकले सहजीकरण गरी सिकारुलाई नै स्वतन्त्र रूपमा सिक्न प्रेरित गरी सहकार्यमा जोड दिनु पर्दछ । विद्यार्थीलाई कक्षाकोठामा समस्या समाधान गर्न लगाई परियोजना कार्य दिई श्रव्यवाच्यमा आधारित भएर सिकाइ सञ्चालन गरेको देखिँदैन । शिक्षकले प्रवचन दिएर आफैँ बढी सक्रिय भएको पाइन्छ । नेपाली विषय शिक्षकले पनि भाषिक दक्षता अभिवृद्धि गर्ने क्रियाकलाप सिकाइमा अपनाएको पाइँदैन । शिक्षकहरूले जे जति अपनाएका छन् तिनले मात्रै भाषिक सिप हासिल गराउन कठिन देखिएको छ । दैनिक रूपमा प्रयोग गरिने साधन भाषा भएकोले विद्यार्थीलाई सक्रिय बनाई शिक्षणलाई क्रियाकलापमुखी बनाई सिकाइ गर्नु आवश्यक छ ।

**शोधको अवधारणात्मक रूपरेखा**

प्रस्तुत शोधकोअवधारणात्मक रूपरेखा निम्नानुसार रहेको छ :

**चित्र १**

*अवधारणात्मक रूपरेखा*

आधारभूत तह कक्षा १ देखि ३ सम्म एकीकृत ढाँचाको पाठ्यक्रम कार्यान्वयनमा रहेको छ । यो पाठ्यक्रमको सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा आधारित भई प्रस्तुत अनुसन्धान तयार गरिएको छ । यसमा नेपाली विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, पाठ्यक्रम प्रयोगको अवस्था, शैक्षणिक सामग्री प्रयोगको स्थिति, एकीकृत शिक्षण सिकाइको उपयोग पक्षलाई विश्लेषण गरिएको छ । यसका लागि प्राथमिक र द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । यो अनुसन्धान गुणात्मक विधि र वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । यसमा प्राप्त तथ्याङ्कलाई व्याख्यावादी कोणबाट विश्लेषण गरिएको छ । यो अनुसन्धानमा दार्शनिक आधारको रूपमा घटना क्रियात्मक र सैद्धान्तिक आधार सामाजिक निर्माणवाद रहेको छ । प्रस्तुत अनुसन्धान भाषा शिक्षण र शिक्षक, पाठ्यक्रम प्रयोगकर्ता, पाठ्यक्रम निर्माता, एकीकृत शिक्षण सिकाइको प्रयोगकर्ता र शैक्षणिक सामग्रीको प्रयोगकर्ताको लागि विशेषतः उपयोगी सावित हुने ठानिएको छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत शोधप्रबन्ध भोजपुर जिल्लाको हतुवागढी गाउँपालिकाको वडा नं. १ देखि ९ सम्मका दुई दुईओटा गरी अठारओटा सामुदायिक विद्यालयकोआधारभूत तह (कक्षा १-३) नेपाली विषयको सिकाइ सहजीकरणमा परिसीमित छ । त्यसैगरी कक्षा १ देखि ३ को नेपाली विषयका एघारओटा विषयक्षेत्रमध्ये शिक्षकले म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत पाठ एकमा भएका सबै क्रियाकलापको सिकाइका क्रममा अपनाएका सिकाइ सहजीकरणका विधि तथा प्रक्रियाहरू र उक्त विषयक्षेत्रलाई अन्य विषयसँग अन्तरसम्बन्धित गरी एकीकृत शिक्षण सिकाइ सहजीकरणमा परिसीमित गरिएको छ ।

**शोधप्रबन्धको सङ्गठनात्मक रूपरेखा**

प्रस्तुत शोधप्रबन्धको सङ्गठनात्मक रूपरेखा यसप्रकार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा

अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार : नेपाली विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको प्रस्तुतीकरण

अध्याय पाँच : एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको प्रयोग अवस्था

अध्याय छ : प्राप्ति र छलफल

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा

प्रस्तुत अध्यायमा पूर्वकार्यको समीक्षाअन्तर्गत विषयवस्तुगतसमीक्षा, प्रायोगिकसमीक्षा, सैद्धान्तिकसमीक्षा र नीतिगत समीक्षालाई प्रस्तुत गरिएको छ । साथैअन्त्यमा पूर्वकार्य समीक्षाको उपयोग र अनुसन्धान अन्तराल पनि देखाइएको छ ।

## विषयवस्तुगत समीक्षा

यसअन्तर्गत सम्बद्ध विषयवस्तुको निम्नानुसार समीक्षा गरिएको छ :

अधिकारी (२०७५) मा सिकारुको सम्पूर्ण पक्षको विकास गर्ने उद्देश्यले दुई वा सोभन्दा बढी विशिष्टीकृत विषयक्षेत्रलाई सिकारुको पूर्वज्ञान तथा अनुभवसमेतको सहसम्बन्ध स्थापित गर्दै सिकारुको सक्रियतालाई केन्द्रमा राखेर शिक्षण गर्न जोड दिइएको छ । यस पाठ्यक्रमले सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गराउँछ । यो पाठ्यक्रमलाई जीवनोपयोगी, समय सान्दर्भिक, क्रियाकलापमुखी, परियोजना कार्यमुखी र समस्या समाधानसिकाइ सहजीकरण विधिमा केन्द्रित गरिएको छ । यस किसिमको पाठ्यक्रमअनुसार शिक्षकले शिक्षक निर्देशिकासहित विशेष प्रकारका पाठ्यसामग्रीअनुसार सिकाइ सञ्चालन गर्नुपर्दछ । यसले खण्डीकृत सिकाइलाई कम गर्दै एकीकृत सिकाइमा जोड दिने गर्दछ । यसले सिकाइको क्षेत्रलाई फराकिलो बनाई स्वःगतिमा निरन्तर सिकाइप्रति जारुगक बनाउने कार्य गर्दछ । यस लेखमा एकीकृत पाठ्यक्रमको कार्यान्वयनमा आउने चुनौतीहरूसमेत उल्लेख गरिएको छ । यो लेख एकीकृत पाठ्यक्रमको विकास र कार्यान्वयनमा केही हदसम्म प्रभावकारी भएको मानिन्छ तर नेपाली भाषा सिकाइका सम्बन्धमा भने केही उल्लेख गरिएको पाइँदैन ।

पाविके (२०७६) का अनुसार आधारभूत शिक्षा एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि ८ सम्मलाई लिइन्छ । आधारभूत शिक्षा कक्षा १ देखि ३ सम्म एकीकृत स्वरूपको पाठ्यक्रम निर्माण गरिएको छ । यसमा सिकाइका क्षेत्रहरू पहिचान गरी विषय र सिकाइ क्षेत्रका आधारमा बहुविषयक र अन्तरविषयक ढाँचामा पाठ्यक्रम तयार गरिएको छ । यस तहमा विद्यार्थीहरूको लागि भाषा, गणित, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा,

सामाजिक अध्ययन, सिर्जनात्मक कला, मातृभाषा तथा स्थानीय विषयका सिकाइ क्षेत्रहरू रहेका छन् । यसमा सिकाइ सहजीकरण प्रक्रिया विषयक्षेत्रका आधारमा अन्तरसम्बन्धित गरी सिकाइ हुने भनी उल्लेख गरिएको छ । प्रस्तुत सामग्रीले आधारभूत तह नेपाली विषयको सिकाइ सहजीकरण प्रक्रियालाई दिशा निर्देश गरेको छ । यो लेखले नेपाली विषयको सिकाइ क्षेत्रअनुरूप शिक्षण विधि तथा प्रक्रियाको छनोट र प्रयोगमा मद्दत पुऱ्याएको छ ।

पौडेल (२०७६) द्वारा बहुविषयक र अन्तरविषयक पाठ्यक्रमको चर्चा गरिएको छ । एकीकृत ढाँचाको पाठ्यक्रममा दुई वा दुईभन्दा बढी विषयलाई कुनै मिल्ने विषयक्षेत्रको वरिपरि सङ्गठित गरिन्छ । यसरी सिकाउँदा मिल्ने विषयलाई एकै ठाउँमा र नमिल्ने विषयवस्तुलाई क्रमशः अलग्गै सिकाउने गरिन्छ । बहुविषयक पाठ्यक्रम भन्नाले विभिन्न विषयबाट अन्तरसम्बन्धित विषयवस्तुलाई सम्बन्धित गरिन्छ तर विषयगत सीमा र पहिचान भने कायम रहन्छ । यस किसिमको सिकाइले विभिन्न विषयका ज्ञान तथा सिप एकीकृत गरी कसरी दैनिक जीवनका समस्या समाधान गर्न सकिने रहेछ भन्ने बोध गराउँछ । अन्तरविषयक पाठ्यक्रममा दुई वा दुईभन्दा बढी विषयसँग मिल्ने गरी विषयक्षेत्रहरू निर्धारण गरिएको हुन्छ, जुन निर्धारित विषयक्षेत्रसँग मिल्ने विभिन्न विषयक्षेत्रका विषयवस्तुहरूलाई एकै ठाउँमा राखेर सिकाउने कार्य गरिन्छ र नमिल्ने विषयलाई छुट्टै राखेर सिकाउने गरिन्छ ।

पाठ्यक्रमले सिकाइलाई खण्डीकृत हुनबाट रोक्ने कार्य गर्दछ । यसले सिकाइलाई विद्यार्थीको जीवनसँग सम्बन्धित गराउँदै सिकाइलाई जीवन्त र प्रभावकारी बनाउन सहयोग गर्दछ । यो पाठ्यक्रमले विद्यार्थीलाई सिक्नका लागि उत्प्रेरित बनाउने गर्दछ । यसले विद्यालय र समुदायबिचको सम्बन्ध सुमधुर बनाउँछ । यसले सिकाइलाई समाजका क्रियाकलाप तथा समस्या र विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित गराउने भएकाले सिकाइमा सहकार्यलाई प्रोत्साहन दिने गर्दछ । यो लेखमा सिकाइ क्षेत्रगत रूपमा एकीकृत पाठ्यक्रमको बारेमा उल्लेख गरे पनि नेपाली भाषा सिकाइका सम्बन्धमा भने स्पष्ट उल्लेख गरिएको देखिँदैन ।

लामिछाने (२०७६) द्वारा एकीकृत स्वरूपको पाठ्यक्रमका लागि उपयोगी सिकाइ विधि तथा क्रियाकलापका बारेमा चर्चा गरिएको छ । एकीकृत पाठ्यक्रम विकासका मुख्य चरणहरूमा विषयक्षेत्रको चयन, पाठ्यसामग्री र शैक्षणिक सामग्रीहरूको सङ्कलन, विद्यार्थीहरूको संलग्नता, विद्यार्थीहरूको समूह निर्माण, विषयक्षेत्रको विस्तृतीकरण र विद्यार्थीको सिकाइको मूल्याङ्कनलाई

मानिएको छ । यसमा शिक्षक र विद्यार्थीहरू मिलेर विषयक्षेत्रको छनोट गर्दछन् । यसमा सिकाइ क्रियाकलाप निर्माण गर्दा परियोजनाकार्य बनाउने, सिकाइलाई वास्तविक जीवन र जगत्सँग जोड्ने, विद्यार्थीलाई अनुसन्धानकर्ताको रूपमा सक्रिय बनाउने, प्रश्न सोध्न लगाउने र उत्तर खोज्न लगाउने आदि क्रियाकलाप समावेश गरिएको छ । यसमा एकीकृत स्वरूपको पाठ्यक्रमका बारेमा विषयक्षेत्रगत रूपमा सिकाइमा जोड दिए पनि नेपाली भाषा सिकाइका सम्बन्धमा भने केही उल्लेख भएको पाइँदैन ।

अधिकारी र अधिकारी (२०७६) द्वारा पाठ्यक्रमको प्रभावकारिता शिक्षण सिकाइमा निर्भर रहने बताइएको छ । यो पाठ्यक्रम परम्परागत पाठ्यक्रमभन्दा केही भिन्न एकीकृत स्वरूपमा निर्माण गरिएको छ । यसमा विषयगत, बहुविषयगत र अन्तरविषयगत विषयक्षेत्रहरू राखिएको र एउटा विषयक्षेत्रमा रहेका उपलब्धिलाई एकीकृत पद्धतिबाट सिकाइ सहजीकरण गर्नुपर्ने भएकाले प्रभावकारी कार्यान्वयनका लागि विषयक्षेत्रगत रूपमा एकीकृत मार्गदर्शनको तयारी गर्नु आवश्यक हुन्छ । यसको सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी परीक्षणका लागि सम्भाव्य मार्गदर्शनको विकास गरिएको छ । दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयक्षेत्रहरूलाई बृहत् पाठ्यक्रमका स्रोतहरूबिच सहसम्बन्ध स्थापित गर्दै एकै विषयक्षेत्रबाट अलगअलग विषयको समेत सिकाइ गराउने प्रावधान राखी एकीकृत स्वरूपको पाठ्यक्रम निर्माण गरिएको छ । हाल यस तहमा विद्यार्थीका लागि पाठ्यपुस्तक नभनी विद्यार्थी कार्यपुस्तक नाम दिएको छ तर नेपाली भाषा सिकाइका बारेमा भने केही उल्लेख गरिएको पाइँदैन, त्यसैले यस शोध शीर्षकमा रही अध्ययन तथा अनुसन्धान गर्नु आवश्यक देखिन्छ ।

भट्टराई र घिमिरे (२०७६) द्वारा एकीकृत पाठ्यक्रमको नेपाली विषयमा आधारित सिकाइ क्षेत्रको संयोजन तथा भाषिक सिप संयोजन गर्दा नेपाली भाषाका लागि पठन तत्त्वमा आधारित उपागमका साझा मान्यतालाई ग्रहण र अनुकूलन गरिएको छ । यसमा नेपाली विषयको भाषिक ज्ञान एवम् सिप, ज्ञान र सिकाइ प्रक्रिया, भाषिक ज्ञान र आचरण, भाषिक सिपतथा तत्त्वगत सन्तुलन, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवन, अन्तरसम्बन्धित भाषिक सिकाइ क्षेत्रको एकीकरणमा जोड दिइएको छ । नेपाली विषयको सिकाइमा प्रश्नोत्तर, स्वाध्ययन, खोज, परियोजना, अन्तर्क्रिया, अभिनय र सिर्जनात्मक कार्यलाई सान्दर्भिक विधिका रूपमा उपयोगमा ल्याउन सकिने भनी उल्लेख गरिएको छ ।

एकीकृत पाठ्यक्रम विकासका क्रममा भाषिक सामर्थ्य, सञ्चार, अभिव्यक्ति कौशल, सिकाइका आधारभूत पक्ष तथा स्तरगत भाषिक सम्पादनजस्ता कार्यगत पक्षलाई समेटेर नेपाली विषयको निर्माण गरिएको छ । यसमा गुणस्तरीय सिकाइ र रणनीति रूपान्तरणका निम्ति नेपाली विषयको पाठ्यक्रम तयार पारिएको सन्दर्भ उल्लेख गरिएको छ । नेपाली भाषामा भाषिक ज्ञान, सिप, सिकाइ प्रक्रिया, आचरण, तत्त्वगत सन्तुलन, विद्यालयभित्रको सिकाइ, विद्यार्थीको वास्तविक जीवन र अन्तरसम्बन्धित भाषिक सिकाइ क्षेत्रहरूलाई एकीकरण गरिएको छ । यस लेखमा सक्षमता र सिकाइ उपलब्धिको निर्माण गर्दा विद्यार्थीको संज्ञानात्मक क्षमता, पठन कौशल, रचना कौशल र शब्दभण्डार अभिवृद्धिलाई जोड दिइएको छ । यस पाठ्यक्रममा स्वाध्ययनको बानी विकास गरी स्वसिकाइका निम्ति प्रोत्साहन गर्नका लागि व्यवहारकुशल सिपका आधारभूत पक्षलाई भाषिक सिपमा एकीकरण गरिएको छ । भाषिक सिकाइ क्षेत्रअन्तर्गत सुनाइ र बोलाइ, पढाइ, लेखाइ, शब्दभण्डार र व्याकरण पर्दछन् भने भाषिक तत्त्वगत क्षेत्रमा ध्वनिसचेतीकरण, श्रुति तथा दृश्यबोध, पठन प्रवाह, पठनबोध, लेख्यवर्ण सचेतीकरण, लेखाइ, शब्दभण्डार र कार्यमूलक व्याकरण पर्दछन् । सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयक्षेत्रहरूलाई बृहत् पाठ्यक्रमका स्रोतहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नुपर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी विषयक्षेत्र निर्धारण गरिएको छ ।

सिकाइलाई बृहत् विषयवस्तुमाथि केन्द्रित गराउने ध्येयले दुई वा दुईभन्दा बढी विषयवस्तुका सान्दर्भिक पक्षहरूलाई एकै विषयक्षेत्रमा अर्थपूर्ण रूपमा संयोजन गरी नेपाली विषयको पाठ्यक्रमलाई विषयक्षेत्रमा आधारित बनाइएको छ । नेपाली विषयको पाठ्यक्रम विकास गर्दा भाषा विषयले सिकाइका सबै क्षेत्रलाई समेटन सक्ने भएकाले नेपाली विषयमा अन्य विषयले निर्धारण गरेका अधिकांश शब्द, सन्दर्भ, परिवेश र विषयवस्तु बोध गर्न सहज हुने गरी विषयक्षेत्र समावेश गरिएको छ । पाठ्यपुस्तक र अभ्यास पुस्तिकालाई संयुक्तरूप दिई आधारभूत तह कक्षा ३ को मेरो नेपाली विषयको कार्यपुस्तक विकास गरिएको छ । विद्यार्थी कार्यपुस्तकमा विभिन्न क्रियाकलाप दिइएका छन् । कार्यपुस्तिकाका क्रियाकलापहरू विद्यार्थी आफैँले गर्ने अभ्यास हुन् । यसमा नेपाली विषयका सम्बन्धमा चर्चा गर्ने प्रयास गरिए तापनि

नेपाली विषयको सिकाइ सहजीकरणका बारेमा विस्तृतमा भने उल्लेख गरिएको पाइँदैन । यो लेखले प्रस्तुत शोधकार्य पूरा गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

घिमिरे र राठौर (२०७७) मा एकीकृत स्वरूपको पाठ्यक्रमले विषयविहीन अवस्थाको परिकल्पना गरेको छ । हालसम्म विषयगत संरचना मात्र रहेको मौजुदा अवस्था र विषय विहीनताको पूर्वतयारी भई नसकेको अवस्थाले प्रगतिशील सोचका साथ बहुविषयक र अन्तरविषयक उपागममा आधारित भएर एकीकृत स्वरूपको पाठ्यक्रमको विकास गरिएको हो । यसमा शिक्षकको प्रमुख साधनका रूपमा शैक्षणिक विधिलाई ठानिएको छ । शिक्षण विधि तथा प्रक्रियाकोप्रयोगबाट पाठ्यक्रमको प्रभावकारिता ठहरिन्छ । वास्तविकजीवनमा बालबालिकाहरूको सिकाइ एकीकृत रूपमा हुन्छ । सिकारुले आफ्नो घर, परिवार, समाज र परिवेशबाट पनि विषयवस्तु एकीकृत रूपमा नै सिकिरहेका हुन्छन् । एकीकृत पाठ्यक्रममा आधारित शिक्षक तालिमको दायरा फराकिलो पार्दै पाठ्यसामग्री र शिक्षक निर्देशिकाको सीमाभन्दा बाहिर नगई सिकाइको क्षेत्र वृद्धि गरी अगाडि बढनु आवश्यक छ । यसले सिकाइलाई जीवन्त बनाउँछ भनी उल्लेख गरिएको छ तर यसमा नेपाली भाषा सिकाइका बारेमा चर्चा गरिएको पाइँदैन ।

घिमिरे (२०७७) द्वारा नेपाली विषयले प्रारम्भिक कक्षाका विद्यार्थीहरूमा मौलिक अभिव्यक्ति क्षमता विकास गराउने विषय उल्लेख गरिएको छ । नेपाल सरकारले भाषा सिकाइका क्षेत्रमा समेत आधारित भई एकीकृत स्वरूपको पाठ्यक्रमको विकास तथा कार्यान्वयनलाई घोषित रूपमा अँगालेको पाइन्छ । प्रस्तुत लेखमा भाषालाई बृहत् रूपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारओटा सिप र विशिष्टीकृत रूपमा ध्वनिसचेतीकरण, श्रव्यदृश्य बोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, कार्यमूलक व्याकरण, पठन प्रवाह र लेखाइ गरी आठओटा भाषिक तत्त्वगत आधारमा वर्गीकरण गरिएको छ । विद्यार्थीहरूको सिकाइ गति, स्तर र भाषिक अभ्यासमा सहजताका लागि उदाहरण तथा प्रयोग, भाषिक कार्यव्यापारको उपयोग, प्रदर्शन, प्रश्नोत्तर, अभिनय, स्वाध्ययन, छलफल, खोज, परियोजना र श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण प्रक्रिया उपयोग गर्न सकिने भनी उल्लेख गरिएको छ ।

एकीकृत स्वरूपको पाठ्यक्रमले जीवन जगत्सँगको अन्तरसम्बन्धलाई व्यवस्थित गरेको पाइन्छ । यसका लागि पाठ्यक्रमले विशिष्टीकृत शिक्षाभन्दा एकीकृत दैनिक क्रियाकलापसम्बद्ध सिकाइस्तर र जीवनसापेक्ष विषयवस्तु समावेश गरी सिकाइ सहजीकरणमा जोड दिइएको छ ।

यसमा सिकाइ सहजीकरणका लागि शिक्षक निर्देशिकामा सिकाइ योजनाका नमुना र सिकाइ क्रियाकलापका आधारलाई प्रस्तुत गरिएको छ । यस लेखमा नेपाली विषयको सिकाइ सहजीकरणसम्बन्धी जोड दिइएको पाइए तापनि समग्र पक्षमा भने उल्लेख गरिएको पाइँदैन ।

न्यौपाने (२०७८) द्वारा एकीकृत स्वरूपको पाठ्यक्रमका बारेमा चर्चा गरिएको छ । एकीकृत स्वरूपको पाठ्यक्रम नेपालको सन्दर्भमा नयाँ प्रयोग हो । यो पाठ्यक्रम कार्यान्वयनमा अवधारणागत चुनौती, बुझाइ तथा अभ्यासमा असमानता, प्रबोधीकरण तथा तालिम कार्यक्रमको सीमितता, सन्दर्भ सामग्री, शिक्षक निर्देशिका तथा अन्य सहयोगी सामग्रीको न्यूनता, कार्यान्वयनका लागि उपयुक्त वातावरणको कमी, जनशक्तिको उपलब्धता, दक्षता र पेसागत सहयोग, अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षकको रिक्तताजस्ता समस्या रहेका छन् । यस लेखमा सिकाइका सम्भावित विषयहरूलाई क्षेत्रगत रूपमा निर्माण गरी सिकाइलाई दिगो र प्रभावकारी बनाउने उपायहरू उल्लेख गरिएको छ । प्रस्तुत लेखमा एकीकृत ढाँचाको पाठ्यक्रम कार्यान्वयनमा अनेकौ चुनौती र सिकाइलाई दिगो बनाउने उपायहरू दिइएका छन् । यसमा सरकारले आवश्यक पूर्वतयारी नगरीकन पाठ्यक्रम कार्यान्वयन गरेको सन्दर्भ उल्लेख छ । यसमा सान्दर्भिक पक्षलाई एकीकृत गरी सिकाइ गर्न सकिने भनिएको छ तर नेपाली विषय सम्बन्धी स्पष्टसँग किटान गरेको पाइँदैन ।

खनाल (२०७९) द्वारा भाषाका सिपलाई केन्द्रमा राखेर भाषा शिक्षण गर्ने शिक्षकले सिकाइ गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । यस लेखमा नेपाली विषयलाई सजिलो ठानी सबै शिक्षकले शिक्षण गर्ने परिपाटीका कारणले यसको अवस्था कमजोर हुँदै गएको उल्लेख छ । शिक्षकले प्रयोग गर्ने भाषा बोधगम्य हुनुपर्ने तथा शिक्षण सिकाइमा शैक्षणिक सामग्रीको प्रयोग गरी शिक्षण गरेमा सिकाइमा सुधार आउने अपेक्षा गरिएको छ । औपचारिक शिक्षाको जगको रूपमा आधारभूत शिक्षालाई मानिएको छ । यो शिक्षा बलियो भयो भने भाषा शिक्षण सिकाइ प्रभावकारी ठहरिने छ । विद्यालयहरूको आधारभूत तहमा नेपाली र अङ्ग्रेजी भाषा सिकाइ योजना, तयारी, प्रस्तुति, अभ्यास, विद्यार्थी सहभागिता र शैक्षणिक सामग्रीको प्रयोगगत रूपमा कमजोर देखाई भाषा सिकाइको अवस्था नाजुक रहेको उल्लेख छ । यस लेखमा नेपाली भाषा सिकाइका बारेमा सामान्य चर्चा गरिएको छ भने विस्तृत चर्चा गरिएको पाइँदैन ।

शर्मा (२०७९) द्वारा माध्यमिक तहमा नेपाली भाषा सिकाइ सहजीकरणको परम्परा र हालको प्रवृत्तिका बारेमा उल्लेख गरिएको छ । लेखमा नेपाली भाषाको सिकाइ सहजीकरण प्रक्रियाक्रमशः वैज्ञानिक, व्यवस्थित र प्रभावकारी हुँदै गएको अवस्थालाई चर्चा गरिएको छ । उक्त लेख शिक्षण विधि र क्रियाकलापको प्रयोग, सिकाइ सहजीकरणमा सहकार्यकलापको प्रयोग, सूचना र प्रविधिको उपयोग, नेपाली भाषा सिकाइ सहजीकरणमा कक्षा व्यवस्थापन, उत्प्रेरणा, पृष्ठपोषण शीर्षकमा केन्द्रित छ । प्रस्तुत अनुसन्धानमा यो लेखले थप सहयोग पुऱ्याएको पाइन्छ ।

पौडेल (२०८१) द्वारा एकीकृत स्वरूपको पाठ्यक्रम विधागतभन्दा पनि अन्तरविषयगत विधामा आधारित हुन्छ भनी उल्लेख गरिएको छ । पाठ्यक्रमले सिकाइलाई सिकारुको जीवनसँग जोड्ने कार्य गर्दछ । यसमा सिकारु सक्रिय भई सिकाइ अन्तर्क्रियात्मक हुने गर्दछ । पाठ्यक्रमले कक्षाकोठाभित्र रहेको समावेशिता तथा विविधतालाई सम्बोधन गर्न सक्नुपर्दछ । यसले खोजमुखी तथा सिर्जनशील सिकारु तयार गर्दछ । सिकारुलाई किताबी कोरा ज्ञानको साथै बाहिरी वातावरणबाट पनि ज्ञान तथा सिप सिक्न प्रशस्त अवसर प्रदान गर्दछ । यसमा परियोजना कार्य तथा समग्र स्वरूपको सिकाइलाई प्राथमिकता दिइन्छ र सोहीअनुकूल योजना निर्माण गरिन्छ । यसले सिकारुलाई आफूले सिकेको ज्ञान तथा सिपलाई वास्तविक जीवनमा जोड्न र प्रयोग गर्न सहयोग गर्दछ । यसले वास्तविक जीवनका समस्या समाधान गर्दछ भनी उल्लेख गरिएको छ । सिकारुको सिकाइलाई जीवनसापेक्ष बनाई शिक्षकले पाठ्यक्रममा निर्दिष्ट सिकाइ सहजीकरण प्रक्रियाहरूको उपयोग गर्नुपर्दछ । प्रस्तुत लेखमा आधारभूत तह कक्षा १ देखि ३ सम्मको सिकाइ सहजीकरण सम्बन्धी सामान्य उल्लेख भए पनि नेपाली विषयको सिकाइ सहजीकरणसम्बन्धी भने स्पष्ट पाइँदैन ।

**प्रायोगिकसमीक्षा**

यसअन्तर्गत यस शोधसम्बद्ध शोधपत्र तथा शोधप्रबन्धहरूको यसप्रकार समीक्षा गरिएको छ :

शर्मा गौतम (२०६८) का अनुसार *पर्वत जिल्लामा गरिएको प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप*शीर्षकको शोधपत्रमा छनोटमा परेका विद्यालयका प्रारम्भिक

केन्द्रमा शिक्षक र सहायक कर्मचारीको उपस्थिति नियमित, स्थानीय सामग्रीको प्रयोग, आकर्षक भित्ते लेखन, स्वतन्त्र खेल र केही साङ्गीतिक क्रियाकलाप हुने गरेको पाइयो । योजनाबद्ध सिकाइ गर्न पाठ्यक्रम, शिक्षक निर्देशिका र बालमैत्री फर्निचर तथा बाह्य वातावरणको अभाव देखियो । योग्य र तालिम प्राप्त शिक्षक नभएको कारण शिक्षण सिकाइमा क्रमिकताको अभाव देखियो । बालबालिकाको सहभागिता सन्तोषजनक भए तापनि शिक्षण सिकाइको अनुगमन र निरीक्षण नभएको तथा अभिभावक र विद्यालय व्यवस्थापन समितिको चासो न्यून रहेको पाइयो । यस शोधमा बालविकास केन्द्रमा प्रभावकारी सिकाइ सहजीकरण सञ्चालन गर्न सरोकारवाला सबै पक्षको समन्वयको खाँचो औंल्याइएको छ । यसरी शिक्षण सिकाइ सहजीकरण प्रक्रियालाई प्रभावकारी र उद्देश्यमूलक बनाउन शिक्षक र विद्यार्थी दुवै सिकाइमा सक्रिय हुनुपर्दछ । शिक्षक तालिम प्राप्त हुनुपर्दछ । शिक्षक विषयवस्तुप्रति अद्यावधिक भएर नवीनतम् ढङ्गले सिकाइ सहजीकरण सञ्चालन गर्नुपर्ने देखिन्छ । यो शोधमा सिकाइ सहजीकरणसम्बन्धी चर्चा गरिएको हुनाले प्रस्तुत अनुसन्धानलाई सहयोग पुगेको छ ।

तिमसेना (२०६८) का अनुसार *निम्न माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तक्रियाको अध्ययन* शीर्षकको शोधपत्र चितवन जिल्लाको रत्ननगर नगरपालिकाभित्र केन्द्रित गरिएको छ । यस शोधमा निम्न माध्यमिक तहमा नेपाली भाषा सिकाइको वर्तमान अवस्थाको बारेमा जानकारी दिँदै आवश्यक सुधारको खाँचो देखाइएको छ । यसमा कक्षाकोठामा शिक्षण सिकाइ कार्यकलापसञ्चालनका सन्दर्भमा अन्तर्क्रिया विधिको प्रयोगको अवस्था कस्तो छ, मूल्याङ्कनलाई कसरी लिइएको छ र तिनका सबल तथा दुर्बल पक्षहरू औंल्याइएको छ । निम्नमाध्यमिक तहको नेपाली भाषाको सिकाइसम्बन्धी चर्चा गर्दै सिकाइमा परिवर्तनको अपेक्षा राखिएको छ । शिक्षक तथा विद्यार्थीकेन्द्रित सिकाइ विधिहरूको अक्षरशः उपयोग गरेर सिकाइ सहजीकरण सञ्चालन गर्नु आवश्यक ठानिन्छ । यसमा सिकाइ विधिहरूको विवेचना गरिएकाले प्रस्तुत अनुसन्धान कार्यका लागि उपयोगी र सान्दर्भिक देखिन्छ ।

शर्मा (२०६८) का अनुसार *साहित्य शिक्षणमा अपनाइने शिक्षण विधि तथा कार्यकलापहरू* शीर्षकको लेखमा भाषिक सिपमा सक्षम बनाउनका लागि साहित्यका विभिन्न विधालाई उपयोग गरिने उल्लेख छ । उक्त लेखमा साहित्य शिक्षणका विधिहरूलाई सामान्य विधि तथा कार्यकलापहरू र विशिष्ट विधि तथा क्रियाकलापहरू गरी दुई प्रकारमा विभाजन

गरिएको छ । सामान्य विधि तथा क्रियाकलापहरूमा प्रवचन, छलफल, प्रश्नोत्तर, तुलना, समीक्षा, सूत्र, पठनबोध, प्रस्तुतीकरण, शब्दार्थ र वाक्यमा प्रयोग, विधागत ढाँचामा लेखन, सस्वरपठन र मौनपठन, मानक वाचन, पुस्तकालय कार्य र कक्षाकार्य तथा गृहकार्यलाई समावेश गरिएको छ । त्यसैगरी विशिष्ट विधि तथा कार्यकलापहरूमा गीत, अभिनय, अर्थबोध, आदर्श नाट्य, रङ्गमञ्च अभिनय, कक्षा अभिनय र स्वाध्ययन विधिलाई समावेश गरिएको छ । साहित्यका विभिन्न विधा सिकाइका क्रममा उपयोग गरिने तथा गर्न सकिने विधिहरूको निर्क्योल गरिएको कारणले उक्त लेखलाई प्रस्तुत अनुसन्धान कार्यका लागि उपयोगी, सान्दर्भिक एवम् विश्लेषणीय मानिन्छ ।

दाहाल (२०७२) का अनुसार *कक्षा चारका शिक्षक विद्यार्थी अन्तर्क्रिया*शीर्षकको शोधपत्र झापा जिल्लामा अन्तरक्रित्यामक सिकाइको अध्ययनमा केन्द्रित छ । यसमा शिक्षकले कक्षाको थालनी पूर्वपाठमा आधारित विषयवस्तुबाट सुरु गरेको पाइन्छ । तालिम प्राप्त शिक्षकको कक्षा शिक्षण तालिम अप्राप्त शिक्षकको भन्दा प्रभावकारी देखिन्छ । शिक्षकले पाठयोजना निर्माण गरी सिकाइ गर्ने परिपाटी भन्ने कम देखिन्छ । यसमा अन्तर्क्रियात्मक विधिको रूपमा छलफल र प्रश्नोत्तर विधिको प्रयोग गरेको देखिन्छ । शिक्षकले शैक्षणिक सामग्रीको प्रयोग कम गरेको पाइन्छ । कक्षाकोठालाई जीवन्त र क्रियाकलापजन्य बनाउन योजनाबद्ध सिकाइको आवश्यकता देखिन्छ । कक्षा क्रियाकलापमा सबै विद्यार्थीलाई सहभागी गराउन शिक्षकले कक्षामा प्रश्न र अन्तर्क्रिया गर्न जान्ने विद्यार्थी र अगाडि बसेका विद्यार्थीलाई मात्र जोड दिइएको छ । तसर्थ यस शोधले अनुसन्धान कार्य पूरा गर्न थप सहयोग गरेको पाइन्छ ।

रेग्मी (२०७५) का अनुसार *कक्षा आठको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र प्रभावकारिता* शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा शिक्षकले नेपाली भाषा सिकाइका क्रममा पाठ्यपुस्तकको शिक्षण गर्न पाठहरूको प्रस्तुतिका क्रममा सहायक सामग्रीहरूको प्रयोग गरिने विषय उल्लेख छ । शिक्षण सिकाइ सहजीकरण प्रक्रियालाई प्रभावकारी, उद्देश्यमूलक, रोचक, उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउनका लागि शैक्षणिक सामग्रीको विशिष्ट योगदान रहेको छ । यसमा विद्यार्थीहरू शैक्षणिक सामग्रीप्रति जिज्ञासु भए तापनि शिक्षकहरूमा रहेको उदासिनता, तालिमको कमीले गर्दा सामग्री प्रयोगमा चुनौती रहेको

देखाइएको छ । यस शोधमा नेपाली भाषा सिकाइमा शैक्षणिक सामग्रीको प्रयोगलाई मात्र बढी जोड दिइए तापनि शोध कार्य पूरा गर्न सहयोग पुऱ्याएको पाइन्छ ।

घिमिरे (२०८०) का अनुसार *माध्यमिक तहमा नेपाली भाषा शिक्षकहरूले प्रयोग गर्ने शैक्षणिक विधि र क्रियाकलापहरू* शीर्षककोशोधप्रबन्धमा नेपाली भाषा शिक्षकहरूले भाषा सिकाइका क्रममा प्रयोग गर्ने विधि तथा क्रियाकलापहरू विद्यार्थीकेन्द्रितभन्दा शिक्षककेन्द्रित बढी भएको उल्लेख छ । यसमा भाषिक सिप सिकाइका क्रममा उपयोग गरिने विधि तथा क्रियाकलापहरूको विश्लेषण गरिएको छ । शिक्षणमा शिक्षकले शैक्षणिक सामग्रीको प्रयोग न्यून गरेको पाइन्छ । कथा विधा सिकाइका क्रममा नेपाली भाषा शिक्षकहरूले सस्वरपठन तथा वाचन, व्याख्यान, शब्दार्थ पठन, वाक्यमा प्रयोग, बोध प्रश्नोत्तरजस्ता क्रियाकलापहरू प्रयोग गर्दछन् । कथा सिकाइका विधि तथा प्रक्रियालाई अपेक्षित प्रविधिमैत्री बनाउन सकिएको पाइँदैन । कविता सिकाइका क्रममा नमुना वाचन, अनुकरण वाचन, सामूहिक तथा व्यक्तिगत वाचन, शब्दार्थ शिक्षण,वाक्यमा प्रयोग, व्याख्यान, छलफल, अभ्यासलाई कविता शिक्षणका क्रियाकलापका रूपमा प्रयोग गरिएको छ । यस शोधमा नेपाली भाषा शिक्षकहरूले कक्षाकोठामा गर्नेसहजीकरण प्रक्रियापाठ्यक्रममा निर्देश गरिएअनुसारको प्रयोग भएको छैन भनी निष्कर्ष निकालिएको छ । प्रस्तुत शोध माध्यमिक तहमा नेपाली भाषा शिक्षकहरूले प्रयोग गर्ने शैक्षणिक विधि तथा क्रियाकलापहरूको प्रयोगका सन्दर्भमा उपयोगी मानिन्छ । यो शोध पठनीय र सान्दर्भिक देखिन्छ । यसले माध्यमिक तहको नेपाली विषयको कथा, कविता र व्याकरण सिकाइमा मात्रै अनुसन्धान गरे तापनि यस शोधले थप मार्गदर्शन गरेको छ ।

शर्मा (२०८१) का अनुसार *नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण* शीर्षकको शोधप्रबन्ध माध्यमिक तहको सिकाइ सहजीकरणमा केन्द्रित छ । यसले नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको विकासात्मक स्थितिको खोजी गरी वर्तमानमा यसको उपयोग अवस्थाको विश्लेषण गरेको छ । यसमा २०७१ को पाठ्यक्रमले सर्वप्रथम सिकाइ सहजीकरणको अवधारणा ल्याएको सन्दर्भ उल्लेख गरिएको छ । यस शोधले सिकाइ सहजीकरणलाई सिकारुमैत्री र सहभागितामूलक बनाउने उपाय पहिल्याउनु तथा सिकाइ सहजीकरणले नेपाली भाषा सिकाइमा आएको परिवर्तनको लेखाजोखा गर्नु रहेको छ । यस शोधमा कास्की जिल्लाको पोखरा महानगरपालिका र स्याङ्जा जिल्लाको पुतलीबजार नगरपालिकाका माध्यमिक तहका सेवा

निवृत्त शिक्षक, कार्यरत नेपाली भाषा शिक्षक, सम्बन्धित अभिभावक र विद्यार्थीबाट गहन अन्तर्वार्ता, कक्षा अवलोकन र लक्षित समूह छलफलजस्ता उपकरणका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणको वर्तमान अवस्थाको खोजी गर्दा प्राविधिक र आन्तरिक पक्षलाई आधार बनाइएको छ । नेपाली भाषा सिकाइ सहजीकरणलाई सिकारुमैत्री र सहभागितामूलक बनाउन आवश्यक छ । यस क्रममा शिक्षकले विद्यार्थीलाई ज्ञान हस्तान्तरण मात्र नगरी सिकारुमा नै ज्ञानको निर्माण हुने परिवेश बनाउन आवश्यक छ । यसमा सिकारुलाई सैद्धान्तिक र व्यावहारिक दुवै किसिमको ज्ञान दिन सान्दर्भिक देखिन्छ । प्रस्तुत शोधले यस अनुसन्धानलाई पूरा गर्नका लागि थप मार्गनिर्देशन गरेको छ ।

**सैद्धान्तिकसमीक्षा**

यसअन्तर्गत सिद्धान्तसम्बद्ध पूर्वकार्यहरूको समीक्षा यसप्रकार गरिएको छ :

अधिकारी (२०६७) का अनुसार नेपाली भाषा शिक्षकहरू नेपाली भाषा सिकाइका समस्यासँग परिचित हुनु आवश्यक छ । नेपाली भाषा सिकाइमा स्तरीय नेपाली सिकाउने समस्या, पाठ्यक्रम र पाठ्यपुस्तकसँग सम्बन्धित समस्या, शिक्षकको दक्षता, दोस्रो भाषाको रूपमा सिकाउने समस्या, शैक्षणिक भूमिकाजस्ता समस्या छन् । यसमा भाषा सिकाइका क्रममा अभ्यास तथा पुनरावृत्ति, वैयक्तिक भिन्नता, स्तरीयता, क्रमबद्धता, रुचिपूर्णता, कक्षा सहभागिता, सिकाइ प्रक्रियामा विविधता सिद्धान्तको ख्याल गर्नु आवश्यक ठानिएको छ ।

आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम (२०७६) का अनुसार एकीकृत स्वरूपका विभिन्न पाठ्यक्रम हुने भए पनि समग्रमा एकीकृत स्वरूपको पाठ्यक्रमले फरकफरक विषयलाई अन्तरसम्बन्धित गरेर जीवनसापेक्ष हुने गरी सिकाइ सञ्चालन गर्ने भनी उल्लेख गरिएको छ । यो पाठ्यक्रमले सिकाइलाई अन्तर्क्रियात्मक र एकीकृत पद्धति अवलम्बन गरी सिकाउनु पर्ने मान्यता अगाडि सारेको छ । यो सिद्धान्तले मानिसका सामाजिक, सांस्कृतिक अवस्थाहरूको बिचमा अन्तर्क्रिया गरेर साझा अवधारणा निर्माणमा जोड दिएको छ । अन्तर्राष्ट्रिय अभ्यास र नेपालको अनुभव, नेपालको शिक्षण सिकाइको अनुभव, शिक्षक आपूर्ति र तयारी, पेसागत विकासका सन्दर्भहरूको विश्लेषण गरी यो पाठ्यक्रम निर्माण गरिएको पाइन्छ ।

आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम सिकाइलाई सार्न्दभिक बनाउन पाठ्यक्रमलाई एकीकृत ढाँचामा विकास गरिएको पाइन्छ । पाठ्यक्रममा सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरिएको पाइन्छ । हाम्रो सेरोफेरो, गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र स्थानीय विषय क्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम तयार गरिएको छ ।

लेभभिगोत्स्कीको सामाजिक निर्माणवादअनुसार सिकारुले सामाजिक परिवेशसँग अन्तर्क्रिया गरेर ज्ञान निर्माण गर्दछ । यस सिद्धान्तले सिकारुको सक्रियतासहित सामाजिक वातावरणसँग अन्तर्क्रिया गरी सिक्नका लागि एकीकृत स्वरूपको सिकाइ प्रभावकारी हुने देखाउँछ । यो सिकाइ सामाजिक अन्तर्क्रियामा आधारित हुन्छ । यसमा सिकारु सक्रिय भई सिकाइ सफल हुन्छ (इसिआरटिडि, सन् २०२० पृ.४-६) । यसमा सिकारुका सम्भावित सिकाइ सक्षमता पहिचान र सिकाइ सक्रियताका आधारमा परिपूर्ति गर्ने कार्य गरिन्छ । यसले पूर्वज्ञानमा आधारित भई नयाँ ज्ञानको पुनःनिर्माण गर्दछ । यो सिद्धान्तअनुरूप कक्षाकोठामा सिकाइ सहजीकरण गर्न सकिन्छ । यो पाठ्यक्रमले विषयवस्तुलाई खण्डीकृत नगरीकन एउटै विषयबाट समग्रताको ज्ञान र धारणा बनाउँछ । यस प्रक्रियामा सिकारु सक्रिय भई सिकाइ सञ्चालन गर्न सकिन्छ ।

सिकारुले सामाजिक अन्तर्क्रियाबाट सिकाइ प्राप्त गर्दछ । सिकारुले ज्ञानको रचना आफैँ गर्दछ । सिकारु बाह्य ज्ञानको वास्तविकता र ज्ञानको संरचना निर्माण गर्न निर्देशित हुन्छ । यसले सिकाइको स्वरूपलाई सक्रिय र सामाजिक प्रक्रियाका रूपमा लिने कार्य गर्दछ (सलेम, कौसर र डेवा, २०२१ पृ.९-१०) । सिकाइ सिक्न सामाजिक क्रियाकलापमा संलग्न हुनुपर्दछ । सिकाइ कार्य प्रशिक्षक र सिकारुबिचको गतिशील अन्तर्क्रियामा भर पर्दछ । यसमा बितेका र वर्तमानका अनुभवहरूको संयोजन गरी सिकाइ गर्न सकिने तथा छलफल, अन्तर्क्रिया, सहयोगजस्ता विषय माथि यस सिद्धान्तले जोड दिन्छ र यसबाट सिकाइ सञ्चालन गराउन सकिने व्यवस्था उल्लेख गरिएको छ ।

यस अनुसन्धानमा निर्माणवादलाई अध्ययनको सैद्धान्तिक अवधारणाका रूपमा लिइएको छ । भिगोत्स्कीले कसरी सिकाउने ?, कुन विधिबाट सिकाउने ?, पाठ्यक्रम कस्तो हुनुपर्दछ

?भन्ने बारेमा प्रसारणको सिद्धान्तमा व्याख्या गरेका छन् । उनका अनुसार सिकाउने व्यक्ति अरूभन्दा जान्ने हुनुपर्दछ । यस विधिबाट विद्यार्थीहरूलाई सिकाउन सिकारुको रुचि निर्माण गरी सिकाइमा लगाउने, सिकारुलाई सक्रिय सहभागी गराउने, विषयवस्तुलाई सरलीकरण गर्ने र साना समूहमा विभाजन गर्ने, सिकारुकेन्द्रित शिक्षण गर्ने, सिकारुलाई निराश हुनबाट बचाउने, शिक्षकले नमुना बनेर देखाउनेजस्ता चरणको पालना गर्नुपर्ने भनी उल्लेख गरिएको छ ।

भिगोत्स्कीको सिद्धान्तले व्यक्तिगत तथा सामाजिक अन्तर्क्रियामा जोड दिने गर्दछ । यसमा सिकाइ सिकारुको मानसिक योग्यता तथा क्षमताका आधारमा सिकाइलाई सङ्गठित र सुदृढ बनाउन सकिन्छ । यसले सामाजिक सिकाइका आधारमा सिकाइ सम्पन्न हुने कुरामा जोड दिन्छ । सिकारुलाई उनीहरूको पूर्वज्ञान तथा क्षमताका आधारमा सिकाइका अवसर प्रदान गर्नुपर्दछ । सामाजिक तथा व्यक्तिगत वातावरण अनुकूल हुने गरी सिकारुलाई शिक्षा प्रदान गर्नुपर्दछ । जसमा शिक्षक सहजकर्ता, सहयोगी, उत्प्रेरक मात्र बनेर सिक्नका लागि वातावरण सिर्जना गरिदिनु पर्दछ । सिकाइलाई अर्थपूर्ण तथा प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्दछ ।

कक्षामा समावेशी पद्धतिअनुरूप सिकाइ प्रक्रिया सञ्चालन गरी समावेशी सिकाइ प्रक्रिया अपनाउनु पर्दछ । सिकाइ प्रक्रियालाई उद्देश्यमूलक बनाउनु पर्दछ । सिकारुलाई हरेक विषयवस्तु आफैँ खोजी गरी नयाँ ज्ञानको निर्माणमा सरिक गराउनु पर्दछ । यसले सिकारुहरूमा नयाँ धारणाको विकासमा मद्दत गर्दछ । यसले समस्या र सिकाइका साझा प्रयत्नलाई बढोत्तरी दिन्छ । यसमा सिकारुको स्वःसिकाइका आधारमा ज्ञानको निर्माण हुने गर्दछ । भिगोत्स्कीको सामाजिक निर्माणवादी सिद्धान्तको उद्देश्य सिकाइ सहजीकरणका क्रममा कुनै पनि विषयमा छलफल गर्न विद्यार्थीलाई प्रोत्साहन गर्नु हो ।यो सिद्धान्तले विद्यार्थीको दृष्टिकोणबाट शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, कक्षा क्रियाकलापले विद्यार्थीको अनुमानलाई चुनौती दिने, शिक्षकले नयाँ विषयवस्तुलाई कक्षाकोठामा परिचित तुल्याउने, शिक्षकले पाठको निर्माण फराकिलो ज्ञानको वरिपरि रहेर गर्ने सिद्धान्तलाई अवलम्बन गरेको छ । यस सिद्धान्तअनुसार विद्यार्थीको वास्तविक जीवनसँग परिचित गराएर शैक्षणिक सामग्री तयार पारिएको छ । यसमा विद्यार्थीको प्रश्नलाई महत्त्व दिइन्छ र सोही आधारमा पाठ्यक्रम निर्माण गरिन्छ । यसमा सिकाइ सम्पूर्णताबाट खण्डतिर जाने गर्दछ । यसमा शिक्षकले विद्यार्थीलाई नयाँ ज्ञान प्राप्तिमा सहयोग गर्ने र विद्यार्थीलाई स्वयम् आफैँ सिक्न प्रोत्साहित गरिन्छ । यसले ज्ञान गतिशील, परिवर्तनशील,

अनुभवजन्य हुने कुरामा जोड दिन्छ (जफरी अमिन्स र दाभटगरी अर्ल, सन् २०१५, पृ.१) । यस लेखमा सिकाइका तत्त्वहरूमा पूर्वज्ञानमा आधारित सिकाइ, विद्यार्थीलाई समस्या राखी समाधान खोज्ने सिकाइ र प्राप्त ज्ञानलाई पृष्ठपोषण दिएर प्रयोग गर्ने सिकारुको प्रतिविम्बित सिकाइ भनी उल्लेख गरिएको छ ।

**नीतिगत समीक्षा**

यसअन्तर्गत यस शोधसँग सम्बन्धित नीतिगत प्रावधानलाई यसप्रकार समीक्षा गरिएको छ :

पाविके (२०६३) का अनुसार आधारभूत तह कक्षा १ देखि ५ सम्मको पाठ्यक्रमलाई बोझिलो नहुने गरी एकीकृत स्वरूपमा निर्माण गरिएको छ । यसमा विविधतायुक्त विषयवस्तुलाई पाठ्यक्रममा एकीकृत गरेर पाठ्यवस्तु र शैक्षणिक विधिमा समायोजन गर्ने सिद्धान्तलाई अवलम्बन गरिएको छ । यसमा नेपाली, अङ्ग्रेजी र गणितलाई मूल विषय लिएको र उक्त विषयहरूको पाठ्यक्रम विकास एकीकृत सिद्धान्तअनुसार समायोजन गरी विषयवस्तुलाई समावेश गरिएको छ । यस प्रारूपमा कक्षा १ देखि ५ सम्म एकीकृत पाठ्यक्रम विकास गर्न सकिने भनी मार्गदर्शन भए पनि यसमा एकीकृत पाठ्यक्रम लागु गर्नेसम्बन्धी स्पष्ट रूपमा योजना देखिँदैन । यसमा नेपाली विषयलाई कक्षा १ देखि कक्षा ३ सम्म १०० पूर्णाङ्क र ७ पाठ्यभार तथा कक्षा ४ र ५ को लागि १०० पूर्णाङ्क र ८ पाठ्यभार निर्धारण गरिएको पाइन्छ । यस प्रारूपमा नेपाली विषयलाई मूल विषयका रूपमा स्वीकार गरिएको छ । शिक्षण सिकाइ प्रक्रियाको केन्द्रमा शिक्षकलाई लिदै पाठ्यक्रमको सफल कार्यान्वयनकर्ताको भूमिकामा शिक्षकलाई राखिएको छ, जसका लागि शिक्षकको क्षमता विकास गरिने विषय उल्लेख गरिएको छ ।

पाविके (२०७६) का अनुसार कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत स्वरूपको हुने उल्लेख गरिएको छ । यसमा विषयगत पृथक् पहिचानलाई मात्र ध्यान नदिई समष्टिगत सिकाइ उपलब्धिको व्यवस्थापन गरी एकीकृत स्वरूपको पाठ्यक्रम विकास गरिने विषय उल्लेख छ । यसमा भाषागत विषयसँग सम्बन्धित विषयक्षेत्रहरूको पठनपाठन सम्बन्धित भाषामा गर्नुपर्ने व्यवस्था गरिएको छ । यो पाठ्यक्रमलाई क्रियाकलापमुखी बनाइएको छ । यो पाठ्यक्रमले ज्ञान

र सिपको, ज्ञान र सिकाइ प्रक्रियाको, संज्ञानात्मक र प्रभावीक्षेत्रको, ज्ञान र आचरणको, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवनको फरक विषयक्षेत्रहरूको एवम् अन्तरसम्बन्धित सिकाइ क्षेत्रहरूको एकीकरणमा जोड दिएको छ । यसमा प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम एकीकृत सिद्धान्तका आधारमा विकास गरिने छ भने कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम पनि विषयगत पहिचान हुने गरी एकीकृत सिद्धान्तका आधारमा विकास गरी कार्यान्वयन गरिने भनी उल्लेख गरिएको छ । भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकासमा जोड दिइएको छ । यसमा भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप नेपाली विषयको लागि ५ पाठ्यघण्टा र १६० वार्षिक कार्यघण्टा तोकिएको छ ।

पाविके (२०७६) का अनुसार एकीकृत शिक्षणले सिकाइलाई बढी सान्दर्भिक बनाउन सहयोग पुऱ्याउने भएकाले आधारभूत तह कक्षा १-३ मा एकीकृत ढाँचाको पाठ्यक्रम विकास गरिएको छ । यसमा नेपालको अनुभव, शिक्षण सिकाइको अभ्यास, शिक्षकको व्यवस्था र तयारीलाई विश्लेषण गरी सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको रूपमा हाम्रो सेरोफेरो विषय क्षेत्रमा समावेश गरिएको छ । समग्र संरचनामा हाम्रो सेरोफेरो, गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रममा भाषालाई सिकाइको प्रमुख र आधारभूत पक्ष मानिएको छ । भाषाका सिपहरू मार्फत सिकाइलाई प्रभावकारी बनाउन भाषाको भूमिकालाई प्रमुखता ठानिएको छ । यसमा भाषिक सिपगत सिकाइ उपलब्धिलाई एकीकृत ढाँचाको पाठ्यक्रमको अवधारणाअनुसार नेपाली विषयको पाठ्यक्रम विकास गरिएको उल्लेख छ । एकीकृत ढाँचाको पाठ्यक्रममा भाषिक ज्ञान, सिप, सिकाइ प्रक्रिया, भाषिक सामर्थ्य तथा प्रयोग, भाषिक तत्त्वगत सन्तुलन, विद्यालयभित्रको सिकाइ, विद्यार्थीको वास्तविक जीवन र अन्तरसम्बन्धित भाषिक सिकाइको एकीकरण गरिएको छ ।

आधारभूत तह कक्षा १ देखि ३ सम्मको बहुविषयक विषयक्षेत्रमा आधारित एकीकृत स्वरूपको पाठ्यक्रम भएको कारणले यसको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया परम्परागतभन्दा भिन्न किसिमको रहेको छ । यस पाठ्यक्रममा विभिन्न विषयगत क्षेत्रहरूको

माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि फरकफरक विषयक्षेत्रहरूबिचको अन्तरसम्बन्ध पहिचान गरी सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमताको विकास गर्ने र आफ्ना सिकाइ अनुभवको उपयोग गरी सङ्गठित ज्ञान हासिल गर्न सहयोग पुग्ने खालका सिकाइ क्रियाकलापका जोड दिएको छ । सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिइने विषय समावेश गरिएको छ । यसले आंशिक रूपमा नेपाली विषय शिक्षणको प्रभावकारिता उल्लेख गरे पनि अझै ठोस आधार प्रस्तुत गर्न सकेको देखिँदैन । यसमा एकीकृत ढाँचाको पाठ्यक्रमको कार्यान्वयनका लागि विभिन्न आवश्यकीय पक्षहरू उल्लेख गरिएको छ तर तिनीहरूको खासै व्यवस्थापन हुन सकेको देखिँदैन ।

शिविप्रम (२०७६) का अनुसार आधारभूत तहको कक्षा १ देखि ३ कक्षासम्म एकीकृत ढाँचाको पाठ्यक्रममा कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धति अपनाइने उल्लेख छ । आधारभूत तहमा अनिवार्य नेपाली भाषाका साथै सम्बन्धित विद्यार्थीको मातृभाषालाई जोड दिइएको छ । यसमा नेपाली भाषाको सिकाइलाई सम्बर्द्धन र प्रबर्द्धन गर्ने विषय उल्लेख छ । यस नीतिले नेपाली भाषालाई विशेष जोड दिएको छ । यसले नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययन सम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गरिने भनिएको छ । यसमा स्थानीय शैक्षणिक सामग्रीको पहिचान, सङ्कलन, निर्माण, प्रयोग र भण्डार गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने विषय उठाइएको छ ।

पाविके (२०७८) का अनुसार नेपाली विषयको कक्षा १ देखि ३ को पाठ्यक्रम र पाठ्यसामग्री विकास गर्दा आठओटा भाषिक तत्त्वगतक्षेत्र ध्वनिसचेतीकरण, श्रव्यदृश्य बोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठन प्रवाह, पठनबोध, लेखाइ र कार्यमूलक व्याकरणको सन्तुलित संयोजन गरिएको छ । भाषिक तत्त्वका आधारमा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । निर्देशिकामा आठओटा तत्त्वको परिचय, मान्यता, आवश्यकता, सिकाइ क्रियाकलापको चर्चा गरिएको छ । यसमा सिकाइ सहजीकरणका सम्भावित नमुना प्रस्तुत गरिएको छ । यसले शिक्षकलाई नेपाली भाषाको सिकाइमा थप सहायता प्रदान गरेको देखिन्छ ।

## पूर्वकार्य समीक्षाको उपयोग

पूर्वअध्ययनहरूको समीक्षाबाट भाषा फरक हुँदैमा भाषा शिक्षण प्रक्रिया फरक हुँदैन भन्ने कुरा स्पष्ट भएको छ । नेपाली भाषा सिकाइसँग सम्बन्धित अध्ययन तथा अनुसन्धानहरू धेरै भएका छन् । नेपाली भाषा सिकाइ, भाषा पाठ्यक्रम, विभिन्न विधा शिक्षण र क्रियाकलापमा आधारित स्नातकोत्तर, दर्शनाचार्य तथा विद्यावारिधि तहमा समेत शोधकार्य भएका छन् । स्नातकोत्तर तहमा कविता शिक्षण गर्दा अपनाइएका क्रियाकलापहरू, व्याकरण शिक्षणका क्रियाकलापहरू, नेपाली भाषा शिक्षणप्रतिको दृष्टिकोण, कथा शिक्षणका क्रियाकलाप जस्ता शोध बढी भएका छन् । पूर्वअध्ययनहरूको समीक्षा गर्दा भाषा शिक्षणका बारेमा अझ स्पष्ट धारणा निर्माण भएको छ । भाषा शिक्षणसँग सम्बन्धित अध्ययन अनुसन्धानहरू, पाठ्य, सन्दर्भ तथा अनुसन्धानात्मक कृतिहरूमा पनि प्रशस्त मात्रामा छन् । उपलब्ध भएका पूर्वप्रकाशित पाठ्य तथा सन्दर्भ पुस्तकहरूमा नेपाली भाषा सिकाइका विधिहरू, पद्धतिहरू, विधा शिक्षणका क्रियाकलापहरू, भाषिक मूल्याङ्कन, भाषातत्त्व लगायतका विषयहरू प्राथमिकताका साथ समावेश गरिएका छन् ।

## अनुसन्धान अन्तराल

प्रस्तुत अनुसन्धानसँग सम्बन्धित पूर्वअध्ययनहरूको खोजीका क्रममा आधारभूत तहमा खास खास विधासँग सम्बन्धित सिकाइ सहजीकरण विधि तथा क्रियाकलापहरूको सतही विश्लेषण भएको पाइन्छ । उक्त अध्ययनहरूमा सिकाइ सहजीकरण विधि तथा क्रियाकलापहरू र एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइसम्बन्धीको गहन अध्ययन भएको नपाइनुले प्रस्तुत अध्ययन र पूर्वअध्ययनबिच अन्तराल रहेको देखिन्छ । यसअघि भएका अध्ययनहरूमा नेपाली भाषा सिकाइका विधि तथा क्रियाकलापहरूको सामान्य विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा प्रयोग गरिएको सिकाइ सहजीकरण विधि, प्रक्रिया, एकीकृत शिक्षण सिकाइ र शैक्षणिक अनुभव हासिल गरेका अध्येताको दृष्टिकोणका आधारमा गरिएको तथ्य सत्यापन प्रक्रिया यसअघिको अध्ययनहरूमा उपयोग गरिएको पाइँदैन । हालसम्मका प्राप्त अध्ययनहरूले नेपाली भाषाको सिकाइ सहजीकरण प्रक्रियाको प्रयोगात्मक पक्षको ख्याल नगरेकाले यस शोधले उक्त अभाव पूरा गर्ने देखिन्छ ।

प्रस्तुत शोधबाट नेपाली भाषाको सिकाइ सहजीकरण प्रक्रियामा सुधार ल्याउन, सिकाइ शैलीमा परिवर्तन ल्याउन, पाठ्यक्रम, शिक्षा नीति तथा शैक्षणिक योजना निर्माण गर्न, सान्दर्भिक पक्षलाई एकीकृत रूपमा सिकाइ सञ्चालन गर्न सहयोग पुग्ने देखिन्छ । आधारभूत तह कक्षा १-३ को नेपाली भाषा सिकाइलाई स्तरीय र क्रियाकलाप अनुकूल बनाई उपयुक्त सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको छनोट र प्रयोगतर्फ जोड दिएको हुँदा उल्लिखित पूर्वअध्ययनहरू र प्रस्तुत अध्ययनबिच स्पष्ट अनुसन्धान अन्तराल देखिएकाले भाषा सिकाइका क्षेत्रमा उक्त अन्तराललाई पूरा गर्न यस शोधले सहयोग पुग्ने देखिन्छ ।

**अध्याय सारांश**

प्रस्तुत अनुसन्धानको यस दोस्रो अध्यायमा सम्बद्धपूर्वकार्यको समीक्षा र अवधारणात्मक रूपरेखाउल्लेखगरिएको छ । यसमा विषयवस्तुगत कार्यको समीक्षाअन्तर्गत शोध शीर्षकसँग सम्बन्धित विभिन्न प्रकाशित पुस्तक तथा अनुसन्धानमूलक लेखलाई समेटिएको छ । प्रायोगिक कार्यको समीक्षाअन्तर्गत यस शीर्षकसँग मिल्दाजुल्दा उपलब्ध भएका शोधपत्र र शोधप्रबन्धलाई उल्लेख गरिएको छ । सैद्धान्तिक समीक्षाभित्र लेभ भिगोत्स्कीको सामाजिक निर्माणवादको चर्चा गरिएको छ । पूर्वकार्यको नीतिगत समीक्षामा ऐन, कानुन तथा नीति नियममा भएका व्यवस्थाहरू समेटिएको छ । भाषा सिकाइसम्बन्धी पूर्वअध्येताहरू सैद्धान्तिकमा केन्द्रित भएको र प्रयोगात्मक पक्षमा पर्याप्त अध्ययन नभएकाले अनुसन्धान अन्तराल रहेको पाइएको छ ।

# अध्याय तीन

# अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अध्यायमाअनुसन्धान विधि र प्रक्रियाअन्तर्गत अनुसन्धानको दार्शनिक आधार, शोधको ढाँचा, जनसङ्ख्या र नमुना छनोट पद्धति, तथ्याङ्क सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलनका उपकरणहरू, तथ्याङ्क सङ्कलनका तरिकाहरू, तथ्याङ्कको व्याख्या र विश्लेषण, अनुसन्धानको गुणस्तरीयता र नैतिकताको सुनिश्चितता उल्लेख गरिएको छ ।

## अनुसन्धानको दार्शनिक आधार

अनुसन्धानको दार्शनिक आधारमा घटना क्रियात्मक(फेनोमेनोलोजी) ढाँचालाई लिइएको छ । घटना क्रियात्मक ढाँचा (फेनोमेनोलोजी) अनुसन्धानको एक रणनीति हो । जसमा अनुसन्धानकर्ताले सहभागीहरूले वर्णन गरेको घटनाका आधारमा मानव अनुभवहरूको सार पहिचान गर्दछ । यस विधिले गुणात्मक विषयवस्तुमा जोड दिन्छ । यो सामाजिक यथार्थ व्यक्तिका अनुभूति, धारणा र व्याख्यामा आधारित हुने गर्दछ । यो एकल सत्यमा आधारित नभई बहुल सत्यमा आधारित हुन्छ । यसमा प्रत्येक व्यक्तिले आफूले अनुभव गरेका कुरालाई कसरी व्याख्या गरी अर्थ लगाउँछ, त्यसैका आधारमा ज्ञानको निर्माण गरिएको हुन्छ । यस अध्ययनले कुनै विषयमा व्यक्तिले हासिल गरेका अनुभवका आधारमा अर्थ निर्माण गर्दछ (क्रेसवेल, सन् २००९, पृ.१३-३०) । यसमा व्यक्तिका वास्तविक अनुभवहरू नै तथ्याङ्कको रूपमा लिई मार्गनिर्देशक प्रश्नावली, खुला तथा गहन अन्तर्वार्ता र कक्षा अवलोकनबाट सामग्री सङ्कलन गरिन्छ । यसमा अनुसन्धानकर्ताले आफ्नो झुकावलाई पर राखेर स्वतन्त्र रूपमा सामग्रीको व्याख्या गरिनु पर्दछ । यसमा फरकफरक व्यक्तिका अनुभव र अनुभूतिबाट साझा अर्थ निकाल्ने कार्य गरिन्छ । यसले सहभागीका व्यक्तिगत जीवन भोगाइलाई केन्द्रमा राखेर अनुसन्धानको प्रश्न निर्माण गरी त्यसैका आधारमा अनुसन्धान कार्यलाई सम्पन्न गर्ने गर्दछ । यसरी मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताका माध्यमबाट प्राप्त भएका तथ्याङ्कलाई आगमन विधिबाट विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिन्छ । यस अनुसन्धानमा अवलम्बन गर्न सकिने प्रमुख चरणहरू अनुसन्धान समस्याको चयन, तथ्याङ्क सङ्कलनको तयारी, अन्तर्वार्ता, तथ्याङ्क विश्लेषण र विवेचना हुन् ।

अध्ययनका लागि सर्वप्रथम उपयुक्त किसिमको समस्या छनोट गर्नुपर्दछ । यसमा व्यक्तिका अनुभूतिहरूको सँगालोको रूपमा तथ्याङ्कलाई लिइन्छ । यसमा अन्तर्वार्तापूर्वसहभागीसँग घनिष्ठ सम्बन्ध कायम गर्दै पूर्वतयारी गरिएका प्रश्नका आधारमा स्वाभाविक ढङ्गबाट कुराकानीलाई अगाडि बढाइन्छ । जुन अन्तर्वार्ता स्थलगत रूपमा सम्पन्न गरिन्छ । जसलाई आवश्यकताअनुसार रेकर्ड गरी नोटसमेत तयार पारिन्छ । सहभागीहरूको महत्त्वपूर्ण अर्थलाई कोडिङ् गरिन्छ । यसमा मिल्दाजुल्दा कोडहरूलाई एकीकृत गरी केही निश्चित सङ्ख्यामा विषयक्षेत्र तयार पारिन्छ । त्यसका आधारमा मुख्य विषयक्षेत्र बनाएर सहभागीका जीवन्त अनुभवबाट अर्थको खोजी गरी व्याख्या र विश्लेषण गरिन्छ । यसमा व्यवस्थित रूपमा अध्ययन कार्य गरिन्छ । यसले चरणबद्ध रूपमा तथ्याङ्क सङ्कलन गर्दछ । यसमा शाब्दिक रूपमा विषयको खोजी गर्ने गरिन्छ । यसमा व्यक्तिका अनुभवलाई मुख्य तथ्याङ्कको रूपमा लिइन्छ । यस सिद्धान्तले स्थानीय प्रक्रियालाई सोही परिवेशमा बुझी विषयको खोजीमा सहयोग गर्दछ ।

प्रस्तुत अध्ययनमा विशेष गरी आधारभूत तह कक्षा १ देखि ३ सम्ममा प्रयोगमा आएको एकीकृत मान्यताअनुरूप निर्माण गरिएको नेपाली भाषा विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको प्रयोग के कसरी हुँदै आएको छ भनी विश्लेषण गर्ने कार्य गरिएको छ । यसमा विषयवस्तुको छनोट र स्थलगत रूपमा तथ्याङ्क सङ्कलन गरी त्यसैका आधारमा नयाँ अर्थको निर्माण गरिएको छ । सिकाइ विधिबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकाल्ने भएकाले यसको सिद्धान्तलाई अर्को कुनै परिवेशमा सामान्यीकरण गर्न मिल्दैन (खनाल, २०८०, पृ.८९-९४) । यसमा नेपाली विषय शिक्षण गर्ने फरकफरक विद्यालयका शिक्षकहरूको वास्तविक जीवन अनुभूतिलाई जस्ताको तस्तै रूपमा लिइएको छ । यसरी यस अनुसन्धानमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य गरिएको छ । एउटा क्षेत्रमा गरिएको अनुसन्धान अर्को क्षेत्रमा प्रयोग गरी सामान्यीकरण गर्न उपयुक्त ठानिँदैन ।

अनुसन्धानमा सहभागीले प्रत्यक्ष सम्बन्धित घटनामा सोचेका र अनुभव गरेका विषयको खोजी गरी विश्लेषण गरिएको हो । यसले अनुसन्धानकर्ताको भन्दा सहभागीको अनुभवको विवरणमा बढी ध्यान केन्द्रित गरेको हुन्छ । यसले जीवनका व्यवहारको व्यक्तिपरक अनुभवलाई बुझ्ने गर्दछ । यसमा सहभागीको आफ्नो दृष्टिकोणलाई उनीहरू कै शब्दमा अलगअलग तयार

गरिएको हुन्छ । घटनाको व्याख्या कहिल्यै अन्तिम हुँदैन । यसको व्याख्या र अर्थ बनाउने प्रक्रिया पनि समय र स्थानमा निर्भर हुन्छ । जसले मानव दृष्टिकोणलाई घटनाको रूपमा पहिचान गर्न मद्दत गर्दछ (कोइराला, सन् २०२३) ।

प्रस्तुत अनुसन्धानमा कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्दै सत्य, ज्ञान र मूल्यका सहायताले अनुसन्धान कार्य सम्पन्न गरिएको छ । यसका लागि व्याख्यावादी दर्शनलाई उपयोगमा ल्याइएको छ (क्रेसवेल, सन् २००९ पृ.५८) । यसमा अनुसन्धानकर्ताले सहभागीहरूका व्यक्तिगत धारणालाई उनीहरूको परिस्थितिमा बुझ्ने कार्य गरिएको छ र उनीहरूले घटनालाई के कसरी अनुभव गरिरहेका छन् भनी ध्यान दिएको छ । यसमा कुनै अनुभवको गहिराइमा प्रवेश गरेर त्यसलाई विवरणात्मक र व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यसमा अनुसन्धानकर्ताले आफ्ना धारणा र पूर्वाग्रहलाई अलग राखेर मात्र सहभागीको अनुभवलाई अध्ययन गरिएको छ । यसमा दार्शनिक पक्षको उपयोग गरी सामुदायिक विद्यालयमा आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमका आधारमा नेपाली भाषा विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको प्रयोगको अवस्था विश्लेषण गरिएको छ । यसका आधारमा अध्ययनको तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाको पहिचान गरिएको छ ।

***तत्त्वमीमांसा (अन्टोलोजी)***

सत्यअन्तर्गत सापेक्ष वा निरपेक्ष सत्यको खोजी गरिन्छ । सत्यसम्बन्धी विचार वा दृष्टिकोणले कुनै पनि विषयवस्तुको सत्यको प्रकृति, खोज तथा बुझाइसँग सम्बन्ध राख्दछ । यो कुनै ठोस सत्य वा बहुअर्थमा आधारित हुन्छ (लिङ्कन र गुबा, सन् १९८५) । यसका आधारमा सत्य एकल वा बहुल दुवै हुन सक्दछ । अनुसन्धानको तत्त्वमीमांसा व्याख्यात्मक छ । यस दर्शनले वास्तविकता व्यक्तिपरक एवम् मानव व्याख्या, अनुभवद्वारा गरिने वस्तुपरक हुने धारणा राख्दछ (क्रेसवेल, सन् २००९ पृ.११) । सत्य परिस्थिति, परिवेश, अनुसन्धान गर्ने व्यक्ति र विधिअनुसार फरकफरक हुन्छ ।

प्रस्तुत अनुसन्धान बहुलसत्यमा आधारित छ । अनुसन्धानको दार्शनिक दृष्टिकोण व्याख्यावादी रहेको छ । यस अनुसन्धानमा सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १ देखि ३ को नेपाली विषयको सिकाइसम्बन्धी शिक्षकको धारणा र अनुभवका आधारमा सिकाइ

सहजीकरणको उपयोग सम्बन्धी सत्य पहिल्याइएको छ । यो ज्ञान वस्तुगत नभएर विषयगत रहेको छ । यसमा सहभागी नेपाली विषय शिक्षकसँग मार्गनिर्देशक प्रश्न, अन्तर्वार्ता र कक्षा अवलोकनमार्फत सिकाइ सहजीकरणका विधि, प्रक्रिया, एकीकृत शिक्षण र पाठ्यक्रम प्रयोगको खोजी गर्नु नै प्रस्तुत अनुसन्धानको सत्य वातत्त्वसम्बन्धी दृष्टिकोण हो ।

***ज्ञानमीमांसा (इपिस्टिमोलोजी)***

ज्ञानको सम्बन्ध सत्यसम्बन्धी दृष्टिकोणमा रहन्छ । सत्य प्राप्त गर्ने ज्ञानका विविध स्रोतहरू हुन्छन् । ज्ञान सिद्धान्तले सत्य कुन कुन ज्ञानबाट थाहा पाउने भन्ने तथ्यको पुष्टि गर्दछ । ज्ञानमीमांसालाई ज्ञान प्राप्त गर्ने माध्यमका रूपमा लिइन्छ (बोउर्ने, सन् २०२४, पृ.१) । प्रत्येक व्यक्ति र सन्दर्भअनुसार ज्ञानको बुझाइ फरक फरक हुन्छ । कुनै पनि सत्य अन्तिम हुँदैन । सत्य समयसापेक्ष हुन्छ ।

ज्ञान प्राप्तिसम्बन्धी दृष्टिकोणका आधारमा शोधार्थीका नेपाली भाषा सिकाइ सहजीकरणसँग सम्बन्धित अनुभवहरू पनि उपयोगी रहेका छन् । यस अनुसन्धानमा प्राथमिक स्रोतका रूपमा शिक्षकसँगको अन्तर्वार्ता, कक्षा अवलोकन र शिक्षकको सिकाइ सहजीकरणसँग सम्बन्धित मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त तथ्य र विचारलाई ज्ञानको स्रोत मानिएको छ । यसैगरी पूर्वकार्यबाट प्राप्त द्वितीयक स्रोतका धारणा र निर्माणवादी सिद्धान्तलाई पनि ज्ञानको स्रोतको रूपमा लिइएको छ । यस अनुसन्धानमा तोकिएको विद्यालयका नेपाली विषय शिक्षकको विचार र अनुभवका आधारमा सिकाइ सहजीकरणको उपयोगसम्बन्धी ज्ञानको खोजी गरिएको छ।

***मूल्यमीमांसा (एक्जियोलोजी)***

कुनै विषयप्रतिको विचार वामान्यतालाई मूल्यका रूपमालिइन्छ । अनुसन्धानकार्यमा सत्य रज्ञानमीमांसाको प्रभावमूल्यमीमांसामा परेको हुन्छ । यसले अनुसन्धानलाई उसको अनुसन्धानसम्बन्धी स्पष्टधारणा र समाजमा रहेका मूल्यमान्यतामा जोड दिन्छ । अनुसन्धानमाव्यक्तिमूल्यबाट स्वतन्त्रहुनुपर्दछ । यो सहभागीहरूको मूल्यमाआधारित हुनुपर्दछ । यसमा को को सहभागीले कुनकुन दृष्टिकोणले आआफ्नो विचार राखेका छन् भनेर सबैको विचारबाटमूल्यनिर्माण गरिन्छ (क्रेसवेल, सन् २००९, पृ.१४) ।

प्रस्तुत अनुसन्धानगुणात्मकविधि, व्याख्यात्मक दृष्टिकोण र वर्णनात्मकतथाविश्लेषणात्मकढाँचामाआधारित भएकाले अनुसन्धानको मूल्यलाई स्वतन्त्र रूपमालिइएको छ । यस अनुसन्धानमाआधारभूततहकक्षा १ देखि ३ सम्मको नेपालीभाषाको सिकाइ सहजीकरणविधितथाप्रक्रियासम्बन्धीशिक्षकको अनुभवलाई वस्तुसापेक्ष रूपमाआत्मसात् गरी मूल्य स्थापित गरिएको छ । यसमा अनुसन्धानकर्ता स्वयम् कार्यथलोमागएर वास्तविकप्राथमिक स्रोतकातथ्याङ्क सङ्कलन गरी सहभागीबाट जे प्राप्तहुन्छ, त्यसैलाई नै सत्य सावितमान्दै मूल्यनिर्माण गरिएको छ । यसमा नेपालीविषयको सिकाइ सहजीकरणविधितथाप्रक्रियाको प्रयोगसम्बन्धीशिक्षकसँगको खुलाप्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताबाटप्राप्तविचारका आधारमामूल्यको निर्माण गरिएको छ । यसमाप्राप्ततथ्याङ्क अध्ययनगर्दा पाइएकाविचार वाअनुभवलाई समानमहत्त्वदिई मूल्यप्रदान गरिएको छ । अनुसन्धानमामूल्यलाई विषयगत र उपयोगितावादी दृष्टिकोणबाट हेरिएको छ ।

**शोधको ढाँचा**

बीसौँ शताब्दीमा सामाजिकविज्ञानका क्षेत्रमाव्याख्यावादी दृष्टिकोण देखापरेको हो । व्याख्यावादीदर्शनलाईव्याख्यात्मक अनुसन्धानतथानिर्माणवादीसिद्धान्तसँग सम्बन्धित गरिएको छ । यसले सामाजिकघटना, अनुभवतथाप्रतिक्रियालाई बहुआयमिक ढङ्गबाटअध्ययनगर्दछ । यस अनुसन्धानमाव्यक्तिकाघटना, विचार, क्रियाकलापतथा परिवेशको विश्लेषणमातथ्याङ्कशास्त्रको प्रयोग नगरीकनशाब्दिकव्याख्या गरिन्छ । अनुसन्धानकर्ताले तथ्यलाई वस्तुगत रूपमानहेरी विषयगत रूपमा र एकल सत्यको कोणबाटनहेरी बहुल सत्यकाआधारमा हेर्दछ (डेन्जिन र लिङ्कन, सन् २००५) । कुनै पनि परिवेश, अवस्था, घटनातथा सन्दर्भ सही र वास्तविकजानकारी यसबाटप्राप्तहुन्छ । यसले ज्ञान सापेक्षतामाआधारित हुन्छभन्ने मान्यता राख्दछ । यसले अन्तरविषयकअध्ययनगर्दछ । यसमाखुलाप्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताबाटप्राप्त सूचनालाई अर्थपूर्ण रूपमाव्याख्या गर्ने काम गरिन्छ ।

व्याख्यावादीदर्शनले संसारका सबै कुरालाई अर्थपूर्ण रूपमालिन्छ साथै अध्ययन गर्न लागिएको व्यक्ति, वस्तु तथाघटनाहरू सार्थक हुन्छन् भन्ने मान्यता राख्दछ । यसमा अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा नै उपयुक्त अनुसन्धानढाँचाबनाउन र परिवर्तन गर्न सक्छ । यस दर्शनले खुला उपकरणकामाध्यमबाट सूचकका सूक्ष्म दृष्टिकोण सङ्कलन गरी तिनको

अर्थपूर्ण रूपमाव्याख्यागर्दछ (क्रेसवेल, सन् २०१४) । यो अनुभवमाआधारित अध्ययनहो । यसले सूचककाभनाइलाई अर्थपूर्ण रूपमाव्याख्यागर्छ साथै नवीनतथ्यपनिपत्तालगाउँछ । यसले सहभागीकाधारणावाविचारलाई एकीकृत रूपमाविश्लेषणगर्दछ ।

प्रस्तुत अनुसन्धानमाव्याख्यावादी दृष्टिकोणकाअनुसार आधारभूततहकक्षा (१- ३) पाठ्यक्रमको सिकाइ सहजीकरणको उपयोग खोजिएको छ । यसमातथ्याङ्क सङ्कलनका उपकरणहरू खुलाप्रकृतिकानिर्माण गरिएको छ । यसमावास्तविक परिवेशमा नै रहेर सिकाइ सहजीकरणसँग सम्बन्धितधारणा, अनुभव र क्रियाकलापसँग सम्बन्धिततथ्य सङ्कलन गरी तिनको व्याख्यावादी कोणबाटविश्लेषण गरिएको छ । यसरी सामग्रीको विश्लेषणकाक्रममाकुनै एक विषयवाविचारलाई वस्तुगत रूपमानहेरी प्रत्येक विषयवाविचारलाई समानमहत्त्वदिई विषयगत रूपमालिइएको छ । यसमाप्राप्ततथ्यलाई साङ्ख्यिकीय रूपमाशाब्दिकव्याख्या गरिएको छ । आधारभूततहको नेपालीविषयको सिकाइ सहजीकरणसँग सम्बन्धितधारणावाविचारलाई अर्थपूर्ण रूपमाव्याख्या गरिएको छ । यसमा सूचककाजीवन्तअनुभवर भोगाइलाई अनुसन्धानमा समानमहत्त्वदिई सापेक्षितव्याख्या गरिएको छ ।

प्रस्तुत अनुसन्धानआधारभूततहकक्षा १ देखि ३ सम्मको नेपालीविषयको सिकाइ सहजीकरणमा केन्द्रितभई विधितथाप्रक्रियाहरूकोउपयोग गरिएको छ । यस शोधमाउल्लेख गरिएको समस्याको हल गर्न मार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताको उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलनगर्दा खुलाप्रश्नावली, कक्षाअवलोकन, खुलाअन्तर्वार्तालाई उपयोग गरिएको छ । यी साधनहरूबाटप्राप्ततथ्याङ्कहरूलाई टिपोट गरी शाब्दिकरूपमा नै तालिकामाआगमनात्मकतरिकाले व्यवस्थित गरिएको छ । सम्भावनारहितनमुनाछनोट पद्धतिअर्न्तगत सुविधाजनकछनोटबाटनमुना चयन गरिएको छ । अन्तर्वार्ताका लागिपूर्वनिर्धारित र खुलाप्रश्नावली सहजकर्तासमक्ष पेस गरिएको छ । अनुसन्धानमामार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई छुट्टाछुट्टै तालिकामाव्यवस्थित गरिएको छ । यो अनुसन्धानमातथ्याङ्कको वर्णन र विश्लेषणआगमनात्मकविधिबाट गरिएको छ ।

## जनसङ्ख्या र नमुनाछनोट पद्धति

प्रस्तुतशोधमाहतुवागढीगाउँपालिकाकाआधारभूततहमाकक्षा १ देखि ३ सम्ममा नेपालीभाषाको शिक्षणसिकाइ सहजीकरण गर्ने सम्पूर्ण सहजकर्ताहरूलाई जनसङ्ख्याकारूपमालिइएको छ । हतुवागढीगाउँपालिकाका नौओटावडाबाटदुई/दुईओटा सामुदायिकविद्यालयलाई नमुनाछनोट गरी अठारओटा सामुदायिकविद्यालयमाकक्षा १ देखि ३ सम्मको नेपालीभाषाको सिकाइ सहजीकरण गर्ने नौजनाशिक्षकहरूलाई मार्गनिर्देशक प्रश्नभर्नका लागिनमुनाकारूपमाछनोट गरिएको छ । तिनै नौ जनाशिक्षकमध्ये तीनजनाको कक्षाअवलोकन गरिएको छ। प्रत्येक वडाकाएक/एकजना गरी नौजनाशिक्षकसँगअन्तर्वार्ता लिइएको छ।

गुणात्मक अनुसन्धानमाप्रतिनिधिमूलकभन्दापनिअध्ययनको उद्देश्यलाई पूरा गर्न छानिएकाव्यक्तिलाई नै नमुनाको रूपमाछानिएको छ । यस अनुसन्धानमा सर्वप्रथम समस्या क्षेत्रको पहिचान गरिएको छ । यसमामार्गनिर्देशक प्रश्नावलीसमेत शिक्षकहरूलाई वितरण गरी सिकाइ सहजीकरणविधितथाप्रक्रिया सम्बन्धमा रहेको धारणाको विश्लेषण गरिएको छ । मार्गनिर्देशक प्रश्नावलीकाआधारमाशिक्षकहरूको सिकाइ सहजीकरणको विश्लेषण र कक्षाअवलोकन गरिएको छ । साथै आवश्यकता र उद्देश्यकाआधारमाशिक्षकसँगअन्तर्वार्ता पनिलिइएको छ । यसमाउद्देश्यमूलकनमुनाछनोट विधिलाई उपयोगमाल्याइएको छ । यसमा अनुसन्धानकर्तालाई सहजहुने गरी सुविधामूलकनमुनाछनोट प्रयोग भएको छ।

### *स्थानछनोटको आधार*

प्रस्तुत अनुसन्धानभोजपुर जिल्लाको हतुवागढीगाउँपालिकाको सामुदायिकविद्यालयमा केन्द्रित रहेको छ किनभने यस स्थानले शोधको उद्देश्य पूरा गर्न सहयोग गरेको छ । यस स्थानमाशोधार्थी तथ्याङ्क सङ्कलनकालागि सम्बन्धितविद्यालयमापुग्न सहजपहुँचहुने भएकाले यस क्षेत्रलाई छनोट गरिएको हो। शोधार्थीको सहभागीसँगआपसी सम्बन्ध, विश्वासको भावना र चिनजानबाटशोधले अपेक्षा गरेको वास्तविकतथ्याङ्क पनिप्राप्तहुने भएकोले यो क्षेत्र छनोट गरिएको हो । यस अनुसन्धानमाविद्यालयस्तरमा रहेको आधारभूततहअन्तर्गत कक्षा१ देखि ३ सम्मको नेपालीविषयको सिकाइ सहजीकरणविधितथाप्रक्रियाको अवस्थाविश्लेषण गरी यसैका माध्यमबाटविषयवस्तुको निष्कर्ष निकालिएको छ।

*सहभागीछनोटको आधार*

फेनोमेनोलोजीअध्ययनमा सामान्यतया ५ देखि २५ जनासम्मको अन्तर्वार्ता लिनु उपयुक्तमानिन्छ (क्रेसवेल, सन् २०१३, पृ. १४९) । यस अनुसन्धानमाकक्षा १ देखि ३ सम्मको नेपालीविषयपढाउने अठारजना सहजकर्ता सहभागीभएकाछन् । शिक्षकले विद्यालयमापाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक र शिक्षकनिर्देशिकाको कुशलप्रयोग गर्दछ । ऊ सिकाइको लागि सहजकर्ता, उत्प्रेरक र प्रवर्धक पनिहो । त्यसैले यस शोधमा नेपालीविषयशिक्षकलाई सहभागीको रूपमाछनोट गरिएको हो ।

*विद्यालयछनोट*

प्रस्तुत अनुसन्धानमाभोजपुर जिल्लाकोहतुवागढीगाउँपालिकामाअवस्थित सैँतिसओटा सामुदायिकविद्यालयहरूमध्ये वडा नं. १ देखि ९ सम्मकाप्रत्येक वडाबाटदुई/दुईओटा पर्ने गरी अठारओटा सामुदायिकविद्यालयलाई मात्रछनोट गरिएको छ । यसरी उद्देश्यमूलक रूपमा सुविधाजनकनमुनाछनोट गर्दा सबै किसिमकाविद्यालयबाटतथ्याङ्क प्राप्तहुने र निष्कर्ष सर्वमान्यआउने भएकोले विद्यालयछनोट गरिएको छ ।

**तथ्याङ्क सङ्कलनका स्रोतहरू**

अनुसन्धानकालागिआवश्यक सामग्रीदुई किसिमका स्रोतबाटप्राप्तहुने गर्दछन् । यस अनुसन्धानकालागिप्राथमिक र द्वितीयकदुवै स्रोतलाई आधार मानी सामग्री सङ्कलन गरिएको छ, जुननिम्नानुसार छन् :

*प्राथमिक स्रोत*

प्रस्तुत अनुसन्धानतयार पार्न सम्बन्धितविद्यालयमा अनुसन्धानकर्ताले नेपालीभाषासिकाइ गर्ने शिक्षकहरूबाटमार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकन र सोहीविद्यालयका नेपालीविषयशिक्षकसँगखुलाप्रकृतिकाप्रश्नको प्रयोग गरी अन्तर्वार्ताद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा अनुसन्धानकर्ता स्वयम् विद्यालयमापुगेर कक्षाअवलोकन र मार्गनिर्देशक प्रश्नहरूमार्फत अन्तर्वार्ता लिई सामग्री सङ्कलन गरिएको छ । गुणात्मक अनुसन्धानमाउपयोग गरिने यस किसिमका असंरचितप्रकृतिका उपकरणबाट अनुसन्धानको उद्देश्यअनुसार सूचककाविभिन्नविचार, दृष्टिकोणतथाक्रियाकलापबारे स्पष्टजानकारी पाइन्छ ।

*द्वितीयक स्रोत*

पुस्तकालयकार्यबाटविशेष गरी द्वितीयक स्रोतकातथ्याङ्क प्राप्त गर्न सकिन्छ । प्रस्तुत अनुसन्धानकार्य पूरा गर्नका निम्ति यस शोध शीर्षकसँग सम्बन्धितविभिन्नपत्रिका, पुस्तक, पाठ्यपुस्तक, कार्यपुस्तक, शिक्षकनिर्देशिका, शब्दकोश, लेख, रचना, अभिलेख, रिपोर्ट र अनुसन्धानपत्र, शोधपत्र, शोधप्रबन्धआदिलाई द्वितीयक स्रोतका रूपमालिइएको छ । यिनीहरूको प्रयोग गरी अनुसन्धानको शीर्षक छनोट गर्न, पूर्वकार्यको समीक्षा गर्न, विधिनिर्माण गर्न, सैद्धान्तिकआधार तयार गरी शोध अन्तरालपत्तालगाइएको छ ।

**तथ्याङ्क सङ्कलनका उपकरणहरू**

प्रस्तुतशोधमातथ्याङ्क सङ्कलनकालागिमार्गनिर्देशक प्रश्न, कक्षाअवलोकन र अन्तर्वार्ता उपकरण र साधनलाई प्रयोग गरिएको छ । कक्षा १ देखि ३ सम्मका सहजकर्ताहरूलाई खुलाप्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ता लिएर प्राथमिकतथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनकालागिमार्गनिर्देशक प्रश्ननिर्माण गरिएको छ र सम्बन्धितनमुना क्षेत्रका सहजकर्तालाई पहिल्यै जानकारी गराई त्यहाँपुगेर तथ्य सङ्कलन गरिएको छ । प्रत्येक वडाबाटछनोटमा परेका नौजनाशिक्षकलाई मार्गनिर्देशक प्रश्नावलीवितरण गरिएको छ । तिनै मार्गनिर्देशक प्रश्नावलीभर्ने शिक्षकहरूमध्ये तीनजनाशिक्षकको म र मेरो परिवार विषयक्षेत्रकोकक्षाअवलोकन गरिएको छ । यसमा नौजनाशिक्षकसँगखुलाअन्तर्वार्ता सञ्चालन गरिएको छ । यस अनुसन्धानमा सामग्री सङ्कलनका साधनका रूपमाडायरी, कलम र मोबाइलप्रयोग गरिएको छ ।

*मार्गनिर्देशक प्रश्न*

प्रस्तुत अनुसन्धानमाहतुवागढीगाउँपालिकाअन्तर्गत प्रत्येक वडाकाएक/एकओटा सामुदायिकविद्यालयछनोट गरी सम्बन्धितविद्यालयकाप्रधानाध्यापकसँग समन्वय गरिएको छ । सोहीविद्यालयमातोकिएकाकक्षाका नेपालीविषयशिक्षकसँग भेटघाटतथाफोन सम्पर्क गरेर मार्गनिर्देशक प्रश्नावलीभर्नका लागि अनुरोध गरिएको छ । सबै शिक्षकहरूले उक्तकार्यलाई सहज रूपमालिइएको पाइन्छ । त्यसपछिकक्षा १, २ र ३ मा नेपालीविषयअध्यापन गर्ने प्रत्येक

कक्षाकातीन/तीनजनाशिक्षककहरूलाई मार्गनिर्देशक प्रश्नावलीवितरणकार्य पूरा गरिएको छ । जुनखुलाप्रश्नावलीशिक्षकद्वारा निर्धारित समयमाकार्य सम्पन्न गरिएको छ ।

*कक्षाअवलोकन*

प्रस्तुत अनुसन्धानमाकक्षाअवलोकन सर्वप्रथमश्री भीमेश्वरी आधारभूतविद्यालयहतुवागढी १ का शिक्षकको कक्षा १ को गरिएको हो । उहाँको कक्षाअवलोकनकाक्रममासिकाइमाक्रमशः सुधार भएको छ । आंशिक रूपमापाठ्यक्रम, शिक्षकनिर्देशिका र उच्चतम रूपमापाठ्य तथाकार्यपुस्तकको प्रयोग भएको छ । सिकाइमाश्रव्यवाच्य साधनको प्रयोग न्यूनभएको छ । प्रदर्शन विधिको प्रयोग गरी दोस्रो दिनदेखि सिकाइ सहजीकरणमा शैक्षणिक सामग्रीसहितसिकाइ सञ्चालनभएको छ । शिक्षकद्वारामार्गनिर्देशक प्रश्नावलीमाउल्लिखितविषयलाई केहीहदसम्मसिकाइमाउपयोग गरिएको छ ।

कक्षाअवलोकनकाक्रममा दोस्रो विद्यालयश्री शान्तिआधारभूतविद्यालयहतुवागढी ५ का शिक्षकको कक्षा ३ को नेपालीविषयको कक्षाअवलोकन गरिएको छ । सिकाइकाक्रममाकुनै शैक्षणिक सामग्रीप्रयोग तथाप्रदर्शन गरिएको छैन । सिकाइमापाठ्यक्रम, शिक्षकनिर्देशिका, सन्दर्भ सामग्रीको प्रयोग भएको छैन । सिकाइमाकुनै पनि सूचनाप्रविधिका शैक्षणिक सामग्रीकोउपयोग भएको छैन । पुरानो शैलीअनुसार शिक्षणसिकाइ सहजीकरणप्रक्रिया सञ्चालनभएको छ । मार्गनिर्देशक प्रश्नावलीमाउल्लिखितविषयलाई आंशिक रूपमासिकाइमाउपयोग गरिएको छ ।

कक्षाअवलोकनकाक्रममा तेस्रो विद्यालयश्री शान्तिनिकेतनमाध्यमिकविद्यालयहतुवागढी २ पुगेर कक्षा २ को नेपालीविषयको कक्षाअवलोकन गरिएको छ । उक्तशिक्षकद्वारा शिक्षणसिकाइमापाठ्यक्रम, पाठ्य तथाकार्यपुस्तक र शिक्षकनिर्देशिकाको उचितप्रयोग गरिएको छ । सिकाइकाक्रममाविषयवस्तुअनुरूप शैक्षणिक सामग्रीको प्रयोग भएको छ । शिक्षणसिकाइमाश्रव्यवाच्यका साधनको कमप्रयोग भएको छ । मार्गनिर्देशक प्रश्नावलीमाउल्लिखितअधिकांशकार्यहरू सिकाइकाक्रममाप्रयोग गरिएको छ ।

*अन्तर्वार्ता*

प्रस्तुतशोधकालागि सामग्री सङ्कलनकाक्रममा सर्वपथमअन्तर्वार्ताका लागिश्री पञ्चकन्याभगवतीआधारभूतविद्यालयहतुवागढी १, हर्का पुगिएको छ । उक्तविद्यालयमाकक्षा १

माकक्षाशिक्षणभएको छ । शिक्षकसँगअन्तर्वार्ताका लागिमार्गनिर्देशक प्रश्नहरूमाआधारित भएर अन्तर्वार्ता लिने काम गरिएको छ । अन्तर्वार्ताका सिलसिलामाअर्को दिनश्री दिमालुङ आधारभूतविद्यालयहतुवागढी ३ पूर्णेबजार पुगिएको हो । त्यहाँकक्षा ३ को नेपालीविषयशिक्षण गर्ने शिक्षकसँगअन्तर्वार्ता लिने कार्य गरिएको छ । त्यसैगरी श्री शिलासुत्केरी आधारभूतविद्यालयहतुवागढी ४ एक्ले पिपलगएर कक्षा १ माशिक्षण गर्ने शिक्षकसँगअन्तर्वार्ता लिइको हो । यसै क्रममाश्री विद्यापोखरी आधारभूतविद्यालयहतुवागढी ८ पात्लेपानीकाकक्षा २ मा नेपालीविषयपढाउने शिक्षकसँगअन्तर्वार्ता लिने कार्य सम्पन्न गरिएको छ ।

अन्तर्वार्ताको क्रममाश्री गैयाराजआधारभूतविद्यालयहतुवागढी७पिप्लेमाकक्षा १ मा नेपालीविषयपढाउने शिक्षकसँगअन्तर्वार्ता लिने कार्य गरिएको छ साथै श्री प्रजातन्त्रमाध्यमिकविद्यालयहतुवागढी ६ होम्ताङमाकक्षा ३ मा नेपालीविषयपढाउने शिक्षकसँगअन्तर्वार्ता लिने कार्य गरिएको छ । यसैगरी श्री भानुभक्तआदर्श आधारभूतविद्यालयहतुवागढी ५ दिथारामाकक्षा २ मा नेपालीविषयपढाउने शिक्षकसँगअन्तर्वार्ता लिने कार्य गरिएको छ । श्री जाल्पाआधारभूतविद्यालयहतुवागढी ९ कोल्टारमाकक्षा ३ मा नेपालीविषयपढाउने शिक्षकसँगअन्तर्वार्ता लिइएको हो । अन्त्यमाश्री शिवालयआधारभूतविद्यालयहतुवागढी २ शिवालयमाकक्षा २ मा नेपालीविषयपढाउने शिक्षकसँगअन्तर्वार्ता लिनेकार्य गरिएको छ ।

**तथ्याङ्क सङ्कलनकातरिकाहरू**

गुणात्मक अनुसन्धानको प्रमुखविधिअन्तर्वार्तालाई मानिन्छ । यो संरचित र असंरचित गरी दुईकिसिमको हुन्छ (हार्टस, सन् २०१०, पृ.२२३-२२६) । यस अनुसन्धानमा असंरचितअन्तर्वार्ताको प्रयोग गरिएको छ । यसमापूर्वनिर्धारित प्रश्नहरू बिनाअनौपचारिक ढङ्गले कुराकानीको माध्यमबाटतथ्याङ्क सङ्कलन गरिएको छ । यसमाशोधकर्ताले आफ्नो विषयवस्तु सहभागीसामु प्रस्तुत गरी प्रश्नोत्तर प्रक्रियाअगाडिबढाइएको छ । यस शोधमासहभागीले पहिलो प्रश्नको उत्तर दिएको आधारमा दोस्रो प्रश्न चयन गरिएको छ । यसमा योजनानिर्माण, उत्तरदाताको छनोट, उत्तरदातासँग सम्बन्धविकास, अन्तर्वार्ताको प्रोटोकलको तयारी, अन्तर्वार्ता सञ्चालनजस्ता चरण पूरा गरिएको छ । यसमा कुराकानीको माध्यमबाट नै व्यक्तिको अनुभव र दृष्टिकोणसम्मपुगिएको छ र अन्तर्वार्ताकार र उत्तरदाताको

अन्तर्क्रियाबाटनयाँज्ञाननिर्माण गरिएको छ । यसमामार्गनिर्देशक प्रश्नहरू र खोतल्ने प्रश्नहरू समावेश गरिएको छ । यस शोधमातथ्याङ्क सङ्कलनको विधिमाप्रत्यक्षअवलोकनको प्रयोग गरिएको छ । यसमाअवलोकनकर्ता स्थलगत रूपमाअध्ययन क्षेत्रमापुगेर यथास्थितिमाकक्षाअवलोकन गरिएको छ । यसमाअवलोकनकालागिअवलोकनकर्ता सहभागीभई सामान्यचिनजानबाटअवलोकन गरिएको छ । यस अनुसन्धानमाप्राप्ततथ्यको वास्तविकताकालागिकक्षाअवलोकन गरिएको छ ।

## तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अनुसन्धानमाशाब्दिकतथ्याङ्क प्राप्तभएको छ । यो तथ्याङ्क मार्गनिर्देशक प्रश्नावली, अन्तर्वार्ता र कक्षाअवलोकनको शाब्दिक रूपान्तरणबाटलिएको छ । यसमाप्राप्ततथ्याङ्कलाई सङ्गठित गर्ने, एकीकृत गर्ने र नवीनतम् सूचनाको व्याख्या गरी विश्लेषणनिकालिएको छ । यसमामुख्य गरी तथ्याङ्कलाई घटाउने, तथ्याङ्कको प्रदर्शन गर्ने र निष्कर्ष निकाल्ने कार्य सम्पन्न गरिएको छ । यस अनुसन्धानमातथ्याङ्कको विश्लेषण गर्न नेपालीविषयशिक्षकबाटप्राप्ततथ्याङ्कलाई व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले अध्ययन गरी निष्कर्षमापुगिएको छ । यसमाप्राप्त परिणामलाई व्यावहारिक रूपमाप्रयोगकालागि सुझाइएको छ । यसमाकक्षा १ देखि ३ सम्मको नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्रमाशिक्षकहरूले प्रयोग गर्ने सिकाइ सहजीकरणविधितथाप्रक्रियाको प्रयोगको अवस्थालाई तथ्यमा रहेर व्याख्या र विश्लेषण गरिएको छ ।

## अनुसन्धानको गुणस्तरीयता

गुणात्मक अनुसन्धानमातथ्याङ्कको सङ्कलनपश्चात् तथ्याङ्कको गुणस्तरीताकायम गर्न त्यसको विश्वसनीयता र वैधता हेरिनु पर्दछ । यस कार्यमातथ्याङ्क सङ्कलन, रिपोर्ट लेखन कार्यमानिश्चितमूल्यगत र नीतिगतपक्षहरूको विशेष ख्याल गरिएको छ । यसमागुणस्तरको लागितथ्याङ्क सङ्कलन, विश्लेषण र विवेचना गरी प्राप्तनिष्कर्षका आधारमाविश्वास गर्न सक्ने आधार, सामान्यीकरण गर्न सक्ने आधार, अध्ययनमा भर पर्न सकिने आधार र निष्पक्षता परीक्षणकाआधारमा समग्र अनुसन्धानको गुणस्तरीयता हेरिएको छ । यसमाप्राप्ततथ्याङ्क तथा सूचनाहरूलाई शाब्दिक रूपमा सङ्कलन गरिएको छ । यस अनुसन्धानमा सूचनाको गुणस्तर

तथावैधता परीक्षणको आधारमा अनुसन्धानकर्ता स्वयम् तोकिएको विद्यालयमापुगीनिर्धारित ढाँचामामार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकनको प्रयोग गरी खुलाअन्तर्वार्तामार्फत सङ्कलित सामग्रीको वस्तुनिष्ठ ढङ्गले गुणस्तर मापन गरिएको छ । यसमा नेपालीविषयशिक्षकहरूबाटप्राप्त सूचनालाई विश्लेषणात्मक ढङ्गले विश्लेषण गरी सामग्रीको वैधता कायम गरिएको छ । यसमाप्राप्त सूचनालाई शोध निर्देशकज्यूसँग बसेर सामग्रीमाविश्वसनीयता र वैधता कायम गरिएको छ ।

## नैतिकताको सुनिश्चितता

प्रस्तुत अनुसन्धानमा सोधिने प्रश्नहरूको उत्तर दिनकुनै उत्तरदातालाई बाध्यपारिएको छैन । यसमाउत्तरदातालाई कुनै पनिप्रलोभनमापारिएको छैन । उत्तरदातालाई पूर्वजानकारी दिएर उनीहरूलाई सहजवातावरणसिर्जना गरी सामग्री सङ्कलन गरिएको छ । यसमाउनीहरूको शारीरिक, मानसिक, संवेगात्मकतथा नैतिकपक्षमाआँचआउने काम गरिएको छैन । यस शोधमाप्राप्त सूचनालाई गोपनीयताका साथ सुरक्षित गरी राखिएको छ । अनुसन्धानमा नैतिकआधार सुनिश्चितकालागिजानकारीसहितको स्वीकृति, गोपनीयता, सहभागीसँगको विश्वास र सम्बन्ध, दोहोरो सहयोग आदि कुरामाविशेष ध्यानदिइएको छ ।

## अध्याय सारांश

प्रस्तुत अनुसन्धानको यस तेस्रो अध्यायमा अनुसन्धानपद्धतिअन्तर्गत अनुसन्धानकालागिदार्शनिकआधारका रूपमाघटनाक्रियात्मकढाँचालाई उपयोगमाल्याइएको छ । यसमातत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाको चर्चा गरिएको छ । यो शोध गुणात्मक अनुसन्धानअन्तर्गत वर्णनात्मकढाँचामाआधारित छ । यसमाहतुवागढीगाउँपालिकाकाआधारभूततहकक्षा १-३ को नेपालीविषयसिकाइ गर्ने शिक्षकहरूबाट सामग्री सङ्कलन गरिएको छ । मार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई व्याख्यात्मकआयामबाटविश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसमा सामग्री सङ्कलनका रूपमामुख्यप्राथमिक स्रोतको उपयोग र आंशिकद्वितीयक स्रोतको उपयोग गरिएको छ । यस अनुसन्धानमाशाब्दिकतथ्याङ्कलाई व्याख्यात्मक, वर्णनात्मक र

विश्लेषणात्मक ढङ्गले अध्ययन गरिएको छ । यस शोधमाप्राप्ततथ्याङ्कको गुणस्तरीयता ख्याल राखी नैतिक सुनिश्चिततासमेत कायम गरिएको छ ।

# अध्याय चार

# नेपालीविषयको सिकाइ सहजीकरणविधितथाप्रक्रियाको प्रस्तुतीकरण

प्रस्तुतअध्यायमाआधारभूततहको नेपालीभाषासिकाइकाक्रममा नेपालीभाषाशिक्षकहरूले उपयोग गर्ने सिकाइ सहजीकरणविधितथाप्रक्रियाहरूको विश्लेषण गरिएको छ । आधारभूततहकक्षा १ देखि ३ सम्म भाषिकसिपविकाससम्बन्धीक्रियाकलापमा नेपालीविषय समावेश गरिएको छ । यस विषयमा म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत कविता, चित्र, कथा, संवाद, कार्यमूलकव्याकरणलाई समावेश गरिएको छ । यसमा म र मेरो परिवार विषयक्षेत्रलाई भाषिकसिपसिकाउने क्रममा कसरी उपयोग गरिएको छ भनीविश्लेषण गरिएको छ । यसमाउक्तविषयक्षेत्र सिकाइकाक्रममा के कस्ताशिक्षणविधितथाक्रियाकलापहरू हुने गरेका छन् भन्ने विषयको प्रस्तुतीकरण गरिएको छ । यससम्बद्धतथ्याङ्कलाई तालिकीकरण गरी परिशिष्टखण्डमा समावेश गरिएको छ ।

## शिक्षकहरूद्वारा अपनाइएकासिकाइ सहजीकरणविधि

आधारभूततह (कक्षा १-३) को पाठ्यक्रमएकीकृत स्वरूपमातयार पारिएको छ । यसमाभाषिकसिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइसिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकासमाध्यानदिइएको छ । यसका साथै भाषिकतत्त्वगत क्षेत्रमाध्वनिसचेतीकरण, श्रुतितथा दृश्यबोध, पठनप्रवाह, पठनबोध, लेख्यवर्ण सचेतीकरण, लेखाइ, शब्दभण्डार र कार्यमूलकव्याकरणलाई समेत जोड दिइएको पाइन्छ । नेपालीविषयकाक्रियाकलापबहुविषयकढाँचामातयारपारिएको छ । नेपालीविषयभित्र एघारओटाविषयक्षेत्र छन् । जसमध्येको पहिलो विषयक्षेत्र म र मेरो परिवार हो । यसमा म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममा नेपालीभाषाशिक्षण गर्ने शिक्षकहरूले के कस्तासिकाइ सहजीकरणविधितथाप्रक्रियाहरूको प्रयोग गरेका छन् भनीनिम्नानुसारविश्लेषण गरिएको छ :

### *कक्षाएकमा नेपालीविषयको सिकाइ सहजीकरण*

मेरो नेपालीकक्षा १ मा रहेका एघारओटाविषयक्षेत्रमध्ये म र मेरो परिवार पहिलो विषयक्षेत्र हो । यो विषयक्षेत्रअन्तर्गत तीनओटापाठ समावेश गरिएकाछन् । पाठएकअन्तर्गत

दशओटाक्रियाकलापछन् । यस्ताक्रियाकलापभित्रचित्रवर्णन, चित्रपहिचान, शब्दउच्चारण, कुराकानी, श्रुतिबोध, सिर्जनात्मककार्य राखिएको पाइन्छ । पहिलो पाठमाव्यक्तिगत परिचय, घरपरिवारसँग सम्बन्धितशब्दको उच्चारण र प्रयोग, कथ्यभाषा र विद्यार्थीसँग भएकाशब्दभण्डारको उपयोग गरी घरायसी परिवेश तथा सन्दर्भको प्रस्तुति, नातासम्बन्धीशब्दबोध र आदरसहितको प्रयोग, संवाद, भाषाको शुद्धप्रयोग गरी दोहोरो सञ्चार गर्ने विषयवस्तु र क्रियाकलापनिर्धारण गरिएको छ । यसप्रकारका तथ्याङ्कहरू मार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताबाटसङ्कलन गरिएको छ ।

म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाकुनकुनविधितथाप्रक्रियाहरूको प्रयोग गर्नुहुन्छ?भन्ने प्रश्नको उत्तर विश्लेषणगर्दा नेपालीभाषाशिक्षकहरूले सिकाइमाकथाकथन, प्रश्नोत्तर, छलफल, भूमिकानिर्वाह, प्रदर्शन, समस्या समाधान, अन्तर्क्रिया, खेल, गीत, व्याख्या, प्रयोगात्मक र अवलोकन विधिको प्रयोग भएको उल्लेख छ । म र मेरो परिवार विषयक्षेत्र सिकाइमाप्रयोग भएकाविधिहरूको विश्लेषणकालागिमार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताको प्रयोग गरिएको छ । शिक्षकहरूलाई मार्गनिर्देशक प्रश्नावलीभर्न लगाई नमुनाको रूपमातिनै शिक्षकहरूको कक्षाअवलोकनसमेत गरिएको छ । मार्गनिर्देशक प्रश्नावलीनमुनाका रूपमाछनोटमा परेका नौ जना नेपालीविषयशिक्षकहरूसमक्ष पेस गरिएको छ । त्यसमध्ये तीनजनाशिक्षकहरूको पाठएकमा रहेका सबै क्रियाकलापहरूको कक्षाअवलोकन गरिएको छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारः** अनुसन्धानमामार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कअनुसार नेपालीभाषाशिक्षकद्वारा कक्षा १ देखि ३ सम्ममा म र मेरो परिवार विषयक्षेत्रको सिकाइ सहजीकरणमाकथाकथन, प्रश्नोत्तर, छलफल, प्रदर्शन, खेल, अभिनय र गीतविधिको प्रयोग गरिएको छ । शिक्षकहरूले सिकाइकाक्रममा सबैभन्दाबढीप्रभावकारी विधिप्रदर्शन विधिलाई मानेका छन् । शिक्षकएककाअनुसार कथाकथन, प्रश्नोत्तर, छलफल, प्रदर्शन, समस्या समाधान, अभिनय र अवलोकन विधिको सिकाइ सहजीकरणमाउपयोग भएको छ । कवितासिकाइमालयबोध, भावबोध, प्रश्नोत्तर, छलफल र प्रदर्शन विधिको प्रयोग भएको छ । कथासिकाइमा द्रुतपठन र गहनपठनविधिको उपयोग भएको छ । संवादसिकाइमाभूमिकानिर्वाह, प्रश्नोत्तर, छलफल र अभिनयविधिको प्रयोग भएको छ ।

पाठको क्रियाकलापमाउल्लिखितव्याकरणसिकाइमाप्रश्नोत्तर, छलफल र समस्या समाधानविधिको प्रयोग भएको छ ।

शिक्षक चारका अनुसार सिकाइ सहजीकरणमाप्रदर्शन, छलफल, समूहशिक्षण र समस्या समाधानविधिको प्रयोग भएको छ । कवितालाई आफैँले गति, यति र लय मिलाई नमुनावाचन गरी मोबाइलमा रेकर्ड वाअन्यविद्युतीयमाध्यमबाटशिक्षण गराइएको छ । कथा र संवादसिकाइमाछलफल र प्रश्नोत्तर विधिको प्रयोग भएको छ । शिक्षक सातकाअनुसार म र मेरो परिवार विषयक्षेत्र सिकाइमाकथाकथनएवम् गीत, प्रश्नोत्तर, छलफल, भूमिकानिर्वाह, सहयोगात्मककक्षाजस्ताविधिको प्रयोग गरिएको छ । कवितासिकाइमाकथाकथनएवम् गीत र सहयोगात्मककक्षाको उपयोग गरी विद्यार्थीलाई सिकाउने गरिएको छ । कथा र संवादसिकाइमाभने प्रविधियुक्तकक्षा, सिर्जनात्मककार्य र भूमिकानिर्वाह विधिको उपयोग गरिएको छ । कार्यमूलकव्याकरणसिकाइमापहिचानमूलक, खोजमूलक, अभ्यासमूलक, प्रयोगात्मक र उत्पादनमूलकविधिहरूको प्रयोग गरिएको छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारको विश्लेषण:** अनुसन्धानमामार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कका आधारमाविश्लेषणगर्दा कक्षा १ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्र सिकाइमाउपयोगमाल्याइने शैक्षणिकविधिहरूका सन्दर्भमाशिक्षकएकले मार्गनिर्देशक प्रश्नावलीमाउल्लिखितअन्तर्क्रिया, खेल, गीत, आगमनजस्ताविधिहरूको उपयोग गरेको देखिँदैन । जबकिशिक्षकले सिकारुलाई गीतगाउँदै खेलको माध्यमद्वारा अन्तर्क्रियात्मक रूपमा सूचनाप्रविधिका साधनको प्रयोग गरी सिकाइ सञ्चालन गर्नुपर्नेमात्यसो भएको पाइँदैन । शिक्षक चारमासिकाइ सहजीकरणविधिप्रति त्यति ज्ञानभएको देखिँदैन । शिक्षक सातले पनिप्रदर्शन, खेल, अन्तर्क्रिया, उदाहरण र प्रयोग विधिलाई समावेश गरेको देखिँदैन । यसरी मार्गनिर्देशक प्रश्नावलीकाआधारमाकक्षा १ को म र मेरो परिवार विषयक्षेत्र सिकाइमाशिक्षकहरूले सिकाइमाउपयोगमाल्याइने शैक्षणिकविधिहरूप्रति सचेत नभई पुरानो शिक्षककेन्द्रितविधिहरूको नै धेरै मात्रामाप्रयोग गरेका छन् । विद्यार्थीलाई सक्रियबनाई सिकाइ सहजीकरण गर्नुपर्नेमाशिक्षकआफैँबढीसक्रियभएको पाइन्छ । शिक्षकहरूले पाठ्यक्रममातोकिएकासिकाइ सहजीकरणविधिहरूप्रति सचेत भई सिकाइ गर्नु आवश्यक देखिन्छ

। पाठ्यक्रमको अपेक्षातथानिर्माणवादीसिकाइसिद्धान्तअनुसार शिक्षकले सिकाइ सहजीकरणप्रक्रिया सञ्चालन गर्नु उपयुक्तहुन्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाः** अनुसन्धानमाउत्तरदाताशिक्षककहरूको कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्ककाआधारमामार्गनिर्देशक प्रश्नावली भरेका शिक्षककहरूमध्ये शिक्षकएकको कक्षाअवलोकन गरिएको छ । म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतको पाठएकको क्रियाकलापको कक्षाअवलोकन गरिएको छ । यस पाठमादशओटाक्रियाकलापहरू समावेश गरिएको छ । नेपालीविषयशिक्षकद्वारा क्रियाकलाप एक र दुईमा सुनेर लय मिलाई गाउने र चित्रवर्णनमागीत, आगमन, भूमिकानिर्वाह, अन्तर्क्रिया, छलफल, प्रश्नोत्तर, उदाहरण र स्वाध्ययनविधिको प्रयोग गरिएको छ । शिक्षकद्वारा क्रियाकलापतीनमाशब्द सुनीचित्रचिन्ने कार्य भएकोमाप्रदर्शन, समस्या समाधान, भूमिकानिर्वाह, अन्तर्क्रिया, छलफल, प्रश्नोत्तर, उदाहरण र स्वाध्ययनविधिको उपयोग गरिएको छ । क्रियाकलाप चार र पाँचमा सुनेर शब्दभन्ने र कुराकानीअन्तर्गत प्रदर्शन, आगमन, समस्या समाधान, गीत, भूमिकानिर्वाह, अन्तर्क्रिया, छलफल, प्रश्नोत्तर, उदाहरण र प्रयोग विधिको प्रयोग भएको छ । क्रियाकलापछदेखि दशसम्मपनिशिक्षकले माथिउल्लिखितसिकाइ सहजीकरणविधिहरू नै उपयोग गरेको पाइन्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाको विश्लेषण** : अनुसन्धानमामार्गनिर्देशक प्रश्नावली भरेका शिक्षककहरूको कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा मार्गनिर्देशक प्रश्नावलीकाआधारमाशिक्षकएकको कक्षाअवलोकन गरिएको छ । कक्षाअवलोकनकाक्रममाकार्यपुस्तकमा रहेका दशओटाक्रियाकलापहरूको अवलोकन गरिएको छ । उक्तक्रियाकलापहरू पाँचघण्टीमाविभिन्नसिकाइ सहजीकरणविधिको उपयोग गरी पूरा गरिएको छ । शिक्षकले पहिलो दिनको भन्दा दोस्रो दिनदेखि सिकाइमाक्रमशः सुधार ल्याई उपयुक्तसिकाइ सहजीकरणविधिको प्रयोग गरेको पाइन्छ । प्रदर्शन विधिलाई उच्चतम रूपमाप्रयोग गरिएको छ । शिक्षकले सिकाइमा खेल विधि र प्रविधियुक्तकक्षाको भने उपयोग गर्न सकेको देखिँदैन । मार्गनिर्देशनप्रश्नावलीमाउल्लिखितविधिबाहेक अन्यविधिउपयोग गरी सिकाइ सञ्चालनभएको छ । सिकाइमाशिक्षक र विद्यार्थीको सक्रियतातथा सहभागिता समान देखिएको छ । विद्यार्थीलाई समाज र परिवेशबाटसिक्ने अवसर प्रदान गरिएको छ । सिकाइमाशिक्षक सहजकर्ता

बन्नुपर्नेमात्यसो नभईकन विद्यार्थीलाई कम समय उपलब्ध गराएर सिकाइ सहजीकरणभएको छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारः** अनुसन्धानमाअन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कअनुसार म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाशिक्षकले अपनाएका शैक्षणिकविधिहरू उल्लेख गरिएको छ । शिक्षकएकका अनुसार सिकाइमाअवलोकन, प्रश्नोत्तर, छलफल र प्रयोगात्मकविधिको प्रयोग भएको छ । शिक्षकएकको कक्षाशिक्षणप्रतिको धारणायस्तो रहेको छ -"बिहानदेखि बेलुकासम्म एकै जनाशिक्षकले विद्यार्थीको व्यवहार कस्तो भयो, अब उनीहरूलाई कसरी सिकाइगर्दा अगाडिबढाउन सकिन्छ, कुनसिकाइविधि र कुनक्रियाकलापप्रयोग गर्ने, त्यो सबै मैले केलाएर गर्न सक्ने रहेछु भन्ने मलाई अनुभवभएको छ ।" शिक्षक चारका अनुसार म र मेरो परिवार विषयक्षेत्र सिकाइमाअभिनय, खेल, प्रदर्शन, छलफल, प्रश्नोत्तर र प्रयोगात्मकविधिको प्रयोग हुँदै आएको छ । आधारभूततहकक्षा १-३ सम्ममा सबैभन्दाप्रभावकारी विधिप्रतिको उहाँको धारणायस्तो रहेको छ -"मचाहिँ सबैभन्दा राम्रो प्रदर्शन विधिलाई नै ठान्छु । यस विधिमासिकारुलाई खेल सामग्री देखाएर, प्रदर्शन गरेर चिनाउनलगाइयो भने उनीहरूले यो यो भनेर चिन्ने भएकाले मलाई प्रदर्शन विधि नै उपयुक्तलाग्दछ ।" सिकाइमाछलफलविधिलाई पनि राम्रो र प्रभावकारी विधिका रूपमालिइएको छ ।

शिक्षक सातकाअनुसार म र मेरो परिवार विषयक्षेत्र सिकाइमाछलफल, प्रदर्शन, व्याख्या र अवलोकन विधिलाई प्रयोग गर्ने गरिएको छ । सबैभन्दाप्रभावकारी विधिकुनहो भन्ने प्रश्नमाउहाँको प्रतिक्रियायस्तो रहेको छ -"कक्षा १ भनेको सानाविद्यार्थी भएको कारणले विभिन्नविषयवस्तु प्रदर्शन गर्दा सिकाइआकर्षक हुने गर्छ । विद्यार्थीलाई क्रियाकलापवाचन गर्न लगाउने, आफूले भन्दामोबाइलबाट सुनाएर सिकाउँदाछिटो सिक्ने भएकोले छलफल र प्रदर्शन विधिप्रभावकारी लाग्दछ ।" कवितासिकाइमा सुरुमाआफैँले वाचन गर्ने, त्यसपछि सँगसँगै वाचन गर्ने र अन्त्यमाएकलवा सामूहिक रूपमाकविताको सिकाइ सञ्चालन गराउने गरिएको छ । विद्यार्थीलाई चित्र देखाएर चित्रको वर्णन गराइएको छ । कथा, संवाद र कार्यमूलकव्याकरणसिकाइमाविद्यार्थीलाई नै पढ्न लगाउने र नसकेमाशिक्षकआफैँले थप सहयोग गरेर सिकाइ सहजीकरण गरिएको छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारको विश्लेषणः** अनुसन्धानमाअन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत प्रयोग गरिने शैक्षणिकविधिहरूमाशिक्षकएकद्वारा गीत, खेल, अभिनय र अन्तर्क्रियाविधिको प्रयोग गरिएको पाइँदैन । सिकाइमा सूचनाप्रविधिका साधनको समेत प्रयोग भएको भएसिकाइप्रभावकारी हुने देखिन्छ । कक्षा १ माकक्षाशिक्षणभएकोले आवश्यकताअनुसार कठिनभएको विषयलाई बढी समय दिने र सोहीअनुसार सिकाइक्रियाकलाप सञ्चालन गर्ने गरिएको छ । शिक्षक चारले प्रदर्शन र छलफलविधिलाई सबैभन्दाप्रभावकारी विधिठानेको छ । सिकाइमामोबाइलबाटगीत, कविता र कथा सुनाएर सिकाइ सहजीकरण गर्ने गरेकोले विद्यार्थीलाई सिक्न सजिलो भएको छ । शिक्षक सातको धारणापनि अरू शिक्षकको जस्तै समान रहेको छ ।

सिकाइ सहजीकरणविधिको उपयोग गर्ने सन्दर्भमाप्रायःशिक्षकहरूबिच समानता नै देखिएको छ तर केहीविधिमाभने भिन्नता रहेको छ । कक्षा १ को नेपालीविषयअन्तर्गत म र मेरो परिवार विषयक्षेत्रमाप्रयोगमाल्याइएकाविधिहरूमापाठ्यक्रममाव्यवस्थाभएकाविधिहरूको अध्ययन र प्रयोगमाकमीभएको छ । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइविधिहरूको उपयुक्तताकाआधारमासिकाइमाप्रयोग गर्नुपर्ने देखिन्छ । पुरानाशिक्षकहरूले पुरानो विधिअनुसार व्याख्याविधिको बढीप्रयोग गरेको देखिन्छभने केहीनयाँशिक्षकहरू पनि पुरानै विधिलाई पछ्याउनखोजेको र पाठ्यक्रमप्रतिअद्यावधिकहुननसकेको अवस्था देखिन्छ । शिक्षकले विद्यार्थीलाई आफैँसिक्ने वातावरणसिर्जना गर्नुपर्नेमात्यसो हुन सकेको छैन । सिकाइप्रक्रियाविद्यार्थीकेन्द्रित र क्रियाकलापमुखीबन्न सकेको छैन । सिकारुलाई अधिकतम रूपमासिकाइमा सरिक गराएर सिकाइ सञ्चालन गरिनु आवश्यक छ ।

***कक्षादुईमा नेपालीविषयको सिकाइ सहजीकरण***

कक्षा २ को नेपालीविषयको कार्यपुस्तकभित्रएघारओटाविषयक्षेत्र छन् । तीमध्ये पहिलो विषयक्षेत्र म र मेरो परिवार हो । यस विषयक्षेत्रअन्तर्गत दुईओटापाठ रहेका छन् । पाठएकमा सत्रओटाक्रियाकलापहरू समावेश छन् । पाठमाविद्यालयतथा समुदायमाप्रयोग हुने शब्द, समानध्वनिभएकाशब्दको पहिचान, उच्चारण, हाउभाउ, गति, यति र शुद्धतासहितकवितापठन, अनुच्छेद पठन र दोहोरो सञ्चार क्रियाकलापछन् । यसका साथै चित्रतथावस्तुको पहिचान, शब्दनिर्माण, लिङ्ग, वचन, पुरुष, आदर मिलाई बोल्ने र लेख्ने

क्रियाकलापकालागिविभिन्नविधिहरू उल्लेख गरिएको छ । शिक्षकले म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाप्रश्नोत्तर, छलफल, अवलोकन, कथाकथन, गीत, भ्रमण, प्रदर्शन, अन्तर्क्रिया, अभिनय, खेल र सिर्जनात्मकविधिहरूको उपयोग गरेको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचार:** अनुसन्धानमामार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कअनुसार म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाप्रयोग गरेका सिकाइ सहजीकरणविधिहरू कुनकुनहुन् भन्ने प्रश्नको जवाफमाशिक्षकदुईले छलफल, प्रश्नोत्तर, अवलोकन, सिर्जनात्मककार्य, खेल, कथाकथन, गीत, अन्तर्क्रिया, भ्रमण र प्रदर्शन विधिप्रयोग गरेको पाइन्छ । कवितासिकाइमाकथाकथन, गीत, छलफल र प्रश्नोत्तर विधिहरूको उपयोग गरिएको छ । कथा र संवादसिकाइमा कुराकानीलाई अभिनयात्मककथनविधिको प्रयोग गरिएको छ । चित्रसिकाइमाविद्यार्थीलाई विभिन्नचित्रप्रदर्शन गर्दै प्रदर्शन विधिद्वारा सिकाइ गर्ने गरिएको छ । शिक्षकछकाअनुसार सिकाइकाक्रममाशिक्षकले छलफल, प्रश्नोत्तर, कथाकथन, प्रदर्शन, अभिनय, अन्तर्क्रिया, खेल, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र सामग्रीकेन्द्रितविधिहरूको उपयोग गरिएको छ । कवितासिकाइमाअभिनय, छलफल, प्रश्नोत्तर, कथा र संवादसिकाइमाकथाकथन, प्रदर्शन, भ्रमण, प्रश्नोत्तर, छलफल, प्रवचन, समस्या समाधानविधिहरूको प्रयोग भएको छ । कार्यमूलकव्याकरणसिकाइमाआगमन, निगमन र प्रत्यक्षभाषा संसर्ग विधिको प्रयोग भएको छ ।

शिक्षकआठअनुसार शिक्षणमाप्रयोग गर्ने सिकाइ सहजीकरणविधिहरूमाश्रुतिकथन, श्रुतिवर्णन, श्रुतिरचना, शब्दउच्चारण, कुराकानी, अवलोकन, सस्वरवाचन, छलफल, अनुलेखन, चित्रवर्णन, प्रश्नोत्तर र शिक्षातथामानव स्रोत विकास केन्द्रबाटतयार गरिएको सिकाइ चौतारी कार्यक्रमको सहायतालिई विधिहरूको प्रयोग गरिएको छ । कवितासिकाइमाशुद्धोच्चारण, आदर्शवाचन, सस्वरवाचन, समूहवाचन, एकलवाचनअर्थात्आइ डू, वि डू र यू डूको सिद्धान्तअवलम्बन गरिएको छ । कथा र संवादसिकाइमाशुद्धोच्चारण, कथाकथन, शब्दार्थ, वाक्यमाप्रयोग, श्रुतिरचना, श्रुतिलेखन, प्रश्नोत्तर, सामान्यशब्ददिएर कथा लेखनमाअभ्यास गर्ने सिकाइविधिहरू प्रयोग भएको छ । कार्यमूलकव्याकरणसिकाइमाभने आगमन, भाषा संसर्ग र भाषापाठ्यपुस्तकविधिको उपयोग भएको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारको विश्लेषण:** अनुसन्धानमामार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्ककाआधारमाविश्लेषणगर्दा शिक्षकदुईले म र मेरो परिवार विषयक्षेत्रको

पाठ १ सिकाइमाअपनाउने सहजीकरणविधिहरूको मार्गनिर्देशक प्रश्नावलीमाउल्लिखितविषयलाई अधिकांशकक्षाकोठाको सिकाइकाक्रममाव्यावहारिक रूपमाउतारेको पाइन्छ । शिक्षकले खेल विधिलाई उल्लेख गरे पनिसिकाइमाप्रयोगमाल्याएको पाइँदैन । श्रव्यवाच्यमाआधारित सिकाइ सहजीकरण र प्रविधियुक्तकक्षाको उपयोग गरेको पनिपाइँदैन । सिकाइ सहजीकरणमाआगमन, उदाहरण र प्रयोग विधिहरूको प्रयोग भएको छ तर खुलाप्रश्नावलीमाभने उल्लेख गरेको पाइँदैन । मार्गनिर्देशक प्रश्नावलीमाउल्लिखितविधिहरूलाई सिकाइमाप्रयोग गरिए तापनि खेल, समस्या समाधान र अन्तर्क्रियाजस्ताविधिहरू समावेश गर्न सकेको छैन ।

शिक्षकछले मार्गनिर्देशक प्रश्नावलीमाविद्यार्थीकेन्द्रितविधिभनीउल्लेख गरेको पाइन्छ । सिकाइमाउदाहरण, प्रयोग, श्रव्यवाच्यमाआधारित सिकाइ सहजीकरण, प्रविधियुक्तकक्षाजस्ताविधिहरूको प्रयोग गर्न छुटाएको छ । शिक्षकआठकाअनुसार मार्गनिर्देशक प्रश्नावलीमाप्रायः म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत प्रयोग हुने सिकाइविधिहरूको उल्लेख गरिएको छ । यसरी हेर्दा शिक्षकहरू शिक्षणसिकाइमा अझै पनिप्रविधिको उपयोग गरी सिकाइ सहजीकरण सञ्चालन गर्न सकिरहेको देखिँदैन । पाठ्यक्रममाउल्लिखितविधिहरूको गहनअध्ययन गरी सिकाइ सहजीकरणकाक्रममाउपयोगमाल्याउनु आवश्यक छ । शिक्षकले सिकाइमाविद्यार्थीकेन्द्रितविधिको प्रयोग गर्नुपर्छ र सिकारुलाई अधिकतम रूपमासिक्ने वातावरणतयार गरी अन्तर्क्रियात्मक ढङ्गले सिकाइ सञ्चालन गर्नुपर्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाः** अनुसन्धानमाउत्तरदाताशिक्षकहरूको कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कअनुसार म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाशिक्षकले अपनाएकासिकाइविधिहरूको अवलोकन गरिएको छ । शिक्षकतीनले पाठ एकसिकाइकाक्रममामार्गनिर्देशक प्रश्नावलीअनुसार सिकाइविधिहरू उपयोगमाल्याइएको छ । पाठएकमा सत्रओटाक्रियाकलापहरू समावेश छन् । शिक्षकले पहिलो दिनक्रियाकलाप एकको सिकाइ सहजीकरणप्रक्रिया सञ्चालन गरेको छ । क्रियाकलापएकमा लय मिलाई वाचन गर्ने क्रियाकलापभएकोमागीत, आगमन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया, उदाहरण र प्रयोग विधिहरूको प्रयोग गरेको छ । क्रियाकलापदुई र तीनमाचित्रवर्णन तथा समूहमाबसीपारिवारिक सदस्यकाबारेमावर्णन गर्ने कार्यमाआगमन, समस्या समाधान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया, उदाहरण र प्रयोग विधिहरूको प्रयोग भएको छ ।

शिक्षकले यसै गरी क्रियाकलाप चार र पाँचमापाठपढीशब्दटिपोट एवम् छलफल राखिएको हुनाले यसमाआगमन, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, उदाहरण र प्रयोग विधिहरूको प्रयोग भएको पाइन्छ । क्रियाकलाप छ र सातमावाक्यनिर्माण रहेकोमाआगमन, छलफल, प्रश्नोत्तर, प्रदर्शन र अन्तर्क्रियाविधिकोउपयोग गरिएको छ । क्रियाकलापआठ, नौ र दशमामुसो बिरालो कथाएवम् अन्त्यमाउस्तै ध्वनिभएकामिल्दाशब्द लेख्ने क्रियाकलापअन्तर्गत भूमिकानिर्वाह, समस्या समाधान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया,स्वाध्ययन र उदाहरणविधिको प्रयोग गरिएको छ । त्यसैगरी क्रियाकलापएघारदेखि सत्रसम्मपनिशिक्षकले उल्लिखितविधिहरूको प्रयोग गरी सिकाइ सहजीकरणप्रक्रिया सञ्चालन गरेको पाइन्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाको विश्लेषणः** अनुसन्धानमाउत्तरदाताशिक्षकहरूको कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममामार्गनिर्देशक प्रश्नावलीमाउल्लेख भएअनुसार अधिकांशविषयलाई सिकाइकाक्रममा व्यवहारमाउतारेको पाइन्छ ।शिक्षकले सिकाइ सहजीकरणमापाठएकअन्तर्गतका सत्रओटाक्रियाकलापको सिकाइमाआठघण्टीबिताउँदासम्मपनि सूचनाप्रविधिका साधनको उपयोग गरी सिकाइभएको पाइँदैन । सिकाइकाक्रममाक्रियाकलापअनुसार उपयुक्तविधिछनोट गरे तापनिपाठको प्रकृतिअनुरूप श्रव्यवाच्यको प्रयोग गर्नु राम्रो मानिन्छ । विद्यार्थीलाई उत्साहितबनाउँदै पूर्वज्ञानमाआधारित भई सिकाइ सहजीकरणगर्दा पनि अझै शिक्षक नै बढीसक्रियभएको पाइन्छ । पाठ्यक्रमले तय गरेका उपयुक्तविधिहरूसमेत कक्षाकोठाको सिकाइमाप्रयोग गरी सिकाइ सञ्चालन गर्नु आवश्यक छ । विद्यार्थीलाई समूहमाविभाजन गरी छलफलतथाअन्तर्क्रियाको प्रयोग गरी सिकाइ सञ्चालन गरेमासिकाइथपप्रभावकारी हुन्छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारः** अनुसन्धानमाअन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कअनुसार म र मेरो परिवार विषयक्षेत्र सिकाइमातपाईंले कुनकुन शैक्षणिकविधिहरूप्रयोग गर्नुभएको छ ?भन्ने प्रश्नमाशिक्षकदुईले प्रश्नोत्तर, छलफल, गीत, प्रदर्शन र अभिनयविधिहरूको प्रयोग गर्ने गरेको पाइन्छ । वाक्यनिर्माणकार्यलाई सिकारुको दैनिकव्यवहारसँग उपयोगीहुने विषयवस्तुलाई जोडेर सिकाइ गरिएको छ । शिक्षकपाँचकाअनुसार सिकाइमागीत, प्रदर्शन, छलफल, प्रश्नोत्तर, अभिनय, उदाहरण र कथाकथनविधिहरूको उपयोग गरिएको छ । यो विषयक्षेत्र सिकाइमा सबैभन्दाप्रभावकारी विधिकुनहो ?भन्ने प्रश्नमायस्तो प्रतिक्रियापाइन्छ-“प्रदर्शन

विधिमातस्वीरहरूप्रत्यक्षरूपमा हेर्न पाइन्छ । त्यसपछिभिडियो रेकर्डहरूपनिप्रत्यक्षरूपमा हेरेर सिक्नपाइन्छ । त्यहीँभएर मलाई प्रदर्शन विधिउपयुक्तलाग्छ र प्रयोग पनिगर्दछु ।" चित्रसिकाइमाचित्रवर्णन विधिप्रयोग गरेर सिकाउने गरिएको छ । संवादसिकाइभूमिकानिर्वाह विधिबाटसिकाउने गरेको पाइन्छ । कवितासिकाइप्रतियस्तो धारणा छ-"म सुरुमानमुनाको रूपमावाचनगर्छु, विद्यार्थीलाई ध्यानदिएर सुन्न लगाउँछु । विद्यार्थीलाई पनिवाचन गर्न उत्प्रेरित गरी क्रमिकसिकाइ रणनीतिको उपयोग गर्छु ।" कथासिकाइमाकथाकथन र प्रश्नोत्तर विधिको उपयोग भएको छ ।

शिक्षकआठकाअनुसार म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत आगमन, प्रश्नोत्तर, छलफल र परियोजनाविधिहरूको प्रयोग गरिएको छ । यसमाध्वनिसचेतीकरण गराउने, लेख्यवर्ण सचेतीकरण गराउने, पाठको प्रकृति हेरेर अनुलेखन, श्रुतिलेखनको अभ्यास गराइएको छ । यससम्बन्धीथपप्रतिक्रियायस्तो रहेको छ-"सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धितभएर तीक्रियाकलापलाई विद्यार्थीको क्षमताअभिवृद्धि गर्नका लागि मैले जानेसम्मका र त्यसलाई थप सहयोग गर्नका लागिशिक्षातथामानव स्रोत विकास केन्द्रको लर्निङ पोर्टल कार्यक्रम हेरेर पनिसिकाइविधिहरू चयन गर्दछु ।" यस विषयक्षेत्र सिकाइकालागिआगमनविधि सबैभन्दाप्रभावकारी भएको पाइन्छ । आगमनविधिसम्बन्धीको धारणायस्तो छ-"विद्यार्थीलाई आगमनविधिबाटकुनै पनिपाठहरू शिक्षणगर्दा एकै पटकविषयवस्तुमानगई उसले जानेका विषयकाआधारमाउदाहरणदिई नियमतिर लाने गर्दछु ।" कक्षा २ का बालबालिकालाई क्रियाकलापमाभएकाचित्रहरू प्रस्तुतगर्दै त्यसैका आधारमावर्णन गराउँदै छलफल, प्रश्नोत्तर र अन्तर्क्रियाविधिको प्रयोग गरेको पाइन्छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारको विश्लेषणः** अनुसन्धानमाअन्तर्वार्ताबाटप्राप्ततथ्याङ्ककाआधारमाविश्लेषणगर्दा म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत शिक्षकदुईद्वारा छलफल, प्रश्नोत्तर, गीत, प्रदर्शन र अभिनयविधिको प्रयोग गरिएको छ । शिक्षकले सिकाइकाक्रममाउपयोगमाआउने सिकाइविधिहरूसम्बन्धीखासै अध्ययन गरेको पाइँदैन । सिकाइ सहजीकरणविधिहरूसँग सम्बन्धितप्रश्नमाशिक्षक नै अलमलमा परेको पाइन्छ । शिक्षकले सिकाइ सहजीकरणमाप्रयोग हुने विधिहरूप्रतिचासो राखीसिकाइक्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ । शिक्षक पुरानै शिक्षककेन्द्रितविधिको प्रयोगमा नै अभ्यस्तभएको

पाइन्छ । शिक्षकपाँचसिकाइविधिहरूप्रति केही सचेत रहेको पाइन्छ तर पनिअन्तर्क्रियात्मक ढङ्गले सूचनाप्रविधिको प्रयोग गरी सिकाइभएको पाइँदैन ।

शिक्षकले विषयवस्तुको पर्याप्त तयारी गरी क्रियाकलापअनुसारका उपयुक्तविधिहरू छनोट गर्नु आवश्यक देखिन्छ । शिक्षकआठले सबैभन्दाबढीआगमनविधिलाई जोड दिएको छ तर प्रदर्शन, अन्तर्क्रिया, छलफल र प्रविधियुक्तकक्षाजस्ताविधिहरू छुटाएको छ । यसरी म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतको पाठएकको सिकाइकाक्रममाशिक्षकले उपयोग गर्ने सिकाइ सहजीकरणविधिहरूको बारेमा सचेत भई सिकाइ सञ्चालन गर्नुपर्ने हुन्छ । सिकाइमाश्रव्यवाच्यको उपयोग गर्नु आवश्यक छ । शिक्षकले सिकारुलाई समाजसँग जोडेर सिर्जनात्मककार्यमा सरिक गराउनु पर्दछ ।

***कक्षातीनमा नेपालीविषयको सिकाइ सहजीकरण***

कक्षा ३ को नेपालीविषयमाएघारओटाविषयक्षेत्र समावेश छन् । पहिलो विषयक्षेत्र म र मेरो परिवार हो । यस विषयक्षेत्रअन्तर्गत दुईओटापाठछन् । पाठएकमा चौधओटाक्रियाकलापछन् । यो विषयक्षेत्र मेरो नेपाली, माइ इङ्लिस र हाम्रो सेराफेरो विषयभित्रबहुविषयकढाँचामाएकीकृत गरिएको छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारः** मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कका आधारमाकक्षा ३ को म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममा के कस्ताविधिहरूको प्रयोग गरिएको छ ?भन्ने प्रश्नको उत्तरमाशिक्षकतीनको यस्तो जवाफ रहेको छ-“तल्लाकक्षाहरूमाअध्यापन गराउँदामनोरञ्जनात्मकक्रियाकलापअपनाई सिकाइ गर्न सक्दासिकाइउपलब्धिमूलकबनाउन सकिन्छ । यसअन्तर्गत मैले शिक्षणविधिहरूमध्ये विद्यार्थीकेन्द्रितविधिमा जोड दिने गर्दछु ।” शिक्षकले कवितासिकाइमाआगमन, उदाहरण, प्रयोग, श्रव्यवाच्य र समस्या समाधानविधिको प्रयोग गरेको पाइन्छ । विद्यार्थीलाई विषयक्षेत्रमा समावेश रहेका क्रियाकलाप गराउँदाकार्यमूलकव्याकरणपनिउल्लेख गरिएको छ । व्याकरणसिकाइमा धेरै विधिहरू भएपनि सानाकक्षामाविशेष गरी पाठ्यपुस्तक र कार्यमूलकविधिप्रयोग गरिएको छ । यससम्बन्धीशिक्षकतीनको प्रतिक्रियायस्तो छ-“भाषाप्रयोगमा व्याकरणको महत्त्वपूर्ण स्थानहुन्छ । भाषालाई उत्कृष्टबनाउने कार्य व्याकरणले गर्दछ । त्यसैले भाषाप्रयोग व्याकरणसम्मत् हुनुपर्दछ

।" यसरी शिक्षकले सिकाइ सहजीकरणक्रियाकलापप्रभावकारी रूपमा नै सञ्चालन गरेको पाइन्छ ।

कक्षा ३ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्र शिक्षणमाकुनकुनसिकाइविधिको उपयोग गर्नुभएको छ ?भन्ने प्रश्नमाशिक्षकपाँचद्वारा अभिनय, प्रदर्शन, प्रश्नोत्तरजस्ताविधिहरूको उपयोग गरिएको पाइन्छ। कवितासिकाइमाभने प्रवचन र खोज विधिको प्रयोग भएको छ। कथा र संवादसिकाइमाउपयोग गर्ने विधिसम्बन्धीयस्तो धारणापाइन्छ-"प्रवचन र अभिनयविधिको प्रयोग गर्ने गरेको छु । उपयुक्तभाषाप्रयोग गरी कथालाई प्रवचनविधिबाट नै छलफल गराई सिकाइक्रियाकलाप, कुराकानी र प्रश्नोत्तरसमेत गरेको छु ।" शिक्षक नौका अनुसार सिकाइ सहजीकरणमाछलफल, प्रश्नोत्तर र प्रदर्शन विधिहरूको प्रयोग गरिएको छ । कथा र संवादसिकाइकालागिकथाकथन, छलफल र प्रश्नोत्तर विधिहरूको प्रयोग गरिएको छ । कार्यमूलकव्याकरणसिकाइमाकुनकुनविधिउपयोग गर्नु भएको छ ?भन्ने प्रश्नमाप्रतिक्रियायस्तो पाइन्छ-"मैले व्याकरणशिक्षणगर्दा प्रदर्शन, प्रश्नोत्तर र खोज अनुसन्धानविधिको प्रयोग गर्दछु ।" यसरी शिक्षकहरूले सिकाइ सहजीकरणविधिहरूको पहिचान, छनोट र प्रयोग गरेको पाइन्छ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारको विश्लेषण:** अध्ययनकाक्रमबाटमार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा मुख्य गरी प्रश्नोत्तर, छलफल, अभिनय, आगमन, समस्या समाधान, उदाहरण र प्रयोग विधिहरूको उपयोग गरी म र मेरो परिवार विषयक्षेत्रको पाठएकको सिकाइ सञ्चालन गरिएको छ । शिक्षकतीनले पाठ्यक्रमले तोकेका सिकाइ सहजीकरणविधिहरू आंशिकमात्रै उल्लेख गर्न सकेको र विस्तृत जानकारी भएको पाइँदैन । शिक्षकद्वारा विद्यार्थीकेन्द्रितविधिहरू मात्रै भनिएको छ, विधिहरूतोकेर भन्न सकिएको छैन । यसरी पाठएकमा रहेका चौधओटाक्रियाकलापमा फरकफरक क्रियाकलाप समावेश गरिएकोमा सबै क्रियाकलापलाई समेटने किसिमकाविधिहरू छनोट गर्न सकेको देखिँदैन । सिकाइमा खेल, गीत, अन्तर्क्रियाजस्ताप्रभावकारी विधिहरूको प्रयोग भएको पाइँदैन।

शिक्षकपाँच केहीमात्रामापाठ्यक्रममा समावेश गरिएकाविधिहरूको बारेमा सचेत रहेको पाइन्छ तर पनिकविता, कथा, संवाद र कार्यमूलकव्याकरणमासिकाइविधिलाई सहीरूपमाउतार्न सकेको देखिँदैन । शिक्षक नौले पनिसिकाइ सहजीकरणविधिहरूमागीत, खेल र आगमनविधिहरूलाई समेटेको पाइँदैन । यसरी शिक्षकहरूले पाठ्यक्रममा समावेश

गरिएकासिकाइविधिहरूप्रति सचेत भई सिकाइ सहजीकरण सञ्चालन गर्नु आवश्यक छ । शिक्षकले सिकारुको रुचि, स्वभाव, पूर्वज्ञानमाआधारित भई सिकाइ सहजीकरणप्रक्रियाको प्रयोग गर्नुपर्छ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाः** अध्ययनकाक्रमबाटउत्तरदाताशिक्षकहरूको कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कअनुसार कक्षा ३ को नेपालीविषयअन्तर्गत म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममामार्गनिर्देशक प्रश्नावलीमा सहभागीशिक्षकहरूमध्ये शिक्षकदुईको कक्षाअवलोकन गरिएको छ । कक्षाअवलोकनमाखुलाप्रश्नावलीमाउल्लेख भएकाविधिहरूको प्रयोग सिकाइमा गरेको पाइन्छ । यस विषयक्षेत्रअन्तर्गत चौधओटाक्रियाकलापसमावेश छन् । तीक्रियाकलापलाई सातघण्टीमाकथाकथन, प्रश्नोत्तर, छलफल, अन्तर्क्रिया, उदाहरण, स्वाध्ययनजस्ताविधिहरूको प्रयोग गरी सिकाइ सहजीकरण गरिएको छ ।

शिक्षकले पहिलो क्रियाकलापलाई लय मिलाई वाचनमागीत, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया र स्वाध्ययनविधिहरूको उपयोग गरेको पाइन्छ । क्रियाकलापदुईमाचित्रवर्णन र क्रियाकलापतीनमापढाइतथा लेखाइसम्बन्धीकार्यका लागिप्रश्नोत्तर, छलफल, प्रदर्शन, प्रयोग, अन्तर्क्रियाजस्ताविधिहरूलाई उपयोगमाल्याएको पाइन्छ । क्रियाकलाप चार र पाँचमापालैपालो पढ्ने र वाक्यमाप्रयोग रहेकोमाशिक्षकले आगमन, भूमिकानिर्वाह, छलफल, प्रश्नोत्तर, अन्तर्क्रियाजस्ताविधिहरूको उपयोग गरी सिकाइ सञ्चालन गरेको पाइन्छ । शब्दचिनेर छुट्याउने र वाक्य परिवर्तन गर्ने कार्य क्रियाकलाप छ र सातमा समावेश गरिएको छ । यसकालागिपनिशिक्षकले माथिउल्लिखितविधिहरूको प्रयोग गरी सिकाइ सञ्चालन गरेको पाइन्छ । शिक्षकले अन्यक्रियाकलापहरूमापनि यिनै विधिहरूको उपयोग गरेको पाइन्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाको विश्लेषणः** अध्ययनमाउत्तरदाताशिक्षकहरूको कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा शिक्षकदुईका अनुसार कक्षा ३ को नेपालीविषयअन्तर्गत म र मेरो परिवार विषयक्षेत्र सिकाइमाप्रयोग भएकासिकाइ सहजीकरणमाआगमन, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, स्वाध्ययन र भूमिकानिर्वाह विधिहरू छन् तर पाठ्यक्रमले निर्दिष्ट गरेका अन्य खेल, कथाकथन, प्रविधियुक्तकक्षाजस्ताविधिहरूको उपयोग गरेको पाइँदैन । विषयवस्तुलाई प्रायःअन्तर्क्रियात्मकबनाउनुको साटो व्याख्यात्मकविधिकोबढीप्रयोग पाइन्छ । शिक्षकले चौधओटा फरकफरक क्रियाकलापकालागि

समानकिसिमकासिकाइ सहजीकरणविधिहरूको उपयोग गरेको पाइन्छ । शिक्षकले पाठ्यक्रमप्रति त्यति चासो राखेको पाइँदैन । शिक्षकले विद्यार्थीकेन्द्रितविधिहरूको उपयोग गरी पाठ्यक्रममाअद्यावधिकभई सिकाइ सहजीकरणकाविधिहरूको छनोट र प्रयोग गर्नु आवश्यक छ । सिकाइलाई अन्तर्क्रियात्मकबनाई भाषिकसिपहासिलहुने गरी सिकाइ सहजीकरण सञ्चालन गरिनु पर्दछ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारः** अध्ययनमाअन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कअनुसार कक्षा ३ को नेपालीविषयशिक्षणअन्तर्गत म र मेरो परिवार विषयक्षेत्र सिकाइ सञ्चालन गर्ने शिक्षकहरूसँग सम्बन्धितविद्यालयमागएर अन्तर्वार्ता लिने कार्य गरिएको छ । यसरी शिक्षकले प्रयोग गर्ने सिकाइविधिहरूमाअभिनय, प्रयोग, कथाकथन, प्रश्नोत्तर, छलफल, अन्तर्क्रिया, समस्या समाधान र स्वाध्ययनविधिहरूको प्रयोग भएको छ । शिक्षकतीनले प्रश्नोत्तर, छलफल, अभिनय, प्रदर्शन विधिको उपयोग गरी सिकाइ सहजीकरण गरेको पाइन्छ । सिकाइमा सबैभन्दाबढीप्रयोग गर्ने विधिमायस्तो प्रतिक्रिया छ-“प्रश्नोत्तर गर्दा आफूले पनिउनीहरूलाई प्रश्न गर्ने र उनीहरूले पनिजानेको उत्तर दिन्छन् । उनीहरूको उत्तर मिलेन भने आफूले बुझाउनपनि सकिन्छ ।” पाठमा रहेका क्रियाकलापको संवादशिक्षण कसरी गराउनु हुन्छभन्ने प्रश्नमायस्तो जवाफपाइन्छ- “संवादमा मैले विद्यार्थीलाई सुरुमाआफैँले अभिनय गरेर देखाउँछु, त्यसपछिउनीहरूलाई अभिनय गर्न प्ररित गर्ने गरेको छु ।” विद्यार्थीलाई अभिनयको माध्यमबाटपनिसिकाउन सकिन्छ ।

शिक्षकछले पाठ्यक्रमअन्तर्गत विधिहरूमा समावेश नभएको प्रवचनविधिको बढीप्रयोग गरेको पाइन्छ । कक्षा ३ मा सबैभन्दाप्रभावकारी विधिकुनहो ?भन्ने प्रश्नमायस्तो प्रतिक्रियापाइन्छ-“नेपालीविषयकारूपमाअभिनयविधिपनिमलाई उपयुक्तलाग्छ । त्यहाँको कतिपय सहजीकरणविषयवस्तुमाआधारित भएर सिकाइ गर्नको लागिकविताशिक्षण गर्नको लागिलयात्मकरूपमाअभिनयगर्दै खेल विधिबाट समेत सिकाउँदै आएको छु ।” विद्यार्थीहरूको बुझाइको क्षमता वृद्धिहोस् भन्नकालागि स्वाध्ययनविधिलाई समेत उपयोग गरेको पाइन्छ । विशेष गरी प्रवचन, प्रश्नोत्तर, अभिनय, स्वाध्ययन, खेल र प्रदर्शन विधिहरूको उपयोग गरी सिकाइ सहजीकरण गरेको पाइन्छ ।

शिक्षक नौले कक्षा ३ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाछलफल, प्रश्नोत्तर, गीत, प्रवचनआदिविधिहरूको प्रयोग गर्ने गरेको पाइन्छ ।

तपाईंले सबैभन्दाबढीप्रयोग गर्ने विधिकुनहो ?भन्ने प्रश्नमायस्तो प्रतिक्रिया छ-"प्रदर्शन विधिमाप्रत्यक्षचित्र देखाएर विषयलाई प्रस्ट पार्दछु र विद्यार्थीलाई प्रत्यक्ष हेर्ने अवसर मिल्यो ।" कथासिकाइमाप्रवचनविधिप्रयोग भएको पाइन्छ । क्रियाकलापको चित्रलाई प्रदर्शन गर्दै वर्णन गर्न लगाएको पाइन्छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारको विश्लेषण:** अध्ययनकाक्रममाअन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा शिक्षकतीनले विषयवस्तुप्रतिअद्यावधिकभई सिकाइ सहजीकरणविधिको प्रयोगमा केही सचेतताअपनाएको पाइन्छ । आफूले सिकाइगर्दै आएको विषयकाविधिहरूकाबारेमाशिक्षक नौ माअनभिज्ञतापाइन्छ । शिक्षक नौले कक्षा १ देखि ३ सम्मको नेपालीविषयशिक्षण गरे तापनिसिकाइ सहजीकरणविधिमा पुरानै प्रवचनविधिलाई बढीप्रयोग गरेको पाइन्छ । शिक्षक छ सिकाइविधिप्रति सचेत भएपनिप्रयोगका सन्दर्भमाभने अझै प्रस्ट हुन सकेको देखिँदैन ।

कक्षा ३ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाप्रयोग गर्ने विधिहरूमाशिक्षकहरू अलमलमा परेको पाइन्छ । कतिपयशिक्षकहरूले कामचलाउतरिकाले कक्षामासिकाइ सञ्चालन गरेको पाइन्छ । शिक्षकहरूले पाठ्यक्रमको अध्ययन गरी क्रियाकलापअनुसार सिकाइविधिहरू छनोट र प्रयोग गर्न सकेको देखिँदैन । केहीशिक्षकले प्रवचनविधिको प्रयोग गरी सिकाइ सञ्चालन गरेको पाइन्छ । शिक्षकहरूले श्रव्यवाच्यकाआधारमासिकाइ सहजीकरणको प्रयोग गरेको पाइँदैन । शिक्षकले विद्यार्थीलाई सक्रियबनाउँदै सिकाइका समानअवसरसहितसिकाइ सहजीकरण सञ्चालन गरिनु आवश्यक छ ।

**शिक्षकहरूद्वारा अपनाइएकासिकाइ सहजीकरणप्रक्रिया**

आधारभूततह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मासिकाइ सहजीकरणविधितथाप्रक्रियाहरूकाबारेमाउल्लेख गरिएको छ । यसमा नेपालीविषयशिक्षकहरूले सिकाइकाक्रममाप्रयोग गरेका सिकाइ सहजीकरणप्रक्रियाहरूको विश्लेषण गरिएको छ । यसमाकक्षा १ देखि ३ सम्मको म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाउपयोग गरिएकासिकाइप्रक्रियालाई मार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताका माध्यमबाट सामग्री सङ्कलन गरी विश्लेषणतथा प्रस्तुतीकरण गरिएको छ ।

***कक्षाएकमा नेपालीविषयको सिकाइ सहजीकरण***

मेरो नेपालीकक्षा १ माएघारओटाविषयक्षेत्र र तीसओटापाठहरू रहेका छन् । पहिलो विषयक्षेत्र म र मेरो परिवार हो । पहिलो विषयक्षेत्रभित्रतीनओटापाठहरू समावेश छन् । तीमध्ये यस अध्ययनमापाठएकअन्तर्गतकादशओटाक्रियाकलापलाई छनोट गरिएको छ । आधारभूततह (कक्षा १-३) को पाठ्यक्रममासिकाइ सहजीकरणविधितथाप्रक्रियाहरू उल्लेख गरिएको छ । नेपालीविषयको सिकाइकाक्रममानमुनावाचन, अनुकरण, सस्वरवाचन, द्रुतवाचन, चित्रनिर्माण, चित्रवर्णन, आकृतिनिर्माण, अनुलेखन, हस्तलेखन, धारणानिर्माण, व्यावहारिक लेखन, स्वतन्त्र लेखन, अनुमान, पूर्वानुमान, अवलोकन, समूहकार्य, तुलना, निष्कर्ष, प्रस्तुतीकरणजस्ताक्रियाकलापहरू प्रयोग भएको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारः** मार्गनिर्देशक प्रश्नावलीको तथ्याङ्ककाआधारमाकक्षा १ को नेपालीविषयसिकाइकाक्रममा म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत दशओटाक्रियाकलापमाविभिन्नसिकाइ सहजीकरणप्रक्रियाअवलम्बन गरिएको छ । शिक्षकएकले क्रियाकलापएकको लागिशुद्धोच्चारण, लयबोध, पठनबोध प्रक्रियाअपनाएको पाइन्छ । शिक्षकले कवितालाई आदर्शवाचन गरी सुनाउने, सस्वरवाचन गर्न लगाई अवलोकन गर्ने र शुद्धउच्चारणकालागिपटकपटक दोहोर्‍याउने गरेको पाइन्छ । यसका साथै शिक्षकले आवश्यक परे समूहमावाचन गर्न लगाउने र कवितासँग सम्बन्धितछोटाप्रश्न सोधीउत्तर भन्नलगाउनेजस्ताकार्यहरूभएको पाइन्छ । शिक्षकले सिकाइमापाठसँग सम्बन्धितचित्र देखाउँदै छलफल गराउने र भाव स्पष्टपारिदिनेजस्ताक्रियाकलाप सञ्चालन गरेको पाइन्छ । कथाको सिकाइमाकथाकथन, सारांशकथन, सस्वरपठन गरेर कथामाभएकापात्रघटनासम्बन्धीछलफलकामाध्यमबाटसिकाइ सञ्चालन गरेको पाइन्छ । संवादसिकाइमाभूमिकानिर्वाह गर्न लगाई उपयुक्त गति, यति, लय र हाउभाउसहित सस्वरवाचनप्रक्रियाअपनाएको पाइन्छ । विद्यार्थीलाई स्वतन्त्ररूपमाचित्रनिर्माण गर्न लगाई छलफल र प्रश्नोत्तरका माध्यमबाटचित्रको थपधारणादिएको पाइन्छ । शिक्षकले विद्यार्थीलाई कार्यमूलकव्याकरणसिकाउनकालागि गरिने क्रियाकलापहरूमा सूत्रद्वारा सिकाउने, भाषाको शुद्धप्रयोग गरी सिकाउने, उदाहरणद्वारा सिकाउने र पाठमाआधारित सामान्यशब्दको शुद्धउच्चारण गर्न लगाई विविधसिकाइक्रियाकलापबाटसिकाउने गरेको पाइन्छ ।

शिक्षक चारअनुसार कवितासिकाइकाक्रममा सहजकर्ता आफैँले गति, यति र लयसहितनमुनावाचन र सोको रेकर्ड गरी विद्यार्थीलाई सुनाउने गरेको पाइन्छ । कथा र संवादसिकाइमाभने चित्रमा देखाइएकाविषयवस्तुलाई बोध गराई प्रत्येक अनुच्छेद पढेर विद्यार्थीलाई सुनाएर छलफल र प्रश्नोत्तर गर्ने गरेको पाइन्छ । विद्यार्थीलाई चित्र देखाएर चिन्न र भन्नलगाई चित्रको सिकाइ सहजीकरण गरेको पाइन्छ । कार्यमूलकव्याकरणसिकाइमानयाँशब्दहरू निर्माण गरी आकार, उकार, ह्रस्व, दीर्घ छुट्याएर लेख्न र अध्ययन गर्न लगाएको पाइन्छ । शिक्षकले शब्दपत्तीको प्रयोग गरी लेखनको अभ्यास गराइएको पाइन्छ ।

शिक्षक सातअनुसार म र मेरो परिवार विषयक्षेत्र सिकाइमाप्रयोग गर्ने क्रियाकलापविद्यार्थीको रुचि, क्षमता र स्तरलाई मध्यनजर गरी विद्यार्थीकेन्द्रितसिकाइ सहजीकरणक्रियाकलाप सञ्चालन गरेको पाइन्छ । कक्षाकोठाको विविधताको व्यवस्थापन गरी सिकाइ सहजीकरणभएको पाइन्छ । कक्षाकोठालाई बालमैत्री रूपमाव्यवस्थापन गरी सिकाइ सहजीकरणभएको पाइन्छ । कवितालाई गीतकामाध्यमबाट प्रस्तुतभएको पाइन्छ । कथा र संवादसिकाइकालागिविद्यार्थीलाई मोबाइलको उपयोग गरी सानातथाछोटाकथा र संवादकानमुना प्रस्तुत गरी सिकाइ सञ्चालनभएको पाइन्छ । विद्यार्थीलाई चित्रप्रदर्शन गर्दै छलफलद्वारा सिकाइ सञ्चालन गरेको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारको विश्लेषण:** मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा कक्षा १ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाशिक्षकहरूले अपनाइएकासिकाइ सहजीकरणप्रक्रियामा धेरै शिक्षकहरूको विचारमा समानतापाइन्छ । शिक्षकएकले क्रियाकलापअनुसार सिकाइप्रक्रियानिकै हदसम्म सहीरूपमाउपयोग गरेको पाइन्छ । शिक्षक चारले अपनाउने क्रियाकलापहरू पाठ्यक्रमको गहनअध्ययननगरीकन सामान्यविषयमाबहकिने गरेको पाइन्छ । शिक्षकले क्रियाकलापअनुसार अपनाउने सिकाइ सहजीकरणप्रक्रियाकाबारेमाथपअध्ययन गरी सिकाइ सञ्चालन गर्नु आवश्यक छ ।

शिक्षक सातकाअनुसार सिकाइमाप्रयोग गरिने क्रियाकलापहरूमाविद्यार्थीकेन्द्रितक्रियाकलापद्वारा सिकाइ गर्नु राम्रो भएपनितीक्रियाकलापहरू

केके हुन् भनेर अलमलमा परेको पाइन्छ । शिक्षकले विविधताको व्यवस्थापन गरी बालमैत्रीकक्षाकोठामा कसरी सिकाइ गर्ने भन्ने प्रक्रियाकाबारेमाशिक्षक नै जानकार भएको पाइँदैन । शिक्षकले म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतको पाठएकको सिकाइमाअपनाउने सिकाइ सहजीकरणप्रक्रियाप्रति सचेत भई सिकाइ गर्नु सान्दर्भिक देखिन्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाः** उत्तरदाताशिक्षकहरूको कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्ककाआधारमाकक्षा १ को नेपालीविषयशिक्षणको क्रममा म र मेरो परिवार विषयक्षेत्र सिकाइमाकस्ताकस्तासिकाइ सहजीकरणप्रक्रियाप्रयोग भएकाछन् भन्ने प्रश्नको उत्तर खोजीको लागिकक्षाअवलोकन गरिएको छ । मार्गनिर्देशक प्रश्नावलीमा सहभागीशिक्षकएकको म र मेरो परिवार विषयक्षेत्रको पाठएकको कक्षाअवलोकन गरिएको छ । मार्गनिर्देशक प्रश्नावलीमाउल्लिखितकार्यलाई कक्षाकोठामाहुने सिकाइको व्यवहारमा धेरै नै उतारेको पाइन्छ । पाठमादशओटाक्रियाकलापहरू समावेश भएकोमाक्रियाकलाप एक र दुईका लागिअनुवाचन, अनुकरण, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रनिर्माण, चित्रवर्णन र प्रस्तुतीकरणक्रियाकलापहरू प्रयोग भएको पाइन्छ ।

शिक्षकले क्रियाकलापएकमा रहेको कवितासिकाइमाक्रमिकसिकाइ रणनीतिप्रयोग गरेको पाइन्छ । कवितावाचनमा सर्वप्रथमशिक्षकले लयबद्धवाचन, त्यसपछिशिक्षक र विद्यार्थी दुवैले सँगसँगै वाचन गर्ने अनिअन्त्यमाविद्यार्थीलाई मात्रवाचन गर्न लगाउने रणनीतिउपयोग गरेको पाइन्छ । यसकालागिधारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन, तुलना, कुराकानीजस्तासिकाइ सहजीकरणक्रियाकलापहरूको उपयोग गरेको पाइन्छ । क्रियाकलाप चार र पाँचको सिकाइमानमुनावाचन, अनुकरण, सस्वरवाचन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन, तुलनाजस्तासिकाइ सहजीकरणप्रक्रियाको उपयोग भएको पाइन्छ । क्रियाकलापछदेखि दशसम्मपनिशिक्षकले माथिउल्लिखितसिकाइ सहजीकरणप्रक्रियाहरूको उपयोग गरेको पाइन्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाको विश्लेषणः** कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा कक्षा १ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्रअर्न्तगतको पाठएकको शिक्षणमाशिक्षकले अपनाएको सिकाइ सहजीकरणप्रक्रियाहरू उपयुक्त नै देखिन्छ । शिक्षकले प्रत्येक क्रियाकलापमाविद्यार्थीलाई सक्षमताहासिल गराउने उद्देश्यले नै सिकाइप्रक्रियाहरू चयन

र प्रयोग गरेको पाइन्छ । कवितासिकाइमाक्रमिकसिकाइ रणनीतिअपनाइएको पाइन्छ । सिकाइक्रियाकलापछनोटमाशिक्षक केहीअलमलमा परेको पाइन्छ । शिक्षकले विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखीसिकाइप्रक्रिया सञ्चालन गर्नु उपयुक्तमानिन्छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारः** अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्ककाआधारमाकक्षा १ को म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत पाठएकमा केन्द्रित रहेर शिक्षकहरूसँग अन्तर्वार्ता लिइएको छ । शिक्षकले सिकाइकाक्रममाप्रयोग गर्ने सिकाइ सहजीकरणप्रक्रिया केके हुन् ?भन्ने जिज्ञासामाशिक्षकएकका अनुसार विद्यार्थी सामु शैक्षणिक सामग्रीप्रयोग गर्दै छलफल गरी विषयवस्तुलाई अगाडिबढाउने गरेको पाइन्छ । चित्रसिकाइप्रतिको प्रतिक्रियायस्तो छ-"चित्रको परिचय गराउँदाचित्र देखाई परिचय गराउँछु । उहाँहरू को हो ?यहाँनेर के गरिँदै छ ? यो के को चित्रहो भनेर प्रश्नोत्तर र छलफलविधिबाटसिकाइक्रियाकलापअगाडिबढाउने गरेकी छु ।" शिक्षक चारका अनुसार यस्तो उत्तर पाइन्छ-"मैले चाहिँ म र मेरो परिवार विषयक्षेत्रभित्रनमुनावाचन, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, अनुवाचन, अनुकरण, अनुलेखन, चित्रनिर्माण, अवलोकनजस्ताक्रियाकलापहरू अपनाई रहेकी छु ।" विद्यार्थीलाई धर्का तान्नलगाउने, चित्रबनाएर रङ भर्न लगाउने, धर्का चित्र लेखेर जोडामिलाउनेजस्ताक्रियाकलापभएको पाइन्छ ।

शिक्षक सातले कविता सुरुमाआफैँले वाचन गरेर विद्यार्थीलाई सुन्न लगाएको पाइन्छ । पाठमा रहेका चित्रलाई कसरी सिकाइ सञ्चालन गर्नुहुन्छ?भन्ने प्रश्नमायस्तो प्रतिक्रिया छ-"चित्र देखाउँछु । अनिचित्रहरू देखाई सकेपछि यो चित्र के हो ?भनी सोध्छु । यो चित्रको काम के हो ?यसले के गर्छ ?त्यो चित्र देखाएर कान, आँखाको चित्र हेरेर कुनचित्रमामिल्दैन, गोलो घेरा लगाऊभन्छु ।" यसरी चित्रको सिकाइ सहजीकरणप्रक्रियाअपनाएको पाइन्छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारको विश्लेषणः** अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा कक्षा १ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतको पाठ एकशिक्षणकाक्रममाअपनाइएकासिकाइ सहजीकरणप्रक्रियामा समानताभएपनि केहीभिन्नतापनि रहेको पाइन्छ । शिक्षकएकले सिकाइ सहजीकरणप्रक्रियाकुनकुनहुन् ?भन्ने प्रश्नमापाठको प्रकृतिअनुसार क्रियाकलापप्रयोग गर्ने भनी सतहीउत्तर दिइएको पाइन्छ । यसले सिकाइप्रक्रियाकाबारेमाशिक्षकको त्यति ध्यानपुग्न सकेको देखिँदैन । शिक्षकहरूले

पाठ्यक्रममातोकिएकाविधितथाक्रियाकलापहरू प्रयोगमाल्याएको भएपनित्यसलाई ठ्याक्कै बताउनअलमलमा परेको पाइन्छ ।

शिक्षक चारले विद्यार्थीलाई रोचक ढङ्गले अभिनय, खेल, प्रदर्शन र प्रश्नोत्तर विधिअन्तर्गतकाक्रियाकलापहरू प्रयोग गर्ने गरेको पाइन्छ । शिक्षकहरूले विद्यार्थीलाई स्थानीय परिवेश र सन्दर्भसँग जोडेर सिकाइ सञ्चालन गर्न नसकेको पाइन्छ । शिक्षक सात पनिसिकाइ सहजीकरणप्रक्रियामा केहीअलमलमा परेको पाइन्छ । शिक्षकहरूले कक्षाकोठामाविविधसिकाइप्रक्रियाप्रयोग गर्दै आएको भएपनित्यसको प्रस्तुतीकरणमा केही समस्याभएको पाइन्छ । शिक्षकले भाषिकसिप, शब्दभण्डार र अभिव्यक्तिशिक्षणकालागि समुहकार्य, नमुनावाचन, अनुकरण र मौखिक प्रस्तुतीकरणजस्ताक्रियाकलापअपनाउनु आवश्यक छ ।

*कक्षादुईमा नेपालीविषयको सिकाइ सहजीकरण*

कक्षा २ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत सत्रओटाक्रियाकलाप समावेश छन् । यीक्रियाकलापकासिकाइ सहजीकरणप्रक्रियामाशिक्षकहरूद्वारा लयबद्धवाचन, सस्वरवाचन, अवलोकन, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, चित्रवर्णन, धारणानिर्माणजस्ताक्रियाकलापहरू अपनाइएको पाइन्छ । यिनै क्रियाकलापकाआधारमाकक्षा २ को नेपालीविषयको सिकाइ सहजीकरणप्रक्रियाभएको छ । मार्गनिर्देशक प्रश्नावलीको तथ्याङ्कको आधारमाप्रायःशिक्षकहरूले अपनाएकाक्रियाकलापमाएकरूपतापाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारः** शिक्षकदुईका अनुसार सिकाइ सहजीकरणप्रक्रियाहरू विद्यार्थीहरूलाई सिकाइमासक्रियबनाई समूहमाक्रियाकलापअनुसार गतिशीलरूपमाबस्ने व्यवस्थामिलाएर सिकाइ सञ्चालन गरेको पाइन्छ । शिक्षकले विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तरका आधारमाक्रमिकसिकाइ रणनीतिलाई उपयोग गरी सिकाइ सहजीकरण गरेको पाइन्छ । उनकाअनुसार-"कार्यपुस्तकमा राखिएकानिर्देशनमा रहेका रङअनुसार जस्तै रातो रङ शिक्षकले पूर्णरूपमा, निलो रङ शिक्षकले आंशिकरूपमा, हरियो रङ दौंतरी सिकाइ र पहेलो रङका क्रियाकलापमाविद्यार्थीहरूलाई आफैँ गर्न लगाएर सिकारुलाई मार्गनिर्देशन र सहजीकरण गरेकी छु ।" कवितासिकाइमाकार्यपुस्तकमाभएको कविता गति, यति,

लय र हाउभाउसहित सुनाउने र व्यक्तिगततथा सामूहिकरूपमावाचन गर्न प्रेरित गरेको पाइन्छ ।

पाठमा रहेको कथा र संवादलाई सस्वरवाचनमार्फत आरोह अवरोहलाई ध्यानदिई सिकाइ सञ्चालनभएको पाइन्छ । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराई थपसिकाइको अवसरसमेत दिइएको पाइन्छ । चित्रको सिकाइ कसरी गर्नुहुन्छ?भन्ने प्रश्नमायस्तो प्रतिक्रियापाइन्छ-“चित्रप्रदर्शन गर्दै प्रश्नोत्तर गर्ने, यस क्रममा के, किन, कसरी कहाँभन्ने प्रश्न सोधीअनुमान गर्न लगाउँछु र विद्यार्थीलाई व्यक्तिगतरूपमाचित्रको बारेमाआफ्नो अभिव्यक्तिदिनप्रोत्साहितगर्दछु ।” कार्यमूलकव्याकरणसिकाइमा सङ्गतिकाआधारमाभाषाको लिखिततथामौखिकअभिव्यक्ति, क्रियापदको पहिचान र प्रयोग, कालकाआधारमाभाषिकप्रयोग, लेख्य चिह्नको पहिचान र प्रयोगसँग सम्बन्धितक्रियाकलाप गराएको पाइन्छ ।

मार्गनिर्देशक प्रश्नावलीको तथ्याङ्कअनुसार शिक्षकछले कवितासिकाइमा स्थानीय परिवेशमाप्रचलितलोक तथाबालगीतलयबद्धरूपमागाउँदै पाठप्रतिविद्यार्थीलाई प्रवेश गराएको पाइन्छ । कवितासिकाइसम्बन्धीयस्तो प्रतिक्रियापाइन्छ-“कार्यपुस्तकमा रहेको पुतलीझैँ बनेर कवितावात्यसको चार्ट प्रदर्शन गर्दै गति, यति, लय र हाउभाउसहितवाचन गर्ने र विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउने, त्यसपछिशिक्षक र विद्यार्थी दुवैले भन्ने र अन्त्यमाविद्यार्थी आफैलाई वाचन गर्न लगाउने कार्य गरेकी छु ।” यसरी हेर्दा कवितासिकाइमाक्रमिकसिकाइ रणनीतिको उपयोग भएको पाइन्छ । क्रियाकलापमाभएको कथासिकाइमा सस्वरवाचन गरी व्याख्या गरिएको पाइन्छ । स्थानीय परिवेशमा घटेका घटनाकथासँग सम्बन्धितकहानीहरू जोडेर सिकाउने गरेको पाइन्छ ।

शिक्षकले विद्यार्थीलाई पालैपालो अनुच्छेदहरूवाचन गर्न लगाएको पाइन्छ । सिकाइमाश्रव्य सामग्रीतथामल्टिमिडियाको उपयोग गरी विद्यार्थीको स्वरलाई रेकर्ड गराई कक्षामा सुनाउने राम्रो अभ्यास भएको पाइन्छ । चित्रसिकाइ सम्बन्धीयस्तो प्रतिक्रियापाइन्छ- “कार्यपुस्तकमा रहेका चित्रवाअन्य स्थानीय परिवेश झल्काउने चित्रपत्ती देखाउँदै विद्यार्थीलाई छलफल गर्न र चित्रमा देखिएकावस्तुहरूवर्णन गर्न लगाउँछु ।” सिकारुलाई दिगो र प्रभावकारी बनाउनपाठको प्रकृतिअनुसार उपयुक्तसिकाइ सहजीकरणप्रक्रियाअवलम्बन गरेको पाइन्छ ।

मार्गनिर्देशक प्रश्नावलीको तथ्याङ्अनुसार शिक्षकआठले म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाअपनाउने सिकाइ सहजीकरणप्रक्रियामाश्रुतिकथन, श्रुतिवर्णन, श्रुतिरचना, शब्दउच्चारण, कुराकानी, अवलोकन, सस्वरवाचन, छलफल, अनुलेखन, चित्रवर्णन, नमुनावाचन, अनुकरण, व्यक्ति जोडी, सानो समूहजस्ताक्रियाकलापहरूको उपयोग गरेको पाइन्छ । कवितासिकाइप्रतियस्तो प्रतिक्रियापाइन्छ-"शुद्धोच्चारण, आदर्शवाचन, सस्वरवाचन, समूहवाचन, एकलवाचनवाआई डू, वी डू र यू डूको सिद्धान्तअवलम्बनगर्दछु ।" पठनबोध, भावबोध, शब्दार्थ, अभ्यास र वाक्यमाप्रयोग र पठितकविताबाट सबैलाई प्रश्न सोधेको पाइन्छ । शिक्षकले सिकाइ चौतारी पोर्टल हेरी उपयुक्तनमुनालाई आधार लिई सिकाइ सञ्चालन गरेको पाइन्छ । कथासिकाइमाभने उपयोग गर्ने क्रियाकलापमाशुद्धोच्चारण, कथाकथन, शब्दार्थ, वाक्यमाप्रयोग, श्रुतिरचना, श्रुतिलेखन, प्रश्नोत्तर र सामान्यशब्ददिएर कथा लेखनको अभ्यास गराउने गरेको पाइन्छ । चित्रसिकाइ कसरी गर्नुहुन्छ?भन्ने प्रश्नमाजवाफयस्तो पाइन्छ- "सबैभन्दापहिलाचित्रअवलोकन गराउँछु । चित्रमा देखिएकावस्तु वा घट्नालाई पालैपालो भन्नलगाउँछु अनिचित्रवर्णन गर्न लगाउँछु । अन्त्यमाविद्यार्थीलाई कम्तिमापाँचओटावाक्यबनाउनसिकाउँछु ।" यसरी सिकारुलाई चित्रमार्फत भाषिकसिपको सिकाइ सहजीकरण सञ्चालन गरेको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारको विश्लेषण:** मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा कक्षा २ को नेपालीविषयको सिकाइ सहजीकरणप्रक्रियाहरू शिक्षकले सिकाइकाक्रममा के कस्ताअपनाएकाछन् भनीअध्ययनगर्दा कवितासिकाइमाक्रमिकसिकाइ रणनीतिको प्रयोग भएको पाइन्छ । सर्वप्रथमशिक्षकले कवितानमुनावाचन गरेको, त्यसपछिशिक्षक र विद्यार्थी सँगसँगै वाचन गरेको र अन्त्यमाविद्यार्थीलाई मात्रवाचन गर्न लगाइएको नमुनादायीकार्य पाइन्छ । विद्यार्थीलाई सिकाइमाउत्साहितरूपमालयबद्धवाचन, अनुकरण, अवलोकन, श्रुतिबोध, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, धारणानिर्माण, चित्रवर्णनजस्ताक्रियाकलापहरूको प्रयोग भएको पाइन्छ ।

विद्यार्थीको सिकाइलाई स्थानीय परिवेशसँग सम्बन्धित गराई सिकाइ सञ्चालन गर्ने प्रयास गरेको पाइन्छ । शिक्षकले विद्यार्थीलाई पाठसँग सम्बन्धितविषयवस्तु खोजीछलफलतथाअन्तर्क्रिया गरी क्रियाकलापमाविविधताअपनाएको पाइन्छ ।

शिक्षकक्रियाकलापहरूको अध्ययन र प्रयोगप्रति सचेत भएको पाइन्छ । शिक्षकहरूले सिकाइ सहजीकरणप्रक्रियामा समयअनुरूप अद्यावधिकभई सिकाइ सञ्चालन गर्नु आवश्यकहुन्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाः** कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्ककाआधारमामार्गनिर्देशक प्रश्नावली भरेका शिक्षकहरूमध्ये शिक्षकतीनको कक्षा २ को म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत पाठएकका सत्रओटाक्रियाकलापको कक्षाअवलोकन गरिएको छ । कक्षाअवलोकनकाक्रममाशिक्षकले अपनाएकासिकाइक्रियाकलापप्रायः सबै क्रियाकलापमाएकरूपता नै पाइन्छ । क्रियाकलापएकमाकविता रहेकोमानमुनावाचन, अनुकरण, धारणानिर्माण, अवलोकन, चित्रवर्णन, समूहकार्य र तुलनाप्रक्रियाको उपयोग भएको पाइन्छ । कवितालाई क्रमिकसिकाइ रणनीतिको अवलम्बन गरी सिकाइ सहजीकरण गरेको पाइन्छ । कवितालाई एकल र युगलदुवै रूपमा निरन्तरको अभ्यास गराएको पाइन्छ । सिकाइमाकमजोर भएकासिकारुलाई कक्षामा सहयोगात्मककक्षाको अवसर दिइएको पाइन्छ ।

क्रियाकलापदुईमाचित्रवर्णन र क्रियाकलापतीनमा समूहकार्य रहेकोमाधारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन, समूहकार्य, तुलना, प्रस्तुतीकरणजस्ताक्रियाकलापअपनाइएको पाइन्छ । शिक्षकले विषयवस्तुलाई खोजमूलक ढङ्गले विद्यार्थी सामु प्रस्तुत गराएको पाइन्छ । शिक्षकले पाठमाउल्लिखित सबै क्रियाकलापहरूमानमुनावाचन, अनुकरण, सस्वरवाचन, चित्रनिर्माण, धारणानिर्माण, अनुलेखन, स्वतन्त्र लेखन, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन, समूहकार्य, तुलना, निष्कर्ष, प्रस्तुतीकरण र द्रुतवाचनक्रियाकलापहरूको उपयोग गरेको पाइन्छ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाको विश्लेषणः** कक्षाअवलोकनबाटप्राप्ततथ्याङकलाई विश्लेषणगर्दा शिक्षकतीनले मार्गनिर्देशक प्रश्नावलीकाविषयलाई सिकाइमा राम्रोसँग उतारेको कक्षाअवलोकनमापाइन्छ । विद्यार्थीलाई सिकाइप्रतिसक्रियबनाउँदै पाठअनुसार समूहनिर्माण गरी नमुनावाचन, अनुकरण, सस्वरवाचन, धारणानिर्माण, चित्रवर्णन, अनुमान, अवलोकन, तुलना, निष्कर्ष, प्रस्तुतीकरणजस्ताक्रियाकलापको प्रयोग भएको पाइन्छ । प्रत्येक क्रियाकलापमाअपनाएकाक्रियाकलापमा समानताभएतापनि केहीमाभने फरक क्रियाकलापअपनाइएको पाइन्छ । क्रियाकलापअनुसार सहीप्रक्रियाछनोट गर्ने प्रयास भएपनि अझै शिक्षकले क्रियाकलापसम्बन्धीअध्ययन गरेर सिकाइ सहजीकरण गर्नु आवश्यक छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारः** अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई प्रस्तुतीकरणगर्दा कक्षा २ को नेपालीविषयशिक्षकहरूसँग अन्तर्वार्ता लिने कार्य गरिएको छ । तपाईंले म र मेरो परिवार विषयक्षेत्र शिक्षणमाअपनाएकासिकाइ सहजीकरणक्रियाकलाप केके हुन् ?भन्ने प्रश्नमाशिक्षकदुईले विद्यार्थीलाई छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया गराई शब्दपत्ती, वाक्यपत्तीको प्रयोगबाटअक्षर र वाक्यनिर्माणकाक्रियाकलापअपनाएको पाइन्छ । चित्रसिकाइमाचित्रबनाई प्रदर्शन गरेको पाइन्छ । चित्रमाआधारित भई प्रश्न गरी छलफल गराइएको पाइन्छ । वाक्यनिर्माणको सिकाइमाविद्यार्थीलाई धारणानिर्माण गरी सहज ढङ्गले दैनिकजीवनसँग जोडेर सिकाइक्रियाकलाप सञ्चालनभएको पाइन्छ । कवितासिकाइमालयबद्धवाचन, अनुकरण, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, अवलोकन, धारणानिर्माण र प्रस्तुतीकरणअपनाएको पाइन्छ ।

शिक्षकपाँचअनुसार सामान्यशब्दहरू लेख्न लगाएको पाइन्छ । कठिनशब्दहरूको लागि शैक्षणिक सामग्रीको उपयोग गरी शिक्षकको सहयोगबाटउच्चारण र लेखनको कार्य भएको पाइन्छ । कवितासिकाइमाक्रमिकसिकाइ रणनीतिको उपयोग भएको पाइन्छ । यसप्रतिशिक्षकको प्रतिक्रियायस्तो छ-“क्रमिकसिकाइ रणनीतिकविता र गीतमाप्रयोग गर्न सकिन्छ । सुरुमा म नमुनाको रूपमावाचन गरिदिन्छु । विद्यार्थीलाई सुन्न लगाउँछु । त्यसपछिविद्यार्थीलाई शिक्षक सँगसँगै पछ्याउनलगाउँछु । विद्यार्थीको समूहविभाजन गरी सिकाउने गरेको छु ।” सिकाइक्रियाकलापमाध्वनिसचेतीकरण र लेख्यवर्ण सचेतीकरणको उपयोग भएको पाइन्छ । कविताको पङ्क्तिको अन्त्यकाशब्दहरूसँग मेल खाने शब्दहरू उच्चारण गरेर पनिसिकाइ सञ्चालनभएको पाइन्छ ।

अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्का आधारमाशिक्षकआठले कवितासिकाइमाक्रमिकसिकाइ रणनीतिप्रयोग गरेको पाइन्छ । उनकाअनुसार- “विद्यार्थीको पूर्वज्ञानकति छ भनेर मूल्याङ्कन गरी पाठकाकठिनशब्दहरू शुद्धउच्चारण गर्न लगाई सकेपछिध्वनिसचेतीकरणकाकार्यसमेत गराउँछु ।” भन्ने प्रतिक्रिया रहेको छ । विद्यार्थीलाई लयबद्धरूपमाकवितावाचन गर्न लगाएको पाइन्छ । यस म्बन्धीथपप्रतिक्रियायस्तो छ-“विद्यार्थीलाई आइ डू, वी डू, यू डूको सिद्धान्तलाई अनुसरण गरी कवितासिकाउने गर्छु अनिथपप्रश्नमाछलफल गराउने, वाक्यमाप्रयोग गर्ने जस्ताक्रियाकलापअपनाउँदै आएको छु ।” संवादसिकाइकाक्रममा सस्वरवाचन, अनुवाचन,

धारणानिर्माण, अवलोकन, प्रस्तुतीकरणजस्ताक्रियाकलापको प्रयोग भएको पाइन्छ । चित्रलाई विद्यार्थीसामु प्रस्तुत गरी वर्णन गर्न लगाएको पाइन्छ । चित्रको सिकाइ सहजीकरणमाभाषाका चारओटै सिपहरूको विकास गराएको पाइन्छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारको विश्लेषणः** अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा शिक्षकहरूले कक्षा २ को म र मेरो परिवार विषयक्षेत्रको पाठ एकसिकाइकाक्रममाअपनाएकाक्रियाकलापहरूमाप्रायः समानता छ । शिक्षकदुईले कक्षा १, २ र ३ को नेपालीविषयशिक्षण गरे पनिसिकाइ सहजीकरणक्रियाकलापप्रति त्यति ध्यानदिन सकेको देखिँदैन । पाठ्यक्रमले निर्दिष्ट गरेका क्रियाकलापभन्दापनिबढीबहकिएको पाइन्छ । शिक्षकपाँचले विद्यार्थीलाई उपयुक्ततरिकाले क्रियाकलापको छनोट तथाप्रयोग गरेको पाइन्छ । शिक्षकआठले यस विषयक्षेत्रमा रहेका क्रियाकलापकालागि व्यावहारिक र कुशल ढङ्गले सिकाइक्रियाकलापउपयोग गरेको पाइन्छ । विद्यार्थीहरूलाई भाषिकसिपको विकास गराउनक्रियाकलापहरू सफलभएको पाइन्छ । शिक्षकहरूले परिवर्तित पाठ्यक्रमप्रतिअद्यावधिकभई सिकाइक्रियाकलापहरू अपनाउँदै आएको पाइन्छ ।

***कक्षातीनमा नेपालीविषयको सिकाइ सहजीकरण***

कक्षा ३ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्र शिक्षणमाशिक्षकहरूले अपनाएकासिकाइ सहजीकरणक्रियाकलापहरू सस्वरवाचन, चित्रपहिचान, चित्रवर्णन, मौखिकवर्णन, अवलोकन, लयबद्धवाचन, अनुकरणजस्ता रहेको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारः** मार्गनिर्देशक प्रश्नावलीशिक्षकतीनअनुसार सिकाइ सहजीकरणप्रक्रियाहरूमा सस्वरवाचन, चित्रपहिचान, मौखिकवर्णन, प्रश्नोत्तर, संवाद र छलफलक्रियाकलापउपयोगमाल्याएको पाइन्छ । कवितासिकाइमाविद्यार्थीलाई नै सर्वप्रथम गति, यति र लय मिलाई वाचन गर्न लगाउने र शिक्षकले आवश्यकथप सहजीकरणगरेको पाइन्छ । शिक्षकले कुनै कविताउदाहरणको रूपमावाचन गरी सुनाउने र विद्यार्थीलाई वाचनकालागि प्रेरित गरेको पाइन्छ । क्रियाकलापमाभएको कथाशिक्षणगर्दा कुनकुनक्रियाकलापअपनाउनु भएको छ भन्ने प्रश्नमायस्तो प्रतिक्रिया छ-"मैले पाठ्यपुस्तकमाभएकावाअन्यकथाबालबालिकालाई सुनाउने र यस्तै कथाहरूविद्यार्थीले आफूले सुनेका आधारमाभन्न प्रेरित गर्छु । यसका साथै कुनै घटनाको

आंशिकरूपलाई मौखिकतथा लेख्य रूपमाकथा पूरा गर्न प्रेरित गरेको छु ।" चित्रसिकाइमाचित्र सङ्कलन, प्रस्तुतीकरण, वर्णन र निष्कर्ष प्रक्रियाको प्रयोग भएको पाइन्छ । कियाकलापमाभएको संवादलाई छलफल गराई घटनाअनुरूपको अभिनयसमेत गरी विद्यार्थीलाई उत्प्रेरित गरेको पाइन्छ ।

शिक्षकपाँचले कुराकानी, शब्दोच्चारण, लयबद्धवाचनजस्ताक्रियाकलापहरू अपनाएको पाइन्छ । चित्रसिकाइमाचित्रको निर्माण र वर्णन गर्ने गरेको पाइन्छ । शिक्षक नौअनुसार कवितासिकाइकाक्रममा गति, यति, लय र हाउभाउसहितलयवाचनमा जोड दिएको पाइन्छ । यस क्रममा दृश्य वर्णन गर्ने, पारिवारिक, विद्यालयीय र सामाजिकगतिविधिमाप्रयोग हुने शब्द, शब्दका सुरु र अन्त्यकावर्ण छुट्याएर पढ्न र लेख्न लगाएको पाइन्छ । कवितासिकाइअन्तर्गत नै विद्यार्थीलाई दोहोरो सञ्चार गराई आदरसहितबोल्न सिकाएको पाइन्छ । कथा र संवादसिकाइकाक्रियाकलापमाविद्यार्थीलाई नै सहभागी गराई पात्रको भूमिकाअनुरूप शिक्षकले सहजीकरण गरेको पाइन्छ । कार्यमूलकव्याकरणसिकाइकालागिकुनकुनक्रियाकलापअपनाउनु हुन्छ?भन्ने प्रश्नको उत्तरमायस्तो प्रतिक्रिया छ-"व्याकरणसम्बन्धीजानकारी गराउँदै पालैपालो शब्दपत्ती र वाक्यपत्तीको प्रयोग गरी उच्चारण गर्न लगाउँछु । यो क्रियाकलापलाई दुई वातीनपटकदाहोऱ्याउने र प्रत्येक विद्यार्थीलाई प्रश्न गरी उनीहरूले नजानेमाबताई दिएर सहजीकरणगर्दछु ।" शिक्षकले भाषिकसिपविकासमापनि सहयोग पुग्ने सिकाइ सहजीकरणक्रियाकलापअपनाएको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्तविचारको विश्लेषण:** मार्गनिर्देशक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषणगर्दा म र मेरो परिवार विषयक्षेत्र शिक्षणकाक्रममाशिक्षकहरूले अपनाउने सिकाइ सहजीकरणप्रक्रियामा समानता नै पाइन्छ । केहीक्रियाकलापमाभने फरकपनपाइएको छ । पाठएकभित्र समावेश क्रियाकलापसिकाइमाशिक्षकले लयबद्धवाचन, अनुकरण, अवलोकन, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, चित्रवर्णन, अनुलेखन, सस्वरवाचनजस्ताक्रियाकलापहरूको उपयोग भएको पाइन्छ । शिक्षकतीनकाअनुसार सिकाइ सहजीकरणकाक्रममाअपनाउने प्रक्रियाहरू उपयुक्तपाइन्छ । शिक्षकपाँच र नौले गहनरूपमासिकाइ सहजीकरणक्रियाकलापहरूमाध्यान पुऱ्याउन सकेको देखिँदैन । शिक्षकहरूले

सिकाइकाक्रममाअपनाएकाक्रियाकलापहरू उपयुक्तभएपनिआवश्यकतानुसार थपसिकाइ सहजीकरणप्रक्रियाअपनाउनु पर्दछ ।

**कक्षाअवलोकनबाटप्राप्त सूचनाः** कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कलाई प्रस्तुतीकरणगर्दा मार्गनिर्देशक प्रश्नावलीमा सहभागीशिक्षकहरूमध्ये शिक्षकदुईको कक्षा ३ को म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतको पाठएकका चौधओटाक्रियाकलापको कक्षाअवलोकन गरिएको छ । कक्षाअवलोकनकाक्रममाप्रश्नावलीमाउल्लिखितविषयहरूलाई सिकाइ सहजीकरणकाक्रममाउपयोग गरिएको छ । पहिलो क्रियाकलापहाम्रो परिवार कविता रहेकोमानमुनावाचन, अनुकरण, धारणानिर्माण, अनुमान, अवलोकनजस्ताक्रियाकलापको उपयोग गरेको पाइन्छ । क्रियाकलापदुई र तीनको लागि सस्वरवाचन, अनुलेखन, धारणानिर्माण, अवलोकन, चित्रनिर्माण, चित्रवर्णन र अनुमानक्रियाकलापहरूको प्रयोग भएको पाइन्छ । क्रियाकलाप चार, पाँच, छ र सातमा सस्वर वाचन, अनुलेखन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकनजस्ताक्रियाकलापहरूको उपयोग गरेको पाइन्छ । यसरी नै अन्यक्रियाकलापहरूमापनिक्रियाकलापको प्रकृतिअनुरूप शिक्षकले लयबद्धवाचन, अनुकरण, सस्वरवाचन, चित्रनिर्माण, चित्रवर्णन, अनुलेखन, हस्तलेखन, धारणानिर्माण, स्वतन्त्र लेखन, अनुमान, अवलोकन, तुलना, निष्कर्ष, प्रस्तुतीकरण, उच्चारण, शब्दनिर्माण र वाक्यनिर्माणक्रियाकलापहरूको प्रयोग भएको पाइन्छ ।

**कक्षाअवलोबनबाटप्राप्त सूचनाको विश्लेषणः** उत्तरदाताशिक्षकहरूको कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा मार्गनिर्देशक प्रश्नावलीमा सहभागीशिक्षकदुईको कक्षाअवलोकन गरिएको छ । म र मेरो परिवार विषयक्षेत्रभित्रकाक्रियाकलापहरू शिक्षकले कक्षाकोठामासिकाइकाक्रममाउपयोगमाल्याएको पाइन्छ । शिक्षकले क्रियाकलापले अपेक्षा गरेका नमुनावाचन, अनुकरण, सस्वरवाचन, चित्रनिर्माण, अनुलेखन, चित्रवर्णन, धारणानिर्माण, स्वतन्त्र लेखन, अवलोकन, तुलना, निष्कर्ष र प्रस्तुतीकरणक्रियाकलापहरूको प्रयोग भएको पाइन्छ । समग्रमाशिक्षकहरूले सिकाइ सहजीकरणप्रक्रियाहरू उपयुक्त ढङ्गले प्रयोग गरेको पाइन्छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारः** अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई प्रस्तुतीकरणगर्दा कक्षा ३ को नेपालीविषयको म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत पाठएकमा रहेका

चौधओटाक्रियाकलापहरूमा केन्द्रित रहेर अन्तर्वार्ता लिने कार्य गरिएको छ । अन्तर्वार्तामाशिक्षकलाई सिकाइ सहजीकरणकाक्रममाकुनकुनक्रियाकलापहरू प्रयोग गर्नुभएको छ ?भन्ने प्रश्नमाशिक्षकतीनअनुसार भाषाकाआठओटातत्त्वलाई आधार मानीसिकाइक्रियाकलापप्रयोग गरेको पाइन्छ । कवितासिकाइप्रतिको प्रतिक्रियायस्तो छ-"मैले विद्यार्थीलाई कविता सुरुमाआफैँले वाचन गरी सुनाउने, त्यसपछि समूहमावाचन गर्न लगाउने र अन्त्यमाव्यक्तिगतरूपमाविद्यार्थीलाई वाचन गर्न लगाउने गरेको छु । शब्दको सुरु अक्षर हटाएर त्यसपछाडिअन्तिमअक्षर हटाएर त्यहाँबाटशब्दहरू निर्माण गराउने गरेको छु ।" संवादसिकाइमाभने सुरुमाशिक्षकले आफैँले अभिनय गरेर देखाउँदै विद्यार्थीलाई सोहीअनुरूप अभिनय गर्न प्रेरित गरेको पाइन्छ ।

शिक्षकछकाअनुसार शिक्षणकाक्रममाकथासिकाइमा सस्वरवाचन, शुद्धोच्चारण, अर्थ पहिचान, धारणानिर्माण, अवलोकनजस्ताक्रियाकलापहरूको प्रयोग भएको पाइन्छ । विद्यार्थीलाई उच्चारणसिकाइमा समस्या रहेको पाइन्छ । यससम्बन्धीयस्तो प्रतिक्रियापाइन्छ-"मातृभाषाको प्रभावले गर्दा खेरी उपयुक्त र सहीउच्चारण गर्न नसकिरहेको मैले पाएको छु ।" शिक्षक नौका अनुसार कविताशिक्षणमालयबोध र अनुकरणप्रक्रियाअवलम्बन गरेको पाइन्छ । चित्रसिकाइमाभने चित्रको प्रस्तुतिगर्दै मौखिक र लिखितरूपमावर्णन गराउने गरेको पाइन्छ । संवादसिकाइमापात्रसिर्जना गरी अभिनयद्वारा सिकाइ सहजीकरण सञ्चालन गरेको पाइन्छ ।

**अन्तर्वार्ताबाटप्राप्तविचारको विश्लेषणः** अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा शिक्षकहरूले म र मेरो परिवार विषयक्षेत्रमाअपनाउने सिकाइ सहजीकरणप्रक्रियामा केहीभिन्नतापाइन्छ । शिक्षकले पाठ्यक्रमको गहनअध्ययन गरी कक्षाकोठामाउपयोग गरेको पाइँदैन । शिक्षकतीन र छ सिकाइ सहजीकरणक्रियाकलापकाबारेमा केही सचेत देखिएपनिशिक्षक नौ ले भने खासै चासो दिएको पाइँदैन । विद्यार्थीलाई सिकाइ सहजीकरणमाआआफ्नै तरिकाले सिकाइक्रियाकलापहरू प्रयोगमाल्याएको पाइन्छ । कतिपयशिक्षकहरूमातालिमको कमीले सिकाइमाकठिनभएको पाइन्छ । शिक्षकहरूले कक्षामाअपनाउने सिकाइ सहजीकरणक्रियाकलापहरू योजनाबद्ध र सिकारुमैत्रीहुनु आवश्यक छ ।

**अध्याय सारांश**

प्रस्तुत अनुसन्धानको यस चौथो अध्यायमा म र मेरो परिवार विषयक्षेत्रमाप्रयोग भएकासिकाइ सहजीकरणविधिहरूमा केही सकारात्मक र केहीनकारात्मकपक्ष रहेको पाइन्छ । नेपालीभाषाशिक्षकहरूले सिकाइ सहजीकरणविधिमा केही परिवर्तन गरेर सिकारुलाई सक्रियबनाई उपयुक्तसिकाइविधिको प्रयोग गर्न थालेको पाइन्छ । यस विषयक्षेत्रभित्रकाक्रियाकलापहरूको सिकाइमा केही परिवर्तन गरिएको तर अझै पनिविद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी शैक्षणिकविधिहरू प्रयोगमाध्यान पुऱ्याउननसकेको पाइन्छ ।

शिक्षणमाप्रवचन, प्रदर्शन, छलफल, कथाकथनजस्ताविधिहरूलाई सबैजसो शिक्षकहरूले बढी जोड दिई सिकाइ गरेको पाइन्छ । आगमन, खेल, गीत, अन्तर्क्रिया, परियोजना, प्रविधियुक्तकक्षाको उपयोग गरी सिकाइ सञ्चालन गर्ने शिक्षकहरू न्यूनपाइन्छ । नेपालीभाषाशिक्षकहरूले पाठ्यक्रमकानिर्देशनहरूलाई पूर्णरूपमापालनानगरेको पाइन्छ । शिक्षकहरूले सिकाइ सहजीकरणप्रक्रियामाउपयुक्तविधिको चयन र प्रयोगकालागिपाठ्यक्रमको प्रयोग गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरूमाभाषिक सक्षमताविकासको लागिशिक्षकहरूले अपनाएका शैक्षणिकविधिहरू मात्रपर्याप्त भएको पाइँदैन । त्यसैले सामाजिक संरचनात्मकपक्षहरूलाई समेत ध्यानदिई शैक्षणिकविधिको सिकाइमाउपयोग गर्नुपर्ने आवश्यकता छ ।

शिक्षकहरूले शैक्षणिक सामग्रीको प्रयोग न्यूनरूपमा गरेको पाइन्छ । पुरानै विधिव्याख्याको उपयोग गरी शिक्षकबढीसक्रियभई सिकाइ सञ्चालनभएको पाइन्छ । शिक्षकहरूले श्रव्यवाच्यमाआधारित प्रविधिहरूको प्रयोग खासै गरेको पाइँदैन । पाठ्यक्रमले तोकेका शैक्षणिकविधिहरूलाई शिक्षकहरूले कक्षाकोठामाव्यावहारिक रूपमाउतार्नुपर्ने देखिन्छ । क्रियाकलापअनुसार उपयुक्त सामग्रीको प्रयोग गरी सिकाइ सहजीकरणप्रक्रियाअगाडिबढाउनुपर्छ । सिकाइमाशिक्षकहरूले प्रविधियुक्तकक्षाको निर्माण गर्नुपर्छ । सिकाइ सहजीकरणप्रक्रियामाशिक्षक सहजकर्ता बन्नुपर्छ । आधारभूततहकक्षा १ देखि ३ सम्ममाव्याख्याविधिको प्रयोग गर्नु उपयुक्तनभएकाले आगमन, खेल, गीत, प्रदर्शन, अन्तर्क्रियात्मक, उदाहरण र प्रयोग विधिहरूको प्रयोग गर्नुपर्छ । म र मेरो परिवार विषयक्षेत्र सिकाइमाअपनाएकासिकाइविधिहरूमा केही सबल पक्षहरू र केही सुधार गर्नुपर्ने पक्ष रहेको पाइन्छ ।

म र मेरो परिवार विषयक्षेत्र सिकाइकाक्रममाशिक्षकहरूले अपनाएकासिकाइ सहजीकरणप्रक्रियाहरू लयबद्धवाचन, अनुकरण, अवलोकन, धारणानिर्माण, चित्रवर्णन, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, सस्वरवाचन र अनुलेखन रहेको पाइन्छ । यीक्रियाकलापहरूभित्र रहेर शिक्षकहरूले सिकाइ सहजीकरणप्रक्रियाउपयोगमाल्याएको पाइन्छ । यस विषयक्षेत्रकाक्रियाकलापहरूमावाक्यनिर्माण, अनुलेखन, सस्वरवाचन, धारणानिर्माण, समूहकार्य, प्रस्तुतीकरणजस्ता रहेका छन् । शिक्षकहरूले सिकाइकाक्रममाअपनाएकाक्रियाकलापहरू उपयुक्त नै रहेका तर थपक्रियाकलापहरू पनिप्रयोगमाल्याउनु पर्ने आवश्यकता छ ।

कवितासिकाइमा केहीशिक्षकहरूले क्रमिकसिकाइ रणनीतिको प्रयोग गरेको पाइन्छ । शब्दउच्चारण, वाक्यमाप्रयोग र समानध्वनिभएकाशब्दहरूको पहिचानसमेत गरिएको पाइन्छ । चित्रसिकाइमाचित्रप्रदर्शन र छलफल गरी निष्कर्षको प्रस्तुतीकरण गरिएको छ । कथा र संवादसिकाइमा सस्वरवाचन, अनुवाचन, अनुकरणजस्ताक्रियाकलापहरू प्रयोग गरेको पाइन्छ । शब्दनिर्माण, वाक्यनिर्माणजस्ताक्रियाकलापमाधारणाको निर्माण गराई आगमनविधिद्वारा सिकाइक्रियाकलापछनोट भएको पाइन्छ । कवितासिकाइमाविद्यार्थीलाई बढीसक्रिय गराएको भएपनिअन्यक्रियाकलापहरूको सिकाइमाभने शिक्षक नै बढीसक्रियभएको पाइन्छ । शिक्षकहरूले पाठ्यक्रममाउल्लेख गरेका सिकाइ सहजीकरणविधितथाप्रक्रियाहरूको प्रयोग गर्न आवश्यकठानेका पाइँदैन । पाठ्यक्रमको निर्देशनलाई हुबहु प्रयोगमाल्याउनुपर्दछ । विद्यार्थीहरूको भाषिकदक्षताअभिवृद्धिकालागिशिक्षकहरूले क्रियाकलापअनुसार थपक्रियाकलापहरूको छनोट गरी प्रयोग गर्नु आवश्यक छ ।

नेपालीभाषाशिक्षकहरूले म र मेरो परिवार विषयक्षेत्र सिकाइगर्दा पाठ्यक्रमले निर्देश गरेका सिकाइ सहजीकरणविधितथाक्रियाकलापहरूको प्रयोग न्यूनभएको पाइन्छ । अझ शैक्षणिक सामग्री र प्रविधियुक्तकक्षानिर्माण गरी सिकाइ सहजीकरणमाभएको पाइँदैन । शिक्षक सहजकर्ता बन्नु पर्ने, सिकारु आफैँलाई धारणानिर्माणको अवसर दिने, परियोजनाकार्य र सुधारात्मकसिकाइमा जोड दिनु पर्दछ । यसैगरी विद्यार्थीलाई स्वतन्त्ररूपमासिक्न प्रेरित गर्ने, सिकाइमा शैक्षणिक सामग्रीको प्रयोगमा जोड दिनुपर्ने, प्रविधिको उपयोग गरी सिकाइ गर्नुपर्ने, पाठ्यक्रमले निर्देशित गरेका सिकाइ सहजीकरणविधितथाप्रक्रियाहरूको समुचितप्रयोग गर्नुपर्ने आवश्यकता देखिन्छ ।

शिक्षकले विद्यार्थीकेन्द्रितसिकाइक्रियाकलाप सञ्चालन गर्नुपर्छ । यसले सिकाइलाई प्रभावकारी बनाउँछ । विद्यार्थीकेन्द्रित र बालमैत्रीशिक्षणविधिको उपयोग गरी सिकाइ सहजीकरणप्रक्रियाअगाडिबढाउनुपर्दछ । सिकाइ सहजीकरणप्रक्रियाविद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रियबनाउने र रुचिजगाउन सक्ने हुनुपर्दछ । विषय र पाठको प्रकृतिअनुसार सिकाइ सहजीकरणविधितथाप्रक्रियाको छनोट गरिनु उपयुक्तहुन्छ । शिक्षकले सिकाइकाक्रममाविद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, स्तर, विषयवस्तुको स्वरूप, उपलब्धहुन सक्ने स्रोत साधन, वातावरणीयअवस्था र शिक्षकको रुचितथातयारीकाआधारमासिकाइ सहजीकरणको छनोट तथाप्रयोग गर्नुपर्दछ । शिक्षकले सिकाइप्रक्रियालाई क्रियाकलापमुखी, विद्यार्थीकेन्द्रित, व्यावहारिक र सिकाइअनुकूलबनाउनु आवश्यक देखिन्छ ।

# अध्यायपाँच

## एकीकृत पाठ्यक्रममाआधारित शिक्षणसिकाइकोप्रयोग अवस्था

प्रस्तुतअध्यायमाआधारभूततह (कक्षा १-३) को पाठ्यक्रम २०७६ ले निर्दिष्ट गरेको म र मेरो परिवार विषयक्षेत्रको सिकाइमापाठ्यक्रमप्रयोगको अवस्थालाई विश्लेषण गरिएको छ । यसमा नेपालीविषयशिक्षकहरूले आधारभूततह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमलाई सिकाइकाक्रममा के कसरी उपयोग गरेका छन् भन्ने विषयमाप्राप्ततथ्याङ्ककाआधारमाशिक्षणसिकाइको प्रयोगको अवस्थाको चर्चा गरिएको छ । उक्ततथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी परिशिष्टखण्डमा समेत राखिएको छ ।

### शिक्षणसिकाइमापाठ्यक्रमप्रयोगको अवस्था

नेपालीविषयको पाठ्यक्रमाकक्षा १ देखि ३ सम्म एघारओटाविषयक्षेत्र समावेश गरिएको छ । यीएघारओटाविषयक्षेत्रमध्ये कुनै विषयक्षेत्र नेपाली, अङ्ग्रेजी, गणित र सेरोफेरो गरी चारओटै विषयमाएकीकृत रूपमा सङ्गठित गरिएको छ भने कुनै तीनओटाविषयमा, कुनै दुईओटाविषयमा र कुनै छुट्टै विषयक्षेत्रमाउल्लेख गरिएको छ । पहिलो विषयक्षेत्र म र मेरो परिवार कक्षा १ र २ का चारओटै विषयमा समावेश गरिएको छ भने कक्षा ३ मागणितमाउक्तविषयक्षेत्रलाई एकीकृत गरिएको पाइँदैन । दोस्रो विषयक्षेत्र मेरो दैनिकजीवन सबै कक्षाको चारओटै विषयमाएकीकृत गरिएको छ । तेस्रो विषयक्षेत्र हाम्रो समुदायकक्षा १ देखि ३ मा अङ्ग्रेजीबाहेक अन्यतीनओटाविषयसँग सङ्गठित गरिएको छ । चौथो विषयक्षेत्र हाम्रो विद्यालयकक्षा १ र २ मा चारओटै विषयमा र कक्षा ३ मागणितबाहेकका‌अन्यतीनओटाविषयमामात्र सङ्गठित गरिएको छ ।

नेपालीविषयको पाँचौं विषयक्षेत्र हाम्रो वातावरण सबै कक्षाको गणितबाहेकका‌अन्यतीनओटाविषयसँग सङ्गठित गरिएको छ । मेरो सिर्जना छैटौँ विषयक्षेत्र अङ्ग्रेजीबाहेककातीनओटाविषयमा सबै कक्षामाएकीकृत गरिएको छ । हाम्रो संस्कृति सातौँ विषयक्षेत्र गणितबाहेकका‌अन्यतीनओटाविषयका सबै कक्षामा सङ्गठित गरिएको छ । सञ्चार, प्रविधि र बजार आठौँ विषयक्षेत्र सबै कक्षाका चारओटै विषयमाएकीकृत गरिएको छ । बानी र

रुचिनवौँ विषयक्षेत्र नेपाली र अङ्ग्रेजीतीनओटाविषयमामात्र सान्दर्भिक विषयलाई सङ्गठित गरिएको छ । दशौँ विषयक्षेत्र हाम्रो वरपरको संसार नेपाली र सेरोफेरो गरी तीनओटाविषयमामात्र सङ्गठित गरिएको छ । एघारौँ विषयक्षेत्र हाम्राक्रियाकलापकुनै पनिविषयक्षेत्रसँग सङ्गठित नगरिएको नेपालीविषयमात्रै भएको विषयक्षेत्र हो । यीविषयक्षेत्रलाई कक्षागतसिकाइउपलब्धिको विस्तृतीकरण गरी विषयक्षेत्रअनुरूप पाठ्यक्रममा सङ्गठित गरिएको छ । सबै विषयकासिकाइ सहजीकरणविधितथाप्रक्रियाभने एउटै उल्लेख गरिएको छ । कुनै पनिविषयको सिकाइमा सान्दर्भिक विषयलाई जोडेर एकीकृत वाअनुकुलन गरी सिकाइ सञ्चालन गर्नु आवश्यकहुन्छ ।

कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रमनिर्माणगर्दा सान्दर्भिक विषयवस्तुलाई सिकाइ सहजीकरणकाक्रममाएकीकृत गरी तयार गरिएको छ । चारओटै विषयको विषयक्षेत्र समानछन् । तिनै समानविषयक्षेत्रमा नेपालीविषयसिकाइमा सान्दर्भिक विषयलाई अङ्ग्रेजी, गणित र सेरोफेरो विषयलाई समेत सङ्गठित गरेर सिकाइ सहजीकरण गर्नु उपयुक्तमानिन्छ । यसले भाषिकसिपतथाभाषिकतत्त्वगत क्षेत्रको विकास गराएको पाइन्छ । सिकारुको पूर्वज्ञानमाआधारित भई गीत, आगमन, कथाकथन, प्रदर्शन, अन्तर्क्रिया, खेलजस्तासिकाइ सहजीकरणविधिहरूको उपयोग गरी सिकाइ सञ्चालन गर्नुपर्छ । विद्यार्थी आफैँले बढीभन्दाबढी सोचेर धारणानिर्माण, अनुलेखन, चित्रवर्णन, लयबद्धवाचन, अनुकरण, अवलोकन, सस्वरवाचन, उच्चारण, शब्दनिर्माणजस्तासिकाइ सहजीकरणक्रियाकलापअपनाउनु उपयुक्तमानिन्छ । सिकाइकाक्रममा सूचनातथा सञ्चार प्रविधिको उपयोग गर्नुपर्छ । शिक्षकले सिकाइकाक्रममाक्रमिकसिकाइ रणनीतिको उपयोग गर्नुपर्छ । एकीकृत स्वरूपको पाठ्यक्रमको मर्मअनुरूप नेपालीविषयको विषयक्षेत्रलाई अन्यविषयसँग सङ्गठित गरी दैनिकजीवनसापेक्ष बनाई सिकाइ सञ्चालन गर्नु आवश्यक छ ।

आधारभूततह (कक्षा १-३) को पाठ्यक्रम २०७६ ले विषयगत रूपमा परिचय, तहगत सक्षमता, कक्षागतसिकाइउपलब्धि, विषयवस्तुको क्षेत्र र क्रमको छुट्टाछुट्टै व्यवस्था गरे पनिकक्षागतसिकाइउपलब्धिको विस्तृतीकरणविषयवस्तुको क्षेत्रगत रूपमाएकीकृत संरचनामाउल्लेख गरिएको छ । पाठ्यक्रममासिकाइ सहजीकरणविधितथाप्रक्रिया र विद्यार्थी

मूल्याङ्कन भने समग्रमाएउटै निर्धारण गरिएको छ । अझ पाठ्यक्रमको एकीकृत स्वरूपअन्तर्गत कक्षागतसिकाइउपलब्धिको विस्तृतीकरणलाई विषयवस्तुको क्षेत्रगत रूपमा प्रस्तुत गरिएको छ ।

एकीकृत स्वरूपको पाठ्यक्रममाविद्यार्थीकेन्द्रितशिक्षणसिकाइक्रियाकलापमा जोड दिइएको पाइन्छ । शिक्षक सहजकर्ताको भूमिकामा रहेर क्रियाकलापमुखीसिकाइलाई समावेश गरिएको छ । पाठ्यक्रममा सम्भाव्यसिकाइ सहजीकरणविधिहरू उन्नाइसओटा प्रस्तुत गरिएको छ । यिनैमध्ये नेपालीविषयमाउपयुक्तहुने विधिहरू तथाक्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण सञ्चालन गर्नुपर्छ । शिक्षकहरूले आवश्यकताकाआधारमाथपसिकाइ सहजीकरणविधिहरूसमेत उपयोगमाल्याई नेपालीविषयको सिकाइलाई प्रभावकारी, व्यावहारिक र स्तरीय बनाउनु पर्ने आवश्यकता छ ।

*कक्षाएकको म र मेरो परिवार विषयक्षेत्र*

अनुसन्धानमामार्गनिर्देशक प्रश्नावलीको तथ्याङ्कअनुसार शिक्षकएकले पाठ्यक्रमप्रयोग गर्दै आएको देखिन्छ तर कक्षाअवलोकनमाकार्यस्थलपुग्दाभने पाठ्यक्रमको प्रयोग गरेको देखिँदैन । पाठ्यक्रमको प्रयोग आवश्यकताकाआधारमाप्रयोग गर्ने गरेको भनीशिक्षकहरू बताउँछन् । शिक्षक चारले पाठ्यक्रमप्रयोगसम्बन्धीकुनै विचार राखेका छैनन् । शिक्षक सातले पाठ्यक्रमको प्रयोग गर्ने गरेको पाइन्छ । “पाठयक्रमले निर्देश गरेका विधितथाक्रियाकलापहरूको प्रयोग गरिरहेकीछु”शिक्षक सातको प्रतिक्रिया छ । यसरी पाठ्यक्रमको प्रयोग हुँदै आएको पाइन्छ ।

कक्षाअवलोकनको तथ्याङ्ककाआधारमामार्गनिर्देशक प्रश्नावलीमा सहभागीशिक्षकएकको कक्षाअवलोकन गर्दा उक्तकक्षाअवलोकनमाशिक्षणसिकाइ सहजीकरणप्रक्रियामापाठ्यक्रमको आंशिकप्रयोग भएको छ । शिक्षकले सिकाइकाक्रममाअधिक रूपमाकार्यपुस्तकको उपयोग गरेको पाइन्छ । सिकाइकाक्रममाशिक्षकनिर्देशिकाको पनिप्रयोग गरिएको छ । शिक्षकहरूले सिकाइमाआवश्यकताअनुरूप शैक्षणिक सामग्रीको प्रयोग पनि गरेका छन् । शिक्षकले सिकाइ सहजीकरणप्रक्रियामाविषयवस्तुअनुरूपविधितथाक्रियाकलापहरू छनोट गरे पनिपाठ्यक्रमको प्रयोग भने त्यति ध्यानदिइएको पाइँदैन ।

नेपालीविषयशिक्षकहरूले आधारभूतकक्षा १ मा म र मेरो परिवार विषयक्षेत्रशिक्षणमासिकाइ सहजीकरणविधितथाप्रक्रियाको सिकाइकाक्रममापाठ्यक्रमले

निर्देशगरेअनुरूपहुबहु पालना गरेको पाइँदैन । शिक्षकएककाअनुसार आवश्यकताअनुसार पाठ्यक्रमको प्रयोग हुँदै आएको छ । पाठ्यक्रमले तोकेको कार्यघण्टाअनुसार सिकाइभएको पाइन्छ । सिकाइकाक्रममाआवश्यकताकाआधारमाआवश्यकपर्दा मात्रपाठ्यक्रम र शिक्षकनिर्देशिकाउपयोगमाल्याउने गरिएको छ । शिक्षकको यस्तो प्रतिक्रिया छ-"मपाठ्यक्रम र कार्यपुस्तकको प्रयोग गर्छु । शिक्षकनिर्देशिकाको प्रयोग भने कमै मात्रामागर्छु ।" शिक्षक सातले पनिशिक्षणसिकाइप्रक्रियामापाठ्यक्रमको प्रयोग गरेको पाइन्छ ।

अनुसन्धानकाक्रममाप्राप्ततथ्याङ्ककाआधारमाविश्लेषणगर्दा प्राय:शिक्षकहरूले पाठ्यक्रमको प्रयोग गरेको पाइन्छभने केहीशिक्षकहरूले पाठ्यक्रमप्रयोग गरेको पाइँदैन । मार्गनिर्देशक प्रश्नावलीमा सहभागीशिक्षकको कक्षाअवलोकन गर्दा पाठ्यक्रमको प्रयोग कमै मात्रामाभएको पाइन्छ । शिक्षकले खुलाप्रश्नावलीमाउल्लिखितविवरणकक्षाअवलोकनमाउपयोग गरेको पाइँदैन । शिक्षक चारमापाठ्यक्रमप्रयोगसम्बन्धीकुनै स्पष्टधारणानिर्माणभएको पाइँदैन । पाठ्यक्रमशिक्षणसिकाइको मेरुदण्डभएकोले सिकाइलाई प्रभावकारी र उद्देश्यमूलकबनाई सिकाइ सञ्चालानार्थ पाठ्यक्रमको उपयोग गर्नु आवश्यक छ ।

*कक्षादुईको म र मेरो परिवार विषयक्षेत्र*

अनुसन्धानमामार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कअनुसार आधारभूततहअन्तर्गत कक्षा २ मासिकाइकाक्रममा नेपालीविषयशिक्षकहरूले पाठ्यक्रमको प्रयोग गरेका छन् वा छैनन् भन्ने प्रश्नमाशिक्षकदुईको प्रतिक्रियायस्तो छ-"व्यवहारकुशलसिपकापाँचओटा क्षेत्रअन्तर्गतकासिपहरू हासिल गराउनपाठ्यक्रमको मार्गनिर्देश गरेको छु ।" पाठ्यक्रम र शिक्षकनिर्देशिकाको उपयोग गरी सिकाइ सहजीकरणप्रक्रियामाविद्यार्थीलाई प्रेरित गर्ने, सक्रियबनाउने र रुचिजगाई सिकाइ गर्ने गरेको पाइन्छ । शिक्षकछको प्रतिक्रियायस्तो छ-"कक्षा १-३ को पाठ्यक्रम समग्रमाबहुविषयकविषयक्षेत्रमाआधारित एकीकृत स्वरूपको भएकोले यसको सिकाइ सहजीकरणप्रक्रिया परम्परागतभन्दा फरक हुनुपर्दछ ।" सिकाइ सहजीकरणप्रक्रियाविद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रियबनाउने र रुचिजगाउने किसिमले सञ्चालन गरेको पाइन्छ ।

शिक्षकहरूले वातावरणीय परिवेशसँगअन्तर्क्रिया गरेर सिक्नप्रोत्साहितहुने गरी क्रियाकलापमाप्राथमिकतादिइएको पाइन्छ । शिक्षणलाई प्रभावकारी र दिगो बनाउनविद्यार्थीकेन्द्रित र बालमैत्रीसिकाइविधिअपनाएकाछन् । “आधारभूततहकक्षा १ देखि ३ को पाठ्यक्रमले निर्देशितविधि समयसापेक्ष र उपयोगीछन् । विषयवस्तु, विद्यार्थीको पूर्वज्ञान र पाठको प्रकृतिअनुसार सकेसम्म पाठ्यक्रमको उपयोग गरेकीछु”शिक्षकआठको प्रतिक्रियायस्तो छ । प्राय:शिक्षकले सिकाइमापाठ्यक्रमको प्रयोग गरेका छन् ।

अनुसन्धानमाकक्षाअवलोकनबाटप्राप्ततथ्याङ्कलाई प्रस्तुतीकरणगर्दा कक्षा २ को कक्षाअवलोकनमाशिक्षणसिकाइ सहजीकरणप्रक्रियामापाठ्यक्रमलाई हुबहु प्रयोग गरेको पाइन्छ । शिक्षणसिकाइमापाठयोजनाको निर्माण र प्रयोग पनिभएको छ । सिकाइमाविद्यार्थीलाई पाठ्य वाकार्यपुस्तकको उच्चतमप्रयोग गर्न लगाएको पाइन्छ । शिक्षकनिर्देशिकाअनुरूप कक्षाकोठाको सिकाइ सम्पन्नभएको पाइन्छ ।

अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्ककाआधारमाशिक्षकदुईलाई शिक्षणसिकाइप्रक्रियामापाठ्यक्रमको प्रयोग गर्नुहुन्छ?भन्ने प्रश्नमायस्तो उत्तर छ-“पाठ्यक्रमको प्रयोग हुन्छ, पाठ्यक्रम हेरिन्छ । पाठ्यक्रमकै आधारमाअगाडिबढीसिकाइ सहजीकरण सञ्चालन गर्ने गर्दछु ।” त्यस्तै शिक्षकपाँचको प्रतिक्रियायस्तो छ-“पाठ्यक्रममानिर्धारित रहेका विषयहरूको अध्ययन गरेर यो कार्यपुस्तकअनुसार सिकाइ गर्ने गरेकी छु ।” शिक्षकआठले पनिपाठ्यक्रमको प्रयोग गरेको पाइन्छ । पाठ्यक्रमअनुसार पाठ्यपुस्तकतयार भएको तर हामीले त्यसलाई कार्यान्वयन गर्न कठिनभएको पाइन्छ । शिक्षकआठको थपप्रतिक्रियायस्तो छ-“पाठ्यक्रमनिर्माताहरूले सहरकेन्द्रित गरेर आफ्नो परिवेशलाई मात्र हेरेर पाठ्यक्रमबनाउनु भयो कि ? यो पाठ्यक्रमकाआधारमासिकाइमा समस्या छ ।” शिक्षकमापाठ्यक्रमसम्बन्धीको बुझाइ स्पष्टभएपनिग्रामीण क्षेत्रमाभएकाले पाठ्यक्रमले अपेक्षा गरेका सक्षमताहरू पूरा गर्न नसकेको भन्ने धारणा छ । एउटै पाठ्यक्रमले देशभरि प्रतिनिधित्व गर्न नसक्ने भएकोले पाठ्यक्रममाविविधताहुनु आवश्यक देखिन्छ ।

अध्ययनबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा प्राय:शिक्षकहरूले सिकाइ सहजीकरणप्रक्रियामापाठ्यक्रमको उपयोग गर्दै आएको पाइन्छ । केहीशिक्षकहरूले भने पाठ्यक्रमलाई खासै महत्त्वदिएको पाइँदैन । केहीशिक्षकहरूको विचारमापाठ्यक्रमप्रयोग गर्न

ग्रामीण क्षेत्र र विद्यार्थीको बहुबौद्धिकताले समस्याभएको छ । शिक्षणसिकाइमापाठ्यक्रमप्रयोगप्रतिशिक्षकहरू चनाखो भई पाठ्यक्रमको प्रयोग गरेको पाइन्छ ।

*कक्षातीनको म र मेरो परिवार विषयक्षेत्र*

अनुसन्धानमामार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्याङ्कको आधारमाकक्षा ३ को नेपालीविषयसिकाइ गर्ने शिक्षकहरूसँग मार्गनिर्देशक प्रश्नावलीअनुसार पाठ्यक्रमप्रयोगको अवस्थाऔसत नै पाइन्छ । शिक्षकतीनले शिक्षणसिकाइमापाठ्यक्रमको प्रयोग गर्दै आएको पाइन्छ । “शिक्षककक्षाकोठामाविषयवस्तुको उचितप्रयोग गरी बालबालिकामापाठ्यक्रमले तोकेका उद्देश्य कार्यान्वयन गराउने सहजकर्ता हो । त्यसैले शिक्षकले पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य प्राप्ति गराउनतोकिएको विषयक्षेत्र र विषयवस्तुको प्रकृति हेरी सोहीअनुसारको योजनाबनाई कक्षामाविधि र प्रक्रियाहरूको प्रयोग गर्न जरूरी हुन्छ”भन्ने प्रतिक्रिया छ । शिक्षकपाँचकाआधारमापनिशिक्षणसिकाइप्रक्रियामापाठ्यक्रमको प्रयोग हुँदै आएको छ । पाठ्यक्रमलाई आफ्नो परिवेशसँग रूपान्तरित गरी अन्तर्क्रियाकामाध्यमबाटसिकाइप्रक्रियाबढाएको पाइन्छ । शिक्षक नौको “शिक्षणसिकाइक्रियाकलाप र विधिहरूको प्रयोग गर्दै सिकाइलाई निरन्तरतादिनको लागिपाठ्यक्रमको प्रयोग गर्दै आइरहेकीछु”भन्ने प्रतिक्रिया रहेको छ ।

कक्षाअवलोकनबाटप्राप्ततथ्याङ्ककाआधारमामार्गनिर्देशक प्रश्नावली भरेका शिक्षकको कक्षाअवलोकन गरेको पाइन्छ । मार्गनिर्देशक प्रश्नावलीमापाठ्यक्रमको प्रयोग गर्दै आएको भनीउल्लेख भएको तर कक्षाकोठामापाठ्यक्रमको प्रयोगबिना नै शिक्षणसिकाइभइरहेको पाइन्छ। पाठ्यक्रमप्रयोगसम्बन्धीप्रतिक्रियालिने क्रममाविद्यालय र प्रधानाध्यापकले व्यवस्थापननगरेकोले प्रयोग नभएको भन्ने जवाफ रहेको छ । यसले शिक्षकहरू आफैँपनिशिक्षणसिकाइ सहजीकरणप्रक्रियामाअद्यावधिकहुननसकेको पाइन्छ ।

अनुसन्धानमाअन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई प्रस्तुतीकरणगर्दा शिक्षकहरूले शिक्षणसिकाइकाक्रममापाठ्यक्रमप्रयोग गर्दै आएको पाइन्छ । शिक्षकतीनकाअनुसार-“मैले विशेष गरी कार्यपुस्तक त अनिवार्य प्रयोग गर्छु । अनिआवश्यकताअनुसार पाठ्यक्रमको पनिप्रयोग गर्ने गरेको छु । शिक्षकनिर्देशिकाचाहिँअहिलेसम्म मैले प्रयोग गरेको छैन”भन्ने प्रतिक्रिया छ ।

शिक्षकछकाअनुसार- “पाठ्यक्रमको प्रयोग सिकाइ गर्नुभन्दाअगाडिको कुराहरूमा एकसरो हेरेर जानेसम्म गरेको छु”भन्ने प्रतिक्रिया रहेको छ । पाठ्यक्रम र शिक्षकनिर्देशिका दैनिकनहेर्ने तर आवश्यक परेको समयमामात्रै हेरेर कक्षामासिकाइ गर्ने गरेको पाइन्छ । उहाँको थपप्रतिक्रियायस्तो छ-“दैनिक रूपमाचाहिँत्यसलाई प्रयोग गरिएको छैन ।” शिक्षक नौले नियमित रूपमापाठ्यक्रमको प्रयोग गर्दै आएको पाइन्छ । उहाँको प्रतिक्रियायस्तो छ- “पाठ्यक्रमबिनाहामीपाठ्यपुस्तकमा केन्द्रितहुन सकिँदैन किनभने पाठ्यक्रमको ज्ञान नै छैन भने पाठ्यपुस्तकका आधारमा कसरी शिक्षणसिकाइ गर्ने? म पाठ्यक्रममाआधारित भएर शिक्षणसिकाइगर्दछु ।” यसले के पुष्टिगर्दछ भने पाठ्यक्रममाआधारित भएर शिक्षणसिकाइक्रियाकलापभएको पाइन्छ ।

***मार्गनिर्देशक प्रश्नावली, कक्षाअवलोकन र अन्तर्वार्ताबाटप्राप्तविचारको विश्लेषण***

अध्ययनकाक्रममामार्गनिर्देशक प्रश्नावली, उत्तरदाताशिक्षकहरूको कक्षाअवलोकन र अन्तर्वार्ताबाटप्राप्ततथ्याङ्कलाई विश्लेषणगर्दा पाठ्यक्रमको प्रयोग गरी शिक्षणसिकाइ सञ्चालन गर्ने शिक्षकहरू धेरै छन् । केहीशिक्षकहरूले आवश्यकताकाआधारमामात्रै पाठ्यक्रमको प्रयोग गर्ने गरेको पाइन्छ । केहीशिक्षकले मार्गनिर्देशक प्रश्नावलीमापाठ्यक्रमप्रयोग गर्छु भन्ने विचार राखेका तर व्यावहारिक रूपमाभने प्रयोग गरेको पाइँदैन । शिक्षकहरूले पाठ्यक्रमप्रतिचासो राखीशिक्षणसिकाइमाहुबहु उपयोगमाल्याउनु पर्ने आवश्यकता देखिन्छ । शिक्षकहरूले पाठ्यक्रमको गहनअध्ययन गरी शिक्षणसिकाइक्रियाकलाप सञ्चालन गर्नु आवश्यक छ । पाठ्यक्रमको मूलमर्मअनुरूप शैक्षणिककार्यक्रमलाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्नुपर्छ । पाठ्यक्रमले अपेक्षा गरेअनुरूपशिक्षणसिकाइमाविधितथाप्रक्रियाहरू पर्याप्त मात्रामाउपयोग गर्नुपर्छ ।

**म र मेरो परिवार विषयक्षेत्र शिक्षणमाएकीकृत सिकाइको उपयोग**

एकीकृत स्वरूपको पाठ्यक्रममानिर्धारित सिकाइ क्षेत्रकाआधारमाविषयवस्तुको छनोट र स्तरीकरण गरी विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखीसिकाइप्रक्रियाविकास गरिएको छ । यसमासिकाइ र जीवनसँगविषयवस्तुको तालमेल, पूर्वअनुभवमाआधारित ज्ञानलाई सिकाइमा जोड्ने कार्य गरिएको छ । सिकारुको रुचि र सिकाइगतिकाआधारमासिकाइक्रियाकलापचयन

गरिएको छ । विषयवस्तुको एकीकरणगर्दा विषयक्षेत्र र त्यसमा समावेश गरिएकासिकाइउपलब्धितथाअन्यविषयका सान्दर्भिक विषयवस्तुलाई ध्यानदिइएको छ । यसले भाषिकसिकाइलाई मात्रनभई अन्यविषयको सिकाइलाई पनि सहयोग गरेको पाइन्छ ।

नेपालीविषयका सबै विषयक्षेत्रका सुरुवातीकक्षाहरूमालयको उपयोगमा जोड दिइएको पाइन्छ । यसको उपयोग मनोरञ्जनात्मकसिकाइकालागिअभ्यासमाल्याइएको पाइन्छ । यसले विषयवस्तुको मात्रनभएर सिकाइ सहजीकरणविधितथाप्रक्रियाहरूको एकीकरणमा समेत मद्दत गरेको छ । भाषाकालागिक्रमिकसिकाइ रणनीतिको उपयोग गरिएको छ । यसमाकथाकथनविधिलाई समेत उपयोगीमानिएको छ । यस पाठ्यक्रममाचित्रको प्रयोगलाई विशेष जोड दिइएको छ । सिकाइ सहजीकरणकाक्रममाचित्रलाई पूर्ण, ज्ञात र सरल साधनका रूपमाउपयोग गरिएको छ । सिकाइ सहजीकरणकाक्रममाविद्यार्थीलाई आफ्नै ढङ्गले पर्याप्त सोच्ने अवसर प्रदान गर्न र क्रियाकलापमा सहभागीहुने वातावरणतयार गरी प्रतिभा प्रस्फूटनको अवसर प्रदान गर्नुपर्छ । बालबालिकाको सिकाइलाई दैनिकजीवनसँग जोड्दै सिकेका विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ सहजीकरण सञ्चालन गर्नु पर्दछ ।

*कक्षा एक म र मेरो परिवार विषयक्षेत्र*

हालको नेपाली विषयको पाठ्यक्रममा पाठ्यक्रमको एकीकृत स्वरूपलाई प्रस्तुत गरिएको छ । कक्षा १ मा सोह्रओटा विषयवस्तुको क्षेत्र समावेश गरिएकोमा एघारओटा नेपालीको विषयक्षेत्र समावेश गरिएको छ । यो विषयक्षेत्र नेपाली, अङ्ग्रेजी, गणित र सेरोफेरो चारओटै विषयक्षेत्रमा एकीकृत गर्न सकिने गरी सिकाइ उपलब्धिको विस्तृतीकरण गरिएको छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त विचारः** मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा आधारभूत तह कक्षा १ को नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूसँग म र मेरो परिवार विषयक्षेत्र सिकाइमा एकीकृत रूपमा सिकाइ सहजीकरण गर्नुभएको छ वा छैन् भनी सामग्री सङ्कलन गरिएको छ । यस क्रममा शिक्षक एकका अनुसार विषयक्षेत्र र पाठको प्रकृति हेरी समान सिकाइ उपलब्धि हुने खालका विषयवस्तुलाई समायोजन गरेर एकीकृत सिकाइ गरेको पाइन्छ । शिक्षकले एउटै भाव दिने खालका एउटै शैक्षणिक सामग्रीको प्रयोग गरी सिकाइलाई सङ्गठित गरेको पाइन्छ ।

शिक्षक चारअनुसार शब्दहरू उच्चारण गर्न लगाई चित्रका माध्यमबाट सामग्रीको नाम चिन्न लगाएको पाइन्छ । शिक्षक सातले भने छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, सिर्जनात्मक कार्य, खेल, परियोजना कार्य, प्रदर्शन, उदाहरणजस्ता विधिहरूको उपयोग गरी विषयवस्तुलाई एकीकृत गरी सिकाइ सञ्चालन गरेको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त विचारको विश्लेषणः** मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूमा एकीकृत सिकाइसम्बन्धी धारणामा कमी पाइन्छ । शिक्षक एकले एकीकृत सिकाइसम्बन्धी केही प्रारम्भिक प्रयास गरे तापनि शिक्षक चार र सातमा भने खासै ज्ञान नै नभएको पाइन्छ । विद्यालय शिक्षामा लागु भएको एकीकृत ढाँचाको पाठ्यक्रमले राखेको अपेक्षाअनुरूप सिकाइ सहजीकरण क्रियाकलाप भएको पाइँदैन । शिक्षकहरूले सिकाइ सहजीकरणसम्बन्धी तालिम लिई सान्दर्भिक विषयवस्तुलाई सङ्गठित गरी सिकाइ गर्नु आवश्यक छ ।

नेपाली विषय शिक्षकहरूले पाठ्यक्रममा रहेको विषयक्षेत्रअनुरूप एकीकृत रूपमा सिकाइ गर्ने पक्षलाई झन्झटिलो र अव्यावहारिक मानी प्रयोगमा उदासिनता देखाएका छन् । नेपाली विषयका लागि ठ्याक्कै यस्ता विधि तथा प्रक्रिया भनी नतोकिएको हुँदा पनि शिक्षकहरू अलमलमा परेको पाइन्छ । पाठ्यक्रम प्रयोगमा आएको पाँच वर्ष बितिसक्दा पनि अझै सम्म एकीकृत रूपको मान्यताअनुरूप सिकाइ भएको पाइँदैन । नेपाली विषय सिकाइ सञ्चालन गर्दा सान्दर्भिक पक्षलाई अन्य विषयसँग जोडेर सिकाउने अभ्यास भएको देखिँदैन । शिक्षकलाई एकीकृत पाठ्यक्रमको मर्म र सिकाइ सहजीकरण प्रक्रियासम्बन्धी विज्ञहरूबाट तालिम, कार्यशाला, सेमिनार, छलफल र अनुभव आदानप्रदान गराई उपयुक्त मार्गनिर्देशन गर्नु आवश्यक छ ।

**कक्षा अवलोकनबाट प्राप्त सूचनाः** उत्तरदाता शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कका आधारमा मार्गनिर्देशक प्रश्नावलीमा सहभागी शिक्षक एकको कक्षा १ को म र मेरो परिवार विषयक्षेत्रको कक्षा अवलोकन गरिएको छ । मार्गनिर्देशक प्रश्नावलीमा उल्लेख गरेअनुरूप कक्षाकोठाको सिकाइ आंशिक रूपमा भएको पाइन्छ । म र मेरो परिवारको पाठ एकअन्तर्गतका दशओटा क्रियाकलापको पाँच घण्टी लगाएर दैनिक कक्षा अवलोकन गर्दा एकीकृत सिकाइको प्रयास भएको पाइन्छ । दोस्रो दिनको कक्षामा भने सान्दर्भिक विषयलाई निकै

राम्रोसँग सङ्गठित गरी सिकाउन सफल भएको पाइन्छ । अन्य कक्षाहरूमा पनि सान्दर्भिक विषयवस्तुलाई अन्य विषयसँग जोड्ने कार्य गरेको पाइन्छ । यो विषयक्षेत्र चारओटै विषयका लागि सङ्गठित गरिएको तर सिकाइ भने धेरैजसो विषयगत रूपमा मात्रै हुँदै आएको छ ।

**कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषणः** कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा शिक्षकहरूमा एकीकृत सिकाइसम्बन्धी बुझाइको कमी पाइन्छ । शिक्षकमा एकीकृत ढाँचाको पाठ्यक्रमको अवधारणा थाहा भएको तर सिकाइमा कसरी सङ्गठित गर्ने हो भन्ने सिपको कमी पाइन्छ । शिक्षकले एकीकृत शिक्षण सिकाइसम्बन्धी थप जानकारी लिएर सिकाइ प्रक्रियामा सान्दर्भिक विषयवस्तुलाई सङ्गठित गरी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनु आवश्यक हुन्छ ।

**अन्तर्वार्ताबाट प्राप्त विचारः** अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुतीकरण गर्दा कक्षा १ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूसँग शिक्षणका क्रममा एकीकृत सिकाइ कसरी गर्नुहुन्छ ? भन्नेसम्बन्धी अन्तर्वार्ताबाट सामग्री सङ्कलन गरिएको छ । शिक्षक एकका अनुसार म र मेरो परिवार सिकाइका क्रममा "मेरो परिवारको पाठ पढाउँदा तिम्रो घरमा कति जना परिवार छन् ?, उनीहरूले के-के काम गर्छन ?, तिम्रो परिवारका सदस्यहरूको नाम के-के हो ?, तिमी कुन नम्बरमा पर्छौ ? भनेर मैले अन्य विषयसँग एकीकृत गरी सिकाउने गरेकी छु" भन्ने प्रतिक्रिया पाइन्छ । विषयवस्तुको सान्दर्भिकताअनुसार सकेसम्म एकीकृत गरी सिकाइ सञ्चालन गर्ने गरेको पाइन्छ ।

शिक्षक चारले नेपाली विषय शिक्षण गर्दा एकीकृत रूपमा सिकाइ गरेको पाइन्छ । एकीकृत सिकाइसम्बन्धी प्रतिक्रिया यस्तो छ-"म र मेरो परिवार विषयक्षेत्रको क्रियाकलाप एकभित्र सबैलाई नमस्कार छ । सबैलाई नमस्कार नेपालीमा भयो । गुड मर्निङ भनेर अङ्ग्रेजीसँग जोडेकी छु । चित्रमा कति जना छन् ?, तिनीहरू के के गरिरहेका छन् ? भनेर गणितसँग जोड्ने गरेकी छु । हामीले घरमा पाहुनाहरू आउँदा कसरी सत्कार गर्नुपर्छ भनी सेरोफेरो विषयलाई पनि समेटने काम गरेकी छु ।" सिकाइमा क्रमिक सिकाइ रणनीतिको उपयोग गरी पूर्वज्ञानलाई जोडेर सिकाइ सहजीकरण सञ्चालन गरेको पाइन्छ ।

शिक्षक सातले पनि पूर्वज्ञानलाई पाठ्यक्रमसँग एकीकृत गरी सिकाएको पाइन्छ । म र मेरो परिवार विषयक्षेत्र शिक्षणमा अङ्ग्रेजी, गणित र सेरोफेरो विषयलाई समेत नेपाली शिक्षण गर्दा एकीकृत गरेर सिकाइ सञ्चालन गरेको पाइन्छ । उनका अनुसार- "म भनेको एक हो, एक, दुई भनेर गणितको धारणा दिन्छु । वान, टु, फेमिली भनेर अङ्ग्रेजीको र परिवारमा कोको छौ भन्दा बाजे, बज्यै, दाजु, दिदी भन्दा सेरोफेरो धारणा दिदै आएकी छु ।" शिक्षकले नेपाली विषयको यस विषयक्षेत्रलाई अन्य सान्दर्भिक विषयहरूसँग केही हदसम्म एकीकृत गरेर सिकाइ सजीकरण अपनाएको पाइन्छ ।

**अन्तर्वार्ताबाट प्राप्त विचारको विश्लेषणः** अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा एकीकृत स्वरूपको पाठ्यक्रमसम्बन्धीको आधारभूत ज्ञान शिक्षकहरूमा रहेको पाइन्छ । शिक्षक एकले कक्षा शिक्षण गर्दै आएको हुनाले एकीकृत सिकाइसम्बन्धी सिपको प्रयोग कमी भएको पाइन्छ । शिक्षक चार र सातले एकीकृत रूपमा सिकाइ गर्दै आएको पाइन्छ । विषयवस्तुको सान्दर्भिकताका आधारमा सिकाइमा एकीकृत शिक्षण आंशिक रूपमा हुँदै आएको छ । अझै पनि शिक्षकहरूमा एकीकृत सिकाइसम्बन्धी ज्ञानको भन्दा पनि सिपको कमी भएको पाइन्छ । शिक्षकले विषयवस्तु बुझे तापनि सिकाइमा प्रयोग गर्नमा भने केही अलमलमा परेको पाइन्छ । नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले पाठ्यक्रमको अध्ययन गरेर कुनकुन विषयक्षेत्र कुनकुन विषयमा एकीकृत गर्न सकिन्छ भनी अध्ययन गरेर अगाडि बढ्नु पर्ने आवश्यकता छ । नेपाली विषयको सिकाइ सहजीकरणसम्बन्धी तालिमको आवश्यकता पनि शिक्षकहरूका लागि हुनु जरुरी छ ।

*कक्षा दुई म र मेरो परिवार विषयक्षेत्र*

कक्षा २ मा अठारओटा विषयवस्तुको क्षेत्रमध्ये एघारओटा विषयक्षेत्र समावेश गरिएको छ । यी विषयक्षेत्रमा कुनै क्षेत्र नेपाली, अङ्गेजी, गणित र सेरोफेरो चारओटै विषयक्षेत्रमा मिल्दा छन् । कुनै तीनओटा विषयक्षेत्रमा, कुनै दुईओटा विषयक्षेत्रमा र कुनै अन्य कुनै विषयवस्तुसँग एकीकृत गर्न नसकिने गरी सिकाइ उपलब्धिको विस्तृतीकरण गरिएको छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त विचारः** मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण गर्दा शिक्षक दुईका अनुसार म र मेरो परिवार विषयक्षेत्र शिक्षणका क्रममा अरू

विषयसँग एकीकृत गरी सिकाइ सञ्चालन गरेको पाइन्छ । विद्यार्थीलाई आफ्नो परिवारको बारेमा प्रश्न सोधी विषयवस्तुलाई एकीकृत रूपमा सिकाउने प्रयास गरिएको छ । परिवारसँगको नातालाई नेपाली र अङ्ग्रेजीमा भन्न लगाएको छ । परिवारका सदस्य सङ्ख्या सोधेर गणितको धारणा दिने गरेको पाइन्छ । परिवारका सदस्यले लगाउने पोसाक र सदस्यहरूले अपनाएका पेसाको बारेमा विद्यार्थीसँग अन्तर्क्रिया गरी सेरोफेरोसँग सङ्गठित गरिएको छ ।

शिक्षक छको यस्तो प्रतिक्रिया छ-"म र मेरो परिवार विषयक्षेत्रमा परिवारको चित्रपत्ती वा कार्यपुस्तकको चित्र देखाउँदै यहाँ कोको हुनुहुन्छ ? कति जना छन् ? भनी प्रश्न सोध्ने र आफ्नो परिवारमा कोको हुनुहुन्छ भनी परिवारका सदस्यको नाम बताउन लगाई गणितसँग एकीकृत गरेर सिकाउने गरेकी छु ।" उक्त शिक्षकले परिवारका कुनकुन सदस्यले कस्तो कस्तो पोसाक लगाउनु हुन्छ ? कुनकुन रङको लगाउनु हुन्छ भनी चित्रद्वारा प्रश्न गरी सेरोफेरोसँग एकीकृत गरी प्रक्रिया अगाडि बढाएको पाइन्छ ।

शिक्षक आठले पनि एकीकृत गरी नेपाली विषयको सिकाइ गर्दै पाएको पाइन्छ । चित्रमा कोको हुनुहुन्छ भन्ने प्रश्नमा विद्यार्थीले दिइएको जवाफ शिक्षक, विद्यार्थी, हजुरबुबा भन्ने जवाफमा टिचर, स्टुडेन्ट, ग्रेन्डफादर भनी अङ्ग्रेजीसँग जोडेर सिकाउने गरेको पाइन्छ । प्रायः शिक्षकहरूले म र मेरो परिवार विषयक्षेत्रलाई एकीकृत रूपमा सिकाउने प्रयास गरेका छन् ।

**मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त विचारको विश्लेषणः** मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको आधारमा शिक्षकहरूले नेपाली विषय सिकाइका क्रममा गणित, अङ्ग्रेजी र सेरोफेरो विषयलाई पनि सान्दर्भिकताका आधारमा जोडेर सिकाउने गरेको पाइन्छ । शिक्षकहरू पाठ्यक्रमप्रति अद्यावधिक भएको पाइन्छ । एकीकृत सिकाइ आवश्यकताका आधारमा नेपाली विषय शिक्षण गर्दा पनि अन्य विषयलाई समेत एकीकृत गरेर सिकाइ सञ्चालन गरेको पाइन्छ । म र मेरो परिवार विषयक्षेत्रभित्रको पाठ एकमा सत्रओटा क्रियाकलापहरू छन्, तिनीहरूलाई विषयवस्तुको सान्दर्भिकताको आधारमा एकीकृत रूपमा सिकाउने गरिएको छ । शिक्षकहरूलाई तालिमको व्यवस्था गरी थप एकीकृत सिकाइको सिप दिनु आवश्यक छ ।

**कक्षा अवलोकनबाट प्राप्त सूचनाः** उत्तरदाता शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण गर्दा खुला प्रश्नावलीमा सहभागी शिक्षक तीनको कक्षा अवलोकन

गरिएको छ । शिक्षक तीनले प्रश्नावलीमा उल्लिखित विषयलाई कक्षाकोठामा व्यावहारिक रूपमा उतार्न सकेको पाइँदैन । सिकाइका क्रममा केही सामान्य प्रयास सेरोफेरो विषयसँग जोड्नेदेखि बाहेक कुनै कार्य भएको देखिँदैन । लगातार आठ घण्टीमा सत्रओटा क्रियाकलापको अवलोकन गर्दा सिकाइ कुशल ढङ्गले गरेको पाइन्छ तर एकीकृत सिकाइ सञ्चालन सफल तरिकाले गरेको पाइँदैन ।

**कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषणः** उत्तरदाता शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा शिक्षक तीनले म र मेरो परिवार विषयक्षेत्रका सत्रओटा क्रियाकलापको शिक्षणका क्रममा एकीकृत सिकाइको प्रयोग गरेको खासै देखिँदैन । शिक्षकले विषयवस्तुप्रति सचेतता भने अपनाएको पाइन्छ । सिकाइको पूर्वतयारी गरी पाठ्यक्रमको सही प्रयोग गरेको पाइन्छ तर नेपाली विषयलाई पनि सान्दर्भिक रूपमा अन्य विषयसँग जोडेर सिकाउँदा उपयुक्त मानिन्छ । शिक्षकहरूलाई एकीकृत शिक्षण सिकाइसम्बन्धी तालिमको खाँचो रहेको छ । शिक्षकले समयमा नै अद्यावधिक भई पाठ्यक्रमको मर्मअनुरूप सिकाइ गर्नु नितान्त जरुरी छ ।

**अन्तर्वार्ताबाट प्राप्त विचारः** अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कका आधारमा कक्षा २ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले म र मेरो परिवार विषयक्षेत्रको शिक्षण एकीकृत रूपमा सङ्गठित गरी सिकाउने प्रयास गरिएको पाइन्छ । शिक्षक दुईले नेपाली विषयलाई एकीकृत रूपमा सिकाउने कार्य खासै गरेको पाइँदैन । एकीकृत स्वरूपको पाठ्यक्रमसम्बन्धी आधारभूत ज्ञानको नै कमी छ । नेपाली विषय सिकाइ गर्ने शिक्षकमा एकातिर ज्ञानको कमी र अर्कोतिर प्रयोगमा अलमल परेको पाइन्छ । शिक्षक पाँचको विषयगत रूपमा छुट्टाछुट्टै पाठ्यक्रम निर्धारण नगरीकन विषय मिल्ने र विद्यार्थी स्तरअनुकूल एकीकरण गरी मिलाएको पाठ्यक्रम एकीकृत हो भन्ने बुझाइ रहेको छ । नेपाली विषय शिक्षण गर्दा आवश्यकताका आधारमा सान्दर्भिक विषयलाई एकीकृत गर्दै सिकाएको पाइन्छ । पाठमा रहेको चित्रको माध्यमबाट अङ्ग्रेजी, गणित र सेरोफेरो विषयलाई पनि एकीकृत गरी सिकाइ गरेको पाइन्छ । विद्यार्थीलाई “नेपालीमा तपाईको परिवारमा कति जना हुनुहुन्छ ? भन्दा चार वा पाँचभन्दा गणितको, अङ्ग्रेजीमा पाँचलाई कति भनिन्छ भनेर अङ्ग्रेजीमा र आमाबुबा मिलेर काम गर्नुहुन्छ तथा

वरिपरिको वातावरण एकदमै सफा छ भनेर सेरोफेरो विषयमा जोड्ने गरेकी छु ।" चित्रका माध्यमबाट पनि एकीकृत सिकाइ गर्न सकिने धारणा छ ।

शिक्षक आठमा एकीकृत स्वरूपको पाठ्यक्रमसम्बन्धी ज्ञान भएर प्रयोगमा निकै अलमलमा परेको पाइन्छ । सिकारुको अघिल्लो सिकाइले पछिल्लो सिकाइलाई थप सहायता पुऱ्याउने गरी सिकाइ क्रियाकलाप अपनाएको पाइन्छ । शिक्षकले छरपस्ट भएका ज्ञानलाई एकीकृत रूपमा सिकाइ सञ्चालन गरेको पाइन्छ । यसलाई सिकारुको दैनिक जीवनसँग जोडेर पनि सिकाउने गरेको पाइन्छ । एकीकृत सिकाइसम्बन्धी यस्तो प्रतिक्रिया छ -"नेपाली विषयमा म र मेरो परिवार विषयक्षेत्र छ, त्यही विषयक्षेत्र हाम्रो सेरोफेरो, गणित र अङ्ग्रेजीमा पनि छ । यसरी एउटा विषयको सिकाइले अर्को विषयलाई सघाउने भएकोले मैले एकीकृत शिक्षण गरेको छु ।" शिक्षकले नेपाली विषय शिक्षणका क्रममा सान्दर्भिक पक्षलाई जोड्दै एकीकृत रूपमा सिकाइ सञ्चालन हुँदै आएको पाइन्छ ।

**अन्तर्वार्ताबाट प्राप्त विचारको विश्लेषण:** अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा कक्षा २ को नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूप्रति एकीकृत शिक्षण सिकाइसम्बन्धी सिपको कमी पाइन्छ । शिक्षकहरूमा एकीकृत शिक्षणसम्बन्धी आधारभूत ज्ञान भएको तर सिकाइमा व्यावहारिक रूपमा उतार्न सकेको देखिँदैन । शिक्षक दुईमा एकीकृत सिकाइसम्बन्धी सिपको कम भएको पाइन्छ । शिक्षक पाँचको एकीकृत सिकाइसम्बन्धी बुझाइ र प्रयोग ठिकै छ । शिक्षक आठको धारणा राम्रो तर प्रयोगसम्बन्धी सिपको कमी छ । शिक्षकहरूले नेपाली विषय शिक्षण गर्दा सान्दर्भिक विषयलाई पनि सँगसँगै जोडेर सिकाइ गर्न अलमलमा परेको पाइन्छ । शिक्षकहरूले परिवर्तित पाठ्यक्रमप्रति अद्यावधिक हुनु आवश्यक छ । शिक्षणलाई पूर्वज्ञानमा आधारित बनाई जीवन सापेक्ष बनाउन सान्दर्भिक पक्षलाई सिकाइमा एकीकृत गर्नुपर्ने हुन्छ ।

*कक्षा तीन म र मेरो परिवार विषयक्षेत्र*

कक्षा ३ मा अठारओटा विषयवस्तुको क्षेत्रमध्ये एघारओटा विषयक्षेत्र समावेश गरिएको छ । यी विषयक्षेत्रमा कुनै क्षेत्र नेपाली, अङ्गेजी, गणित र सेरोफेरो चारओटै विषयक्षेत्रमा मिल्दा छन् । कुनै तीनओटा विषयक्षेत्रमा, कुनै दुईओटा विषयक्षेत्रमा र कुनै अन्य कुनै विषयवस्तुसँग एकीकृत गर्न नसकिने गरी सिकाइ उपलब्धिको विस्तृतीकरण गरिएको छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त विचारः** मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा कक्षा ३ को नेपाली विषयको म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतको पाठ एकमा शिक्षकहरूले शिक्षणका क्रममा अपनाउने एकीकृत शिक्षण सिकाइसम्बन्धी चर्चा गरिएको छ । शिक्षक तीनका अनुसार बालबालिकाहरूको सिकाइ उपलब्धिलाई स्तरीय बनाउन एक अर्को विषयलाई सम्बन्धित विषयअन्तर्गत एकीकृत गरेर सिकाउने गरेको पाइन्छ । "कक्षा १ देखि ३ सम्ममा रहेको नेपाली, गणित, अङ्ग्रेजी र सेरोफेरो सबै विषयमा समान विषयक्षेत्र चयन गरिएको छ । नेपाली विषयमा रहेको म र मेरो परिवार विषयक्षेत्रलाई अन्य विषयसँग एकीकृत गरी सिकाउँछु" भन्ने प्रतिक्रिया छ । नेपाली विषयमा ध्वनिसचेतीकरण, वर्णसचेतीकरण, शब्दभण्डार लगायत सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित गराई विभिन्न सिकाइ क्रियाकलापद्वारा एकीकृत रूपमा सिकाइ सञ्चालन गरेको पाइन्छ । शिक्षक पाँचका अनुसार नेपाली विषयको शिक्षण गर्दा अन्य विषयलाई पनि सान्दर्भिकताका आधारमा जोडेर सिकाउने गरेको पाइन्छ । "परिवारमा नैतिक आचरण, अनुशासन, संस्कार र संस्कृतिका विषयहरू पनि आउने भएकोले पाठ एकका क्रियाकलापलाई एकीकृत रूपमा शिक्षण गर्दै आएको छु" भन्ने प्रतिक्रिया पाइन्छ । शिक्षक नौले नेपाली विषय सिकाइका क्रममा पनि अन्य विषयलाई समेत जोडेर सिकाइ सञ्चालन गर्दै आएको पाइन्छ ।

**मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त विचारको विश्लेषणः** मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा कक्षा ३ को नेपाली विषयको म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत पाठ एकमा रहेका चौधओटा क्रियाकलापको सिकाइमा शिक्षकहरूले सान्दर्भिक पक्षहरूका आधारमा एकीकृत सिकाइ गरेको पाइन्छ । शिक्षक तीनको विषयवस्तुको एकीकृत सिकाइप्रतिको बुझाइ र प्रयोग ठिकै छ । शिक्षक पाँचले गणित विषयसँग पनि एकीकृत गरी शिक्षण गर्ने गरेको पाइन्छ । जबकि यो विषयक्षेत्र नेपाली, अङ्ग्रेजी र सेरोफेरोमा मात्र सङ्गठित गरिएको छ । शिक्षक नौले अङ्ग्रेजी विषयसँग जोडेको पाइन्छ । यसरी कक्षा ३ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूमा एकीकृत तवरले सिकाइ गर्ने सिपको कमी छ । शिक्षकहरूले पाठ्यक्रम हेरेर कुनकुन विषयक्षेत्रलाई कुन-कुन विषयमा के कसरी एकीकृत गरी शिक्षण गर्न सकिन्छ भनी सुझबुझपूर्ण ढङ्गले सिकाइ प्रक्रिया सञ्चालन गर्नु आवश्यक छ ।

**कक्षा अवलोकनबाट प्राप्त सूचनाः** कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा शिक्षणमा नेपाली विषयलाई कहीँ कतै एकीकृत गरी सिकाउने गरेको पाइँदैन । मार्गनिर्देशक प्रश्नावली भरेका शिक्षक दुईको कक्षा अवलोकनका क्रममा सो को प्रयोग कक्षाकोठामा भएको देखिँदैन । शिक्षकले म र मेरो विषयक्षेत्रको पाठ एकअन्तर्गतका चौधओटा क्रियाकलाप सात घण्टीमा पूरा गर्दा एकीकृत रूपमा सान्दर्भिक पक्षहरूलाई जोड्न सकेको पाइँदैन ।

**कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषणः** कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा शिक्षकहरूमा एकीकृत शिक्षण सिकाइसम्बन्धी केही ज्ञान भएको तर कक्षाकोठामा सिकाइका क्रममा विषयवस्तुलाई सङ्गठित गर्ने सिप भएको पाइँदैन । प्रायः शिक्षकले पुरानो तरिका विषयगत रूपमा सिकाउने गरेको पाइन्छ । शिक्षकहरूमा खोज अनुसन्धान गरी सिकाइका क्रममा उपयोग गर्ने बानीको कमी छ । शिक्षकहरूमा एकीकृत सिकाइसम्बन्धी ज्ञान तथा सिप वृद्धि गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियालाई सिकाइमा उपयोग गर्नु आवश्यक छ ।

**अन्तर्वार्ताबाट प्राप्त विचारः** अन्तर्वार्ताबाट प्राप्त सामग्रीको प्रस्तुतीकरणमा नेपाली विषय शिक्षकहरूले एकीकृत रूपमा सिकाइ गर्दै आएका छन् वा छैनन् भनी अध्ययन गरिएको छ । शिक्षक तीनका अनुसार नेपाली विषय शिक्षणका क्रममा अन्य विषयलाई पनि जोडेर सिकाइ सञ्चालन गरेको पाइन्छ । यस सम्बन्धी प्रतिक्रिया यस्तो छ-"नेपाली विषय शिक्षणमा मैले अङ्ग्रेजीलाई पनि समेट्ने क्रममा जस्तो परिवारलाई अङ्ग्रेजीमा फेमिली भनिन्छ । नेपालीमा बुबा भनिन्छ भने अङ्ग्रेजीमा त्यसलाई फादर भन्ने गरिन्छ ।" नेपाली विषयअन्तर्गत विद्यार्थीलाई समाजसँग जोडी सिकाउने गरेको पाइन्छ । नेपाली विषयको सिकाइमा सेरोफेरोका सहयोग तथा सिपका विषयलाई पनि उपयोगमा ल्याएको पाइन्छ ।

शिक्षक छअनुसार विद्यार्थीको धारणा विकासका लागि अन्य विषयसँग सम्बन्धित गराएर सिकाइ अपनाएको पाइन्छ । म र मेरो परिवार विषयक्षेत्र सिकाइमा तपाईँको परिवारमा कति जना सदस्य सङ्ख्या रहनु भएको छ ? भन्ने प्रश्न गरी गणितसँग एकीकृत गरिएको पाइन्छ । शिक्षणमा चित्रहरू प्रदर्शन गर्दै यहाँ कति जना मानिस छन् ? यी मानिसहरू के गरिरहेका छन् ? भन्ने प्रश्नद्वारा गणितसँग सम्बन्धित गराएको पाइन्छ । सेरोफेरो विषयसँग एकीकृत गरिएको प्रतिक्रिया यस्तो छ-"परिवारसँग जोडेर छिमेकीसँगको पारिवारिक वातावरण, संस्कार,

संस्कृतिजस्ता विषयलाई पनि जोडेर सिकाइ सञ्चालन गर्दछु ।" शिक्षक नौले कक्षा १ देखि ३ सम्मको नेपाली विषय सिकाउने गरेको पाइन्छ । शिक्षकलाई नेपाली विषयमा के कसरी अन्य विषय एकीकृत गरी शिक्षण गर्ने भन्ने बुझाइ र सिपको कमी भएको पाइन्छ ।

**अन्तर्वार्ताबाट प्राप्त विचारको विश्लेषणः** अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा शिक्षकहरूमा एकीकृत शिक्षण सिकाइसम्बन्धी प्रयोग गर्ने सिपको कमी छ । शिक्षक तीन र छले केही हदसम्म सान्दर्भिक पक्षलाई एकीकृत रूपमा जोडेर सिकाएको पाइन्छ तर म र मेरो परिवार विषयक्षेत्र नेपाली, अङ्ग्रेजी र सेरोफेरोमा मात्र एकीकृत गर्नुपर्नेमा गणितमा पनि सङ्गठित गरेको पाइन्छ । यसले एकीकृत सिकाइप्रति शिक्षक कति पनि सचेत नभएको देखिन्छ । अझ शिक्षक नौले कक्षा १ देखि ३ सम्मको नेपाली विषय सिकाउने गरे तापनि एकीकृत सिकाइप्रति केही थाहा भएको पाइँदैन । केही शिक्षकहरूले कुनकुन विषयमा कुनकुन विषयक्षेत्रलाई एकीकृत सिकाइ गर्नुपर्ने थाहा नपाउनु र केही शिक्षकहरूमा पाठ्यक्रमको स्वरूपको बारेमा ज्ञान नहुनुले सिकाइ कमजोर रहेको छ । शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम र सिकाइ सहजीकरणसम्बन्धी समयमा नै तालिम दिनु आवश्यक छ । शिक्षकले सूचना प्रविधिको उपयोग गरी सामग्रीहरू खोज तथा स्वअध्ययन गरी शिक्षण सिकाइमा सुधार ल्याउनु आवश्यक छ ।

**भाषिक सिपमा आधारित सिकाइ सहजीकरण**

पुरानो प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले नेपाली विषयको लागि छुट्टै शिक्षण सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनको व्यवस्था गरेको पाइन्छ तर हाल कार्यान्वयनमा रहेको पाठ्यक्रममा भने सबै विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया र विद्यार्थी मूल्याङ्कन एकै ठाउँमा समावेश गरिएको छ । विषयक्षेत्रअनुसार सिकाइ उपलब्धिलाई एकीकृत स्वरूपमा प्रस्तुत गरिएको छ । आधारभूत तहमा नेपाली विषय शिक्षकहरूले पाठ्यक्रमद्वारा निर्देशित विधि तथा प्रक्रियाहरूको समुचित रूपमा प्रयोग गरेको देखिँदैन ।

पाठ्यक्रमले निर्देश गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको योजनाबद्ध रूपमा प्रयोग गर्ने परिपाटीको विकास भएको पाइँदैन । श्रव्यवाच्यका आधारमा कक्षाकोठाको सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन हुन सकिरहेको देखिँदैन । कक्षाकोठाको सिकाइ पुराना विधि

तथा क्रियाकलाप र आधुनिक क्रियाकलापकाबिच नै रूमलिएको छ । अझै केही शिक्षकहरू प्रवचन विधिमा नै अभ्यस्त भई शिक्षण सिकाइ सञ्चालन गरेको पाइन्छ । यसरी नेपाली भाषा सिकाइलाई स्तरीय र व्यावहारिक बनाउन र एकीकृत रूपमा शिक्षण सिकाइ सञ्चालनका लागि यस्ता कमी कमजोरी निराकरण गर्नु आवश्यक छ ।

हालको पाठ्यक्रमले व्यवस्था गरेअनुरूप शिक्षण सिकाइ सहजीकरण एकीकृत रूपमा विषयवस्तुलाई जोड्न सकेको पाइँदैन । यसरी पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता हासिल गर्न कठिनाई हुने छ । शिक्षकले शिक्षण सिकाइका क्रममा केही शैक्षणिक सामग्रीको प्रयोग गरे पनि अधिकांश शिक्षकहरूले योजनाबद्ध रूपमा सामग्रीको तयारी गरी कक्षा सञ्चालन गरेको देखिँदैन । पाठ्यक्रमले अपेक्षा गरेअनुरूप एउटा विद्यालयमा मात्र कक्षा सिकाइ हुँदै आएको छ । कक्षा शिक्षणले एकीकृत सिकाइमा मद्दत पुऱ्याउने आशा गर्न सकिन्छ । पाठ्यक्रमको शिक्षण सिकाइमा सही रूपमा प्रयोग गर्न तालिमको कमी भएको र केही शिक्षकको भने तालिम पाए पनि प्रयोगप्रति तप्परताको कमी भएको पाइन्छ । नेपाली विषयलाई एकीकृत रूपमा सिकाइ गर्नको लागि यस्ता कमजोरीमा निरन्तर सुधार गर्दै अगाडि बढ्नु आवश्यक देखिन्छ ।

नेपाली विषयको सिकाइ सहजीकरण प्रक्रियापाठ्यक्रमको निर्देशअनुरूप हुन सकिरहेको देखिँदैन । नेपाली विषय शिक्षकहरूले पाठ्यक्रमको मर्मअनुरूप सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरू छनोट र प्रयोग गर्न सकेको पाइँदैन । पाठ्यक्रमको भावनाअनुरूप कक्षाकोठामा योजनाबद्ध ढङ्गले सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन हुनु आवश्यक छ । नेपाली विषय शिक्षकहरूले एकातिर पाठ्यक्रमको प्रयोग नगर्नु र अर्कोतिर एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गर्न नसक्नु नै चुनौतीको विषय बनेको पाइन्छ । खासगरी नेपाली विषयको शिक्षणको मुख्य उद्देश्य भाषिक सिपको विकास गराउनु हो तर त्यसो हुन सकेको पाइँदैन । यसमा भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकासजस्ता पक्षहरूमा ध्यान दिइएको छ । यसका साथै भाषिक तत्त्वगत क्षेत्रमा ध्वनिसचेतीकरण, श्रुति तथा दृश्यबोध, पठनप्रवाह, पठनबोध, लेख्यवर्ण सचेतीकरण, लेखाइ, शब्दभण्डार र कार्यमूलक व्याकरणलाई समेत जोड दिइएको पाइन्छ ।

हाम्रो विद्यालय स्तरको सिकाइ सहजीकरण प्रक्रियामा भाषिक सिप र भाषिक तत्त्वगत क्षेत्रलाई महत्त्व दिइएकोदैन । नेपाली विषय शिक्षणका क्रममा अन्य सान्दर्भिक विषयका क्षेत्रहरूलाई आवश्यकताका आधारमा जोडे पनि सिकाउन खोजेको भाषिक सिप नै हो भनेर भुल्न हुदैन । खुला प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त सामग्रीको अध्ययन तथा विश्लेषण गर्दा प्रायः शिक्षकहरूले भाषिक तत्त्वगत क्षेत्रलाई प्रयोग गरेको पाइँदैन । शिक्षकले नेपाली विषय शिक्षणमा भाषिक सिप र भाषिक तत्त्वगत क्षेत्रलाई समन्वय गरेर सँगसँगै लैजानु आवश्यक छ ।

कक्षाकोठाको सिकाइ क्रियाकलापमा जुनसुकै विधि तथा प्रक्रिया शिक्षकले अपनाए पनि विकास गराउन खोजेको भाषिक सिप नै हो । पाठ्यक्रममा उल्लिखित बहुविषयक क्षेत्रलाई विधि तथा क्रियाकलापद्वारा सिकाइ गराउन थप क्रियाकलापहरू प्रयोगमा ल्याउन उपयुक्त हुन्छ । शिक्षकले पाठ्यक्रमको प्रयोग गर्नु नितान्त आवश्यक छ । पाठ्यक्रम र  शिक्षक निर्देशिकाका आधारमा कक्षाकोठामा सिकाइ सहजीकरण विधि तथा प्रक्रिया अवलम्बन गर्नु उपयुक्त मानिन्छ । नेपाली विषयको म र मेरो परिवार विषयक्षेत्रको शिक्षणमा अङ्ग्रेजी, गणित र सेरोफेरोका सान्दर्भिक पक्षलाई आवश्यकताअनुसार संयोजन गरी सिकाइ गर्न सकिन्छ तर पनि शिक्षकले भाषिक सिप र भाषिक तत्त्वगत क्षेत्रलाई भने बिर्सन हुँदैन । शिक्षकले अङ्ग्रेजी, गणित र सेरोफेरो सिकाए पनि समग्रमा भाषा नै सिकाइ गरेको मानिन्छ ।

**अध्याय सारांश**

प्रस्तुत अनुसन्धानको यस पाँचौं अध्यायमा म र मेरो परिवार विषयक्षेत्रमा एकीकृत शिक्षण सिकाइको उपयोगको अवस्थालाई समावेश गरिएको छ । यसमा आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम प्रयोगमा आएको आधा दशक भइसकेको अवस्थामा पनि शिक्षकहरूले पाठ्यक्रममा आधारित भई एकीकृत रूपमा सिकाइ सञ्चालन गर्न सकेको देखिँदैन । कक्षा १ देखि ३ सम्म निर्धारण गरिएका विषयक्षेत्र हरेक विषयमा समान छन् र केही आफ्नाआफ्ना विषयका मात्रै पनि छन् । म र मेरो परिवार विषयक्षेत्र कक्षा ३ मा गणितदेखि बाहेकका अन्य सबै विषयमा सान्दर्भिक पक्षहरूलाई कक्षाकोठाको शिक्षणका क्रममा जोडेर सिकाइ सञ्चालन गर्नु आवश्यक छ । मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुतीकरण र विश्लेषण गर्दा अधिकांश शिक्षकहरूले अझै पनि एकीकृत सिकाइ

गरेको पाइँदैन । शिक्षक योग्य पनि भएको तर व्यवहारमा प्रयोग पक्ष कमजोर रहेको पाइन्छ । केही शिक्षकहरूमा एकीकृत रूपमा सिकाइसम्बन्धी ज्ञान र सिपको कमी छ भने केही शिक्षकहरूमा ज्ञान छ तर प्रयोग गर्ने सिपलाई प्रयोगमा उतारिएको पाइँदैन । अध्ययनका क्रममा थोरै शिक्षकहरूले मात्रै एकीकृत रूपमा सङ्गठित गरी सिकाइ सहजीकरण गरेको पाइन्छ ।

विषयगत पाठ्यक्रमका कमीकमजोरीलाई न्यूनीकरण गर्दै कक्षा ३ सम्म एकीकृत ढाँचाको बहुविषयक र अन्तरविषयक पाठ्यक्रम लागु भएको छ । यसैको मर्मअनुरूप विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा सुधार हुनु आवश्यक छ । नेपाली विषयभित्र रहेका एघारओटा विषयक्षेत्रमध्ये कुनकुन विषयक्षेत्र सिकाइमा कुनकुन विषयका सान्दर्भिक पक्षलाई जोडेर सिकाउनु पर्ने हो सोको ज्ञान शिक्षकमा हुनु आवश्यक छ । सबै विषयक्षेत्रमा सबै विषय जोड्न सकिँदैन । केही शिक्षकले कक्षा ३ को म र मेरो परिवार विषयक्षेत्र सिकाइका क्रममा गणित विषयलाई पनि सङ्गठित गरी सिकाइ सहजीकरण सञ्चालन गरेको पाइन्छ । गणितलाई उक्त विषयक्षेत्रमा एकीकृत रूपमा सङ्गठित गरिएकै पाइँदैन । विद्यार्थीको खण्डित सिकाइलाई न्यूनीकरण गर्नका लागि प्रयोगमा ल्याएको यो पाठ्यक्रमको शिक्षकहरूले सही रूपमा प्रयोग गर्न सकेको देखिँदैन । यस किसिमको सिकाइले विद्यार्थीको जीवन्त अनुभवलाई पूर्वज्ञानसँग जोडेर शिक्षण गर्नुपर्ने हुन्छ । सिकाइलाई अन्तर्क्रियात्मक बनाई सहकार्यलाई बढावा दिनु आवश्यक छ । यसमा सिकाइका विषयवस्तुहरूबिच अन्तरसम्बन्ध पहिचान गरिएको छ । यसमा एउटा विषयमा सिकेको ज्ञान तथा सिप अन्य विषयको सिकाइसँग सम्बन्ध कायम राखिएको छ । शिक्षकले विषयवस्तुलाई अर्को विषयसँग जबरजस्ती जोड्नेभन्दा पनि सान्दर्भिक पक्षलाई मात्रै सङ्गठित गरी सिकाइ सञ्चालन गर्नुपर्छ । कक्षा १ देखि ३ सम्म शिक्षण गर्ने शिक्षकलाई तालिमको आवश्यकता छ । समय समयमा सुपरीवेक्षकबाट कक्षा अवलोकन गरी सिकाइमा सुधार ल्याउन सकिन्छ ।विद्यालयमा एकीकृत स्वरूपको पाठ्यक्रममा विषयगत सिकाइ भइरहेको छ । विषयवस्तु जोड्ने विषयमा पनि सान्दर्भिक पक्षलाई मात्र जोड्न सकिने भन्ने धारणा शिक्षकमा गराउनु आवश्यक छ । पाठ्यक्रमको प्रयोगकर्ता र कक्षाकोठाको सिकाइ प्रक्रियाको सहजकर्ता शिक्षक भएकोले समयअनुसार शिक्षकहरूले सिकाइमा सुधार ल्याउनु पर्दछ ।

नेपाली विषयको शिक्षणमा म र मेरो परिवार विषयक्षेत्रलाई एकीकृत रूपमा सिकाइको प्रयास भए पनि यसले समग्रमा भाषिक सिप तथा भाषिक तत्त्वगत क्षेत्रलाई नै जोड दिएको पाइन्छ । नेपाली विषय सिकाइमा अन्य विषय अङ्ग्रेजी, गणित र सेरोफेरो विषयका सान्दर्भिक पक्षलाई सँगै जोडेर शिक्षण गरे पनि त्यो भाषा कै सिकाइ भएको मानिन्छ । यसरी भाषिक सिपको वृद्धिका लागि विषयगत खण्डीकृत विषपलाई न्यूनीकरण गर्दै अन्य विषयसँगै जोडेर भाषिक पक्षमा सबल बनाउन खोजेको पाइन्छ । शिक्षकले सिकाइका क्रममा यस विषयलाई भने गहन ढङ्गले बुझ्केर अनुसरण गरेको पाइँदैन । विशेषगरी तल्ला कक्षाहरूमा विषयगत विशिष्टीकृत पाठ्यक्रम लागु गर्दा सिकाइ खण्डीकरण हुन गई अत्यावश्यक आधारभूत तहको जगलाई मजबुत बनाउन एकीकृत ढाँचाको पाठ्यक्रमको अवधारणा लागू गर्न सान्दर्भिक देखिएको छ । बालबालिकाको वास्तविक जीवनमा सिकाइ एकीकृत रूपमा हुन्छ । उनीहरू आफ्नो परिवेशमा सिकिरहेका हुन्छन् । फरकफरक सिकाइ क्षेत्रलाई मिल्दो हदसम्म अन्तरसम्बन्ध पहिचान र अनुभवको उपयोग तथा सङ्गठित ज्ञान हासिल गर्नमा सहयोग गर्नु उपयोगी देखिएको छ ।

# अध्याय छ

# प्राप्ति र छलफल

प्रस्तुत शोध नेपाली विषय शिक्षणका क्रममा शिक्षकहरूले अपनाएका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको अध्ययनमा केन्द्रित छ । नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले शिक्षणका क्रममा केकस्ता विधि तथा क्रियाकलापहरू अपनाएका छन्, त्यस्ता क्रियाकलापहरू पाठ्यक्रमअनुरूप छन् कि छैनन् र विषयक्षेत्रका सान्दर्भिक पक्षलाई एकीकृत रूपमा सङ्गठित गरी शिक्षण गरिएको छ वा छैन भन्ने तथ्य यस शोधमा खोजी गरिएको छ । नेपाली विषय शिक्षणका क्रमका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको प्रयोगतथा प्रभावकारिताको विश्लेषण र एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको प्रयोगको अवस्था पत्ता लगाउनका लागि मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताको प्रयोग गरिएको छ ।

प्रस्तुत शोध नेपाली विषयको सिकाइ सहजीकरणसँग सम्बन्धित समस्यामा केन्द्रित रहेर गरिएको छ । आधारभूत तहमा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतका क्रियाकलापहरू शिक्षण गर्दा के कस्ता सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको प्रयोग गर्ने गरेका छन् ? र एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवस्था तथा प्रभावकारिता के कस्तो छ ? भन्ने समस्याहरूको समाधान खोजी गर्ने कार्य यस शोधमा गरिएको छ । नेपाली विषयको शिक्षणलाई प्रभावकारी, स्तरीय, सहभागितामूलक, बालमैत्री तथा समयानुकूल बनाउनका लागि भाषा शिक्षणका क्रियाकलापहरूसँग सम्बन्धित समस्यालाई छनोट गरिएको छ । उक्त समस्याहरूको समाधानका लागि मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्तालाई तथ्याङ्क सङ्कलनको साधनको रूपमा प्रयोग गरिएको छ । यिनै साधनबाट प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ । ती सबै साधनबाट उपलब्ध तथ्याङ्कको विश्लेषणबाट आएका यस शोधका प्राप्ति र यससम्बद्ध छलफललाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## प्राप्ति

आधारभूत तह कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम विषयक तथा अन्तरविषयक ढाँचामा संरचित छ । यसमा कक्षा १ देखि ३ सम्मको नेपाली विषयको म र मेरो परिवार विषयक्षेत्र शिक्षणका प्राप्ति, पाठ्यक्रम प्रयोगको अवस्था र एकीकृत शिक्षण सिकाइको उपयोगितासम्बन्धी प्राप्तिलाई समेटिएको छ ।

### *कक्षा १ को म र मेरो परिवार विषयक्षेत्र शिक्षणका प्राप्तिहरू*

नेपाली विषय शिक्षकहरूले कक्षा १ को म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतको पाठ एकका क्रियाकलापहरू सिकाइका क्रममा छलफल, प्रश्नोत्तर, गीत, प्रदर्शन, अभिनय, कथाकथन, समस्या समाधान, भ्रमण, अन्तर्क्रिया, खेल, उदाहरण, प्रयोगजस्ता विधिहरूको प्रयोग गरेका छन् । नमुनावाचन, अनुकरण, चित्र वर्णन, समूह कार्य, पहिचान, तुलना, उच्चारण, सस्वरवाचन, पठनबोध, धारणा निर्माण, सिर्जनात्मक कार्य, अनुमान, प्रस्तुतीकरण, मौखिक वर्णन र श्रव्यवाच्यको प्रयोग प्रक्रियाहरूको सिकाइका क्रममा उपयोग भएको पाइन्छ ।

म र मेरो परिवार विषयक्षेत्र सिकाइका क्रममा शिक्षकहरूले पाठ्यक्रममा निर्देशित सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूमध्ये केही मात्रामा प्रयोग गरेको पाइन्छ । शिक्षणमा कथाकथन, गीत, आगमन, भूमिका निर्वाह, छलफल, अन्तर्क्रिया, खेल, प्रदर्शनजस्ता विधिहरूको क्रियाकलापअनुसार सही रूपमा प्रयोग हुन सकेको पाइँदैन । सिकाइमा निर्माणात्मक कक्षा, प्रविधियुक्त कक्षा, सहयोगात्मक कक्षा, स्वाध्ययनजस्ता विधिहरूको न्यून प्रयोग भएको पाइन्छ । शिक्षकहरूले समूह कार्य, छलफल, निष्कर्ष र प्रस्तुतीकरणको अभ्यासको प्रयोग गरेको पाइँदैन । यस विषयक्षेत्र शिक्षणका क्रममा शिक्षकले अपनाएका विधि तथा क्रियाकलापहरू निर्दिष्ट सक्षमता हासिल गराउन पर्याप्त देखिँदैन । शिक्षण सिकाइमा प्रविधिलाई उपयोगमा ल्याउन सकिएको देखिँदैन । शिक्षण सिकाइ अझै पनि क्रियाकलापमुखी तथा विद्यार्थीकेन्द्रित बन्न सकेको पाइँदैन ।

### *कक्षा २ को म र मेरो परिवार विषयक्षेत्र शिक्षणका प्राप्तिहरू*

कक्षा २ को नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले सिकाइका क्रममा छलफल, प्रश्नोत्तर, गीत, प्रदर्शन, अभिनय, उदाहरण, कथाकथन, आगमन, परियोजना, समस्या समाधान,

अन्तर्क्रिया र स्वाध्ययन विधिहरूको प्रयोग गरेको पाइन्छ। शिक्षकहरूले नमुनावाचन, अनुकरण, धारणा निर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्र वर्णन, तुलना, प्रस्तुतीकरण, सस्वरवाचन, स्वतन्त्र लेखन, अनुलेखन, निष्कर्ष, श्रुतिकथन, श्रुतिवर्णन, श्रुतिरचना, उच्चारण, शब्दनिर्माण र वाक्यनिर्माणसम्बन्धी सिकाइ सहजीकरण प्रक्रियाहरूको प्रयोग गरेको पाइन्छ।

पाठ्यक्रमले निर्देशित गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको शिक्षणका क्रममा हुबहु पालना हुन सकेको देखिँदैन । केही शिक्षकहरूले मात्र पाठ्यक्रमअनुरूपका विधि तथा प्रक्रियाहरूलाई अवलम्बन गर्दै आएको पाइन्छ । शिक्षण सिकाइमा शैक्षणिक सामग्री प्रयोगको अवस्था नाजुक देखिन्छ । शिक्षकहरूले सिकाइमा श्रव्यवाच्यका साधनको उपयोग गरेको देखिँदैन । उक्त विषयक्षेत्रको सिकाइका विधि तथा प्रक्रियाहरूले सक्षमता हासिल गराउनका लागि केन्द्रित भएको पाइँदैन । शिक्षकहरूले प्रयोग गर्ने विधि तथा प्रक्रिया विद्यार्थीकेन्द्रित बन्न आवश्यक देखिन्छ।

*कक्षा ३ को म र मेरो परिवार विषयक्षेत्र शिक्षणका प्राप्तिहरू*

कक्षा ३ को नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले म र मेरो परिवार विषयक्षेत्रका क्रममा अभिनय, प्रश्नोत्तर, प्रदर्शन, शोधपुछ, प्रवचन, खोज, भ्रमण, समस्या समाधान, कथाकथन, उदाहरण, खेल, अनुसन्धान, गीत, अन्तर्क्रिया, आगमनजस्ता विधिहरूको प्रयोग गरेको पाइन्छ । साथै शिक्षकले सस्वरवाचन, चित्र पहिचान, मौखिक वर्णन, प्रश्नोत्तर, लय वाचन, प्रस्तुतीकरण, श्रव्यवाच्यको प्रयोग, अनुकरण, पठनबोध, कुराकानी, सिर्जनात्मक कार्य, दृश्य वर्णन, उच्चारण, अनुकरण, धारणा निर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, द्रुतवाचन, अनुलेखन र बुँदा टिपोटजस्ता क्रियाकलापको प्रयोग गरेको पाइन्छ। केही शिक्षकहरूले कविता शिक्षणमा क्रमिक सिकाइ रणनीतिको अवलम्बन गरेको पाइन्छ।

शिक्षकहरूले सिकाइमा पाठ्यक्रमको प्रायः प्रयोग गरेको पाइँदैन तर कार्यपुस्तकको भने उच्चतम प्रयोग भएको पाइन्छ। शैक्षणिक सामग्री र प्रविधिको सिकाइमा समुचित प्रयोग भएको पाइँदैन। शिक्षणमा क्रमिक सिकाइ रणनीतिको उपयोगको आंशिक प्रयास मात्र भएको पाइन्छ। सामाजिक संरचनात्मक सिद्धान्तअनुरूपको शिक्षण भएको पाइँदैन । शिक्षक सहजकर्ता भएर विद्यार्थीलाई बढी सक्रिय बनाउनु पर्नेमा त्यसो हुन सकेको देखिँदैन। अझै पनि शिक्षक नै बढी

कक्षाकोठामा सक्रिय भएको पाइन्छ । शिक्षणमा कथाकथन, गीत, आगमन, प्रदर्शन, अन्तर्क्रिया, खेल, उदाहरणजस्ता विद्यार्थीकेन्द्रित विधिहरूको प्रयोग भएको पाइँदैन ।

*एकीकृत शिक्षण सिकाइ उपयोगका प्राप्तिहरू*

आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम एकीकृत ढाँचामा तयार गरिएको पाठ्यक्रम हो । शिक्षकहरूले यो पाठ्यक्रमको भावनाअनुरूप कक्षाकोठाको सिकाइ सहजीकरण सञ्चालन गर्न सकेको देखिँदैन। आंशिक शिक्षकहरूमा विषयक्षेत्रमा आधारित क्रियाकलाप र विद्यार्थीकेन्द्रित सिकाइमा जोड दिई शिक्षण गर्ने ज्ञान नै नभएको देखिन्छ । एक तृतीयांश शिक्षकहरूको ज्ञान छ तर कक्षाकोठामा व्यावहारिक रूपमा प्रयोगमा समस्या देखिन्छ । सीमित शिक्षकहरूले मात्र सान्दर्भिक पक्षलाई एकीकृत गरी सिकाइ सहजीकरण सञ्चालन गरेका छन् । विषयगत शिक्षणमा अभ्यस्त भएका शिक्षकहरूलाई विषयक्षेत्रगत रूपमा शिक्षण गर्न ठुलो चुनौती बनेको पाइन्छ । शिक्षक योग्य र तालिम प्राप्त भएर पनि एकीकृत रूपमा विषयवस्तुलाई सङ्गठित गरी सिकाइ सहजीकरण क्रियाकलाप गर्न सकेको देखिँदैन । केही शिक्षकहरूले जबरजस्ती विषयलाई एकीकृत गरेको पाइन्छ । एकीकृत ढाँचाको विषयक्षेत्रगत पाठ्यक्रम कार्यान्वयन र प्रयोगमा आएको आधा दशक बितिसक्दा पनि अझै कक्षाकोठाको सिकाइ विषयगतरूपमा शिक्षण गर्ने परिपाटी देखिन्छ । नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले एकीकृत शिक्षण सिकाइसम्बन्धी ज्ञान र सिप हासिल गरेको देखिँदैन ।

**छलफल**

प्रस्तुत शोधप्रबन्धमा मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई शाब्दिक रूपमा छलफल गरिएको छ । विश्लेषणका क्रममा सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, एकीकृत शिक्षण सिकाइको अवस्था तथा सामाजिक संरचनात्मक पक्षलाई आधार मानिएको छ ।

नेपाली विषयको सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित रक्रियाकलापमुखी हुनु आवश्यक छ । यसले भाषिक सिप विकासमा जोड दिन्छ । पुरानो पाठ्यक्रममा नेपाली विषयको छुट्टै सिकाइ सहजीकरण प्रक्रिया उल्लेख भई भाषाका चारओटा भाषिक सिप विकास गराएको पाइन्छ । यहीँ सन्दर्भमा रहेर अध्ययन गर्ने अध्येताहरूले विषयगत सिकाइका आधारमा नेपाली

विषयलाई अन्य विषयबाट अलग राखेर सिकाउनु पर्ने मान्यता राखेको पाइन्छ । हालको पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आएपछि समग्र सक्षमता प्राप्तिमा जोड दिएको पाइन्छ । यसले दुई वा दुईभन्दा बढी विषयलाई अन्तरसम्बन्धित गरेर सिकाइ सहजीकरणमा जोड दिएको छ । यसमा विषय सिकाउनेभन्दा पनि के कस्ता सक्षमता हासिल गराउने भन्ने विषयका आधारमा सिकाइ क्रियाकलाप सञ्चालन गरिएको पाइन्छ ।

यस सन्दर्भमा नेपाली विषयको सिकाइ सहजीकरणसम्बन्धी भएका अध्ययनमा यसले भाषिक सिपका साथै अन्य विषयका सान्दर्भिक पक्षलाई जोडेर शिक्षण भए तापनि त्यो भाषा कै शिक्षण भएको मानिन्छ तर यस अध्ययनका क्रममा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा सिद्धान्त र पूर्वअध्येताका मान्यतालाई आधार बनाएर शिक्षण सिकाइ सञ्चालन भएको पाइँदैन । अझै पनि शिक्षण सिकाइ विषयगत रूपमा नै भएको पाइन्छ । शिक्षकले सान्दर्भिक पक्षलाई जोड्दै शिक्षण गर्नुपर्नेमा त्यसो भएको पाइँदैन । पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता हासिल गराउने ध्येयले शिक्षण भएको पाइँदैन । नेपाली भाषामा भाषिक सिप र भाषिक तत्त्वगत क्षेत्रलाई आत्मसात् गरी शिक्षण गरिनु आवश्यक देखिन्छ । हालको पाठ्यक्रमले साझा सिकाइ सहजीकरण प्रक्रिया उल्लेख गरे तापनि त्यसको प्रयोगप्रति स्वयम् शिक्षकहरू बेखबर देखिन्छन् । अध्ययनबाट प्राप्त प्राप्तिलाई हेर्दा सिद्धान्त र व्यवहारमा फरक पाइन्छ । पूर्वअध्येताका सिकाइ सहजीकरणसम्बन्धी विधि, क्रियाकलाप तथा तौरतरिकालाई पूर्ण रूपमा शिक्षणमा उपयोग गरेको देखिँदैन । शिक्षकले आंशिक सिकाइ सहजीकरण प्रक्रियालाई मात्र सिकाइमा अवलम्बन गरेको पाइन्छ ।

नेपाली विषय शिक्षणमा शिक्षकहरू पुरानै विधि तथा तौरतरिकामा अलमलिएको पाइन्छ । सिकाइमा शिक्षक केन्द्रित विधिको उपयोग नै बढी भएको पाइन्छ । शिक्षकले विद्यार्थीलाई अधिकतम सिकाइ क्रियाकलापमा केन्द्रित गर्न सकेको देखिँदैन । पाठ्यक्रमले निर्देश गरेका सिकाइ सहजीकरण विधि तथा क्रियाकलापहरूको हुबहु उपयोग भएको पाइँदैन । शिक्षकले भाषिक तत्त्वगत सिपहरूको उपयोगतर्फ ध्यान दिन सकेको देखिँदैन । नेपाली विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा पूर्वअध्येताहरूको मान्यताभन्दा फरक ढङ्गले सिकाइ क्रियाकलाप हुँदै आएको पाइन्छ । अनुसन्धानमा उपयोग गरिएका सबै साधन र आधारबाट उपलब्ध तथ्याङ्कअनुसार गरिएको छलफललाई निम्नानुसार प्रस्तुत गरिएको छ :

*कक्षा १ को म र मेरो परिवार विषयक्षेत्र शिक्षणसम्बन्धी छलफल*

नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले कक्षा १ को म र मेरो परिवार विषयक्षेत्र सिकाइका क्रममा अपनाउने विधि तथा प्रक्रियाहरूमा विविधता पाइन्छ । अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई हेर्दा नेपाली विषयको विषयक्षेत्र सिकाइका क्रममा सबै शिक्षकहरूले पाठ्यक्रमको प्रयोग नगरेका तथा क्रमिक सिकाइ रणनीतिलाई अवलम्बन गर्ने प्रयास मात्रै भएको पाइन्छ । शिक्षकहरूले कार्यपुस्तकको उच्चतम प्रयोग गर्ने गरेका, शिक्षक नै सिकाइमा बढी सक्रिय भएको, छलफल र अन्तर्क्रियाभन्दा व्याख्या विधिको बढी प्रयोग भएको पाइन्छ । यस विषयक्षेत्रअन्तर्गतका क्रियाकलापले भाषिक सिप, शब्दभण्डार र अभिव्यक्ति शिक्षणमा जोड दिएको हुनाले क्रियाकलापहरू पनि सोहीअनुरूप हुन सकेको पाइँदैन । शिक्षकहरू विषयक्षेत्रगतरूपमा सिकाइ गर्ने विषयमा जानकार भए पनि कक्षाकोठाको व्यावहारिक सिकाइ प्रक्रियामा भने प्रयोग गर्न नसकेको पाइन्छ । शिक्षकहरूले केही विधिहरू प्रयोग गरे पनि क्रियाकलापअनुरूपको विधि छनोट र प्रयोगमा अलमलिएको पाइन्छ ।

कक्षा १ मा सोह्रओटा विषयवस्तुको क्षेत्रमध्ये एघारओटा विषयवस्तुको क्षेत्र नेपाली विषयमा रहेको छ । नेपाली विषयको विषयक्षेत्रभित्र म र मेरो परिवार, दैनिक जीवन, हाम्रो समुदाय, हाम्रो विद्यालय, हाम्रो वातावरण, मेरो सिर्जना, हाम्रो संस्कृति, सञ्चार, प्रविधि र बजार, बानी र रुचि, हाम्रो वरपरको संसार र हाम्रा क्रियाकलाप विषयक्षेत्र छन् । यी विषयक्षेत्र कुनै नेपाली, अङ्ग्रेजी, गणित र सेरोफेरो गरी चारोटै विषयक्षेत्र, कुनै तीनओटामा मात्र, कुनै दुईओटामा मात्र र कुनै नेपाली विषयमा मात्र सीमित छन् । हाम्रा क्रियाकलाप विषयक्षेत्र अन्य विषयसँग एकीकृत नगरिएको छुट्टै पहिचान भएको विषयक्षेत्र हो । म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत तीनओटा पाठ र सत्ताइसओटा क्रियाकलाप निर्धारण गरिएको छ । पाठ एकअन्तर्गत दशओटा क्रियाकलाप छन् । पाठ एकभित्र क्रियाकलाप एक सुनेर लय मिलाई गाउने, क्रियाकलाप दुई चित्र हेरी उत्तर दिने, क्रियाकलाप तीन शब्द सुनी चित्र चिन्ने, क्रियाकलाप चार सुनेर शब्द भन्ने, क्रियाकलाप पाँच शिक्षकले भनेको सुनी साथीसँग कुराकानी गर्ने समावेश छन् । साथै क्रियाकलाप छ नमिल्ने चित्रमा गोलो घेरा लगाउने, क्रियाकलाप सात सुनेर उत्तर दिने, क्रियाकलाप आठ जोडा मिलाउने, क्रियाकलाप नौ थोप्लामा रेखा तान्ने र क्रियाकलाप दश थोप्लामा रेखा तानी रङ भर्ने कार्यहरू समावेश छन् । यही क्रियाकलापको

शिक्षणले भाषिक सिप, शब्दभण्डार, अभिव्यक्ति क्षमताको विकास गराउन उल्लेखनीय भूमिका खेलेको छ । यसले एकीकृत रूपमा क्रियाकलापको शिक्षण गरी खण्डीकृत सिकाइलाई न्यूनीकरण गरेको देखिन्छ ।

म र मेरो परिवार विषयक्षेत्र सिकाइका क्रममा नेपाली विषय शिक्षकहरूले प्रयोग गरेका प्रक्रिया, तरिका तथा चरणहरू हेर्दा छलफल र प्रश्नोत्तर विधिको प्रयोग सबैभन्दा बढी भएको पाइन्छ । कथाकथन, गीत, आगमन, प्रदर्शन, व्याख्या, अन्तर्क्रिया र स्वाध्ययन विधिहरूको प्रयोग पनि भएको पाइन्छ । उक्त विधिहरूद्वारा लयबद्ध वाचन, अनुकरण, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, धारणा निर्माण, चित्र वर्णन, अनुमान, अवलोकन, अनुलेखन, हस्तलेखनजस्ता सिकाइ सहजीकरण प्रक्रियाहरूको उपयोग भएको पाइन्छ । सिकाइ सहजीकरण विधिहरूको छनोट र प्रयोगमा सबै शिक्षकहरूको ज्ञान तथा सिप पुगेको पाइँदैन । क्रियाकलापअनुरूप विधिहरू छनोटमा शिक्षकहरू अलमलमा परेको पाइन्छ । यी र यस्ता क्रियाकलापले मात्र भाषिक सिप र एकीकृत शिक्षण सिकाइको मर्मअनुरूप लक्ष्य प्राप्ति गर्न कठिन देखिन्छ । शिक्षकहरूले यस विषयक्षेत्रअन्तर्गत प्रयोगमा ल्याएका विधि तथा क्रियाकलापहरू पर्याप्त भएको पाइँदैन ।

शिक्षण प्रक्रियामा शिक्षक सहजकर्ता नभएर आफैँले बढी सक्रियता देखाएको पाइन्छ । विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइमा जोड दिने क्रियाकलापहरू पर्याप्त नभएका कारण सामाजिक संरचनात्मक पक्ष कमजोर रहेको पाइन्छ । विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउँदै सिक्ने वातावरण तयार पार्ने कार्य कमै भएको पाइन्छ । एकीकृत शिक्षण सिकाइको मान्यताअनुरूप शिक्षण प्रक्रिया अगाडि बढ्न सकेको पाइँदैन । यसले भाषिक सिप, शब्दभण्डार र अभिव्यक्ति क्षमता विकासमा सहयोग पुऱ्याउन नसक्ने देखिन्छ । यस विषयक्षेत्रको सिकाइले भाषिक सिपगत सक्षमताहरू आंशिक रूपमा मात्र प्राप्त हुन सकेको देखिन्छ ।नेपाली विषय शिक्षकहरूले पाठ्यक्रमले निर्देशित गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको पूर्ण रूपमा पालना गरेको पाइँदैन । पाठ्यक्रमले निर्देशित गरेका प्रदर्शन, कथाकथन, गीत, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, आगमन र व्याख्या विधिहरू र लयबद्ध वाचन, अनुकरण, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, अनुमान, अवलोकन, चित्र वर्णन, अनुलेखनजस्ता क्रियाकलापहरूको केही मात्रामा प्रयोग भएको पाइन्छ तर खेल, परियोजना कार्य, सहयोगात्मक कक्षा, निर्माणात्मक

कक्षा, प्रविधियुक्त कक्षा र श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण विधि र यीअन्तर्गतका क्रियाकलापहरूको प्रयोग भएको पाइँदैन । लयबद्ध वाचनमा गीत विधि, पालैपालो पठनमा अभिनय विधि, चित्रमा प्रदर्शन विधि, सुनेर उत्तर दिनेमा कथाकथन विधि लगायत खेल, अन्तर्क्रिया, स्वाध्ययन, उदाहरण, समस्या समाधान र आगमन विधिहरूको सही प्रयोगमा शिक्षकहरूको ध्यान पुगेको पाइँदैन । भाषिक सिपगत सक्षमता र एकीकृत शिक्षण सिकाइको लागि पाठ्यक्रमले निर्देश गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूलाई ध्यान दिई सिकाइ गर्नु आवश्यकता छ ।

*कक्षा २ को म र मेरो परिवार विषयक्षेत्र शिक्षणसम्बन्धी छलफल*

कक्षा २ को नेपाली विषयको म र मेरो परिवार विषयक्षेत्र शिक्षण गर्ने शिक्षकहरूले गीत, व्याख्या, छलफल, प्रश्नोत्तर, प्रदर्शन र समस्या समाधान विधिहरूको प्रयोग गरेको पाइन्छ । यी विधिहरूको प्रयोगद्वारा लयबाचन, अनुवाचन, सस्वरवाचन, द्रुतवाचन, चित्र वर्णन, चित्र निर्माण, अनुमान, समूह कार्य, अवलोकन, अनुलेखन, व्यावहारिक लेखनजस्ता सिकाइ सहजीकरण क्रियाकलापहरू भएको पाइन्छ । उपर्युक्त विधि तथा प्रक्रियाहरूको उपयोग गरी एकीकृत रूपमा सिकाइको प्रयास गरेको पाइन्छ । सिकाइमा कार्यपुस्तकको अधिक प्रयोग गरी विद्यार्थीलाई आंशिक रूपमा छलफल गराएको पाइन्छ । शब्दभण्डार र कार्यमूलक व्याकरण सिकाइमा केही शिक्षकहरूले मात्र आगमन विधिको प्रयोग भएको पाइन्छ । कविता शिक्षणमा क्रमिक सिकाइ रणनीतिको उपयोग भएको पाइन्छ । विद्यार्थीसँग अन्तर्क्रिया गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन भएको पाइन्छ ।

पाठ्यक्रमको एकीकृत स्वरूपअन्तर्गत कक्षा २ मा अठारओटा विषयक्षेत्रमध्ये नेपाली विषयसँग सम्बन्धित एघारओटा विषयक्षेत्र छन् । म र मेरो परिवार, मेरो दैनिक जीवन, हाम्रो विद्यालय, सञ्चार, प्रविधि र बजार चारोटै विषयक्षेत्र नेपाली, अङ्ग्रेजी, गणित र सेरोफेरो गरी चारोटै विषयसँग एकीकृत गरिएको छ । केही विषयक्षेत्र तीनओटा विषयसँग, केही दुईओटा विषयसँग र हाम्रा क्रियाकलाप विषयक्षेत्र नेपाली विषयसँग मात्र सम्बन्धित विषयक्षेत्र हो । म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत दुईओटा पाठ छन् । पाठ एकभित्र सत्रओटा क्रियाकलाप छन् ।

क्रियाकलाप एक लय मिलाई गाउने, क्रियाकलाप दुई चित्र हेरी वर्णन गर्ने, क्रियाकलाप तीन परिवारका बारेमा वर्णन गर्ने, क्रियाकलाप चारपाठ पढी शब्द टिपोट, क्रियाकलाप पाँच पाठ पढेर छलफल, क्रियाकलाप छ अक्षर जोडेर भन्ने र क्रियाकलाप सातवाक्यनिर्माण छन् । यसै गरी क्रियाकलाप आठ पढेर उत्तर दिने, क्रियाकलाप नौ शब्द लेखी पढ्ने, क्रियाकलाप दश जोडा मिलाउने, क्रियाकलाप एघार वाक्य बनाई लेख्ने, क्रियाकलाप बाह्र मिल्ने शब्द छानी लेख्ने, क्रियाकलाप तेह्र पालैपालो पढ्ने, क्रियाकलाप चौध शब्द छुट्याएर लेख्ने, क्रियाकलाप पन्ध्रशब्दनिर्माण कविता निर्माण, क्रियाकलाप सोह्र खाली ठाउँ भर्ने र क्रियाकलाप सत्र अनुलेखन रहेका छन् । उक्तक्रियाकलापहरू शिक्षणका क्रममा सान्दर्भिक पक्षलाई एकीकृत गरी सिकाइ सहजीकरण सञ्चालन गर्नु आवश्यक देखिन्छ । यी क्रियाकलापले भाषिक सिप विकासमा मद्दत पुऱ्याएको पाइन्छ । मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कका आधारमा म र मेरो परिवार विषयक्षेत्रको सिकाइमा करिब आधा शिक्षकहरूले पाठ्यक्रममा निर्देशित विधिलाई पछ्याएको पाइन्छ भने आधा जति शिक्षकहरूले विषयगत तरिकाले शिक्षण सिकाइ गरेको पाइन्छ । शिक्षकहरूले छलफल, प्रश्नोत्तर, प्रदर्शन, व्याख्या र समस्या समाधान विधिहरूको बढी प्रयोग गरेको पाइन्छ । केही शिक्षकहरूले आगमन, भूमिका निर्वाह, खेल, स्वाध्ययन, अन्तर्क्रिया र उदाहरण विधिहरूको प्रयोग मात्र गरेको पाइन्छ । पाठ्यक्रमले निर्देश गरेका सिकाइ सहजीकरण विधिहरूलाई क्रियाकलापअनुरूप शिक्षकहरूले चयन र प्रयोग गरेको पाइँदैन । शिक्षकहरूले कुनकुन क्रियाकलापमा कुनकुन विधि तथा प्रक्रियाउपयुक्त हुन्छन् भनी शिक्षक निर्देशिका, मार्गदर्शन पुस्तिका लगायत अन्य सामग्रीको अध्ययन गरेको पाइँदैन ।

शिक्षण सिकाइका क्रममा दैनिक कक्षाकोठामा प्रयोग गरिनेबाहेक केही शिक्षकहरूले शैक्षणिक सामग्री निर्माण गरी प्रयोग गरेको पाइन्छ । शिक्षक सहजकर्ता बन्न सकेको देखिँदैन । अधिकांश सिकाइको समय शिक्षक आफैँले अधिनमा राखेको पाइन्छ । विद्यार्थीलाई सक्रिय बनाउने प्रयास गरे तापनि धारणा निर्माण, अनुमान, पूर्वानुमानजस्ता क्रियाकलापमा कमै अवसर दिइएको पाइन्छ । शिक्षकले विषयक्षेत्रगत रूपमा क्रियाकलाप सिकाइमा लयबद्ध वाचन, अनुकरण, सस्वरवाचन, द्रुतवाचन, अवलोकन, धारणा निर्माण, अनुमान, पूर्वानुमान र अनुलेखन क्रियाकलाप अपनाएको पाइन्छ । शिक्षकहरूले विद्यार्थीलाई कक्षा कार्य तथा समूह कार्य भने

गराएको पाइँदैन । विद्यार्थीलाई समूहमा विभाजन गरी खोज, छलफल, निष्कर्ष र प्रस्तुतीकरणको प्रक्रिया अपनाएको पाइँदैन । शिक्षणमा श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरणको प्रयोग नगन्य मात्रामा भएको पाइन्छ । कार्यपुस्तकका क्रियाकलापभित्र कविता, कथा, संवाद, कार्यमूलक व्याकरण समाविष्ट भएको पाइन्छ । उक्त फरकफरक क्रियाकलामा फरकफरक विधि तथा प्रक्रियाहरूको प्रयोग हुन सकेको देखिँदैन । शिक्षकहरूले निर्माणात्मक कक्षा, सहयोगात्मक कक्षा र परियोजना कार्यलाई सिकाइमा व्यवहारमा उतारेको पाइँदैन ।

शिक्षकहरूले सिकाइ सहजीकरण प्रक्रियामा पाठ्यक्रममा उल्लिखित विधि तथा प्रक्रियाहरूको क्रियाकलापको प्रकृति हेरी प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । शिक्षक खोजकर्ताको भूमिकामा रहनु पर्ने देखिन्छ । शिक्षण सिकाइलाई क्रियाकलापमुखी बनाउनु आवश्यक छ । शिक्षकहरूमा एकीकृत रूपमा सिकाइ सञ्चालनको लागि क्षमता विकाससम्बन्धी तालिममार्फत सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउनु आवश्यक छ । शिक्षकले योजनाबद्ध रूपमा आवश्यक शैक्षणिक सामग्रीहरूको समुचित प्रयोग गरी शिक्षण गर्नुपर्ने हुन्छ । शिक्षकहरूले कार्यपुस्तकको मात्रै बढी प्रयोग गरेको पाइएकोमा पाठ्यक्रमको प्रयोगतर्फ ध्यान पुऱ्याउनु आवश्यक छ । शिक्षकले क्रियाकलापलाई शिक्षण गर्दा दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानको उपायको खोजीमा सिकाइलाई जोडेर जीवन्त बनाउनु उपयुक्त देखिन्छ । शिक्षकहरूले विषयवस्तुप्रति अद्यावधिक भई भाषिक सिप, शब्दभण्डार र अभिव्यक्ति शिक्षणमा जोड दिई एकीकृत शिक्षणको मूल्यमान्यतालाई अवलम्बन गरी सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको प्रयोग गर्नु सान्दर्भिक देखिन्छ ।

***कक्षा ३ को म र मेरो परिवार विषयक्षेत्र शिक्षणसम्बन्धी छलफल***

कक्षा ३ को लागि अठारओटा विषयक्षेत्रमध्ये नेपाली विषयमा एघारओटा विषयक्षेत्र रहेका छन् । नेपाली, अङ्ग्रेजी, गणित र सेरोफेरो गरी चारोटै विषयमा मेरो दैनिक जीवन र सञ्चार, प्रविधि र बजार गरी दुईओटा विषयक्षेत्र छन् । नेपाली, अङ्ग्रेजी र सेरोफेरोमा म र मेरो परिवार, हाम्रो विद्यालय, हाम्रो वातावरण र हाम्रो संस्कृति विषयक्षेत्र निर्धारण गरिएका छन् । नेपाली, गणित र सेरोफेरोमा हाम्रो समुदाय र मेरो सिर्जना विषयक्षेत्र छन् । नेपाली र सेराफेरो भएको विषयक्षेत्र हाम्रो वरपरको संसार हो । हाम्रो क्रियाकलाप नेपालीको मात्र एकीकृत नगरिएको विषयक्षेत्र हो । उक्त विषयक्षेत्रका लागि सिकाइ सहजीकरण विधि तथा

प्रक्रियाहरू पाठ्यक्रममा नै निर्देश गरिएको छ । म र मेरो परिवार विषयक्षेत्रअन्तर्गतको पाठ एकमा चौधओटा क्रियाकलाप निर्धारण गरिएको छ । क्रियाकलाप एक लय मिलाई गाउने, क्रियाकलाप दुई चित्र हेरी वर्णन गर्ने, क्रियाकलाप तीन पढेर लेख्ने, क्रियाकलाप चार पालैपालो पढ्ने, क्रियाकलाप पाँचवाक्यमा प्रयोग गर्ने, क्रियाकलाप छ शब्द चिनेर छुट्याई लेख्ने, क्रियाकलाप सात वाक्य परिवर्तन गरी लेख्ने, क्रियाकलाप आठ पढेर उत्तर भन्ने, क्रियाकलाप नौ वाक्य बनाई सार्ने, क्रियाकलाप दश छिटोछिटो पढ्ने, क्रियाकलाप एघार खाली ठाउँ भर्ने, क्रियाकलाप बाह्र शब्द र अर्थबिच जोडा मिलाउने, क्रियाकलाप तेह्र पढेर उत्तर दिने र क्रियाकलाप चौध पाठको पुनर्लेखन गर्ने कार्यहरू कार्यपुस्तकमा निर्धारण गरिएको छ । उक्तक्रियाकलापले एकातिर भाषिक सिपको विकासमा मद्दतपुऱ्याउँछ भने अर्कोतिर विषयक्षेत्रका सान्दर्भिक पक्षलाई सङ्गठित गरी सिकाइ सहजीकरण गर्न सहयोग गरेको छ । शिक्षकले सिकाइ प्रक्रियालाई क्रियाकलापकेन्द्रित र विद्यार्थीकेन्द्रित बनाउनु आवश्यक देखिन्छ ।

म र मेरो परिवार विषयक्षेत्र शिक्षणमा शिक्षकहरूले के कस्ता सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको उपयोग गरेका छन् भनी मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ । उक्त सामग्रीका आधारमा सिकाइमा पाठ्यक्रमले निर्देश गरेका सीमित विधिहरूको उपयोग भएको पाइन्छ । केही शिक्षकहरूले व्याख्या विधिको उपयोग गरेको पाइन्छ । अन्तर्क्रिया, लेख, गीत, आगमन, परियोजना, निर्माणात्मक र श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण कमै शिक्षकहरूले प्रयोग गरेको पाइन्छ । शिक्षणमा छलफल, प्रश्नोत्तर, प्रदर्शन, अभिनय र समस्या समाधान विधिको उपयोग गरेको पाइन्छ तर क्रियाकलाप अनुरूप विधि छनोट र प्रयोगमा शिक्षकहरू अझै अलमलमा परेको देखिन्छ ।

सिकाइ सहजीकरण प्रक्रियामा लयवाचन, अनुकरण, धारणा निर्माण, चित्र वर्णन, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, अवलोकन, अनुमान, पूर्वानुमान, सस्वरवाचन, द्रुतवाचन, अनुलेखनजस्ता क्रियाकलापहरू शिक्षकहरूले शिक्षणका क्रममा अपनाएको पाइन्छ तर समूह कार्य गराई सामूहिक रूपमा सिक्ने वातावरणको सिर्जना भने गरेको पाइँदैन । शिक्षकहरूले पाठ्यपुस्तकको अधिकतम प्रयोग गरेको पाइन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूप्रति शिक्षक स्वयम् जानकार रहेको पाइँदैन । नेपाली विषयको

सक्षमता हासिल गर्नका लागि शिक्षकहरूले सिकाइ प्रक्रियालाई क्रियाकलापकेन्द्रित बनाउनु आवश्यक देखिन्छ । अधिकांश शिक्षकले पुरानै विषयगत पाठ्यक्रमको आधारमा सिकाइ सहजीकरण सञ्चालन गरेको पाइन्छ । एकीकृत स्वरूपको पाठ्यक्रमको मर्मअनुरूप सिकाइ सहजीकरण गर्न शिक्षकहरूमा तत्परता रहेको पाइँदैन । म र मेरो परिवार विषयक्षेत्र गणित बाहेकका तीनओटा नेपाली, अङ्ग्रेजी र सेरोफेरो विषयक्षेत्रभित्र एकीकृत गरिएको भए पनि केही शिक्षकहरूले जबरजस्ती गणितमा पनि लगेर सङ्गठित गरी शिक्षण गरेको पाइन्छ । कुन विषयक्षेत्र कुनकुन विषयमा एकीकृत भएको छ भन्ने धारणा नै शिक्षकहरूमा नरहेको पाइन्छ । केही शिक्षकहरू सङ्गठित रूपमा शिक्षण गर्न नचाहेको र केही शिक्षकहरू अन्धाधुन्ध एकीकृत गरी शिक्षण गर्दा शिक्षणमा समस्या रहेको पाइन्छ । पुराना शिक्षकहरू पुरानै तौरतरिकाले सिकाइ सञ्चालन गर्ने र नयाँ नियुक्ति लिएका शिक्षकहरूले पनि नवीनतालाई आत्मसात् गरी शिक्षण गर्न सकेको पाइँदैन । शिक्षकहरूले एकीकृत सिकाइ सहजीकरण सम्बन्धी तालिम लिई शिक्षण सिकाइ सहजीकरणमा परिमार्जन गर्नुपर्ने देखिन्छ ।

*एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको उपयोगसम्बन्धी छलफल*

आधारभूत तह कक्षा १ देखि ३ को पाठ्यक्रममा नेपाली विषयका लागि एघारओटा विषयक्षेत्रमा विषयवस्तुको संयोजन गरिएको छ । यसमा केही बहुविषयगत र केही विषयगत क्षेत्र रहेका छन् । विषयवस्तुको मिलान गर्दा नेपाली विषयका आधारभूत पक्षका साथै अन्य विषयक्षेत्रलाई पनि एकीकरण गरिएको छ । विद्यार्थी कार्यपुस्तकमा विभिन्न क्रियाकलापहरू दिइएका छन् । शिक्षकले विद्यार्थीलाई उक्तक्रियाकलापमा सरिक गराउन प्रोत्साहित गर्नुपर्छ । सिकाइका क्रममा विद्यार्थीलाई पर्याप्त सोच्ने अवसर प्रदान गर्नुपर्छ ।कार्यपुस्तकका सबै सिकाइ क्षेत्रको सुरुवाती कक्षाहरूमा लयको उपयोगमा जोड दिइएको छ । यसले विषयवस्तुको मात्र नभएर सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको एकीकरणमा समेत मद्दत गरेको छ । यसले भाषाका लागि क्रमिक सिकाइ रणनीतिको उपयोग गर्न सहयोग गर्छ । यसमा लयसँगै सिकाइलाई व्यावहारिक र मनोरञ्जनात्मक बनाउन कथाकथन विधिको पनि प्रयोग गर्न सकिन्छ । पाठको सुरुवाती दिनमा चित्र र चित्रगत सन्दर्भबाट विषयवस्तु उठान गर्ने रणनीति अवलम्बन गरिएको छ । सिकाइ क्षेत्रगत रूपमा मिल्ने विषयक्षेत्र रहँदा उहीँ र उस्तै चित्रको प्रयोग गरिएको छ । भाषा सिकाइका क्रममा विषयवस्तुसँग सम्बन्धित चित्र वा अन्य दृश्य सामग्री

उपयोग गर्नुपर्छ । विषयवस्तु र रणनीति किटान गरी म गर्छु, हामी गर्छौं, तिमी गर विधिअनुसार क्रमिक सिकाइ रणनीति सञ्चालन गरिएको पाइन्छ । गीत, कथाकथन, प्रदर्शन, प्रश्नोत्तर, छलफल, अन्तर्क्रिया, स्वाध्ययन, खोज, परियोजना, अभिनय, सिर्जनात्मक कार्यजस्ता विधिहरूको उपयोग गरी शिक्षण गर्नु आवश्यक छ (भट्टराई र घिमिरे, २०७६) । विद्यार्थीहरूलाई क्रमिक सिकाइ रणनीतिको उपयोग गरी कविता शिक्षण गराउन सकिन्छ । पाठ्यक्रमले निर्धारित गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको अक्षरशः पालना गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कका आधारमा नेपाली विषय शिक्षकहरूले एकीकृत गरी शिक्षण गर्न सकेको पाइँदैन । केही शिक्षकहरूले सान्दर्भिक पक्षहरूलाई जोड्ने प्रयास गरेको पाइन्छ तर हुबहु रूपमा जोड्न सकेको देखिँदैन । कतिपय शिक्षकहरूलाई एकीकृत शिक्षणसम्बन्धी ज्ञान नै नभएको देखिन्छ र ज्ञान भएका शिक्षकहरूमा पनि सिप नभएको देखिन्छ । शिक्षकले खोजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेमा आफैँसक्रिय भएको पाइन्छ । सिकारुलाई विषयप्रति धारणा निर्माणका लागि अधिक समय दिनुपर्नेमा त्यसो गरेको पाइँदैन । विद्यार्थीलाई कम सक्रिय बनाई स्वयम् शिक्षकले कक्षाकोठामा बढी समय प्रयोग गरेको पाइन्छ । सिकाइलाई क्रियाकलापमुखी बनाउन सकेको देखिँदैन । शिक्षकहरूले यो सिकाइलाई बोझिलो रूपमा लिएको पाइन्छ ।

पाठ्यक्रम विकास भई कार्यान्वयनमा आएको छ वर्ष पूरा हुँदा पनि शिक्षकहरूमा अझै कुनकुन विषयक्षेत्रलाई कुनकुन विषयमा एकीकृत गरी सिकाइ गर्ने भन्ने प्रयोगको कमी रहेको पाइन्छ । शिक्षकहरूले सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा विविधता ल्याई कक्षालाई जीवन्त बनाउनु आवश्यक देखिन्छ । विद्यार्थीहरूलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नु उपयुक्त देखिन्छ । शिक्षकहरूले सान्दर्भिक पक्षलाई अर्थपूर्ण तरिकाले अन्तरसम्बन्धित गरी शिक्षण सञ्चालन गर्नुपर्ने देखिन्छ । शिक्षकहरूले सिकाइलाई खण्डीकरण हुननदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गर्दै एकीकृत सिकाइमा जोड दिनु आवश्यक देखिन्छ ।

पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमताहरू प्राप्तिका निम्ति शिक्षकहरूले म र मेरो परिवार विषयक्षेत्र शिक्षणमा सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा विविधता कायम गरिनु आवश्यक

देखिन्छ । शिक्षकले क्रियाकलापको शिक्षण गर्दा आवश्यकताका आधारमा स्थानीय परिवेशअनुसार फरकफरक रूपमा सिकाइलाई व्यवस्थापन गर्नुपर्छ । सिकाइका क्रममा शिक्षकले एकातिर आधुनिक प्रविधिहरूको प्रयोग गर्नु आवश्यक छ भने अर्कोतिर विषयवस्तुअनुकूल सान्दर्भिक पक्षलाई सङ्गठित गर्दै शिक्षण प्रक्रिया सञ्चालन गर्नु उपयुक्त मानिन्छ । शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोग गर्नुपर्छ । शिक्षकहरूले पाठ्यक्रमको उच्चतम रूपमा प्रयोग गर्नु उपयुक्त हुन्छ । सिकाइलाई क्रियाकलापयुक्त बनाउन आवश्यक छ । यसले निरन्तर सिकाइमा पनि जोड दिएको हुन्छ । शिक्षकले विद्यार्थीलाई धेरैभन्दा धेरै समूहमा कार्य गर्नको लागि वातावरण सिर्जना गरिदिनुपर्छ । शिक्षकलाई क्षमता विकाससम्बन्धी तालिमको आवश्यकता देखिन्छ । शिक्षकहरू अलमलमा परी एकीकृत शिक्षण सिकाइको प्रयोग कमै मात्र भएको देखिन्छ । यसले पाठ्यक्रम प्रयोगको न्यूनतालाई पनि सङ्केत गरेको पाइन्छ ।

प्रस्तुत शोधको दार्शनिक आधार फेनोमेनोलोजी रहेको छ । यसको सैद्धान्तिक आधार सामाजिक निर्माणवाद हो । यसमा खुला प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई गुणात्मक विधि र वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा विश्लेषण गरिएको छ । यस शोधमा उल्लिखित पूर्वअध्येताले समेत एकीकृत ढाँचाका आधारमा विकास गरिएको आधारभूत तह कक्षा १ देखि ३ सम्मको नेपाली विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रियाले सिकारुमा भाषिक सिप तथा भाषिक तत्त्वगत क्षेत्रहरूको विकास गराउने भनी उल्लेख गरेको पाइन्छ । यसरी विधि, सिद्धान्त तथा पूर्वअध्येताहरूले भाषिक तत्त्वगत क्षेत्रमा जोड दिएको भए पनि सिकाइका क्रममा त्यसो भएको पाइँदैन । शिक्षकहरूले पुरानै पाठ्यक्रमअनुरूप विषयगत रूपमा नेपाली विषयको सिकाइ सहजीकरण प्रक्रिया अपनाएको पाइन्छ । केही शिक्षक सचेत भएर भाषिक सिप र भाषिक तत्त्वगत क्षेत्रहरूको पहिचान गरी शिक्षण गरेको पनि पाइन्छ । नेपाली विषयको सिकाइ सहजीकरणमा विषयक्षेत्रगत रूपमा अन्य सान्दर्भिक पक्षहरूलाई समेत जोड्न सकेको देखिँदैन । शिक्षकले भाषिक सिपको विकास गराउने ध्येयले सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको पहिचान, छनोट र प्रयोग गर्नु आवश्यक देखिन्छ ।

**अध्याय सारांश**

प्रस्तुत अनुसन्धानको यस छैटौँ अध्यायमा प्राप्त तथ्याङ्कको प्राप्ति र छलफललाई उल्लेख गरिएको छ । यसमा आधारभूत तह कक्षा १ देखि ३ सम्मको नेपाली विषयको म र मेरो

परिवार विषयक्षेत्रको सिकाइ सहजीकरण विधि र प्रक्रियाका प्राप्ति तथा छलफल र एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइका प्राप्ति तथा छलफललाई समावेश गरिएको छ । केही शिक्षकहरूले समयानुकूल सिकाइमा परिवर्तन गर्दै गएको पाइन्छ भने प्रायः शिक्षकहरूले पुरानै विधि तथा पद्धतिअनुरूप सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गरेको पाइन्छ । शिक्षकहरूले सान्दर्भिक विषयवस्तुलाई मात्र एकीकृत शिक्षण गर्नुको साटो अन्धाधुन्ध विषयलाई एकीकृत गरी सिकाइको प्रयास गरेको पाइन्छ । शिक्षकहरूले पाठ्यक्रमले निर्देश गरेका विधि तथा प्रक्रियालाई उपयुक्त तरिकाले प्रयोग नगर्नु, सिकाइका क्रममा श्रव्यवाच्य साधनको प्रयोग नगर्नु, एकीकृत शिक्षण सिकाइको मर्मअनुरूप सिकाइ सञ्चालन गर्न नसक्नुजस्ता समस्याहरू रहेका छन् । यसको साथै शिक्षकहरू कक्षाकोठाको सिकाइमा अझै बढी सक्रियता देखाउनु, तालिममा सिकेका ज्ञान तथा सिपलाई कक्षाकोठामा व्यावहारिक रूपमा उतार्न तत्परता नहुनु, सिकाइलाई क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित बनाउन नसक्नु कमी कमजोरीहरू हुँदै आएका छन् । यसमा मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कको तार्किक विश्लेषणसहित प्राप्ति र छलफल गरी निष्कर्षमा पुगिएको छ ।

नेपाली विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया समयानुकूल परिवर्तन हुँदैं आएको पाइन्छ । परिवर्तित पाठ्यक्रममा सबै विषयको साझा सिकाइ सहजीकरण उल्लेख भएको पाइन्छ । यसमा विशेषतः विषयक्षेत्रको उचित संयोजन गरिएको छ । पाठ्यक्रममा व्यवहारकुशल सिपको पनि प्रयोग गरिएको छ । नेपाली विषयको सिकाइ सहजीकरण प्रक्रियाको मुख्य उद्देश्य भनेको भाषिक सिपको विकास गर्नु हो । विभिन्न विषयक्षेत्रका आधारमा भाषिक सिप र भाषिक तत्त्वगत क्षेत्रलाई संयोजन गरी वर्ण, अक्षर र शब्दको शिक्षणमार्फत भाषिक सिपको अभिवृद्धि गराउनुपर्दछ । नेपाली विषयको सिकाइमा अन्य विषयलाई एकीकृत रूपमा संयोजन गरी सिकाइ सञ्चालन गरेपनि भाषिक तत्त्वगत आधारमा सिकाउने प्रयत्न पाठ्यक्रमले राखेको पाइन्छ तर सोअनुकूल हुन सकेको पाइँदैन । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको प्रयोगमा शिक्षकको ध्यान पुग्नु आवश्यक छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

प्रस्तुत शोधप्रबन्धको यस अध्यायमा शोधको सारांश, निष्कर्ष र उपयोगिता उल्लेख गरिएको छ ।

## सारांश

प्रस्तुत शोधमा नेपाली विषय शिक्षणमा क्रममा प्रयोग हुने सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको वास्तविकता र प्रभावकारिताको खोजी गरिएको छ । यस शोधको अध्याय एकमा शोध परिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधको उद्देश्य, शोधको औचित्य र महत्त्व, शोधको सैद्धान्तिक ढाँचा, शोधको अवधारणात्मक रूपरेखा, अध्ययनको परिसीमा र  शोधप्रबन्धको सङ्गठनात्मक रूपरेखा उल्लेख गरिएको छ ।अध्याय दुईमा पूर्वकार्यको समीक्षाअन्तर्गत विषयवस्तुगत समीक्षा, प्रायोगिक समीक्षा, सैद्धान्तिक समीक्षा र नीतिगत समीक्षाका साथै अन्त्यमा पूर्वकार्य समीक्षाको उपयोग र अनुसन्धान अन्तराल लाई प्रस्तुत गरिएको छ भने अध्याय तीनमाअनुसन्धान विधि र प्रक्रियाअन्तर्गत अनुसन्धानको दार्शनिक आधार, शोधको ढाँचा, जनसङ्ख्या र नमुना छनोट पद्धति, तथ्याङ्क सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलनका उपकरणहरू, तथ्याङ्क सङ्कलनका तरिकाहरू, तथ्याङ्कको व्याख्या र विश्लेषण, अनुसन्धानको गुणस्तरीयता र नैतिकताको सुनिश्चितता उल्लेख गरिएको छ । प्रस्तुत शोध गुणात्मक ढाँचामा आधारित छ । यस शोधमा मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट शाब्दिक तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी विभिन्न साधनहरूबाट प्राप्त भएको तथ्याङ्कलाई तालिकामा व्यवस्थित गरी वर्णन तथा विश्लेषण गरिएको छ । त्यस्तै अध्याय चारमा नेपाली विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको प्रस्तुतीकरणअन्तर्गत आधारभूत तहको नेपाली भाषा सिकाइका क्रममा नेपाली भाषा शिक्षकहरूले उपयोग गर्ने सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको विश्लेषण गरिएको छ ।

त्यसैगरी अध्याय पाँचमा एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको प्रयोग अवस्थाअन्तर्गतआधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ ले निर्दिष्ट गरेको म र मेरो परिवार विषयक्षेत्रको सिकाइमा एकीकृत पाठ्यक्रमको शिक्षण सिकाइको प्रयोगको अवस्थाको चर्चा गरिएको छ । अध्याय छमा शोधको प्राप्ति र छलफलको प्रस्तुत गरिएको छ भने अध्याय सातमा शोधको सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले सिकाइका क्रममा उपयोग गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरू विद्यार्थीकेन्द्रितभन्दा बढी शिक्षककेन्द्रित भएका छन् । शिक्षकहरूले सिकाइ सहजीकरण प्रक्रियाक्रियाकलापमुखी बनाउन सकेको पाइँदैन । आधारभूत तह कक्षा १ देखि ३ सम्म एकीकृत ढाँचाको पाठ्यक्रमको विकास भई विषयवस्तुलाई सङ्गठित गरिएको छ । म र मेरो परिवार विषयक्षेत्रको पाठ एकमा विभिन्न क्रियाकलापहरू समावेश गरिएका छन् । उक्तक्रियाकलापमा कविता, चित्र, कथा, संवाद र कार्यमूलक व्याकरणहरू छन् । यी क्रियाकलापहरूको सिकाइमा कथाकथन, गीत, आगमन, प्रश्नोत्तर, छलफल, खेल, अभिनय, अन्तर्क्रिया, उदाहरण, प्रदर्शनजस्ता विधिहरूको प्रयोग गरिएको छ । शिक्षकहरूले क्रियाकलापको सिकाइका क्रममा श्रव्यवाच्यमा आधारित सिकाइ सहजीकरण प्रयोग गरी प्रविधिमैत्री बनाउन सकेको देखिँदैन । उक्तक्रियाकलापहरूको सिकाइका क्रममा लयबद्ध वाचन, अनुकरण, धारणा निर्माण, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, अवलोकन, सस्वरवाचन, द्रुतवाचन, अनुलेखन, व्यावहारिक लेखनजस्ता क्रियाकलापहरूको उपयोग गरिएको छ ।

सिकाइ सहजीकरणका क्रममा कक्षा १ र २ मा म र मेरो परिवार नेपाली, अङ्ग्रेजी, गणित र सेरोफेरो चारोटै विषयमा र कक्षा ३ मा गणित बाहेकका तीनओटा विषयमा सान्दर्भिक पक्षलाई एकीकृत गरी सिकाइ गरिनु पर्नेमा त्यसो भएको पाइँदैन । केही शिक्षकहरूले कविता वाचनमा पनि व्याख्या विधिको प्रयोग गरेका छन् । सिकाइमा क्रमिक सिकाइ रणनीतिको उपयोगको प्रयास भएको छ । क्रियाकलापअनुसार सही रूपमा सिकाइ सहजीकरण विधिको छनोट र प्रयोगमा शिक्षकहरू अलमलमा परेको पाइन्छ । एकीकृत शिक्षण सिकाइसम्बन्धी अधिकांश शिक्षकहरूमा व्यावहारिक सिपको कमी छ । शिक्षकहरूले सिकाइमा पाठ्यक्रमको खासै प्रयोग गरेको देखिँदैन । कक्षाकोठामा दैनिक रूपमा प्रयोग हुने शैक्षणिक सामग्रीहरूबाहेक

अन्य सामग्रीको कमै प्रयोग भएको छ । कविता सिकाइमा म गर्छु, हामी गर्छौं, र तिमी गर को रणनीति अवलम्बनको प्रयास भएको छ । कार्यमूलक व्याकरण सिकाइका लागि आगमन विधिको प्रयोग खासै भएको देखिँदैन । सिकाइमा प्रविधियुक्त कक्षाको प्रयोग पनि हुन सकेको देखिँदैन ।

नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूले कक्षाकोठामा गर्ने सिकाइ सहजीकरण विधि तथा प्रक्रियापाठ्यक्रममा निर्देश गरिएअनुसार भएको पाइँदैन । पाठ्यक्रमले निर्देश गरेका सिकाइ सहजीकरण विधिहरूमा निर्माणात्मक कक्षा, सहयोगात्मक कक्षा, परियोजना कार्य, प्रविधियुक्त कक्षा, खेल, श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरणजस्ता विधिहरूको कक्षाकोठामा उचित तरिकाले प्रयोग भएको पाइँदैन । शिक्षण सिकाइका क्रममा समूह विभाजन, समस्या र विषयको प्रस्तुति, समूहमा छलफल, निष्कर्षजस्ता क्रियाकलापको प्रयोग कतै भएको देखिँदैन । प्रायः शिक्षकहरूले विषयगत शिक्षण गरेको पाइन्छ ।

नेपाली विषय बहुविषयक रूपमा तयारी गरी विषयवस्तुलाई एकीकृत गरी सङ्गठित गरिएको छ तर पनि शिक्षकहरूमा एकीकृत शिक्षण सिकाइ सहजीकरणसम्बन्धी ज्ञान तथा सिपको कमीले शिक्षण वास्तविक रूपमा हुन सकेको पाइँदैन । आंशिक शिक्षकहरूले योजनाबद्ध रूपमा पाठयोजना तयार गरी सिकाइ सञ्चालन गरेको पाइन्छ । पाठ्यक्रमको मूल मर्मअनुरूप कक्षाकोठाको सिकाइ क्रियाकलाप सञ्चालन भएको पाइँदैन । क्रियाकलापमा आधारित सिकाइमा जोड दिइएको पाइँदैन । शिक्षण पद्धति पुरानै तरिकाले अगाडि बढेको पाइन्छ । शिक्षकहरूले विषयगत सक्षमता हासिल गराउने उद्देश्यले क्रियाकलाप गरेको पाइँदैन । सामाजिक संरचनात्मक सक्षमता प्राप्तिका लागि नेपाली विषयको सिकाइ भएको पाइँदैन । नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूमा भाषिक सिप तथा भाषिक तत्त्वगत क्षेत्रलाई हासिल गराउने पर्याप्त क्रियाकलापहरूप्रति सचेतताको कमी छ । पाठ्यक्रमले अपेक्षा गरेअनुरूप सिकाइ विद्यार्थीकेन्द्रित, बालमैत्री, उपयोगी, प्रयोगात्मक, व्यावहारिक र क्रियाकलापमुखी बनेको पाइँदैन । नेपाली विषय सिकाइ अझै पनि परम्परागत पद्धतिको निरन्तरता र आधुनिक, विद्यार्थीमैत्री, प्रविधिमैत्री सहजीकरण प्रक्रियाको बिचमा गुज्रिरहेको देखिन्छ ।

मार्गनिर्देशक प्रश्नावली, कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा नतिजा समान नै आएको छ । नेपाली विषय सिकाइ गर्ने शिक्षकहरूले कक्षाकोठामा विद्यार्थीकेन्द्रित विधिहरूको कमै प्रयोग गरेका छन् । म र मेरो परिवार विषयक्षेत्र सिकाइका

क्रममा शिक्षकहरूले केही पाठ्यक्रमले निर्देश गरेका विधिहरूको प्रयोग गरेको पाइन्छ । पाठभित्रका क्रियाकलापहरूको सिकाइमा पर्याप्त क्रियाकलापहरू भएको पाइँदैन । शिक्षकहरूबाट सामाजिक निर्माणवादी पक्षसम्बद्ध सक्षमता हासिलका लागि सचेत प्रयासहरू भएको देखिँदैन ।पाठ्यक्रमले निर्देश गरेका उन्नाइसओटा सिकाइ सहजीकरण विधिहरूमध्ये केहीको प्रयोग भएको छ तर विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइमा सहयोग पुऱ्याउने विधि तथा प्रक्रियाहरूको प्रयोग भएको पाइँदैन । पाठ्यक्रममा उल्लिखित सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको बारेमा शिक्षकहरू अझै पनि बेखबर छन् । नेपाली विषय सिकाइमा शैक्षणिक सामग्री र प्रविधियुक्त कक्षा पर्याप्त नभएकोले सिकाइ प्रविधिमैत्री बन्न सकेको पाइँदैन।

शिक्षणमा परियोजना कार्य, निर्माणात्मक कक्षा, सहयोगात्मक कक्षा, सिर्जनात्मक कार्य र प्रविधियुक्त कक्षासम्बद्ध पाठ्यक्रम निर्देशित सिकाइ सहजीकरण विधि तथा प्रक्रियालाई कक्षामा प्रयोग गर्न सकेको पाइँदैन । नेपाली विषय सिकाइ गर्ने शिक्षकहरूले परम्परागत सिकाइ पद्धतिलाई पूर्ण रूपमा त्याग्न र क्रियाकलापमुखी नवीन अवधारणालाई पनि आत्मसात् गर्न नसकेको अवस्थामा छ । नेपाली विषयको सिकाइमा परिवर्तनको खाँचो छ । आधारभूत तहको पाठ्यक्रमले निर्देश गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियालाई कक्षाकोठामा प्रभावकारी ढङ्गले प्रयोगमा ल्याउनु पर्ने आवश्यकता रहेको छ । यो शोधप्रबन्धले नेपाली विषय सिकाइ प्रक्रियामा रहेको अभाव र आवश्यकतामा सहयोग गर्ने आशा गरिएको छ ।

नेपाली विषय सिकाइलाई समयसापेक्ष रूपमा विद्यार्थीकेन्द्रित, क्रियाकलापमुखी, व्यावहारिक र प्रविधिमैत्री बनाउनु आवश्यक छ । शिक्षक सिकाइको सहजकर्ता हो । सिकाइ सहजीकरणमा शिक्षक मार्गदर्शक बनेर विद्यार्थीलाई नै सिकाइ प्रक्रियामा बढीभन्दा बढी सक्रिय हुने वातावरण तयार गर्नुपर्दछ । कक्षाकोठाको सिकाइलाई सामग्रीयुक्त र प्रविधिमैत्री बनाउनु पर्छ । विषयवस्तुलाई विषयक्षेत्रका आधारमा सङ्गठित गरी एकीकृत सिकाइ सहजीकरण सञ्चालन गर्नुपर्छ । परिवर्तित अवस्थामा शिक्षकले आफ्नो भूमिकामा सचेत भई समयानुकूल क्रियाकलाप सञ्चालन गर्नुपर्छ । शिक्षककेन्द्रित विधिले वर्तमानका सिकाइ सहजीकरण विधि तथा प्रक्रियालाई सम्बोधन गर्न नसक्ने भएकाले शिक्षकहरूले यस तर्फ ध्यान दिनु आवश्यक छ । आधारभूत तहमा नेपाली विषय सिकाइ सञ्चालन गर्ने शिक्षकहरूले विद्यार्थीकेन्द्रित र

क्रियाकलापमुखी सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा केही परिवर्तन गर्नु अनिवार्य देखिएको छ ।

**शोधको उपयोगिता**

कुनै पनि क्षेत्रमा विशेष योगदान गरी फाइदा पुऱ्याउनु नै उपयोगी हुनु हो । प्रस्तुत अनुसन्धान नेपाली भाषाको क्षेत्र र एकीकृत ढाँचाको पाठ्यक्रमका क्षेत्रमा कार्य गर्ने सबैका लागि उपयोगी छ । यो खासगरी नेपाली विषय शिक्षक, पाठ्यक्रमको प्रयोगकर्ता, शैक्षणिक सामग्री, एकीकृत शिक्षण सिकाइ र प्रविधिको प्रयोगकर्ता तथा एकीकृत ढाँचाको पाठ्यक्रम निर्माता एवम् विषय विज्ञहरूका लागि उपयोगी भएको पाइन्छ ।

प्रस्तुत शोधभाषा शिक्षण र शिक्षकका लागि उपयोगी देखिन्छ । यस सन्दर्भमा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूको वास्तविक समस्या प्रस्तुत गरिएको छ । यसले नेपाली विषय सिकाइका क्षेत्रमा देखिएका कमीकमजोरीहरू निराकरणमा महत्त्वपूर्ण सहयोग गरेको छ । नेपाली भाषा सिकाइलाई विद्यार्थीकेन्द्रित, क्रियाकलापमुखी, प्रविधिमय एवम् व्यावहारिक बनाउनका लागि विशेष भूमिका शिक्षकहरूको हुने भएकोले सचेत र प्रतिबद्ध बनाउन यस अध्ययनको प्रभाव पर्छ । अतः नेपाली विषय सिकाइ सञ्चालन गर्ने शिक्षकका लागि प्रस्तुत शोधको उपयोगिता देखिन्छ ।  त्यस्तै प्रस्तुत शोध पाठ्यक्रमको प्रयोगकर्ताका लागि उपयोगी हुने देखिन्छ । पाठ्यक्रमले निर्देशित गरेका सिकाइ सहजीकरण विधि तथा प्रक्रियाहरूको कक्षाकोठामा व्यावहारिक र योजनाबद्ध रूपमा प्रयोग हुन नसक्नु नै चुनौती रहेको छ । पाठ्यक्रमको प्रयोगमा पाठ्यक्रम विकास केन्द्र, शिक्षा तालिम केन्द्र, विद्यालय, शिक्षक र नियमक निकायहरू सचेत हुनु आवश्यक छ । यस अध्ययनले भाषा शिक्षक, पाठ्यक्रम निर्माता, विषय विज्ञ, शिक्षा अधिकृत, प्रधानाध्यापक एवम् सम्बन्धित पक्षलाई प्रभाव पार्दछ र पाठ्यक्रमको वर्तमान प्रयोगमा सुधारको सङ्केत देखिएको छ । अतः पाठ्यक्रमको प्रयोगकर्ताका लागि यो शोध विशेष उपयोगी देखिन्छ । त्यसैगरी प्रस्तुत शोध शैक्षणिक सामग्री र प्रविधिको प्रयोगकर्ताको लागि पनि उपयोगी देखिन्छ ।नेपाली विषय शिक्षणका क्रममा सिकाइ सहजीकरण प्रक्रियालाई प्रभावकारी, उपयोगी र व्यावहारिक बनाउन क्रियाकलापको अपेक्षा गरेअनुरूप शैक्षणिक सामग्री र प्रविधिहरूको प्रयोग गर्नुपर्छ । अध्ययनका क्रममा शिक्षकहरूमा शैक्षणिक सामग्री र प्रविधिको प्रयोगको अवस्था नाजुक भएकोले सिकाइमा सुधार ल्याउन यस

अध्ययनबाट उत्प्रेरणा, प्रभाव र जानकारी प्राप्त हुन्छ । यसर्थ नेपाली विषयको शिक्षणलाई प्रविधिमैत्री बनाउनका लागि प्रविधियुक्त कक्षा र श्रव्यवाच्यमा आधारित सिकाइ सहजीकरण एवम् शैक्षणिक सामग्रीको प्रयोगकर्ताका लागि उपयोगी देखिन्छ । त्यस्तै एकीकृत शिक्षण सिकाइको प्रयोगकर्ताका लागि यस शोधको उपयोगिता रहेको छ । यस शोधमा आधारभूत तहअन्तर्गत विषयक्षेत्रगत रूपमा विषयवस्तुलाई सङ्गठित गरी सिकाइ सहजीकरण गर्न नसक्नु चुनौती रहेको छ । शिक्षकहरू प्रायः विषयगत रूपमा अभ्यस्त भएकाले विषयवस्तुलाई एकीकृत रूपमा सिकाइ गर्न कठिन भएको पाइन्छ । यसरी शिक्षकहरूले पाठ्यक्रमको मर्मअनुरूप नेपाली विषय शिक्षण गर्दा विषयक्षेत्रगत रूपमा अन्य विषयका सान्दर्भिक पक्षलाई समेत ख्याल पुऱ्याई शिक्षण सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्नुपर्छ । अतः यो शोध एकीकृत रूपमा शिक्षण सिकाइ प्रयोगकर्ताका लागि उपयोगी देखिन्छ । त्यस्तै पाठ्यक्रम निर्माता एवम् विषय विज्ञहरूका लागि यो शोध उपयोगी हुने देखिन्छ ।पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । यसको व्यावहारिक प्रयोग कक्षाकोठामा हुनुपर्छ । अपेक्षित सक्षमता हासिल गर्नका लागि पाठ्यक्रमले निर्देशित गरेअनुरूप सिकाइ सहजीकरण विधि तथा प्रक्रिया सञ्चालन गर्नुपर्छ । पाठ्यक्रमको व्यावहारिक उपयोगका लागि पाठ्यक्रम निर्माता एवम् विषय विज्ञहरू र शिक्षकहरूको संलग्नतामा तालिम, गोष्ठी, सेमिनार र कार्यशाला सञ्चालन गरिनु आवश्यक छ । पाठ्यक्रमको समयमा नै प्रबोधीकरण हुनु आवश्यक छ । पाठ्यक्रमको समुचित प्रयोग भएको छ कि छैन भनेर अनुगमन तथा सुपरिवेक्षणको समेत खाँचो देखिन्छ । तसर्थ उल्लिखित पक्षमा पाठ्यक्रम निर्माता एवम् विषय विज्ञहरूलाई पनि यो शोध उपयोगी ठानिएको छ । समग्रमा भन्दा प्रस्तुत शोध नेपाली भाषा शिक्षक, पाठ्यक्रम प्रयोगकर्ता, शैक्षणिक सामग्री निर्माणकर्ता, एकीकृत शिक्षण सिकाइ र पाठ्यक्रम निर्मातालाई उपयोगी हुने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, विष्णुप्रसाद (२०७५). विद्यालय तहको पाठ्यक्रमको विकासका प्रमुख मोडहरूका प्रवृत्ति र तत्कालका चुनौतीहरू. *शैक्षिक स्मारिका,* पृ.४०-५३ ।

अधिकारी, रुद्रप्रसाद र अधिकारी, टुकराज (२०७६). आधारभूत तह कक्षा १-३ को एकीकृत पाठ्यक्रम विकास र कार्यान्वयनका चरण तथा प्रक्रिया. *शिक्षा, ३५* (४८), ६२-८८ ।

अधिकारी, हेमाङ्गराज (२०६७). *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यार्थी पुस्तकभण्डार ।

खनाल, तोयानाथ (२०७९). आधारभूत तहमा भाषा शिक्षण सिकाइको अवस्था र भावी कार्यदिशा. *शैक्षिक स्मारिका, ३,* १-१५ ।

गिरी, जीवेन्द्रदेव (२०७२). नेपाली भाषाको मौलिक स्वरूप. *समकालीन साहित्य.* साझाप्रकाशन ।

घिमिरे, पुरुषोत्तम (२०७७). भाषिक मूल्याङ्कनका आधारभूत पक्ष र एकीकृत पाठ्यक्रममा आधारित नेपाली भाषा शिक्षणमा यसको उपयोग. *शिक्षा, ३६* (४९), ७५-९१ ।

घिमिरे, पुरुषोत्तम र राठौर, निमप्रकाश सिंह (२०७७). विद्यालय शिक्षामा एकीकृत पाठ्यक्रमः अवधारणा, चुनौती र प्रभावकारी कार्यान्वयन. *शैक्षिक स्मारिका,* पृ. ४३३-४४८ ।

घिमिरे, विष्णु (२०८०). *माध्यमिक तहमा नेपाली भाषा शिक्षकहरूले प्रयोग गर्ने शैक्षणिक विधि र क्रियाकलापहरू.*[अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध]. नेपाल खुला विश्वविद्यालय ।

चापागाई, योगेन्द्र (२०८०). एकीकृत पाठ्यक्रमः अवधारणा, कार्यान्वयन अवस्था र भावी दिन. *शैक्षिक स्मारिका,* ६ (१०), १०८-११५ ।

तिमसेना, नवराज (२०६८). *निम्न माध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन.* [अप्रकाशित स्नातकोत्तर शोधपत्र]. सप्तगण्डकी बहुमुखी क्याम्पस, त्रिवि. ।

दाहाल, ज्योति (२०७२). *कक्षा चारका शिक्षक विद्यार्थी अन्तर्क्रिया.* [अप्रकाशित स्नातकोत्तर शोधपत्र]. कनकाई बहुमुखी क्याम्पस, त्रिवि. ।

न्यौपाने, अणप्रसाद (२०७८). एकीकृत पाठ्यक्रम कार्यान्वयनः चुनौती तथा प्रभावकारी बनाउने उपायहरू. *शिक्षा, ३७५१*), १२-१८ ।

पाठ्यक्रम विकास केन्द्र (२०६३/२०७१). *राष्ट्रिय पाठ्यक्रम प्रारूप.* पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र(२०७६). *आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम.* पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७६/२०७९). *राष्ट्रिय पाठ्यक्रम प्रारूप* (दोस्रो संस्क.).पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७८). *शिक्षक निर्देशिका: मेरो नेपाली.* पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, आनन्द (२०८१). एकीकृत पाठ्यक्रम र शिक्षण सिकाइ. *शिक्षा, ४०* (५४), २९-३७ ।

पौडेल, नेत्रप्रसाद (अगस्ट २०१८). सामाजिक निर्माणवाद र भाषा सिकाइ.*शिक्षक जर्नल, १३,* २८-३२ ।

पौडेल, लेखनाथ (२०७६). एकीकृत पाठ्यक्रमको अवधारणा, औचित्य तथा प्रस्तावित ढाँचा. *शिक्षा, ३५* (४८), १-३१ ।

भट्टराई, गणेशप्रसाद र घिमिरे, पुरुषोत्तम (२०७६). एकीकृत पाठ्यक्रममा नेपाली विषयः अवधारणा र कार्यान्वयन विधि. *शिक्षा, ३५* (४८), ८९-११५ ।

लामिछाने, मेदिनबहादुर (२०७६). एकीकृत पाठ्यक्रमको विकास र प्रयोग. *शिक्षा, ३५* (४८), ४४-६१ ।

रेग्मी, शशी (२०७५). *कक्षा आठको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र प्रभावकारिता.*[अप्रकाशित स्नातकोत्तर शोधपत्र]. सुकुना बहुमुखी क्याम्पस, त्रिवि. ।

शर्मा गौतम, यामप्रसाद (२०६८). *प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप*[अप्रकाशित स्नातकोत्तर शोधपत्र].शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि. ।

शर्मा, चिरञ्चीवी र शर्मा, निर्मला (२०६६), *शिक्षा मनोविज्ञान,* एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, विष्णुप्रसाद (२०६८). साहित्य शिक्षणमा अपनाइने शिक्षण विधि तथा कार्यकलापहरू. *पृथ्वीदर्पण.* *२* (२), ७९ ।

शर्मा, विष्णुप्रसाद (सन् २०२२). नेपाली भाषा कक्षामा सिकाइ सहजीकरणसम्बन्धी अभिमत. *एएमसीजर्नल.* *३,* ४५-४९ ।

शर्मा, विष्णुप्रसाद (२०८१). *नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण*[अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध].शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय, त्रिवि. ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६). *राष्ट्रिय शिक्षा नीति.* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७८). *एकीकृत शिक्षण सिकाइका लागि प्रशिक्षकनिर्देशिका र स्रोत सामग्री (कक्षा १).* शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७८). *एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइ सम्बन्धी कष्टमाइज्ड शिक्षक तालिम.* शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७९). *क्रियाकलापमा आधारित एकीकृत शिक्षण सिकाइ शिक्षक स्रोत सामग्री (कक्षा २-३).* शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

सुवेदी, वासुदेव (२०८१). एकीकृत पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपाय. *शैक्षिक स्मारिका,* *७* (११), ४९-६० ।

Amineh, R. J., & Asl, H. D. (2015) Review of Constructivism and Social Constructivism. Journal of Social Science, Literature and Languages.

Akpan, V. I., Udodirim, A. I., Ikechukwu, B. I. M.,&Charity,O. O. (2020). SOCIAL CONSTRUCTIVISM: IMPLICATIONS ON TEACHING AND LEARNING. ECRTD, Vol. 8, Issue 8, pp 49-56.

Bourne, P. A. (2024). Epistemology and Education. International Journal of Transformation in English & Education, Vol. 9, Issue 1 https://eurekajournals.com/english.html) ISSN: 2581-3951.

Cameron, L. (2001). Teaching Languages to Young Learners. Cambridge University Press.

CRESWELL, J. W. (Copyright @ 2009). *RESEARCH DESIGN*. (3rd ed.) SAGE Publications.

CRESWELL, J. W. (Copyright @ 2013). Qualitative Inquiry and Research Design. (3rd ed.) SAGE Publications.

CRESWELL, J. W. (Copyright @ 2014). RESEARCH DESIGN. (4th ed.) SAGE Publications.

Dengin, N. &Lincolin, Y. S. (Eds) (2011).The SAGE Handbook of Qualitative Research. Sage Publications.

Hartas, D. (2010). Educational Research and Inquiry. Continuum International Publishing Group.

Ksirala, Kamal Prasad (2023).Phenomenology: Application for the exploration of the live experiences of participants &historica text. Pragya Darshan, 5(2), 1-4.

Lincoln, Y. S. & Guba, E. G.(1985). Naturalistic Inquiry. Sage.

RICHARDS, J. C. & RODGERS, T. S. (2016). Approuches and methods in language teaching(3rd ed.). CAMBRIDGE UNIVERSITY PRESS.

RICHARDS, J. C. & FARRELL, T. S. C. (2005). PROFESSIONAL DEDELOPMENT FORLANGUAGE TEACHERS. CAMBRIDGE UNIVERSITY PRESS.

Saleem, Amna, H. K.,& Farah, D. (2021). Social Constructivim: A New Paradigm in Teaching and Learning Environment. Perennial Journal of History, Vol ll. No. ll.

Vandalen, D. B. & Meyer, W. J. (1966). Understanding educational research. McGrawt-Hill Book Company.

Vigotsky, L. S. (1986). Thought and Language. Massachusetts Institute of Technology Press.

# परिशिष्ट

## परिशिष्टक

*मार्गनिर्देशक प्रश्नावलीबाटप्राप्ततथ्य*

| शिक्षक | सिकाइविधि | सिकाइप्रक्रिया | एकीकृत शिक्षण | पाठ्यक्रम को प्रयोग | अन्यपक्ष |
|---|---|---|---|---|---|
| १ | कथाकथन, प्रश्नोत्तर, छलफल, प्रदर्शन, समस्या समाधान, अभिनय, अवलोकन | नमुनावाचन, अनुकरण, चित्रवर्णन, समूहकार्य, पहिचान, तुलना, उच्चारण, सस्वरवाचन, धारणानिर्माण, पठनबोध, सिर्जनात्मककार्य | विषयक्षेत्र र पाठको प्रकृति हेरी विषयवस्तुलाई समायोजन गर्दै शैक्षणिक सामग्रीप्रयोग | आवश्यकताअनुसार पाठ्यक्रम को प्रयोग | तुलनात्मकविधि तथालघु भ्रमण गराई खोज तथा अनुसन्धान गरेर सिकाइ गर्न सकिने |
| २ | छलफल, प्रश्नोत्तर, अवलोकन, अभिनयकथाकथन, गीत, भ्रमण, प्रदर्शन, अन्तर्क्रिया, सिर्जनात्मक खेल | क्रमिकसिकाइ रणनीति, गतिशीलरूपमाबसाइव्यवस्थापन गरेर, सस्वरवाचन, अनुमान, प्रस्तुतीकरण | परिवारका सदस्यकाबारेमा शिक्षणगर्दा एकीकृत रूपमासिकाइ गरेको | पाठको प्रकृतिअनुसार पाठ्यक्रम को प्रयोग | विद्यार्थीको रुचिअनुसार सिकाइमा प्रेरित व्यवहारकुशलासपहरूहासिल गराउन सकिने |
| ३ | आगमन, समस्या समाधान, श्रव्यवाच्य, | सस्वरवाचन, चित्रपहिचान, मौखिकवर्णन, | पाठको प्रकृति र स्वरूपअनुसार | पाठ्यक्रम को प्रयोग भएको | शिक्षक सहजकर्ता भएको कारण |

| | | | | | |
|---|---|---|---|---|---|
| | कथाकथन, भूमिकानिर्वाह, उदाहरण र प्रयोग | प्रश्नोत्तर, संवाद, छलफल, प्रस्तुतीकरण, लय वाचन, | एकीकृत रूपमाशिक्षणसिकाइभएको | | योजनाबद्धढङ्ग ले सिकाइ गर्नुपर्ने |
| ४ | प्रदर्शन, सोधपुछ, समूहशिक्षण, छलफल, प्रश्नोत्तर, समस्या समाधान | चित्रवर्णन, नमुनावाचन, श्रव्यवाच्यको प्रयोग, | शब्दउच्चारण गरी चित्रकामाध्यमबाट | पाठ्यक्रमको प्रयोग न्यून | |
| ५ | अभिनय, प्रश्नोत्तर, प्रदर्शन, शोधपुछ, प्रवचन, खोज, भ्रमण | शब्दउच्चारण, चित्रवर्णन, लयबद्धवाचन, अनुकरण, पठनबोध, कुराकानी, सिर्जनात्मककार्य, | समाजको विषयभएकोले एकीकृत रूपमाशिक्षणसिकाइ गर्न सकिने | पाठ्यक्रमको प्रयोग शिक्षणसिकाइमाभएको | कवितावाचन, चित्रवर्णन,बोध अभिव्यक्ति, अनुच्छेद, संवाद समावेश |
| ६ | छलफल, प्रश्नोत्तर, कथाकथन, प्रदर्शन, अभिनय, आगमन, अन्तर्क्रिया, खेल, प्रयोगात्मक, विद्यार्थी केन्द्रित, | नमुनावाचन, अनुकरण, कवितामाक्रमिकसिकाइ रणनीति, श्रव्यदृश्य सामग्रीको प्रयोग, सस्वरवाचन, चित्रवर्णन, समूहकार्य, उदाहरण, श्रुतिबोध | शिक्षणकाक्रममपाठको प्रकृति र स्वरूपअनुरूप शिक्षणगर्दा एकीकृत गरेर शिक्षण गरेको | पाठ्यक्रमको प्रयोग शिक्षणसिकाइमाभएको | प्रयोगात्मक, सिर्जनात्मककार्य र प्रविधियुक्तकक्षाले शिक्षणसिकाइप्रभावकारी बन्ने |
| ७ | कथानक, प्रश्नोत्तर, | अन्तर्क्रिया, प्रश्नोत्तर, खेल, प्रयोगात्मक, | विद्यार्थीकेन्द्रित, विविधताको | पाठ्यक्रमको प्रयोग | एकीकृत पाठ्यक्रमकार्यान् |

| | | | | | |
|---|---|---|---|---|---|
| | भूमिकानिर्वाह, छलफल, सहयोगात्मककक्षा | परियोजना, उदाहरण, प्रयोग विधिको प्रयोग | व्यवस्थापन र बालमैत्रीरूपमाक्रियाकलाप | भइरहेको | वयनमा कक्षाशिक्षणआवश्यक |
| ८ | कथाकथन, गीत, आगमन, भूमिकानिर्वाह,निर्माणात्मककक्षा, सहयोगात्मककक्षा, परियोजनाकार्य, छलफल, प्रश्नोत्तर, प्रदर्शन, सिर्जनात्मककार्य, प्रविधिको प्रयोग | श्रुतिकथन, श्रुतिवर्णन, श्रुतिरचना, उच्चारण, वाक्यमाप्रयोग, कुराकानी, अवलोकन, सस्वरवाचन, अनुलेखन, चित्रवर्णन, नमुनावाचन, अनुकरण, समूहकार्य | अघिल्लो सिकाइले पछिल्लो सिकाइलाई थप सहायताभएर शिक्षणलाई एकीकृत गरिएको | पाठ्यक्रमको परिधिभित्र्शिक्षणभइरहेको | शिक्षातथामानव स्रोत विकास केन्द्रको वेभ साइडबाटसिकाइ चौतारी कार्यक्रम सर्च गरी शिक्षण गरिएको |
| ९ | छलफल, प्रश्नोत्तर, प्रदर्शन, कथाकथन, भूमिकानिर्वाह, खोज अनुसन्धान | लयबाचन, दृश्य वर्णन, उच्चारण, लेखन | पाठको प्रकृतिअनुसार एकीकृत गरेर शिक्षण | पाठ्यक्रमको प्रयोग हुँदै आएको | सिकाइउपलब्धि वृद्धि गर्न सहयोगको अपेक्षा गरिएको |

**परिशिष्टख**

*उत्तरदाताशिक्षकहरूको कक्षाअवलोकनसम्बन्धीतथ्य*

| शिक्षक /दिन | सिकाइविधि | सिकाइप्रक्रिया | एकीकृत शिक्षण | पाठ्यक्रमप्रयोग |
|---|---|---|---|---|
| १ पहिलो | गीत, आगमन, अभिनय, अन्तर्क्रिया, छलफल, प्रश्नोत्तर, उदाहरण, प्रयोग र स्वाध्ययनको प्रयोग | नमुनावाचन, अनुकरण, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन र प्रस्तुतीकरणक्रियाकलाप | एकीकृत शिक्षणसिकाइ को प्रयास | सिकाइमापाठ्यक्रमप्रयोगको अवस्थान्यून |
| दोस्रो | प्रदर्शन, समस्या समाधान, भूमिकानिर्वाह, प्रयोग, अन्तर्क्रिया, छलफल, प्रश्नोत्तर, उदाहरण र स्वाध्ययनविधिको प्रयोग | धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रपहिचान, वर्णन, कुराकानी र प्रस्तुतीकरणक्रियाकलापअपनाइएको | एकीकृत शिक्षणसिकाइ को राम्रो प्रयोग गरिएको | सिकाइमापाठ्यक्रमप्रयोगको अवस्थान्यून |
| तेस्रो | प्रदर्शन, आगमन, समस्या समाधान, गीत, भूमिकानिर्वाह, अन्तर्क्रिया, छलफल, प्रश्नोत्तर, उदाहरणको प्रयोग | नमुनावाचन, अनुकरण, सस्वरवाचन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, चित्रपहिचान, अवलोकन, कुराकानी र तुलनाक्रियाकलाप | एकीकृत शिक्षणसिकाइ को प्रयास गरिएको | सिकाइमापाठ्यक्रमप्रयोगको अवस्थान्यून |
| चौथो | समस्या समाधान, अभिनय, अन्तर्क्रिया, | नमुनावाचन, अनुकरण, सस्वरवाचन, द्रुतवाचन, | एकीकृत शिक्षणसिकाइ | सिकाइमापाठ्यक्रमप्रयोगको |

| | | | | |
|---|---|---|---|---|
| | छलफल, प्रश्नोत्तर, उदाहरण र प्रयोग विधिको प्रयोग | अनुलेखन, धारणानिर्माण, अनुमान र अवलोकन क्रियाकलापअपनाइएको | को प्रयास | अवस्थान्यून |
| पाँचौं | आगमन, समस्यासमाधान, अन्तर्क्रिया, छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रयोग, स्वाध्ययन, उदाहरण | आकृतिनिर्माण, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन र तुलनाक्रियाकलापअपनाइएको | एकीकृत शिक्षणसिकाइ को प्रयास | सिकाइमापाठ्यक्रमप्रयोगको अवस्थान्यून |
| २ पहिलो | गीत, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया स्वाध्ययनविधिको प्रयोग | नमुनावाचन, अनुकरण, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन क्रियाकलाप | एकीकृत सिकाइको न्यूनप्रयास | पाठ्यक्रमप्रयोग को अवस्थान्यून |
| दोस्रो | प्रश्नोत्तर, छलफल, प्रदर्शन, प्रयोग, अन्तर्क्रिया, स्वाध्ययनविधिको प्रयोग | सस्वरवाचन, द्रुतवाचन, अनुलेखन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन | एकीकृत सिकाइको न्यूनप्रयास | पाठ्यक्रमप्रयोग को अवस्थान्यून |
| तेस्रो | आगमन, भूमिकानिर्वाह, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया र प्रयोग विधिको प्रयोग | सस्वरवाचन, अनुलेखन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन क्रियाकलापअपनाइएको | एकीकृत शिक्षणनभएको | सिकाइमापाठ्यक्रमप्रयोग न्यून |
| चौथो | आगमन, भूमिकानिर्वाह, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, स्वाध्ययन र | सस्वरवाचन, अनुलेखन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन | एकीकृत शिक्षण नगरिएको | सिकाइमापाठ्यक्रमप्रयोग न्यून |

| | | | | |
|---|---|---|---|---|
| | प्रयोग विधिको प्रयोग | क्रियाकलापअपनाइएको | | |
| पाँचौं | आगमन, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, स्वाध्ययन र प्रयोग विधिको प्रयोग | अनुकरण, सस्वरवाचन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन क्रियाकलापअपनाइएको | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्यक्रमप्रयोग न्यून |
| छैटौं | आगमन, समस्या समाधान, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, स्वाध्ययन र प्रयोग | सस्वरवाचन, अनुकरण, अनुलेखन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन क्रियाकलाप | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्यक्रमप्रयोग न्यून |
| सातौं | आगमन, समस्या समाधान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया, स्वाध्ययन र प्रयोग विधिको प्रयोग | नमुनावाचन, अनुकरण, सस्वर वाचन, अनुलेखन, धारणानिर्माण, स्वतन्त्र लेखन, चित्रवर्णन, तुलना, अनुमान, पूर्वानुमान, अवलोकन | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्यक्रमप्रयोग न्यून |
| ३ पहिलो | गीत, आगमन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया, उदाहरण र प्रयोग विधिको प्रयोग | कथाकथन, गीत, नमुनावाचन, अनुकरण, धारणानिर्माण, अनुमान, पूर्वानुमान, समूहकार्य, अवलोकन, चित्रवर्णन | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्यक्रमको प्रयोग |
| दोस्रो | आगमन, समस्या समाधान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया, उदाहरण | धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन, समूहकार्य, तुलना, प्रस्तुतीकरणक्रियाकलाप | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्यक्रमको प्रयोग |

| | | | | |
|---|---|---|---|---|
| तेस्रो | आगमन, छलफल, प्रश्नोत्तर, अन्तर्क्रिया, उदाहरण र प्रयोग विधिको प्रयोग | नमुनावाचन, अनुकरण, सस्वरवाचन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, समूहकार्य | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्य क्रमको प्रयोग |
| चौथो | आगमन, छलफल, प्रश्नोत्तर, प्रदर्शन र अन्तर्क्रियाविधिको प्रयोग | सस्वरवाचन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, समूहकार्य, अवलोकन, प्रस्तुतीकरण | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्य क्रमको प्रयोग |
| पाँचौं | भूमिकानिर्वाह, समस्या समाधान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया, स्वाध्ययन, उदाहरण र प्रयोग विधि | नमुनावाचन, अनुकरण, सस्वर वाचन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, समूहकार्य, अवलोकन, चित्रवर्णन, तुलना, प्रस्तुतीकरण | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्य क्रमको प्रयोग |
| छैटौं | आगमन, भूमिकानिर्वाह, समस्या समाधान, प्रयोग, छलफल, प्रश्नोत्तर, प्रविधि, प्रदर्शन र अन्तर्क्रिया | सस्वरवाचन, धारणानिर्माण, स्वतन्त्र लेखन, अनुमान, पूर्वानुमान, अवलोकन क्रियाकलापअपनाइएको | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्य क्रमको प्रयोग |
| सातौं | भूमिकानिर्वाह, समस्या समाधान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अन्तर्क्रिया, स्वाध्ययन, उदाहरण र प्रयोग | नमुनावाचन, अनुकरण, सस्वर वाचन, अनुलेखन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, चित्रवर्णन, तुलना, निष्कर्ष, प्रस्तुतीकरण | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्य क्रमको प्रयोग |

| | | | | |
|---|---|---|---|---|
| आठौँ | कथाकथन, गीत, आगमन, भूमिकानिर्वाह, समस्यासमाधान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रयोग, अन्तर्क्रिया र उदाहरण | नमुनावाचन, अनुकरण, अनुलेखन, धारणानिर्माण, अनुमान, पूर्वानुमान, अवलोकन, समूहकार्य, प्रस्तुतीकरणक्रियाकलाप | एकीकृत शिक्षणसिकाइ नभएको | सिकाइमापाठ्यक्रमको प्रयोग |

## परिशिष्टग

*अन्तर्वार्ताबाटप्राप्ततथ्य*

| शिक्षक | सिकाइविधि | सिकाइप्रक्रिया | एकीकृत शिक्षण | पाठ्यक्रमप्रयोग |
|---|---|---|---|---|
| १ | अवलोकन, प्रश्नोत्तर, छलफल, प्रयोगात्मक | शैक्षणिक सामग्रीको प्रयोग गरेर विद्यार्थीसँग छलफल गरी विषयवस्तुको शिक्षणभएको | विद्यार्थीलाई परिचयदिनलगाई परिवार र समुदायसम्म जोडेर एकीकृत सिकाइ गरेको | आवश्यकताकाआधारमाप्रयोग र कक्षा १ माकक्षाशिक्षण |
| २ | छलफल, प्रश्नोत्तर, गीत, प्रदर्शन, अभिनय | लयविधान, चित्रनिर्माण, चित्रवर्णन, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण | शिक्षणकाक्रममाविषयवस्तुलाई एकीकृत गरिएको | पाठ्यक्रमको थोर बहुतप्रयोग हुँदै आएको |
| ३ | प्रश्नोत्तर, छलफल, अभिनय, प्रदर्शन | भाषिकतत्त्वलाई आधार मान्दै सस्वरवाचन, उच्चारण, शब्दनिर्माण, व्यक्तिगत र समूहकार्य | शिक्षणकाक्रममाविषयवस्तुलाई एकीकृत गरेको | आवश्यकताकाआधारमापाठ्यक्रमको प्रयोग |
| ४ | अभिनय, खेल, प्रदर्शन, छलफल, प्रश्नोत्तर,गीत, प्रयोगात्मक, भ्रमण, आगमन | नमुनावाचन, उच्चारण, शब्दनिर्माण, वाक्यनिर्माण, अनुवाचन, अनुकरण, अनुलेखन, चित्रनिर्माण, अवलोकन | फरक फरक विषयक्षेत्रकासिकाइक्षमतालाई एकीकृत गर्नको लागिएकीकृत सिकाइ गरेको | पाठ्यक्रमको प्रयोग गर्ने गरेको |
| ५ | कथाकथन, गीत, प्रदर्शन, छलफल, प्रश्नोत्तर,अभिनय, | कविताामाक्रमिकसिकाइरणनीति, उच्चारण, ध्वनि सचेतीकरण, लेख्यवर्ण | एकीकृत शिक्षणको प्रयोग गरेको | पाठ्यक्रमको प्रयोग गर्ने गरेको |

| | | | | |
|---|---|---|---|---|
| | उदाहरण | सचेतीकरण, | | |
| ६ | प्रवचन, प्रदर्शन, प्रश्नोत्तर,अभिनय, स्वाध्ययन | उच्चारण, लयबोध, चित्रनिमांण, चित्रवर्णन, सस्वरवाचन, बुँदाटिपोट, | एकीकृत शिक्षणको प्रयोग भएको | आवश्यकताकाआधारमाप्रयोग गर्ने गरेको |
| ७ | छलफल, प्रदर्शन, अवलोकन, खेल, गीत, व्याख्या | लयबाचन, अनुकरण, पठन, सामूहिककार्य, चित्रवर्णन, | एकीकृत शिक्षणको प्रयोग गरेको | पाठ्यक्रमको प्रयोग गर्ने गरेको |
| ८ | आगमन, प्रश्नोत्तर, छलफल, परियोजना | उच्चारण, अनुलेखन, श्रुतिलेखन, चित्रवर्णन, लयबाचन, अनुकरण, शब्दार्थ, भाषिकसिपसँग सम्बन्धितक्रियाकलापहरू | छरपष्टभएकाज्ञानलाई एकीकृत गरी शिक्षणगर्दै आएको | पाठ्यक्रमको प्रयोग गर्ने गरेको |
| ९ | छलफल, प्रदर्शन, गीत, प्रवचन | चित्रनिर्माण, चित्रवर्णन, लयवाचन, | प्रसङ्ग आएको अवस्थामामात्र | केहीमात्रगरिएको |

## परिशिष्ट घ

*नमुना छनोटको तालिका*

| क्र.सं. | शिक्षकहरूको नाम, थर | विद्यालयको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री लक्ष्मी मगर | श्री भीमेश्वरी आ. वि. हतुवागढी १, सल्ले |
| २. | श्री धनकुमारी प्रधान | श्री पञ्चकन्याभगवतीआ. वि. हतुवागढी १, हर्का |
| ३. | श्री प्रकाश राई | श्री शिवालयआ. वि. हतुवागढी २, शिवालय |
| ४. | श्री फम्फा राई | श्री शान्तिनिकेतनमा. वि. हतुवागढी २, लुङ्गिन |
| ५. | श्री पूर्णकुमार राई | श्री दिमालुङ आ. वि. हतुवागढी ३, पूर्णेबजार |
| ६. | श्री जसबहादुर राई | श्री शिशु शिक्षाविकास आ. वि. हतुवागढी ३, सिन्द्राङ |
| ७. | श्री अस्मिता राई | श्री चण्डेश्वरी आ. वि. हतुवागढी ४, फलामढुङ्गा |
| ८. | श्री रिताकार्की | श्री शिला सुत्केरी आ. वि. हतुवागढी ४, एक्ले पिपल |
| ९. | श्री थमजित राई | श्री शान्तिआ. वि. हतुवागढी ५, सोया |
| १०. | श्री प्रिति राई | श्री भानुभक्तआदर्श आ. वि. हतुवागढी ५, दिथरा |
| ११. | श्री ज्वाला राई | श्री प्रजातन्त्रमा. वि. हतुवागढी ६, होम्ताङ |
| १२. | श्री श्रीकुमारी राई | श्री सरस्वतीआ. वि. हतुवागढी ६, लुङ्कुवा |
| १३. | श्री सुजता राई | श्री निर्मलाआ. वि. हतुवागढी७, लुङ्खिम |
| १४. | श्री ननिता राई | श्री गैयाराजआ. वि. हतुवागढी७, पिप्ले |
| १५. | श्री गणेशप्रसाद भट्टराई | श्री विद्यापोखरी आ. वि. हतुवागढी ८, पाप्लेपानी |
| १६. | श्री सविता राई | श्री शिक्षाप्रकाशआ. वि. हतुवागढी ८, पिचाखा |
| १७. | श्री भीमादेबीमिश्र | श्री जनसेवामा. वि. हतुवागढी ९, हसनपुर |
| १८. | श्री सन्तोष राई | श्री जाल्पाआ. वि. हतुवागढी ९, कोल्टार |

## परिशिष्टङ

*मार्गनिर्देशक प्रश्नावलीमा संलग्नशिक्षकहरूको विवरण*

| क्रमाङ्क | शिक्षक | कक्षा | विद्यालय | वडा नं./स्थान |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मी मगर | १ | श्री भीमेश्वरी आ. वि. | १ / सल्ले |
| २ | श्री फोम्फा राई | २ | श्री शान्ति निकेतन मा. वि. | २ /लुङ्गिन |
| ३ | श्री जस बहादुर राई | ३ | श्री शिशु शिक्षाविकास आ. वि. | ३ /सिन्द्राङ |
| ४ | श्री अस्मिता राई | १ | श्री चण्डेश्वरी आ. वि. | ४ /फलामढुङ्गा |
| ५ | श्री थामजित राई | ३ | श्री शान्तिआ. वि. | ५ /सोया |
| ६ | श्री श्रीकुमारी राई | २ | श्री सरस्वतीआ. वि. | ६ /लुङ्कुवा |
| ७ | श्री सुजता राई | १ | श्री निर्मलाआ. वि. | ७ /लुङ्खिम |
| ८ | श्री सविता राई | २ | श्री शिक्षाप्रकाशआ. वि. | ८ /पिचाखा |
| ९ | श्री भीमादेवीभट्टराई | ३ | श्री जनसेवामा. वि. | ९ /हसनपुर |

## परिशिष्टच

*कक्षाअवलोकनमा संलग्नशिक्षकहरूको विवरण*

| क्रमाङ्क | शिक्षक | कक्षा | विद्यालय | वडा नं./स्थान |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मी मगर | १ | श्री भीमेश्वरी आ. वि. | १ / सल्ले |
| २ | श्री थामजीत राई | ३ | श्री शान्तिआ. वि. | ५ /सोया |
| ३ | श्री फोम्फा राई | २ | श्री शान्ति निकेतन आ. वि. | २ /लुङ्गिन |

## परिशिष्टछ

*अन्तर्वार्तामा संलग्नशिक्षकहरूको विवरण*

| क्र. सं. | शिक्षक | कक्षा | विद्यालय | वडा नं./स्थान |
|---|---|---|---|---|
| १. | श्री धनकुमारी प्रधान | १ | श्री पञ्चकन्याभगवतीआ. वि. | १ /हर्का |
| २. | श्री प्रकाश राई | २ | श्री शिवालयआ.वि. | २ /शिवालय |
| ३. | श्री पूर्णकुमार राई | ३ | श्री दिमालुङ आ.वि. | ३ /पूर्णेबजार |
| ४. | श्री रिताकार्की | १ | श्री शिला सुत्केरी आ. वि. | ४ /एक्ले पिपल |
| ५. | श्री प्रिति राई | २ | श्री भानुभक्तआदर्श आ. वि. | ५ /दिथारा |
| ६. | श्री ज्याला राई | ३ | श्री प्रजातन्त्रमा. वि. | ६ /होम्ताङ |
| ७. | श्री ननिता राई | १ | श्री गैयाराजआ. वि. | ७ /पिप्ले |
| ८. | श्री गणेशप्रसाद भट्टराई | २ | श्री विद्यापोखरी आ. वि. | ८ /पात्लेपानी |
| ९. | श्री सन्तोष राई | ३ | श्री जाल्पाआ. वि. | ९ /कोल्टार |

## परिशिष्टज

*कक्षाअवलोकन र अन्तर्वार्ताका क्रममालिइएकातस्बिर*

**श्री भीमेश्वरी आ. वि.का शिक्षकश्री लक्ष्मी मगरको कक्षाअवलोकनपश्चात् लिइएको तस्बिर**

**मिति २०८१ सालमाघ७गते**



श्री पञ्चकन्याभगवतीआ. वि.का शिक्षकश्री धनकुमारी प्रधानसँगअन्तर्वार्ता लिने तयारीमा

मिति २०८१ सालमाघ ११ गते





श्री दिमालुङ आ. वि.का शिक्षकश्री पूर्णकुमार राईसँग अन्तर्वार्ता लिँदै गर्दा

मिति २०८१ सालमाघ १३ गते



श्री शिलासुत्केरी आ. वि.का शिक्षकश्री रिताकार्कीसँग अन्तर्वार्ता लिँदै गर्दा

मिति २०८१ सालमाघ १४ गते



श्री विद्यापोखरी आ. वि.का शिक्षकश्री गणेशप्रसाद भट्टराईसँग अन्तर्वार्ता लिँदै गर्दा

मिति २०८१ सालमाघ १५ गते



श्री गैयाराजआ. वि.का शिक्षकश्री ननिता राईसँग अन्तर्वार्ता लिने तयारीमा

मिति २०८१ सालमाघ १८ गते



श्री शान्तिआ. वि.का शिक्षकश्री थामजित राईको कक्षाअवलोकन अगाडिको तस्बिर

मिति २०८१ सालमाघ २५ गते



श्री प्रजातन्त्रमा. वि.का शिक्षकश्री ज्वाला राईसँग अन्तर्वार्ता लिँदै र त्यस पश्चात

मिति २०८१ सालमाघ २८ गते





श्री भानुभक्तआर्दश आ. वि.का शिक्षकश्री प्रिति राईसँग अन्तर्वार्ता लिने क्रममा

मिति २०८१ सालमाघ २९ गते



श्री जाल्पाआ. वि.का शिक्षकश्री सन्तोष राईसँग अन्तर्वार्ता लिने क्रममा

मिति २०८१ सालमाघ ३० गते



श्री शिवालयआ. वि.का शिक्षकश्री प्रकाश राईसँग अन्तर्वार्ता लिँदै गर्दा

मिति २०८१ सालफाल्गुण २ गते





श्री शान्तिनिकेतनमा. वि.का शिक्षकश्री फोम्फा राईको कक्षाअवलोकनपश्चात्

मिति २०८१ सालफाल्गुण ११ गते

